# भक्तपुरका जगन्नाथ मन्दिरहरूको सांस्कृतिक अध्ययन


शोधकर्ता

**राजेश गाईजू**


त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, केन्द्रीय विभागमा

दर्शनाचार्य (एमफिल) उपाधिको निमित्त प्रस्तुत

## शोध प्रवन्ध


नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

त्रि वि रजिष्ट्रेसन नं. : ६–२–४०८–७१–२००९

वि.सं २०८२

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा दर्शनाचार्य (MPhil) उपाधिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा राजेश गाईजूले **भक्तपुरका जगन्नाथ मन्दिरहरूको साँस्कृतिक अध्ययन** विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु । प्रस्तुत शोध-प्रवन्धको आवश्यक मूल्याङ्कनको लागि सिफारिश गर्दछु ।

मिति : २०८२ श्रावन १५ गते रोज ५

..............................

सह प्रा.डा. सन्ध्या खनाल पराजुली

(शोधनिर्देशक)

टेलिफोन नं. ०१-४३३१९७६

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल

प.सं.
च.नं.

मिति :२०८२/०५/०८

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा दर्शनाचार्य तहको तेस्रो सत्रको पाठयांशको प्रयोजनका लागि श्री राजेश गाईजूले तयार पार्नु भएको प्रस्तुत **भक्तपुरका जगन्नाथ मन्दिरहरुको सांस्कृतिक अध्ययन** शीर्षकको शोधप्रवन्ध आवश्यक मूल्याङकन गरी स्वीकृति गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति

१) डा.महेश कुमार आचार्य ..........................................

विभागीय प्रमुख

२) डा.सन्ध्या खनाल ..........................................

शोध निर्देशक

३) प्रा.डा.मदन कुमार रिमाल ..........................................

बाहीय परीक्षक

मिति २०८२/०५/०८

E-mail: nehcadepartment@gmail.com

iThenticate

Similarity Report ID: oid:3117:501401299

PAPER NAME

Bhaktapur kā Jagannāth Mandirharu ko sānskritk Adhyayan

AUTHOR

Rajesh Gaiju

WORD COUNT

62037 Words

CHARACTER COUNT

234558 Characters

PAGE COUNT

145 Pages

FILE SIZE

1.5MB

SUBMISSION DATE

Sep 21, 2025 12:32 PM GMT+5:45

REPORT DATE

Sep 21, 2025 12:34 PM GMT+5:45

## 3% Overall Similarity

The combined total of all matches, including overlapping sources, for each database.

- 2% Internet database
- 1% Publications database
- Crossref database
- Crossref Posted Content database
- 0% Submitted Works database

## Excluded from Similarity Report

- Bibliographic material
- Quoted material
- Cited material
- Abstract
- Small Matches (Less then 10 words)

Summary

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सेमेष्टरको पाठ्यांशको प्रायोजनको लागि तयार पारिएको 'भक्तपुरका जगन्नाथ मन्दिरको सांस्कृतिक अधययन' शीर्षकमा आधारित यो अनुसन्धान कार्य शैक्षिक जीवनको एक महत्वपूर्ण उपलब्धि हो । यो अध्ययनले जगन्नाथ पूजन सम्प्रदाय, संस्कृतिको र परम्पराको ज्ञानको गहिराईसम्म पुग्ने अवसर प्रदान गरेको छ । यस अध्ययन मेरो व्यक्तितग पूर्णता मात्र नभई धेरै जना महानुभावहरूले दिनुभएको प्रेरणा, सहयोग, मार्गनिर्देशन र हौसलाको प्रतिफल हो ।

सर्वप्रथम यस दर्शनाचार्य तहको अध्ययनका लागि मेरो शैक्षिक कदममा महत्वपूर्ण योगदान गर्ने भक्तपुर नगरपालिका र आदणीय नगर प्रमुख सुनिल प्रजापति, वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्व तथा सम्पूर्ण भक्तपुर नगरपालिका परिवारप्रति विशेष कृतज्ञता प्रकट गर्दछु । देशको दक्ष शैक्षिक नागरिक तयार पार्न भक्तपुर नगरपालिकाले गरेको यस प्रकारको प्रयास प्रसंशनीय छ ।

यस शोधका शोध-निर्देशक तथा मार्गनिर्देशक आदरणीय सह-प्राध्यापक डा. सन्ध्या खनाल पराजुली प्रति पनि विशेष आभार व्यक्त गर्दछु । उहाँको सल्लाह, आलोचनात्मक टिप्पणी, दिशा निर्देशनले यस शोधलाई व्यवस्थित, सशक्त र तथ्यपरक बनाउन सहयोग मिलेको छ । साथै यस विभागका पूर्व विभागीय प्रमुख आदरणीय प्रा.डा. मदन रिमाल र निवर्तमान विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा साथै विभागीय प्रमुख सह प्राध्यापक डा. महेश आचार्य ज्यू प्रति पनि आवश्यक सल्लाह र हौसला प्रदानको लागि विशेष धन्यवाद । यस शोधको अनुसन्धान विधिमा आवश्यक सरल ज्ञान र सल्लाह उपलब्ध गराउने प्रा.डा. जीवलाल सापकोटा धन्यवादका पात्र हुनुहुन्छ । शोधकार्यमा शीर्षक व्यवस्थापन तथा भाषिक परिष्करणमा मार्गदर्शन प्रदान गर्नु भएको आदरणीय डा. लोकनाथ दुलालज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

मेरो शैक्षिक यात्रामा सदैव साथ दिने तथा सधैं प्रेरणाको स्रोत बन्नुभएका र सधै 'बुबा' सरह साथ दिनुहुने आदरणीय इतिहास-रत्न प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठलाई अन्तर हृदयदेखि सम्मान र कृतज्ञता प्रकट गर्दछु । उहाँको भरोसा र प्रोत्साहनले मलाई यो शोध कार्य सम्पन्न गर्न आत्मबल प्राप्त भएको छ । त्यस्तै हरेक पल्टको भेटमा शोध सम्पन्न गर्न हौस्याउने आदरणीय व्यक्तित्व संस्कृति शिरोमणी हरिराम जोशी ज्यू प्रति पनि कोटि कोटि नमन व्यक्त गर्न चाहन्छु ।

यसै क्रममा, शोध अध्ययन कार्यमा आवश्यक सल्लाह र हौसला प्रदान तथा बारम्बार तितोमीठो शब्दले घचघच्याई रहने मित्रहरु सागर श्रेष्ठ, श्रीलोचन राजोपाध्यायलाई धन्यवाद अर्पण गर्न चाहन्छु । सदैब मित्रताको साँचो प्रतिकको रुपमा सधैं सँगै उभिएर शैक्षिक गन्तव्यमा पुऱ्याउन सहयोग गर्ने मित्र श्रवनकुमार श्रेष्ठलाई पनि विशेष धन्यवाद । कार्यालयको समयको उपयोग गराई सहयोग गर्ने रोशन गोसाई प्रति र सदा साथ सहयोग गर्ने लक्ष्मण प्रजापतिलाई पनि धन्यवाद दिन चाहन्छु ।

मेरो शैक्षिक गन्तव्यको यात्रामा सदा विश्वास राख्ने, सम्पूर्ण शैक्षिक लक्ष्यप्रति सहानुभुती र साथ दिने मेरो परिवारका सम्पुर्ण सदस्यहरु प्रति विशेष कृतज्ञता र धन्यवाद ।

अन्त्यमा, यस शोधलाई सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ, सहयोग, सुझाव, प्रेरणा र समय दिने सम्पुर्ण मित्रहरु, सहपाठीहरु, शिक्षक र सहयोगी हातहरु प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

शोधार्थी

राजेश गाईजू

**विषय सूची**

सिफारिस पत्र

स्वीकृतिपत्र

कृतज्ञता ज्ञापन

विषय सूची

**शोधसार** i

**अध्याय एक : शोधको परिचय**

१.१ परिचय १

१.२ समस्या कथन ५

१.३ अनुसन्धान प्रश्न ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अध्ययनको महत्व ८

१.६ अध्ययनको सीमा ९

१.७ अवधारणात्मक खाका १५

१.८ अध्ययन विधि १३

१.८.१ अनुसन्धान दर्शन १३

१.८.२ अनुसन्धान ढाँचा १५

१.८.३ तथ्याङ्क सङ्कलन विधि १६

१.८.४ तथ्याङ्क विश्लेषण विधि १९

१.८.५ अनुसन्धानमा नैतिक सवाल २०

**अध्याय दुई : सन्दर्भ साहित्यको समीक्षा**

२.१ विषय प्रवेश २१

२.२ सैद्धान्तिक अवधारणाको समीक्षा २१

२.२.१ प्रसारवाद २२

२.२.२ उद् विकासबाद २९

२.३ नीतिगत समीक्षा २५

२.३.१ नेपालको संविधान २७

२.३.२ प्राचीन स्मारक संरक्षण ऐन, २०१३ २८

२.३.३ प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ २९

२.३.४ राष्ट्रिय संस्कृति नीति, २०६७ ३०

२.३.५ सन् २००३ को अमूर्त संस्कृति सम्पदा संरक्षण सम्बन्धी महासन्धि ३०

२.३.६ भक्तपुर नगरपालिकाद्वारा प्रकाशित कला संस्कृति र सम्पदा संरक्षण एवं सम्बर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ ३१

२.३.७ अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ ३२

२.४ विषयगत साहित्यिक समीक्षा ३२

२.५ अनुसन्धान रिक्तता ३७

**अध्याय तीन : जगन्नाथ मन्दिरको मूर्त सांस्कृतिक सम्पदा**


३.१ मूर्त सांस्कृतिक सम्पदा ३९

३.१.१ मूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा युनेस्कोको वर्गीकरण ३९

३.२ जगन्नाथ सम्प्रदायको परिचय ३९

३.२.१ जगन्नाथ सम्प्रदायको मूलभूत सिद्धान्त र दर्शन ४०

३.२.२ जगन्नाथ सम्प्रदायको उत्पति र विकास ४३

३.२.३ पुरी क्षेत्रको जगन्नाथ मन्दिर ४४

३.२.४ जगन्नाथ सम्प्रदायसँग सम्बन्धित मिथक ४६

३.२.५ ऐतिहासिक आधार एवम् तथ्य ४९

३.२.६ पुरी स्थित जगन्नाथ मन्दिरको वास्तुकला एवम् मूर्तिकला ५०

३.३ नेपालमा जगन्नाथ सम्प्रदाय ५३

३.३.१ नेपालमा वैष्णव मत ५४

३.३.२ नेपालका जगन्नाथ मन्दिरहरू ५९

३.४ भक्तपुरमा जगन्नाथ सम्प्रदायको मूर्त सांस्कृतिक पक्ष .६२

३.४.१ भक्तपुर तुलाछैं टोलको जगन्नाथ मन्दिर का मूर्त सांस्कृतिक समपदा ६४

३.४.२ भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक समपदा ७१

३.४.३ भक्तपुर तःमारी क्षेत्रको जगन्नाथ मन्दिर का मूर्त सांस्कृतिक समपदा ७६

३.४.४ बोलाछैं स्थित जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदा ८३

३.४.५ खोंह्वे परिसरको सानो जगन्नाथ मन्दिरका मूर्त सम्पदा ८४

३.४.६ राष्ट्रिय काष्ठकला सङ्ग्रहालयका जगन्नाथ परिवारका मूर्तिहरू ८५

**अध्याय चार : भक्तपुरका जगन्नाथ सम्प्रदायको अमूर्त सांस्कृतिक सम्पदा**

४.१ अमूर्त सांस्कृतिक सम्पदा ८८

४.१.१ अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धि अवधारणा ८८

४.१.२ अमूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा युनेस्कोको वर्गीकरण ८९

४.१.३ अमूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा नेपालको वर्गिकरण ८९

४.२ जगन्नाथ मन्दिरसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदा ९०

४.२.१ पुरी स्थित जगन्नाथ मन्दिरमा सम्पन्न गरिने विविध अनुष्ठान ९०

४.२.२ भक्तपुरका जगन्नाथ मन्दिरमा सम्पन्न गरिने धार्मिक अनुष्ठान ९२

४.२.२.१ दैनिक पूजा विधि ९४

४.२.२.२ महास्नान तथा अनासर/अनवसर संस्कार ९६

४.२.२.३ तान्त्रिक पूजाविधि १००

४.२.२.४ पूर्णिमाहरूमा विशेष पूजा १०१

४.२.२.५ होली पुन्ही १०२

४.२.२.६ भक्तपुर जगन्नाथ रथयात्रा १०३

४.२.२.७ नवकलेवर/ कलेवर परिवर्तन १०४

४.२.२.८ जगन्नाथ मन्दिर वर्षबन्धन १०६

४.२.२.९ नृसिहँ चतुर्दशी .१०८

४.२.२.१० गरुड वुसादाँ/ वर्षबन्धन १०९

४.२.२.११ बलराम पूर्णिमा ११०

४.२.२.१२ कृष्ण जन्माष्टमी १११

४.२.२.१३ तुलादान १११

४.२.२.१४ गोवर्धन पूजा ११२

४.२.२.१५ दामोदर महिना ११२

४.२.२.१६ अन्य धार्मिक तथा सांस्कृतिक क्रियाकलाप १०८

**अध्याय पाँच : भक्तपुरका जगन्नाथ मन्दिरसँग सम्बन्धित सांस्कृतिक सम्पदाको परिवर्तनको अवस्था**

५.१ परिवर्तन सम्बन्धि अवधारणा ११६

५.१.१ परिवर्तनको अर्थ ११६

५.१.२ परिवर्तनका आयाम र प्रवृति ११६

५.१.३ परिवर्तनको प्रक्रिया ११७

५.१.४ परिवर्तनका तत्व ११७

५.२ भक्तपुर स्थित जगन्नाथ मन्दिरसँग सम्बन्धित सांस्कृतिक सम्पदाको परिवर्तको अवस्था ११८

५.२.१ परिर्तनको क्षेत्र र पक्ष ११८

५.२.१.१ जगन्नाथ मन्दिर वास्तु निर्माण विधिमा आएको परिवर्तन १२०

५.२.१.२ मूर्तिकला निर्माणमा आएको परिवर्तन १२२

५.२.१.३ पूजा विधिमा आएको परिवर्तन १२३

५.२.१.४ तान्त्रिक मतको मिश्रण १२४

५.२.१.५ संस्कारहरूमा आएको परिवर्तन १२५

५.३ मूर्त तथा अमूर्त सम्पदाहरू लोप हुनुका कारणहरू १२८

५.३.१ मल्ल कालिन राज्यव्यवस्थाको अन्त्यको प्रभाव १२९

५.३.२ गुथी जग्गा हराउँदै जानु वा निजीकरण हुनु १३०

५.३.३ धार्मिक विविधता र प्रतिस्पर्धा १३१

५.३.४ गुथी व्यवस्थामा आएका परिवर्तनको प्रभाव १३२

५.३.५ स्थानीय समुदायमा चेतनाको कमी १३३

५.३.६ धार्मिक गतिविधि हराउँदै जानु १३३

**अध्याय छ : सारांश र निष्कर्ष**

६.१ अनुसन्धानको सारांश १३५

६.२ अनुसन्धानको निष्कर्ष १४१

**परिशिष्टहरू**

परिशिष्ट १ पारिभाषिक शब्दहरू

परिशिष्ट २ अभिलेखहरू

परिशिष्ट ३ जगन्नाथ मन्दिर अङ्कित भक्तपुर नगरपालिका क्षेत्रको नक्सा

परिशिष्ट ४ फोटो सूची

परिशिष्ट ५ उत्तरदाताहरूको नामावली

सन्दर्भ सामग्री सूची

# शोध सार

वैष्णव सम्प्रदायमा अवतारवादको सिद्धन्त छ । उक्त सिद्धान्तमा विष्णुका विभिन्न अवतारहरू रहेको उल्लेख पाइन्छ । विष्णुका अवतारले आ-आफ्नै उद्देश्य र धार्मिक महत्व बोकेका छन् । उक्त अवतारहरूमध्ये भगवान् कृष्णको अवतार विशेष रूपमा महत्वपूर्ण मानिन्छ । सामान्यतः विष्णु तथा उनका अवतारहरूलाई मानव समाजले विभिन्न अवसरमा पूजा-आराधना गर्दै आएका छन् । देवोपासनाका निम्ति विभिन्न स्थानमा उक्त देवताका मन्दिरहरू निर्माण गरिएको हो । तिनै स्वरूपहरूमध्ये, भगवान् कृष्णको परिवारसहितको मूर्ति समूहका रूपमा जगन्नाथ मन्दिर एक विशिष्ट उदाहरण मानिन्छ । बलराम, सुभद्रा, र कृष्ण (जगन्नाथ) जगन्नाथ मन्दिरका प्रमुख देवीदेवता हुन् । जगन्नाथ परम्परा विशेषतः पौराणिक पूजा पद्धतिमा आधारित छ । जसको उद्भव र विकास १२ औं शताब्दीको मध्यतिर भारतको उडिसा राज्यस्थित पुरी क्षेत्रमा भएको हो । चोड्गंगदेवले स्थापना गराएको पुरीको जगन्नाथ मन्दिरमा काठका चारवटा मूर्तिहरू बलराम, सुभद्रा, जगन्नाथ (कृष्ण), र सुदर्शन चक्र पूजा गरिन्छ । यस सम्प्रदायमा नवकलेवर संस्कार नामक अनुष्ठानअन्तर्गत नियमित समय अन्तरालमा पुराना काठका मूर्तिहरूलाई विधिपूर्वक जमिनमुनि दहन गरी नयाँ मूर्तिहरू निर्माण गरी उक्त मूर्तिहरूलाई मन्दिरको गर्भगृह स्थित रत्नवेदीमा प्रतिस्थापन गरिन्छ । यस प्रक्रियामा पुरानो मूर्तिबाट ब्रह्मपदार्थ निकालेर नयाँ मूर्तिमा प्रतिष्ठित गर्दछन् । यो ब्रह्मपदार्थलाई नै भगवान् जगन्नाथको जीव वा कृष्णको मुटुको रूपमा लिइन्छ । त्यो जगन्नाथ 'जीवित देवता' हुन भन्ने मान्यताको प्रतिक हो ।

मन्दिरमा दैनिक पूजापाठसँगै हरेक वर्ष विभिन्न महत्वपूर्ण पर्व तथा जात्राहरू पनि भव्य रूपमा सम्पन्न गरिन्छन् । महास्नान, अनासर/अनावसर संस्कार, रथयात्रा आदि जगन्नाथ परम्पराका प्रमुख धार्मिक अनुष्ठानहरू हुन् । यस्ता परम्पराहरू भारतको पुरी क्षेत्रबाट प्रचार-प्रसार हुँदै अन्य स्थानहरूमा फैलिएको हो । सोही क्रममा १६ औं शताब्दीको मध्य तिर नेपालमा पनि जगन्नाथ सम्प्रदायको प्रसार भएको देखिन्छ । जसले यहाँका सांस्कृतिक तथा धार्मिक अभ्यासहरूमा विशेष प्रभाव पारेको पाइन्छ । भक्तपुर नेपालमा जगन्नाथ सम्प्रदायको केन्द्र हो । नेपालको सर्व प्राचीन जगन्नाथ मन्दिर भक्तपुरमा पाइन्छ । भक्तपुरबाट नै नेपालका अन्य क्षेत्रमा प्रसार र स्थापना भएका हुन् । त्यसैले भक्तपुरलाई जगनाथ सम्प्रदायको केन्द्रको रूपमा मानिएको हो ।

भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिर जगन्नाथ सम्प्रदायको सर्व प्राचीन मन्दिर मानिन्छ । जगनाथ सम्प्रदायको  हालसम्म पाइएको सर्व प्राचीन हस्तलिखित स्रोत अनुसार नेपाल सम्वत् ६६३ मा प्राणमल्लको समयमा यस मन्दिरको स्थापना गरिएको थियो । यसबाहेक पनि भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर राजा यक्षमल्लले निर्माण गर्न लगाएको विद्वानहरूको मत रहेको छ । यो मन्दिरको पेटीमा रहेको नेपाल संवत् ३४७ को अभिलेखमा भगवान् विष्णुलाई विशेष संस्कार गरिएको विवरण उल्लेख छ। यो अभिलेख जगन्नाथ मन्दिरसँग सम्बन्धित हो भन्ने स्वीकार गर्दा भक्तपुर दरबार क्षेत्रको उक्त देवल नै जगन्नाथ सम्प्रदायको सर्व प्राचीन मन्दिर हो। एउटा महत्वपूर्ण तथ्य के छ भने यस अभिलेखको समयावधिमा पूरी क्षेत्रमा रहेको जगन्नाथ मन्दिरलाई पनि जगन्नाथ भनेर सम्बोधन गरिएको पाइँदैन । १४ औं शताब्दीमा मात्र पुरी क्षेत्रको उक्त मन्दिरलाई जगन्नाथ भनी सम्बोधन गरिएको उल्लेख छ। तसर्थ भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर पनि ऐतिहासिक रूपले महत्वपूर्ण जगन्नाथ मन्दिर हो ।

यसका साथै भक्तपुरको तःमारी क्षेत्रमा जगन्नाथको अर्को मन्दिर रहेको छ । यो मन्दिर पुननिर्माणको क्रममा जगको उत्खनन् गर्दा सुन र चादीका स-साना पाटाहरूमा कछुवा कलश र मुद्रा फेला परेका थिए। ती पुरातात्विक अवशेषहरूको आधारमा उक्त मन्दिर मध्यकालीन हो भन्न सकिन्छ । तर यस मन्दिरको निश्चित समयावधि यकिन गर्न सकिने कुनै अभिलेख भन्ने प्राप्त भएको छैन । साथै धेरै अगाडि यस मन्दिरको मूर्ति पनि चोरी भयो । त्यसो हुनाले यस मन्दिरको ऐतिहासिकता अध्ययन गर्न कठिन छ। यद्यपि कला, वास्तुकला, काष्ठकला इत्यादिको अध्ययनबाट यो मन्दिर पनि भक्तपुरको जगन्नाथ सम्प्रदायको एक महत्वपूर्ण मन्दिर हो भन्ने तथ्य बुझ्न सकिन्छ । जगन्नाथ सम्प्रदायअन्तर्गत भक्तपुरमा रहेको प्रमुख जगन्नाथ मन्दिरहरू यही तीन ओटा हुन्।

जगन्नाथ सम्प्रदाय तथा जगन्नाथ पूजा परम्परालाई भक्तपुरका नेवार समुदायहरूले आत्मसाथ गर्दै मन्दिरमा पूजा गर्ने बाहेक घरमा पनि देवल स्थापना गरी जगन्नाथ प्रति आस्था प्रकट गरेको देखिन्छ। बोलाछेँ टोलको एक घरमा रहेको जगन्नाथ मन्दिरको स्थापनाले यो सन्दर्भलाई पुष्टि गरेको छ। भक्तपुरको खोह्नेँ (हनुमानघाट) स्थित सानो जगन्नाथ मन्दिरले पनि भक्तपुरमा जगन्नाथ सम्प्रदायले विशेष महत्व पाएको बुझ्न सकिन्छ । जगन्नाथ सम्प्रदायसँग सम्बन्धित यी कला-वास्तुकला बाहेक दत्तात्रय स्थित राष्ट्रिय काष्ठकला सङ्ग्रहालयमा पनि काठमाडौंको मखनको जगन्नाथ मन्दिरबाट ल्याइएका बलराम, सुभद्रा र जगन्नाथका काष्ठ मूर्तिहरू रहेका छन्। यी मूर्तिहरू जगन्नाथ सम्प्रदायमा कलेवर परिवर्तनको उदाहरणको रूपमा लिन सकिन्छ। किनकि काठमाडौंको मखनमा रहेको जगन्नाथ

मन्दिरमा मूर्तिहरू पुरानो र जीर्ण भएका कारण उक्त पुरानो मूर्ति भक्तपुरको राष्ट्रिय काष्ठकला सङ्ग्रहालयलाई बुझाई मखनको जगन्नाथ मन्दिरमा नयाँ काष्ठ मूर्तिहरू स्थापना गरिएको थियो । तसर्थ जगन्नाथ सम्प्रदाय नेपालमा प्रसार भएपछि मध्यकालमा उक्त सम्प्रदायलाई राजकीय धर्मको रूपमा समेत स्थान दिई समाजमा विशिष्ट धर्म सम्प्रदायको रूपमा मानिसहरूले मानेको पाइन्छ ।

भक्तपुरको जगन्नाथ मन्दिरमा तान्त्रिक पक्षलाई पनि विशेष महत्व दिएको पाइन्छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा जस्तै यहाँका जगन्नाथ मन्दिरहरूमा पनि पूजा अर्चना गरिन्छ । तर यहाँका पूजा विधि भने स्थानीय परिवेशको आधारमासम्पन्न गरिने भएकाले केहि फरक खालको परम्परा पनि रहिआएको छ । तुलाछेँ टोलको जगन्नाथ मन्दिरलाई वैदिक र पौराणिक पूजाविधि बाहेक पनि तान्त्रिक देवदेवीको रूपमा पूजाआजा गर्ने गर्दछन् । अप्रत्यक्ष रूपमा बलिसमेत दिने परम्परा वर्तमान समयसम्म पनि छ ।

वर्षभरिका पूर्णिमाका दिनलाई जगन्नाथ मन्दिरमा विशेष पूजा गर्ने दिनको रूपमा लिइन्छ । यस दिन भक्तपुरका निश्चित समुदायहरूको सक्रिय सहभागितामा विशेष पूजा विधिहरू सम्पन्न गरिन्छन् । यी बाहेक जेष्ठ शुक्ल पूर्णिमाको दिन स्नान गरिने, जुन महास्नान र पूजाविधिको प्रकृतिमा तान्त्रिक क्रियाकलाप विशेष रहेको देख्न सकिन्छ । यस क्रममा होम यज्ञ गरी मूर्तिको प्राणलाई तानेर तीन ओटा छुट्टाछुट्टै कलशमा स्थापना गरिने परम्परा रहेको छ । त्यसपछि जगन्नाथ मन्दिरमा आई मूर्तिको अनासर संस्कार भक्तपुरका छुट्टाछुट्टै थर भएका समुदायले सम्पन्न गर्दछन् । यस अनासर संस्कार अन्तर्गत भक्तपुरका हाडा-बिजुक्छेँ समुदायले बलरामको मूर्तिमा, साय्चीनिया समुदायका परिवारले सुभद्राको मूर्तिमा र खिंबाजा/ खिम्बन्जार समुदायका परिवारले जगन्नाथको मूर्तिमा रङ्ग लेपन गर्ने परम्परा रहेको छ । यस अनासर संस्कार जेष्ठ शुक्ल पूर्णिमादेखि १५ दिनभित्र सम्पन्न गरिन्छ । अनासर संस्कार सम्पन्न गरिए पछि असार शुक्ल द्वितीयको दिन जगन्नाथको रथयात्रा सञ्चालन गरी सम्पन्न गर्दछन् ।

भक्तपुरमा परम्परागत जगन्नाथ रथयात्रा लोप भएको लगभग एक शताब्दी भइसकेको छ । यी बाहेक पनि जगन्नाथ सम्प्रदायका परम्परागत कतिपय संस्कार, जात्रा, पर्व इत्यादि लोप भइसकेका छन् । केही मात्रामा मात्र जगन्नाथ परम्पराका संस्कारहरू औपचारिकतामा चलिआएका छन् । भक्तपुरमा मनाइने जगनाथ सम्प्रदायसँग सम्बन्धित पूजाविधि संस्कार तथा जात्रामा पुरी क्षेत्रको जगन्नाथ मन्दिरको संस्कारहरूको केही अंश तथा प्रभावहरू देखिए पनि अधिकतम संस्कार तथा पूजा विधिहरू भने यहाँका मौलिक विशेषता हुन् । यस क्रममा मन्दिरको वास्तु निर्माण विधि, मूर्ति निर्माण

विधि, संस्कार इत्यादिमा परिवर्तन पाइन्छ । यस प्रकारका जगन्नाथका परम्परागत पूजा विधि जात्रा संस्कार हाल लोप हुने अवस्थामा देखिन्छ । मध्यकालमा विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदाहरूलाई सामाजिक तथा राजकीय स्तरमा विशेष महत्व र उच्च स्थान दिने परम्परा मल्ल राज्यको पतन पश्चात यस कार्यमा कमी आएका कारण जगनाथ सम्प्रदायका मूर्त तथा अमूर्त सम्प्रदाय लोप हुन गएको देखिन्छ। जगन्नाथ मन्दिरमा गरिनुपर्ने धार्मिक तथा तान्त्रिक अनुष्ठानहरूमा भक्तपुरका समुदायहरूको सहभागितामा कमी, राज्य स्तरबाट गरिनुपर्ने सहयोगहरूमा उदासीनता, धार्मिक सम्प्रदायहरूको प्रतिस्पर्धात्मक उपस्थिति, सरसफाइमा कमी जस्ता कारणले जगन्नाथ सम्प्रदायमा विकृत देखिन थालेको र लोप हुने अवस्थामा पुगेको देखिन्छ।

जगन्नाथ सम्प्रदायसँग सम्बन्धित यस शोध अध्ययन नेपालमा जगनाथ सम्प्रदाय को विकासक्रम, मन्दिरसँग सम्बन्धित मूर्त तथा अमूर्त विषयवस्तुको खोज र परिवर्तित र लोप हुन लागेका संस्कारहरूको अन्वेषण गर्दै भक्तपुरमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित ज्ञानको खोजी गर्ने प्रयास यस शोध अध्ययनको रहेको छ। यस अध्ययनमा प्रसारवाद अनुसन्धान खाकालाई प्रमुख अनुसन्धान दर्शनको रूपमा र  उद् विकासवादलाई सहायक अनुसन्धान दर्शनको रूपमा प्रयोग गरी जगन्नाथ मन्दिरसँग सम्बन्धित मूर्त र अमूर्त परम्परागत संस्कृति र संस्कारहरूको खोज गरी प्राप्त तथ्यहरू प्रकाशमा ल्याइएको छ । यस अध्ययन गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ भने प्राप्त तथ्याङ्क तथा विवरणहरूलाई वर्णनात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ। यस अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न स्रोतको रूपमा प्राथमिक स्रोत र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । यो शोध भक्तपुरमा जगन्नाथ मन्दिर र सम्बन्धित संस्कारहरूको विगत र वर्तमानको अवस्थाहरूको तथ्यहरू सङ्कलन तथा विश्लेषण गरिएको हो । प्रप्त निष्कर्षलाई  सामान्यीकरण गर्दै आगमनात्मक विधिको उपयोग गरी नयाँ मान्यताको विकास गर्ने प्रक्रिया अनुसरण गरिएको छ।

# अध्याय एक

# शोधको परिचय

## १.१ परिचय

नेपालको धार्मिक ऐतिहासिकता अध्ययन गर्दा नेपाली समाजमा सनातन हिन्दु धर्मको प्रधानता प्राचीन तथा वैदिक कालदेखि नै थियो भन्ने स्पष्ट हुन्छ । प्राकृतिक रूपले हुने मानवीय क्षति तथा डर-भय मनमस्तिष्कबाट अन्त्य गर्न प्राकृतिक वस्तु तथा तत्वलाई नै देवताको रूपमा पूजा आराधनाको माध्यमबाट विभिन्न अलौकिक धार्मिक विश्वास, धर्म-आस्थाको विकास गरिएको थियो । प्राचीन नेपालमा विशेषतः हिन्दु धर्मअन्तर्गत वैष्णव, शैव तथा शाक्त सम्प्रदायसहित बौद्ध धर्म पनि प्रचलनमा रहेको विभिन्न पुरातात्विक प्रमाणहरूबाट पुष्टि भएको छ । लिच्छवि कालीन अभिलेख तथा मुद्राहरूमा प्रयोग गरिएका धार्मिक चिन्ह, आकृति तथा अभिलेखिय विवरणहरू नेपालका लिच्छवि राजा तथा सामन्तहरू वैष्णव, शैव, शाक्त तथा बौद्ध धर्मावलम्बीहरू भएको पुष्टिका आधार हुन् ।

नेपालमा विकसित भएका धार्मिक सम्प्रदायहरू बिच पनि फरक मत विकास र प्रसार भएको पाइन्छ । बौद्ध धर्ममा हीनयान, महायान, बज्रयान, तन्त्रयान, शैव धर्ममा कापालिक, नाथ, कालामुख तथा वैष्णव धर्ममा हरिबोल, कृष्ण प्रणामी, इस्कोन जस्ता मत विकास भएसँगै इस्वीको बाह्रौं शताब्दीमा वैष्णव सम्प्रदायअन्तर्गतको जगन्नाथ मत विकास भएको हो । हुन त सातौं शताब्दीमा  महाभवगुप्त ययातिले पहिला नै स्थापना भएको नीलमाधवलाई बलराम, सुभद्रा र जगन्नाथको मूर्तिहरू स्थापना गरी ३८ हातको एक मन्दिर निर्माण गर्न लगाएको थियो भन्ने मान्यता पनि रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०६२-१०६३) । यसर्थ, जगन्नाथ सम्प्रदायको प्रादुर्भाव सातौं शताब्दी मै भइ सकेको देखिन्छ । तर उक्त मन्दिर केहि समय पश्चात नै भत्केको थियो ( श्रेष्ठ, २०८०, पृ. १०६३) । सो जगन्नाथ मन्दिरको आधुनिक संरचना इस्वीको बाह्रौं शताब्दीमा उडिसाको राजा अनंत वर्मा चोड-गंग (लगभग १०७६-११४८ ई.) ले निर्माण गरेका थिए (भट्टाचार्या, २०१३, पृ. १५९) ।

अनंत वर्मा चोड-गंग उत्कल राज्य अर्थात उडिसा राज्यको प्रथम राजा थिए । उनले ई.सं. १११२ मा उत्कल राज्य माथी विजय प्राप्त गरेका थिए । उत्कल राज्यको विजय अघि उनले शैव धर्म  प्रति आस्था प्रकट गर्न 'परममाहेश्वर' को उपाधि धारण गरेका थिए । ई.सं. १११२ को विजय

पश्चात रामानुजबाट प्रभाविभ भइ वैष्णव धर्म अपनाए । ई.सं. ११३५ सम्ममा 'परमभट्टारक', 'परमवैष्णव', 'परमब्राम्हण्य' जस्ता वैष्णव उपाधि धारण गरिएको छ । ई.सं. ११४२ मा कामर्नव देवको राज्यभिषेक जगन्नाथको समिपमा भएको थियो । यसर्थ उत्कल वा उडिसाको जगन्नाथ मन्दिर अनंत वर्मा चोड-गंग राजाले ई.सं. १११२ पछि ई.सं. ११४२ अगाडिको कालखण्डमा निर्माण गरिएको यकिन हुन्छ (Das, 2010, p. 50) ।

जगन्नाथ सम्प्रदाय वैष्णव धर्मको महत्वपूर्ण पक्ष हो । विष्णुपुराणअनुसार विष्णुको आठौँ अवतार श्रीकृष्ण हुन् । बलराम र सुभद्रा उनका परिवारका सदस्य मान्छिन् । समग्र पारिवारिक परिदृश्य देखिने मूर्तिहरू रहेको जगन्नाथ मन्दिर र जगन्नाथ भक्ति-सम्प्रदाय वर्तमान भारतको उडिसा राज्यको पुरी क्षेत्रमा विकास भएको हो । १२ औं शताब्दीमा गंग वंशका अनंत वर्मा चोड-गंग राजाले जगन्नाथ मन्दिर र सम्प्रदायलाई नयाँ प्रारूप प्रदान गरेपछि उनले विभिन्न जगन्नाथ संस्कार तथा जात्रापर्वको विकास गरिएको थियो । उनैले जगन्नाथ मन्दिरसहित रथ यात्राको लागि रथ निर्माण गरी जगन्नाथ सम्प्रदायलाई विकास र प्रचार प्रसारको प्ररम्भ गरेका थिए । यस मन्दिरले पूर्णता भने गंग कूलका राजा अनंगभिमा देव द्वितीय (ई.सं. ११७०-११९८) को पालामा मात्र पाएको थियो । साथै आवश्यक सुधार र थप भवनहरूको निर्माण समेत गरेका थिए ( Das, 2010, p. 51) । त्यस पश्चात् यस सम्प्रदायले भारतसहित भारतीय उपमहाद्वीपका विभिन्न देशका साथै नेपालमा पनि लोकप्रियता पायो ।

जगन्नाथ सम्प्रदायले विभिन्न चरणहरू पार गर्दै विस्तार हुने क्रममा नेपालमा पनि प्रमुख धर्म एवम् धार्मिक मतका रूपमा स्थान पाएको हो । एउटा सम्प्रदायका रूपमा पूजा विधि साथै सांस्कृतिक पक्षहरू पनि नेपालमा भित्रिएका हुन् । मध्यकालमा मानिसहरू धार्मिक तीर्थस्थल भ्रमण गर्ने क्रममा पैदल यात्रा गरी आवतजावत गर्दथे । एक स्थानको मानिस अर्को स्थानमा गएर पूजा उपासना सम्पन्न गर्न धेरै समय खर्च हुने गर्दथ्यो । त्यसो हुँदा मानव जीवनलाई धार्मिक रूपले सहज बनाउन ठाउँठाउँमा देवस्थलहरू निर्माण गरिए । तिर्थ स्थलहरू वृद्धि हुँदै गए । प्रसिद्ध देवदेवीको मूर्ति तथा मन्दिर तान्त्रिक विधिपूर्वक अर्को निश्चित स्थानमा प्रतिष्ठापन गरी उपासना तथा जात्रा चलाउने चलन चल्यो । फलस्वरूप, मानिसहरू निकै टाढा-टाढा रहेका धार्मिक तीर्थस्थलसम्म कठिन तथा जोखिमपूर्ण यात्रा गरी देवदेवीको दर्शन पूजन गर्न जाने परम्परामा विस्तरै कमी आउन थाल्यो । टाढा टाढाका तीर्थ स्थलमा दर्शनका निमित्त जान नसक्ने व्यक्ति, समाज र असक्त भक्तजनहरूका लागि शासक वर्ग, भारदार एवम् समाजका प्रतिष्ठित वर्गले धार्मिक

विकल्पको रूपमा बेलाबखतमा प्रसिद्ध तीर्थस्थलहरू तथा देव मन्दिरहरूलाई विधिपूर्वक आफ्नो राज्यका खास स्थानहरूमा स्थापना गर्न लगाएको तथ्य सम्बद्ध प्रमाणहरूको अध्ययन तथा स्थलगत अवलोकनको आधारमा थाहा पाउन सकिन्छ (श्रेष्ठ, २०८०, पृ. १०४९-१०५०) ।

हिन्दु धर्मावलम्बीको मान्यता अनुरूप जीवनको कुनै एक क्षणमा बद्रीनाथ, रामेश्वर, द्वारिकानाथ तथा जगन्नाथ जस्ता चार-धामहरूको तीर्थयात्रा गर्ने मनोकांक्ष रहेको हुन्छ । तर सम्पूर्ण धर्मावलम्बीहरु शारीरिक, मानसिक तथा आर्थिक रूपले सक्षम नहुने परिस्थितिमा भक्तपुरका शासकले भक्तपुर दरबार क्षेत्रमा चार-धामको स्थापना गरिदिएका छन् । त्यस्तै पशुपतिको रूपमा यक्षश्वर मन्दिर, मनकामना, हरिसिद्धि, गुह्येश्वरी इत्यादि जस्ता धार्मिक स्थलहरू भक्तपुरमा प्रतिस्थापित गरेको र समान पूजा विधि अपनाएको पाइन्छ । यही क्रममा नेपालको मल्ल राज्यमा पनि धार्मिक सहजता हुने मनसायले अन्य विभिन्न देवदेवीका मूर्ति र मन्दिरसहित जगन्नाथ मन्दिर र सम्प्रदाय पनि प्रसार भएको वा स्थापना गरिएको बुझ्न सकिन्छ । सोहि क्रममा मध्यकालमा जगन्नाथ सम्प्रदायको पनि प्रवेश भएर जगन्नाथका विभिन्न मन्दिर तथा मूर्तिहरुको स्थापना भएको हो (Guy, 1992, p. 219) ।

भक्तपुर तुलाछें टोलको जगन्नाथ मन्दिर राजा प्राण मल्लको राज्यकालमा ने.सं. ६६३ मा प्रतिष्ठा गर्दा सुवर्ण कलश ध्वजारोहणसहित लक्षाहुत यज्ञ गरिएको वर्णन 'जगन्नाथ प्रतिष्ठा विधि' (परिशिष्ट २ 'क') नामक ग्रन्थ (फोटो नं. १) मा उल्लेख छ । भक्तपुरको दरबार क्षेत्रमा जगन्नाथ मन्दिरसहित चारधामका मन्दिरहरु रहेका छन्, जुन राजा यक्षमल्लले निर्माण गराएको मानिन्छ (श्रेष्ठ, २०८०, पृ. १०५३) । यी भक्तपुरका जगन्नाथ मन्दिरहरु नै नेपालका प्राचीन जगन्नाथ मन्दिर रहेको बुझ्न सकिन्छ । संवत् ६८३ (वि.सं. १६१९) मा राजा महेन्द्रमल्लले निर्माण गर्न लगाएको हनुमानढोका दरबार क्षेत्रमा रहेको विष्णु मन्दिरमा जगन्नाथका मूर्तिहरु रहेका छन् । देवमाला वंशावली अनुसार प्रतापमल्लले दरबार कै अगाडि जगन्नाथको भव्य मन्दिरको स्थापना गर्न लगाएका थिए (योगी, वि.सं. २०१३, पृ. ७५) । यस विवरणको आधारमा राजा महेन्द्रमल्लले निर्माण गर्न लगाएको चर्तुविष्णु मन्दिरमा राजा प्रतापमल्लले जगन्नाथका मूर्ति निर्माण गराई स्थापना गरेको बुझिन्छ (फोटो नं. २) ।

ने.सं. ८१० मा काठमाडौं जगन्नाथ मन्दिरको छाना तथा गजूरको काम सम्पन्न गर्न कान्तिपुरका राजा भूपालेन्द्र मल्लको निमन्त्रणामा भक्तपुरका राजा जितामित्र मल्ल र उनको भाइ उग्र मल्ल कान्तिपुर गई पूजाआजा सम्पन्न गरेका थिए (Regmi, 1966, p. 318) । प्रस्तुत

तथ्यहरू हेर्दा राजा प्राण मल्ल र प्रताप मल्लको समयसम्म आउँदा नेपालमा जगन्नाथ संस्कृतिको प्रसार भइ राजकीय स्तरमा पुजिने सम्प्रदायको रूपमा विकास भएको विश्वास गर्न सकिन्छ ।

विशेष गरी मध्यकालीन काठमाडौँ उपत्यका जगन्नाथ सम्प्रदायको प्रभाव क्षेत्रको रूपमा विकास भएको थियो । काठमाडौँ, ललितपुर तथा भक्तपुरका विभिन्न क्षेत्रमा जगन्नाथ मन्दिरहरू निर्माण भएको पाइन्छ । तर तुलनात्मक रूपले सङ्ख्यामा भने कम मात्रामा निर्माण भएको छ । भक्तपुरमा जम्मा तीन ओटा मात्रै जगन्नाथ मन्दिर रहेका छन् । भक्तपुर दरबार परिसर, तुलाछेँ टोल तथा तःमारी टोल गरी तीन स्थानमा प्रतिष्ठा भएको तीन ओटा जगन्नाथ मन्दिर मध्यकालीन हुन् । यी बाहेक खोह्वे (हनुमानघाट) मा मूर्तिहरु सहितको सानो प्रस्तर मन्दिर रहेका छन् । बोलाछेँ टोलको एउटा घरको छिंडिमा भने जगन्नाथ मन्दिर नै स्थापना गरि दैनिक पूजा विधि सम्पन्न्ना गरीने परम्परा रहेको थियो (सम्भुप्रसाद जोशी, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

भारतको उडिसा राज्यको पुरी क्षेत्रमा स्थापना कालदेखि नै जगन्नाथ मन्दिर र मूर्तिको निर्माण विधि तथा पूजा विधि रहेको छ । साथै त्यस सँग सम्बन्धित जात्रा तथा संस्कृति पनि वर्तमान समयसम्म पनि विधिवत् नै छ । तर उडिसा क्षेत्रमा जगन्नाथ सम्बन्धित संस्कृति तथा जात्रा जसरी मनाउने र पूजा गर्ने प्रचलन थियो, त्यो भन्दा पृथक् तरिकाले नेपालमा जगन्नाथको मन्दिर बनाउने तरिका, मूर्ति निर्माण विधि तथा पूजा प्रक्रिया विकास भएको देखिन्छ । भारतको उडिसा क्षेत्रमा जगन्नाथ मन्दिर र सम्प्रदाय स्थापना र विकासको भिन्नाभिन्नै अलौकिक कथाहरू रहेका छन् । त्यही कथा कै आधारमा रहेर मूर्तिको बनावट र पूजा विधि निर्धारित हुन्छ । उक्त क्षेत्रमा वर्तमान समयसम्म पनि उक्त कथा र विश्वास कै धरातलमा रही जगन्नाथ, बलराम र सुभद्राको अपूर्ण काष्ठ मूर्तिको निर्माण गरी स्थापना गर्ने र पूजा विधि एवम् जात्रा पर्व सम्पन्न गर्ने प्रचलन यथावत् नै छ । तर उडिसा राज्यको पुरी क्षेत्रबाट जगन्नाथ सम्प्रदायसँग सम्बन्धित विशेषताहरू अन्य विभिन्न क्षेत्रमा प्रसार हुँदै जाने क्रममा जगन्नाथको मूर्ति निर्माण, वास्तुकला, सम्प्रदायगत संस्कार इत्यादिमा केही परिवर्तन हुँदैआएको देखिन्छ ।

नेपालमा पनि जगन्नाथ सम्प्रदायको अध्ययनको क्रममा सम्वत ६६३ को 'जगन्नाथ प्रतिष्ठा विधि' (परिशिष्ट २ 'क') नामक ग्रन्थ नेपालमा जगन्नाथ सम्प्रदायबारे जानकारी दिने सर्व प्राचीन ग्रन्थ हो । यस ग्रन्थलाई आधार मान्दा नेपालमा सोह्रौँ शताब्दीको मध्य तिर नै जगन्नाथ सम्प्रदायले प्रवेश पाई सकेको अवगत हुन्छ । तर वर्तमानमा प्राप्त नेपाल भित्रका जगन्नाथ मूर्ति, वास्तुकला र संस्कारहरू भने भारतको पुरी क्षेत्रको कथागत विशेषताभन्दा व्यापक भिन्न छन् । काठमाडौँ

उपत्यकामा पाईने जगन्नाथ मन्दिरहरू आफैमा पनि भिन्न छन् । ती भिन्नताहरू तुलनात्मक अध्ययन गर्न भक्तपुरका जगन्नाथ मन्दिरहरूको आधारमा नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिकता प्रस्तुत गर्ने साथै जगन्नाथ मन्दिर र सम्प्रदाय सँग सम्बन्धित मूर्त सम्पदा तथा अमूर्त सम्पदाअन्तर्गतका संस्कार, चाल-चलन, विधि, जात्रा पर्व इत्यादि बारे गहन अध्ययन गर्ने प्रयास यस अध्ययनले गरेको छ । साथै मध्यकालमा राजकीय स्तरमा स्वीकार्य गरेको जगन्नाथ सम्प्रदाय आस्था वर्तमानसम्म आउँदा किन लोप हुँदै गयो भन्ने खोजी यस अध्ययनमा पाइन्छ ।

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता, प्रकाशित पुस्तक, लेख रचना तथा इन्टरनेटको मार्फत सङ्ग्रह गरी आवश्यक विश्लेषण र वर्णनात्मक प्रकृतिको अध्ययन गरिएको छ । तसर्थ यस अध्ययन गुणात्मक अनुसन्धान रहेको छ, जसका लागी प्रमुख सिद्धान्तका रुपमा प्रसारवाद र सहायक सिद्धान्तको रुपमा उद् विकासवादकलाई अपनाएको छ । कुनै पनि संस्कृतिको प्रसार भइ एक स्थानबाट अर्को स्थानमा अस्तित्वमा आउँदा कतिको समानता र फरकपन एवम् मौलिकताको उद् विकास भएको भन्ने अध्ययनको लागि यस सिद्धान्तले सहयोग गर्दछ । तसर्थ भक्तपुरको जगन्नाथ सम्प्रदायसँग सम्बन्धित मूर्त तथा  अमूर्त सम्पदाहरूको अध्ययन सँगै लोप हुँदैगएको जगन्नाथ सम्प्रदायका परम्परागत जात्रा, पूजा विधि, पर्वहरू तथा संस्कारहरूको तथ्यगत विवरणसहितको अध्ययन गरी प्रकाशमा ल्याउने प्रमुख उद्देश्य यो अध्ययनको हो ।

## १.२ **समस्या कथन**

सनातन धर्म र हिन्दु समाजमा जगन्नाथ सम्प्रदाय र संस्कृतिको महत्वपूर्ण स्थान रहेको छ । भारतको उडिसा अथवा पुरी क्षेत्रमा उत्पत्ति र विकसित भएको मानिएको जगन्नाथ सम्प्रदायको प्रभाव नेपालमा पनि देखिएको छ । तर नेपालमा यस सम्प्रदाय कहिले प्रवेश भयो ? कसरी र कस्तो अवस्था वा चरणहरू पार गर्दै विकास भयो ? भन्ने प्रश्नको विशेष अध्ययन भने हुन बाँकी नै छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा जगन्नाथ मन्दिर र मूर्तिहरूको स्थापना भएको पाइन्छ । तर ती मन्दिर तथा मूर्तिहरू भारतको जगन्नाथ क्षेत्र वा मन्दिरमा पाइने मूर्तिहरूभन्दा फरक छन् । साथै, मन्दिरको वास्तुकलामा पनि अत्यन्तै भिन्नता रहेको पाइन्छ । नेपालमा जगन्नाथ सम्प्रदाय प्रसार हुँदा उडिसा क्षेत्रमा प्रचलनमा रहेको परम्परालाई किन लिइएन भन्ने सन्दर्भ महत्वपूर्ण प्रश्न हो । किनकि जगन्नाथको उत्पत्ति र स्थापना भगवान् श्री कृष्णको मृत्यु पश्चातको कथासँगै जोडिएको छ । मूर्ति निर्माण गर्ने विषय पनि त्यही कथामा आधारित छन् । तर नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार सँगै यस प्रचलनमा किन भिन्नता आयो ? भन्ने उत्तरको खोजी अपरिहार्य हुन

आएको छ । काठमाडौँ, भक्तपुर र ललितपुरमा निर्माण भएका मध्यकालीन जगन्नाथ मन्दिरहरू र वर्तमान समयमा काठमाडौँ उपत्यका र अनेत्र बनेका जगन्नाथ मन्दिर वास्तुकला र मूर्तिकलामा पनि केही भिन्नताहरू पाईन्छन् । एउटै सम्प्रदाय भए पनि नेपालको जगन्नाथ सम्प्रदायमा यस्तो विविधता किन्न भन्न प्रश्नको उत्तर अनुत्तरित छ ।

भक्तपुरमा केही सङ्ख्यामा मध्यकालीन जगन्नाथ मन्दिरहरू रहेका छन् । ती मन्दिरहरूको गहन तथा बृहत्तर अध्ययन भने वर्तमान समयसम्म हुन सकेको पाइँदैन । भक्तपुरमा पाइएका जगन्नाथ मन्दिर, मूर्ति तथा त्यससँग सम्बन्धित चालचलन तथा जात्रा पर्व के कस्ता थिए भन्ने प्रश्नको उत्तर पनि अनुत्तरित नै छ । साथै यस क्षेत्रमा भएका जगन्नाथ मन्दिरको वास्तुकला र मूर्ति निर्माणमा पनि उडिसा क्षेत्र जगन्नाथ वास्तुकला र मूर्तिकलामा भिन्नता रहेको छ । वास्तुकला र मूर्तिकलाको फरकपन भक्तपुरको तीन ओटा जगन्नाथ मन्दिरहरूमा पनि रहेका छन् । त्यस फरकपनको अवधारण के कस्तो रहको थियो भन्ने तथ्य पनि अनुसन्धान कै विषय रहेको छ ।

भक्तपुरमा जगन्नाथ सम्प्रदायको विकास र मान्यताबारे समग्रताको अध्ययन गरी यसको ऐतिहासिकता र संस्कारको विकास के, कस्तो र कसरी विकास भयो ? तथा जगन्नाथ सम्प्रदायमा भएका परिवर्तन र लोप हुनुका कारणहरूको अध्ययन उजागर गर्न आवश्यक रहेको छ । भक्तपुरमा उत्तर मध्यकालमा नै राजकीय स्थान पाएको जगन्नाथ धर्म वा सम्प्रदाय वर्तमान समयसम्म आइपुग्दा त्यसको अमूर्त सांस्कृतिक पक्ष हराउँदै जानुको विभिन्न कारक तत्वहरू हुन्छन् । तर समाजबाट नै त्यसको महत्वको आभास नहुने गरी विलुप्त भइसकेको यस सम्प्रदायप्रति प्राज्ञिक क्षेत्रबाट पनि अध्ययन हुन नसकेको कारण महसुस हुन्छ । भक्तपुरका जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त संस्कृतिको केही सतहगत रूपमा पूर्वाध्ययन भएको देखिन्छ । तर नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार, विकास, दैनिक सांस्कृतिक अभ्यास, तथा जगन्नाथ सम्बन्धित जात्रा पर्व बारे गहन प्राज्ञिक अध्ययन हुन भने बाँकी रहेको देखिन्छ । यही प्राज्ञिक अनुसन्धान रिक्तताहरू नै समस्या कथनको रूपमा रहेको छ ।

### १.३ अनुसन्धान प्रश्न

यस शोधमा उठाइएका समस्याहरूको समाधान खोज्ने प्रयोजनका लागि अनुसन्धान प्रश्नहरू निर्माण गरिएको छ । उक्त प्रश्नहरूको आधारमा अध्ययनलाई निश्चित दिशा दिनेछन् र अनुसन्धानलाई व्यवस्थित, तार्किक तथा वैज्ञानिक बनाउने माध्यम बन्नेछन् । तसर्थ, प्रस्तुत

अनुसन्धान प्रश्नहरू मार्फत सोधिएका विषयवस्तुहरूको उत्तर पत्ता लगाई यस शोधलाई पूर्ण र सार्थक बनाउन प्रयास गरिएको छ ।

क) भक्तपुरका जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक पक्षको अवस्था कस्तो रहको छ ?

ख) भक्तपुरका जगन्नाथ मन्दिरका अमूर्त सांस्कृतिक पक्ष के कस्ता छन् ?

ग) भक्तपुरको जगन्नाथ सम्प्रदायमा आएका परिवर्तनका कारण के कस्ता छन् ?

## १.४ अध्ययनको उद्देश्य

संस्कृति र संस्कारहरू मानव समाजको दिगोपन र जीवन्तको परिसूचक हुन् । नेपाली समाज प्राचीन तथा पौराणिक कालदेखि नै सनातन संस्कार र संस्कृतिको व्यवस्था अनुरूप निरन्तर चल्दै वर्तमान अवस्थासम्म आईपुगेको हो । तर समयको कालखण्डमा कतिपय संस्कार र संस्कृति परिमार्जित भए त कतिपय लोप भएर गए । नेपाली समाजमा जगन्नाथ सम्प्रदायले मध्यकालमा आफ्नो पकड बलियो बनाएको थियो । वर्तमान समयमा त्यस सम्प्रदायको अंशको रूपमा केही मध्यकालीन मन्दिर र मूर्तिहरू मात्र बाँकी रहेका छन् । उक्त देवल तथा धार्मिक मतले जगन्नाथ सम्प्रदायको मध्यकालीन इतिहास सुरक्षित राखेको छ । विशेषतः काठमाडौँ, भक्तपुर र ललितपुरमा सामान्य सङ्ख्यामा मात्र जगन्नाथ मन्दिरहरू रहेका छन् । उक्त मन्दिरहरूसँग सम्बन्धित संस्कार, परम्परा, जात्रा पर्वको अस्तित्व लगभग विलुप्त भइ नै सकेको छ ।

भक्तपुरमा रहेका जगन्नाथ देवताका भौतिक अवस्थामा मन्दिर र मूर्ति मात्र विद्यमान रहेका छन् । तर भक्तपुरमा मानिसहरूले यहाँ पनि जगन्नाथ मन्दिर छ ? उक्त मन्दिरको रथयात्रा, जात्रा पर्व, पूजा विधि छन् ? भन्ने तथ्यहरू प्रायः विर्सिसकेका छन् । तः मारी क्षेत्रको जगन्नाथ मन्दिरको मौलिक मूर्ति चोरी नै भइ सकेको छ । तर पनि समुदायलाई त्यति चासो रहेको थिएन । यस अध्ययनको क्रममा केही व्यक्तिहरूलाई शोधखोज गर्दा जगन्नाथ मन्दिरसँग सम्बन्धित विधि तथा संस्कृतिहरू थाहा नभएको बताउँछन् । मध्यकालीन समाजले रुचाएको जगन्नाथ सम्प्रदाय वर्तमान समयमा किन चासो नरहेको ? भन्ने महत्वपूर्ण प्रश्न उब्जिएको छ । साथै भक्तपुर र नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिकता र विकास क्रम के हो ? तथा यहाँका जगन्नाथ वास्तुकला र मूर्तिकलाबिच भिन्नता किन ? भन्ने विषयको उठान गर्नु र जगन्नाथ सम्प्रदाय सम्बन्धित सम्पूर्ण

उत्तर खोज्नु र विषयवस्तु उजागर गर्नु नै यस अध्ययनको सामान्य उद्देश्य हो । समग्रमा बुँदागत रूपमा यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न छन् :

क) भक्तपुरको जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक पक्षको अध्ययन गर्नु

ख) भक्तपुरको जगन्नाथ मन्दिरका अमूर्त सांस्कृतिक पक्षको अन्वेषण तथा विश्लेषण गर्नु

ग) भक्तपुरको जगन्नाथ मन्दिरमा अभ्यास गरिने अमूर्त सांस्कृतिक परम्परामा आएका परिवर्तनका कारण खोजी गर्नु

## १.५ अध्ययनको महत्व

जगन्नाथ मन्दिर हिन्दु जनजीवन, विशेष गरी वैष्णव धर्मावलम्बीहरुमा अति महत्वको देव केन्द्रको रूपमा लिइन्छ । भारतमा १२ औँ शताब्दीमा विकास भएको जगन्नाथ सम्प्रदाय भारतवासीका लागि समृद्धिको पर्यायवाचीको रूपमा रहेका छ । भारतको उडिसाको जगन्नाथलाई वैष्णव धर्मावलम्बीको विशिष्ट धर्म थलोको रूपमा नै मानिन्छ । नेपालमा पनि यस सम्प्रदायले मध्यकालदेखि नै प्रश्रय पाएको छ । तर नेपालमा जगन्नाथ सम्प्रदाये कहिलेदेखि यस क्षेत्रमा प्रवेश पायो ? कस्तो रूपमा विकास भयो ? भन्ने विषयको जानकारी निश्चित रूपमा प्राप्त गर्न सकिएको छैन । साहित्यिक स्रोतहरूमा नेपालमा १६ औँ शताब्दीको मध्यमा जगन्नाथ सम्प्रदायले प्रवेश पाएको उल्लेख पाइन्छ । पुरातात्विक स्रोतका आधारमा खोज अनुसन्धानको जरुरी रहेको छ । तसर्थ यस अध्ययनमा नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिक तथा पुरातात्विक अध्ययन तथा त्यसको नेपालमा विकास क्रम, नेपाल तथा भारतमा रहेको जगन्नाथ मन्दिरको वास्तुकला, मूर्तिकला तथा सांस्कृतिक पक्षको तुलनात्मक अध्ययन सम्पन्न गरिनु यस शोधको महत्वपूर्ण पक्ष हो ।

यस शोधले भक्तपुर स्थित जगन्नाथ मन्दिरहरूको उत्पत्ति, विकासक्रम र सांस्कृतिक निरन्तरता, प्रसारका क्रममा परिवर्तन भएका सांस्कृतिक पक्षहरू, संस्कृतिलोप हुनुका कारणसम्बन्धी तथ्यहरूको सैद्धान्तिक ढाँचा निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । आउने दिनमा यो जगन्नाथ परम्पराको धार्मिक दर्शन, वास्तुकला र अनुष्ठान प्रणालीलाई ऐतिहासिक र सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्नेहरुका निमित्त सैद्धान्तिक आधार हो । यसले नेपाल भित्रका जगन्नाथ सम्प्रदायको परम्परा, संस्कृति अध्ययनको लागि आधारभूत सैद्धान्तिक संरचना निर्माण गरेको छ । समय र स्थानको प्रभावमा आएका सांस्कृतिक रूपान्तरणहरूको सैद्धान्तिक व्याख्यागर्दै परम्परा र

आधुनिकताको अन्तरसम्बन्धलाई स्पष्ट पार्ने काम यस अध्ययनमा भएको छ । यो अनुसन्धानको सैद्धान्तिक निष्कर्षले भविष्यमा यस्तै प्रकृतिका धार्मिक र सांस्कृतिक अध्ययनका निमित्त मार्गनिर्देशकका रूपमा काम गरेको छ ।

यो शोधप्रबन्ध शोधार्थीको दर्शनाचार्य तहको उपाधिको लागि प्रस्तुत गरिएको हो । यस शोधमा जगन्नाथ परम्परासम्बन्धी प्रामाणिक र व्यवस्थित शैक्षिक सामग्री उपलब्ध गराएको छ । विगतमा यस विषयमा केही लेखोट र मौखिक परम्परागत ज्ञानहरू भए तापनि ती प्रायः आंशिक, अपूर्ण वा वैज्ञानिक अनुसन्धानको ढाँचामा सङ्कलित थिएनन् । यस अध्ययनले ऐतिहासिक स्रोत, अभिलेख, वास्तुकला विवरण, धार्मिक अनुष्ठान र वर्तमान सामाजिक सन्दर्भलाई एकै ठाउँमा ल्याएर एकीकृत विश्लेषण प्रस्तुत गरेको छ । यस प्रकारको सङ्गठित र प्रमाणमा आधारित अध्ययन विश्वविद्यालय तथा अनुसन्धान संस्थानका विद्यार्थी, शिक्षक र अनुसन्धानकर्ताका लागि सन्दर्भ सामग्रीको रूपमा उपयोगी हुनेछ । साथै यसले भविष्यमा यसै विषयमा थप अनुसन्धान गर्न चाहनेहरूलाई आधारभूत तथ्याङ्क र पृष्ठभूमि प्रदान गर्नेछ ।

यस अनुसन्धानको व्यावहारिक महत्व मूलतः यसको प्रत्यक्ष उपयोग र परिणामहरूमा निहित छ । भक्तपुरका जगन्नाथ मन्दिरहरूबारे गरिएको यस अध्ययनले संरक्षण र पुनर्स्थापना कार्यका लागि तथ्यपूर्ण आधार उपलब्ध गराउनेछ । यसमा सङ्कलित ऐतिहासिक तथ्य, वास्तुकला विवरण, धार्मिक अनुष्ठान तथा वर्तमान अवस्थासम्बन्धी विश्लेषणहरूले सम्पदा संरक्षणका क्षेत्रमा कार्यरत सरकारी, गैर-सरकारी तथा सामुदायिक निकायहरूलाई रणनीति निर्माणमा सहयोग गर्न सक्ने छ । साथै यस अनुसन्धानले जगन्नाथ मन्दिरको धार्मिक तथा सांस्कृतिक महत्वबारे स्पष्ट धारणा प्रस्तुत गर्ने भएकाले यसलाई स्थानीय तथा बाह्य धार्मिक-सांस्कृतिक पर्यटन प्रवर्द्धनमा प्रयोग गर्न सकिन्छ । यसले जगन्नाथ परम्पराको ऐतिहासिक निरन्तरता कायम राख्नुका साथै समुदायको सांस्कृतिक पहिचान र गौरवलाई मजबुत बनाउनेछ । यस अध्ययनले जगन्नाथ सम्प्रदायसम्बन्धी ज्ञान, सांस्कृतिक चेतना र सम्पदा संरक्षणप्रतिको जिम्मेवारीको नयाँ पुस्तामा जगाउन मद्दत पुऱ्याउँछ ।

### १.६ अध्ययनको सीमा

भक्तपुरमा मुख्यतः तीन वटा परम्परागत जगन्नाथ मन्दिर र काष्ठ मूर्तिहरू पनि छन् । यस अध्ययन भक्तपुरमा रहेको सोही जगन्नाथ मन्दिर र मूर्तिहरूसँग सम्बन्धित मूर्त तथा अमूर्त संस्कृति

तथा जगन्नाथ सम्प्रदायको नेपाली परम्परामा देखिएका मौलिकता, परिवर्तन र संस्कृति लोप हुनुका कारणहरू वरिपरि केन्द्रित रहेर सम्पन्न गरिएको छ । यस अध्ययनको लागि भक्तपुर नगरपालिका भित्र मात्र केन्द्रित रहको छ । मूलतः जगन्नाथ मन्दिर भक्तपुर नगरपालिकाभित्र तुलाछें टोल, तः मारी क्षेत्र र भक्तपुर राजदरबार क्षेत्रमा गरी तीन ओटा छन् । साथै दत्तात्रय क्षेत्रमा अवस्थित राष्ट्रिय काष्ठकला सङ्ग्रहालयमा मखन टोलबाट ल्याई जगन्नाथको काष्ठ मूर्तिहरू प्रदर्शनमा राखिएका छन् । यी बाहेक पनि छिट फुट जगन्नाथका साना मन्दिर र मूर्तिहरू पनि प्राप्त भएका छन् । तसर्थ यस अध्ययनले भक्तपुर नगरपालिकाभित्र रहेका यी नै उल्लेखित जगन्नाथ मन्दिरहरू तथा मूर्तिहरूको ऐतिहासिकता तथा तिनको मूर्त अमूर्त सांस्कृतिक पक्षको अध्ययन र जगन्नाथ सम्प्रदायमा देखिएका परिवर्तन तथा लोप हुन पुगेका जगन्नाथ सम्पदाका तथ्यहरूको अध्ययन गर्ने भएको हुनाले भक्तपुर जिल्लाको सीमालाई शोध अध्ययन क्षेत्रको सीमाको रूपमा सीमित गरिएको हो ।

यस अनुसन्धान सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित स्थलतग अवलोकन, अन्तर्वार्ता र आवश्यकता अनुरूप समुहगत छलफल जस्ता गुणात्मक विधि मात्र प्रयोग गरिएको छ । यस विधिले अध्ययनको विषयवस्तुलाई र विषयवस्तुको निष्कर्षलाई गहन र विस्तृत बनाउन मद्दत गरेको छ । भक्तपुरमा रहेका जगन्नाथ मन्दिर तथा मूर्तिहरूको ऐतिहासिकता, मूर्त तथा अमूर्त पक्षको बारे जानकार व्यक्तित्वहरूसँग आवश्यक जानकारी तथा तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता तथा आवश्यकता अनुसार सामुहिक छलफल कार्य सम्पन्न गरिएको छ । साथै जगन्नाथ सम्पदा स्थापित भएको भक्तपुर नगरपालिका भित्रका स्थानहरूको अवलोकन गरी महत्वपूर्ण तथ्याङ्कहरू सङ्कलन गरियो ।


भक्तपुरका जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा केहि निरन्तर चलि रहेको छ भने केहि लोप भइसकेका छन् । केहि संस्कृति भने पुनः जिवित बनाउने प्रयासमा रहेको छ । यस शोध अध्ययनका क्रममा जगन्नाथ मन्दिर, वास्तुकला तथा मूर्तिहरूमा नयाँ निर्माणका कार्यहरू भइ रहेको छ । यस कारण यस शोध अध्ययनको सामयिक सीमा निर्धाणको आवश्यकता रहेको छ । प्रस्तुत अध्ययनको समयावधि वि.सं. २०८२ असार मसान्तसम्म मात्र सीमित गरिएको छ । यसै समय सीमा भन्दा अघिका जगन्नाथ परम्परा र संस्कृतिका मूर्त तथा अमूर्त सम्पदाहरूको अवस्था र विकासक्रमलाई उक्त निर्धारित समयभित्र मात्र सङ्गहित तथ्याङ्कको मूल्याङ्कन गरिएको छ । यस प्रकार अनुसन्धानको सामयिक सीमा निर्धारण गर्दै वि.सं. २०८२ असार मसान्त पछि भक्तपुरका

जगन्नाथका मूर्त तथा अमूर्त सम्पदाहरूमा उत्पन्न हुने कुनै पनि नयाँ परिवर्तन, क्षति, पुनर्निर्माण वा अन्य कुनै घटनालाई यस शोधपत्रको विषयवस्तुको रूपमा समावेश गरिएको छैन ।

## १.७ अवधारणात्मक खाका

अवधारणात्मक खाका अनुसन्धानको लागि तयार गरिएको एक व्यवस्थित अनुसन्धान-मार्ग हो । यसले अध्ययनका विभिन्न पक्षहरूलाई तार्किक रूपमा जोडेर अनुसन्धानको समग्र दिशा निर्धारण गर्छ । अनुसन्धानको अवधारणात्मक खाकाले अनुसन्धानकर्ताको विषयवस्तुको मूख्य अवधारणहरू, ती अवधारणाहरूको सम्बन्ध, र ती सम्बन्धहरूलाई कसरी विश्लेषण गरिन्छ भन्ने कुराको स्पष्ट चित्रमार्ग प्रस्तुत गर्दछ । भक्तपुरको जगन्नाथ मन्दिरहरूको सांस्कृतिक अध्ययन गर्न निम्न अवधारणात्मक खाका तयार गरिएको छ :

**तलिका नं. १ अवधारणात्मक खाका तालिका**



भक्तपुरका जगन्नाथ मन्दिरको सांस्कृतिक अध्ययन शीर्षकको अध्ययन ज्ञान निर्माणसँग सम्बन्धित छ । तसर्थ यो शोध रचनावाद⁄ निर्माणवाद (Constructivism) सैद्धान्तिक अनुसन्धान दर्शनबाट पूरा गरिएको हो । यो शोध विषयगत सत्यतामा आधारित रहेको छ । यो शोध अध्ययन कलावास्तुकला तथा सम्प्रदायको संस्कृतिसँग सम्बन्धित भएकाले यसमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ । यस अनुसन्धानमा प्रसारवाद (Diffusionism) मुख्य सिद्धान्त र सहयोगीको रूपमा उद्विकासवादी सिद्धान्त (Evolutionism Perspective) समेत उपयोग गरिएका छन् । भक्तपुरका जगन्नाथ मन्दिर तथा त्यससँग सम्बन्धित सम्प्रदायहरूको ऐतिहासिक तथा सांस्कृतिक पक्षहरू र भक्तपुरमा जगन्नाथ सम्प्रदायका मूर्त तथा अमूर्त सम्पदाहरूमा देखिएको परिवर्तन र लोप हुनुका कारणहरू बारे अन्वेषण र विश्लेषण यस अध्ययनमा भएको छ ।

निर्माणवादको दृष्टिकोणमा ज्ञान (Epistemology) व्यक्तिको अनुभव र घटनाहरूबाट निर्माण हुने भएकोले विषयगत सत्यता (Subjective Reality) बोकेको हुन्छ भन्ने मान्यतामा आश्रित हुन्छ । सत्य (Ontology) सामाजिक रूपले मानिसको दिमागमा निर्माण हुन्छ । सत्य निरपेक्ष हुन्छ भन्ने मान्यता बोकेको हुनाले विषयगत सत्यको बोध हुन्छ । मूल्य मीमांसा (Axiology) जगन्नाथ मन्दिर तथा सम्प्रदाय कलासँग सम्बन्धित छ ।

जगन्नाथ सम्प्रदाय र त्यससँग सम्बन्धित मूर्त तथा अमूर्त सांस्कृतिक पक्षको अध्ययन जानकारीका निमित्त यस सम्प्रदायको प्रसार र ऐतिहासिकताको अध्ययन र तथ्यको खोजी गर्नु जरुरी रहेको छ । नेपालको विभिन्न भागमा र भिन्नाभिन्नै कालखण्डमा जगन्नाथ सम्प्रदायका मन्दिर निर्माण र विकास भएको पाइन्छ । विशेष गरी काठमाडौँ उपत्यकाका मध्यकालीन शासकहरूको मूर्ति र मन्दिर निर्माणको प्रतिस्पर्धाका कारण धेरै मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू निर्माण र विकास भएका हुन् । यही योगदान स्वरूप भारतको पुरी क्षेत्रमा स्थापना र विकास भएको मानिएको जगन्नाथ सम्प्रदायसँग सम्बन्धित संस्कृति र संस्कारको प्रसार वा विकास नेपालमा पनि मध्यकाल मै देखिन थालेको थियो । भारतको पुरी क्षेत्रमा जगन्नाथ सम्प्रदायको स्थापना र विकास कसरी भयो ? भन्ने अध्ययनको स्रोतहरू त अभिलेखीकरण भएको छ । नेपालमा जगन्नाथ सम्प्रदायको स्थापना वा प्रसार र विकास कसरी भयो ? भन्ने तथ्यहरू भने अध्ययन गर्न जरुरी देखिन्छ । मध्यकालमा निर्माण भएका केही मन्दिरहरू काठमाडौँ, ललितपुर र भक्तपुरमा पाउन सकिन्छन्, तर त्यस मन्दिरको इतिहासभन्दा अघिको जगन्नाथ सम्प्रदाय सम्बन्धित प्रामाणिक इतिहास भने स्पष्ट रूपमा थाहा पाउन सकिएको छैन ।

## १.८ अध्ययन विधि

अनुसन्धानको कार्य योजनालाई व्यवस्थित गर्न र निर्धारित उद्देश्य प्राप्तिको लागि अनुसन्धान विधिको भूमिका अहम् हुन्छ । अनुसन्धान विधि अनुसन्धानलाई वैज्ञानिक ढाँचामा आबद्ध गर्ने प्रणाली हो । यस 'भक्तपुरका जगन्नाथ मन्दिरहरूको सांस्कृतिक अध्ययन' शीर्षकको शोधको यस अध्यायमा यस अनुसन्धानमा प्रयोग गरिएको अनुसन्धान विधिहरूको चर्चा गरिएको छ । अनुसन्धान दर्शन, अनुसन्धान ढाँचा, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण विधि र अनुसन्धानमा नैतिक सवाल गरी अनुसन्धान विधिको प्रयोग र त्यसको व्याख्या विश्लेषण प्रस्तुत गरिएको छ ।

### १.८.१ अनुसन्धान दर्शन

दर्शन शब्दको सामान्य अर्थ 'देख्नु' वा 'हेर्नु' हो । बृहत् अर्थमा विचार गर्ने हो भने दर्शनलाई जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण मानिन्छ (भुसाल, २०५९, पृ.२३) । दर्शनले भौतिक यथार्थलाई महत्व दिएसँगै यथार्थ पछाडि रहेका अर्थ, कारण, मूल्य, र उद्देश्य समेत प्रकाशमा ल्याउने प्रयत्न गर्दछ । दर्शनको बुझाई र प्रस्तुतिमा केही फरकपन हुनसक्छ, किनकि दर्शनले छुट्टाछुट्टै व्यक्तिहरूको व्यक्तिगत धारण तथा दृष्टिकोण प्रस्तुत गरिरहेको हुन्छ । त्यसैले एउटै विषयमा पनि विभिन्न दार्शनिकहरूले आ-आफ्नो पृष्ठभूमि, संस्कृति, विश्वास र समय सन्दर्भ अनुसार फरक फरक व्याख्या गर्ने गर्दछ । जस्तै, पश्चिमी दर्शनमा तर्क, तथ्यता र विश्लेषणलाई बढी प्राथमिकता दिइन्छ भने, पूर्वीय दर्शनमा ध्यान, अनुभूति, आत्म बोध र आध्यात्मिकता केन्द्रमा रहने गर्दछ ।

अनुसन्धान दर्शनले कुनै पनि अध्ययनको आधारलाई बलियो आकार दिएको हुन्छ । अध्ययनमा प्रस्तुत गरिएका अनुसन्धानकर्ताको दृष्टिकोण, पद्धति र निष्कर्षहरूको व्याख्यालाई मार्गदर्शन गर्ने कार्य पनि अनुसन्धान दर्शनको हो । कुनै विषय वस्तुलाई दर्शनले फरक फरक दृष्टिकोणबाट हेरी सार तत्वको ज्ञान उजागर गर्ने गर्दछ । एउटै विषयलाई पनि फरक व्यक्तिबाट फरक फरक तवरले चर्चा गरिएको पाइन्छ । मानव चिन्तन, हेर्ने र बुझ्ने तरिकामा भिन्नता भएकै कारण विश्वमा धेरै दर्शनहरू प्रतिपादन भएका छन् । ती दर्शनहरूको छुट्टा छुट्टै अवधारण र विशेषता रहेपनि विषयगत एकाइ भने एउटै हुन सक्दछ । विषयगत एकाइको सार्थक दृष्टिकोण र त्यसको प्रस्तुतीकरणको लागि आधारभूत तत्वको रूपमा गुणात्मक अनुसन्धानका प्रख्यात लेखक डेन्जिन र लिङ्कोल्न (Denzin and Lincoln) ले ज्ञान शास्त्र, विधि शास्त्र, र सत्यको सिद्धान्तलाई प्रस्तुत गरेका छन् (Khanal, Ghimire & Ghimire, n.d., p. 4) । यी सैद्धान्तिक आधारभूत

तत्वहरूको सत्यता हेर्न वास्तविकताको सिद्धान्त (Ontology), ज्ञानलाई हेर्ने र ज्ञानको अभ्यास गर्ने तरिकाको लागि ज्ञान मीमांसा (Epistimology), अनुसन्धानको क्रममा ज्ञान वा विधिलाई प्रदान गर्ने मूल्य मूल्य मीमांसा (Axiology) रहेका छन् (Khanal, Ghimire & Ghimire, n.d., pp. 4-9) भने अनुसन्धानको दृष्टिकोणको प्रस्तुतीकरणको लागि विधिशात्र (Methodology) रहेको छ। यी सम्पूर्ण सैद्धान्तिक आधारभूत तत्वहरूको संयोगबाट अनुसन्धानको सैद्धान्तिक खाका (Research Paradigm) को निर्माण हुन्छ।

भक्तपुरका जगन्नाथ मन्दिरहरूको सांस्कृतिक अध्ययनको शोधका लागि निर्माणवाद/ रचनावादको अनुसन्धान दर्शन सैद्धान्तिक खाकाको रूपमा आवलम्बन गरेको छ । निर्माणवादको दृष्टिकोणमा अनुभव र घटनाहरूको अर्थ व्यक्तिद्वारा निर्माण हुन्छन् । त्यसैले मानिसहरूको सहभागीतामा सत्यको निर्माण हुन्छ ( Khanal, Ghimire & Ghimire, n.d., p. 19) । जगन्नाथको मूर्त तथा अमूर्त सम्पदाको निर्माणवादी दर्शन सिद्धान्तमा आधारित भइ वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई यस शोध सम्पन्न गरिएको छ।

निर्माणवादको वास्तविकताको सिद्धान्त (Ontology) अनुसार सत्य सामाजिक रूपले मानिसका दिमागमा निर्माण हुन्छन् (Guba and Lincoln, 1994, p. 4) । निर्माणवादको सत्य मीमांसाले सामाजिक यर्थाथलाई वस्तुपरक नभइ व्यक्तिपरक मान्छ। यस अनुसार जगन्नाथ संस्कृति तथा परम्पराको मूर्त  र अमूर्त सम्पदाहरुको अर्थ र महत्व समुदायका विभिन्न सदस्यहरू (पूजारी, स्थानीय बासिन्दा) को सामाजिक अन्तरक्रिया र बुझाइबाट निर्माण भएको हुन्छ । निर्माणवादको ज्ञान (Epistemology) सिद्धान्तमा ज्ञान प्राप्तिको माध्यमको रूपमा मानवीय र सामाजिक खोज रहने निर्माणवादीहरू विश्वास गर्छन् (Khanal, Ghimire & Ghimire, n.d., p. 20) । यस दृष्टिकोणमा परम्परागत रूपमा चल्दै आएका धार्मिक, सामाजिक, सांस्कृतिक परम्पराहरूको समानता र भिन्नताको ज्ञान प्राप्तिका लागि समाजका सदस्यहरूबिच सक्रिय अन्तरक्रिया हुन जरुरी छ। यसअर्थ, यस अध्ययनमा जगन्नाथ संस्कृतिको ज्ञानलाई अवलोकन र समुदायको दृष्टिकोणको साझा परिणामको रूपमा प्रस्तुत हो । त्यस्तै निर्माणवाद दर्शनको मूल्य मीमांसा (Axiology) अन्तर्गत जगन्नाथ सम्प्रदायको मूर्त अवस्था र अमूर्त पक्षको अवधारणाहरूलाई व्यक्तिगत अनुभव र सामाजिक सक्रियतमा विभिन्न अन्तरक्रियाद्वारा ज्ञानको निर्माण हुन्छ भन्ने मान्यता रहेको छ।


संस्कृति तथा परम्पराहरू मात्र सामाजिक अभ्यास नभइ संधैमानवीय जीवनसँग जोडिरहने मूल्यवान् अङ्ग हो, जुन समुदायगत रूपमा प्रसार हुँदैआएको हुन्छ। यस अध्ययनको उद्देश्य पनि

मानिस तथा समुदायसँगको छलफल र अन्तरक्रियाबाट नै विषयगत सत्यता तिर अघि बढ्नु हो । जगन्नाथ सम्प्रदायको मन्दिरको बनावट तथा सम्बन्धित जात्रा साथै नित्य पूजा बारे अध्ययन गर्न र वास्तविकताको उजागर गर्न यसको विधिशास्त्रमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ । यस अन्तर्गत निर्धारित सैद्धान्तिक अनुसन्धान ढाँचा, तथ्याङ्कहरूको सङ्कलन विधि र विश्लेषणका विधिहरू प्रस्तुत गरिएका छन् ।

### १.८.२ अनुसन्धान ढाँचा

कुनै निश्चित विषयमा खोज अनुसन्धानबाट विश्वासिलो, यथार्थ र शुद्ध या वैध निष्कर्ष प्रतिपादन गर्न अनुसन्धानात्मक योजना र पूर्व निर्धारित स्वरूप अनुसन्धान ढाँचा हो । अनुसन्धान ढाँचाले अनुसन्धानकर्ताको प्रस्तावित शोध उद्देश्यलाई पूर्ण गर्ने हुन्छ । यसलाई तथ्याङ्कहरूको सङ्कलन, मापन र विश्लेषण गर्ने पद्धतिको निर्देशक पनि मानिन्छ (दाहाल र खतिवडा, २०७७, पृ. १३३१-१३२) । भक्तपुरका जगन्नाथ मन्दिरहरूको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको विस्तृत अध्ययन गर्न निश्चित अनुसन्धान ढाँचाको निर्माण गरिएको छ ।

**तालिका २ : अनुसन्धान ढाँचा**



यो अध्ययन सम्पन्न गर्नको निमित्त गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यो अध्ययनको अनुसन्धान ढाँचा वर्णात्मक अनुसन्धान ढाँचा (Descriptive Research Design) हो । यो अनुसन्धान ढाँचाले विशेष गरी कुनै मानव समुदायको सही तरिकाले वर्णन गर्ने र ती मानव समुदाय बारे सम्पूर्ण विवरण बुझ्ने उद्देश्य राखिएको हुन्छ । फलस्वरूप त्यस समुदायको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक इत्यादि सबै पक्षको विवरण तयार गरी वर्णन गर्दछ (आचार्य, २०७०, पृ.९४) । यो अनुसन्धान ढाँचा अनुरूपको अनुसन्धान वर्तमान अस्तित्वमा रहेको विषयको अध्ययनमा केन्द्रित रहने हुनाले भक्तपुरको जगन्नाथ मन्दिर, मूर्ति र त्यसको अवस्था बारे अध्ययन गरी त्यसको विवरण तयार गर्न र निष्कर्ष निकाल्न सहयोग पुग्दछ । यस कार्यका लागि अवलोकन, अन्तर्वार्ता तथा आवश्यक सामुहिक छलफल विधि प्रयोग गरिएका छन् ।

यस शोधमा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी अध्ययन पूरा गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत सूचना तथा तथ्याङ्क सङ्कलन गर्न अध्ययन क्षेत्रमा उपस्थित भएर विषयवस्तुको गहन अध्ययन र अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरू सङ्कलनका निमित्त जगन्नाथ सम्प्रदायसँग सम्बन्धित व्यक्तित्वहरू, विद्वत वर्ग तथा स्थानीयहरूसँग अन्तर्वार्ता लिने र जगन्नाथ मन्दिरहरू अवस्थित क्षेत्रको प्रत्यक्ष स्थलगत अवलोकन भ्रमण गरिएको छ । द्वितीयक तथ्याङ्कअन्तर्गत जगन्नाथ मन्दिर, सम्प्रदायसँग सम्बन्धित प्रकाशित पुस्तकहरू, ठ्यासफू, जर्नल, लेख रचना, अप्रकाशित पुस्तक, पूर्व सम्पन्न अनुसन्धान, लाइबेरी, इन्टरनेट आदि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा भक्तपुरका जगन्नाथ सम्प्रदाय सम्बन्धित विगत र वर्तमानका तथ्यहरूको सङ्कलन गरी त्यसलाई सामान्यीकरण गरी नयाँ मान्यताको विकास गर्ने प्रक्रिया अनुसरण गरिएको हो । यस अध्ययनमा आगमनात्मक (Inductive) विधिको उपयोग गरिएको छ ।

### १.८.३ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान पूर्ण रुपले विभिन्न स्रोतहरूबाट संकलित सूचनामा आधारित हुन्छ । सूचना वा कुनै विषयगत जानकारीका स्रोतहरु मानिस, मानिसका व्यवहारहरु, खास घटना, सामाजिक गतिविधिहरु र ती सम्पूर्णसँग सम्बन्धित पक्षहरु हो । सूचना सङ्कलन गर्ने विभिन्न अनुसन्धानात्मक विधिहरु रहेका छन् । अनुसन्धानको क्रममा शोध विषयसँग सम्बन्धित जनसङ्ख्या बृहत्तर भइ तथ्याङ्क सङ्कलनमा कठिनाइ हुने हुनाले ठूलो जनसङ्ख्याबाट केही व्यक्ति वा घटनाहरु छनौट गर्ने प्रक्रिया नमुना छनौट हो । यसै नमुना छनौट पद्धतिबाट सम्भावित व्यक्तिको ज्ञान, घटना वा स्थान

आवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा विभिन्न स्रोत तथा तथ्याङ्कको आधारमा प्राप्त भएका जानकारीलाई वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोगा गरी गुणात्मक अनुसन्धान विधि अपनाई सम्पन्न गरिएको अध्ययन हो ।

भक्तपुर तुलाछेँ टोलको जगन्नाथ मन्दिर, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर तथा तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको ऐतिहासिकता, धार्मिक तथा सांस्कृतिक पक्षको अध्ययन, त्यस क्षेत्रमा प्राप्त मन्दिर, मूर्ति तथा उक्त मन्दिर र मूर्तिसँग सम्बन्धित लोक-श्रुतिहरूको सङ्कलन, मन्दिर वरपरका अन्य अवशेषहरूको सङ्कलन र त्यसको व्याख्या गरी त्यसको ऐतिहासिकता र महत्व, साथै भक्तपुरमा जगन्नाथ संस्कृति तथा संस्कारहरूको लोप हुँदै जानुको कारणहरू बारे गहन अध्ययन सम्पन्न गर्न प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । अनुसन्धानमा प्राथमिक तथ्याङ्कक सङ्कलनका स्रोतहरू स्थलगत अवलोकन, अन्तर्वार्ता, सामुहिक छलफल जस्ता विधिहरू हो । गुणात्मक अनुसन्धानमा अन्तर्वार्ताको विशेष भूमिका रहेको छ । भक्तपुरका जगन्नाथ मन्दिरहरू सम्बन्धी विभिन्न जानकारी प्राप्त गर्न विशेष गरी प्राज्ञिक विद्वान्, विषय-विज्ञ, स्थानीय, मन्दिरसँग सम्बन्धित व्यक्तिहरूसँग आवश्यक अन्तर्वार्ता लिएर यो अध्ययन सम्पन्न गरिएको छ ।

नेपालमा यस मन्दिर र सम्प्रदायको अवस्था प्रारम्भिकता जस्तो नरहेको कारणले गर्दा वर्तमान समयमा उक्त मन्दिर र सम्प्रदाय सम्बन्धित लेख-रचना तथा किताबहरू उल्लेख्य रुममा प्रकाशमा आएको नपाएका कारण यस मन्दिरसँग सम्बन्धित प्राप्त भएका सम्पूर्ण लेख-रचना तथा ग्रन्थहरू छनोट र सङ्कलन गरी ती साहित्यिक स्रोतबाट तथ्यहरू सङ्कलन गरिएको छ ।

भक्तपुरको जगन्नाथ परम्परागत संस्कृतिको तथ्याङ्क सङ्कलनका क्रममा केहि कुराहरू स्पष्ट हुनसकेन । उक्त स्पष्ट तथ्यकालागि स्थानियको प्रतिनिधि र जगन्नाथ मन्दिरका पूजारीहरुको संयुक्त छलफलबाट सहि तथ्य निकालिएको छ । विभिन्न विधि र स्रोतबाट प्राप्त भएका प्राथमिक र द्वितीयक स्रोतका सम्पूर्ण तथ्यहरूलाई निरीक्षण र सम्पादन गरी वर्णनात्मक अनुसन्धान ढाँचा र आगमन विधिबाट विश्लेषण गरी समस्या कथनको जवाफको सार्थकता-उन्मुख भएको छ ।

**प्राथमिक तथ्याङ्क**

अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्य र तथ्याङ्कहरू अध्ययन-स्थान अवलोकन, सम्बन्धित व्यक्तित्व, विद्वान्सँगको अन्तर्वार्ता, सामूहिक छलफल जस्ता क्रियाकलाप सम्पन्न गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको हो ।

**क) स्थलगत अध्ययन**

भक्तपुरका जगन्नाथ मन्दिरहरूको अवस्था र ऐतिहासिकता साथै त्यसको वास्तुकला र मूर्तिकलाको गहन र विस्तृत अध्ययन स्थलगत रूपमा भ्रमण गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यी मन्दिरहरूमा गरिने दैनिक नित्यकर्म तथा पाठ पूजा विधि, मन्दिर र मूर्तिहरूको वस्तुस्थिति तथा आवश्यक तथ्यगत स्रोतहरूको लागि भक्तपुरका जगन्नाथ मन्दिरहरू अवस्थित क्षेत्रको भ्रमण-अवलोकन गरी सकेसम्मको गहन तथ्यहरू सङ्कलन र मूल्याङ्कन गरी भक्तपुरमा जगन्नाथ मन्दिर र सम्प्रदायको ऐतिहासिकता, कला, वास्तुकला इत्यादि पक्ष प्रस्तुत गरिएको छ । जगन्नाथ परम्पराको अमूर्त संस्कृतिबारे जानकारी प्राप्त गर्न सहभागीमूलक अवलोकन गरी यस शोधको लागि स्रोत तथा तथ्याङ्क प्राप्त गर्ने विधि हो । यसका लागि जगन्नाथ मन्दिरको बिहानी प्रार्थना, भजन, प्रवर्चन तथा पूजाविधिमा समेत सहभागी भइ तथ्याङ्कको सङ्कलन गरिएको छ । भक्तपुरको नेवार समाजमा जगन्नाथको लोकप्रियता तथा धार्मिक प्रभाव पनि अध्ययनको विषयको रूपमा रहेर अमूर्त सांस्कृतिक पक्षसँग सम्बन्धित तथ्यहरू पनि सङ्कलन गर्न स्थलगत अध्ययन गरी तथ्याङ्कको सङ्कलन गरिएको छ ।

**ख) अन्तर्वार्ता**

यस शोध सम्पन्न गर्नको निमित्त आवश्यक व्यक्तित्वहरू तथा विद्वत वर्गसँग अन्तर्वार्ता सम्पन्न गरी अध्ययन अनुसारको तथ्याङ्कहरू सङ्कलन गरिएको छ । अन्तर्वार्ताका क्रममा उत्तर दाताहरूलाई तीन समूहमा वर्गीकरण गरी तथ्याङ्क  सङ्कलन गरिएको हो । पहिलो समूहअन्तर्गत प्राज्ञ विद्वानहरू समावेश गरी तथ्याङ्कको आधिकारिकता प्रदान गर्ने प्रश्नहरूको उत्तर तथा तथ्य सङ्कलन गरियो । दोस्रो समूहअन्तर्गत मन्दिरसँग सम्बन्धित पूजारी, धर्मावलम्बी तथा मन्दिर व्यवस्थापन व्यक्तित्वहरूलाई समावेश गरी मन्दिरको दैनिक, पाक्षिक, मासिक र वार्षिक धार्मिक क्रियाकलापहरूको विवरण तथा विगतका जानकारी दिने तथ्यहरू सङ्कलन गरिएको छ । तेस्रो समूहअन्तर्गत भक्तपुरका जगन्नाथ मन्दिर वरपर रहेका स्थानीयहरूसँगको अन्तर्वार्ता गरी मन्दिरसँग सम्बन्धित सम्झना भएका विगतका तथ्यहरू सङ्कलन गरिएको हो । तीन वटै समूहबाट तथ्याङ्कहरू सङ्कलन गर्न छुट्टाछुट्टै प्रश्नावलीहरू तयार गरी उत्तरदाताहरूसँग तथ्यहरू सङ्कलन गरिएको थियो ।

**ग) सामूहिक छलफल**

भक्तपुरका जगन्नाथ मन्दिर र सम्प्रदाय सम्बन्धित तथ्यहरू सङ्कलन गर्ने क्रममा केही तथ्य सम्बन्धमा मत बाझिएको हुँदा सो तथ्य बारे सही जानकारी प्राप्त गर्न भक्तपुरका जानकारहरूको सामूहिक छलफल गरी अध्ययनको स्रोतको रूपमा प्रयोग गरिएको छ । साथै वैष्णव भजन मण्डल तथा समूहहरूको सामूहिक छलफल गरी पनि यस अध्ययनको धार्मिक पक्ष तथा सांस्कृतिक पक्षको तथ्य सङ्कलन गरिएको  छ ।

**द्वितीयक तथ्याङ्क सङ्कलन विधि :**

जगन्नाथ सम्प्रदायसम्बन्धी लेख-रचना तथा पुस्तक न्यून मात्रामा प्रकाशित भएका छन् । विशेषतः उडिसा क्षेत्रमा यस सम्प्रदायसँग सम्बन्धित विषयमा धेरै लेख तथा पुस्तकहरू प्रकाशित भएका भए पनि नेपालमा यस सम्बन्धी सामग्री अत्यन्त सीमित छन् । यस अध्ययन अध्ययनसँग सम्बन्धित प्रकाशित पुस्तक, लेख रचनाहरू, इन्टरनेट, पत्रपत्रिकामा प्रकाशित विषयवस्तुहरू द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ । त्यसो हुँदा त्यस्ता सामग्रीको समीक्षाबाट द्वितिय सूचना लिइएको हो । यस क्रममा जगन्नथ सम्प्रदाय, जगन्नाथ पूजा उपासना विधि नेपालमा जगन्नथ सम्प्रदायको इतिहास जस्ता सूचना सङ्कलन गरिएको छ ।

**१.८.४ तथ्याङ्क विश्लेषण विधि**

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई गुणात्मक तथ्याङ्क विश्लेषण विधि तथा वर्णनात्मक पद्धतिको संयोजनमार्फत व्यवस्थित रूपमा विश्लेषण गरिएको छ । यो शोध कार्य मूलतः सामाजिक तथा धार्मिक दुवै आयामलाई समेट्ने भएको कारण, विभिन्न स्रोतबाट प्राप्त भएको तथ्याङ्कलाई अध्ययन गरी विषयानुकूल विभिन्न शीर्षक, उपशीर्षकमा वर्गिकरण गरिएको छ । साथै तथ्यहरूको गहन अध्ययनबाट नयाँ अवधारणा निर्माण गर्दै उपलब्ध तथ्यहरू र तर्कका अधारमा तुलना, व्याख्या, विश्लेषण गरी आगमन विधिबाट निष्कर्षमा पुगेको छ ।

### १.८.५ अनुसन्धानमा नैतिक सवाल

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा निम्न लिखित नैतिक आचारलाई पालना गरिएको छः

क) अध्ययन क्षेत्रका स्थानीय बासिन्दाका मूल्यमान्यता, आस्थाविश्वास आदि सम्मान गरिएको छ ।

ख) यो एउटा धार्मिक र सामाजिक अध्ययन भएकाले सामाजिक मूल्यमान्यतामा रहेर तथा प्राज्ञिक मर्यादा कायम राखेर अध्ययन गरिएको छ ।

ग) कुनै स्थान जातिलाई होच्याउने पूर्वाग्रह तथा अशोभनीय शब्दहरूको प्रयोग गरिएको छैन । भाषिक संवेदनशीलता कायम गरिएको छ ।

घ) स्रोत/सूचना दाताहरूको मर्यादा आस्था र गोपनीयतासमेतलाई कायम गरी अनुसन्धान गरिएको छ ।

ङ) प्रस्तुतीकरणमा इमानदारिता, कृतिहरूको बौद्धिक चोरी नगर्ने, र सन्दर्भ उल्लेख गर्दा सही सूचनाको स्रोत उल्लेख गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समीक्षा

## २.१ विषय प्रवेश

अनुसन्धानको महत्वपूर्ण पक्ष भनेको कुनै पनि अनुसन्धानात्मक कार्य गर्नु अघि उक्त कार्यको पूर्ववत् कालमा के कतिको अध्ययन भइसकेको छ भन्ने तथ्यबाट जानकार रहनु हो । वर्तमान समयसम्ममा तत् अध्ययन सम्बन्धी के कति ज्ञान पत्ता लागेको छ र अब के कस्तो ज्ञानको लागि अध्ययन जरुरी छ भन्ने तथ्य थाहा पाउन अध्ययन वा अनुसन्धान सँगसम्बन्धित प्रकाशमा आएका सन्दर्भ सामग्रीहरूको विश्लेषण गरी त्यसको समीक्षा गर्नु सन्दर्भ साहित्यको समीक्षा हो ।

यस अध्ययनमा जगन्नाथ मन्दिर, सम्प्रदाय तथा त्यससँग सम्बन्धित मूर्त एवम् अमूर्त सांस्कृतिक सम्पदाबारे प्रकाशमा आएका विभिन्न स्रोतहरूको अध्ययन गरी त्यसको समीक्षा गरी अनुसन्धान रिक्तता अघि सारेको छ । भक्तपुरका जगन्नाथ सम्प्रदाय तथा मूर्त अमूर्त संस्कृतिहरू साथै जगन्नाथ सम्प्रदायमा देखिएको परिवर्तन तथा लोप हुनुका कारणहरूको अध्ययन गर्न विभिन्न प्रकाशित स्रोतलाई आधार मानेर पूर्ववत् प्रकाशित साहित्यको समीक्षा प्रस्तुत गरिएको छ ।

कुनै एक स्थान विशेष र समुदाय विशेष बिच फरक खालका संस्कृतिको प्रसार, स्थापना र विकास कसरी हुन्छ भन्ने विषयमा विभिन्न विद्वानहरूले अनेक प्रकारका दर्शनात्मक सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । उक्त सिद्धान्तका सैद्धान्तिक समीक्षा निम्न रहेका छन् :

## २.२ सैद्धान्तिक अवधारणाको समीक्षा

कुनै पनि देश या क्षेत्रको कला तथा संस्कृति बारे शोध अध्ययन गर्न पूर्व प्रतिपादित सिद्धान्तहरू मार्फत कुनै संस्कृतिको उत्पत्ति, विकास र स्थिति कस्तो हुने गर्दछ भन्ने तथ्य उपकल्पित दिशा तिर लान सकिने हुन्छ । संस्कृतिको उत्पत्ति तथा विकास र उक्त संस्कृतिको प्रसारबारे विभिन्न विद्वानहरूले छुट्टाछुट्टै सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । उद्विकासवाद, प्रसारवाद, संरचनात्मक प्रकार्यवाद, सांस्कृतिक पर्यावरणवाद, इत्यादि मुख्य सिद्धान्तहरू संस्कृति सँग सम्बन्धित रहेको छ । भक्तपुरको जगन्नाथ सम्प्रदायको अध्ययनको निमित्त पनि यस्ता पूर्व प्रतिपादित सिद्धान्तको आधार लिन जरुरी छ । जगन्नाथ सम्प्रदायको मूर्त अमूर्त संस्कृतिको अध्ययन सम्पन्न गर्न माथि उल्लेखित सिद्धान्तहरू कुनै न कुनै दृष्टिबाट समाहित गरी अध्ययन गर्न सकिन्छ,

तर यस अध्ययन सम्पन्न गर्न मुख्यतया प्रसारवाद र उद्‌विकासवाद गरी दुई वटा सिद्धान्तहरू उपयोग गरी सङ्कलित तथ्याङ्कहरूको विश्लेषण र त्यससँग विषयवस्तुको सम्बन्धको व्याख्या गरी निष्कर्षमा पुग्ने कार्य सम्पन्न गरिएको छ।

**२.२.१ प्रसारवाद**

प्रसारवादको सिद्धान्तले मानव क्रियाकलाप र तिनले विकास गरिएका संस्कृतिको विकास विभिन्न माध्यमबाट एक स्थानबाट अन्य एक वा धेरै स्थानमा प्रसार भएको मानव संस्कृतिको अध्ययन गर्ने माध्यम हो । तसर्थ, यस सिद्धान्त मानव शास्त्र र संस्कृति अध्ययनमा प्रयोग गरिने एक महत्वपूर्ण सैद्धान्तिक दृष्टिकोण हो र यसै अनुरूप संस्कृतिहरू पूर्ण रूपले स्वतन्त्र रूपमा उत्पत्ति हुने भन्दा पनि कुनै एक विकसित स्थानबाट अर्को नयाँ ठाउँमा प्रसार हुँदै प्रसार हुने प्रक्रियाद्वारा विकास हुने गर्दछ । प्रसारवादको सिद्धान्त अनुसार कुनै पनि संस्कृतिहरू तथा सांस्कृतिक अभ्यास तथा क्रियाकलापहरू, मूल्य-मान्यता, विश्वास वा परम्पराहरू एक समुदाय वा क्षेत्रबाट अर्को स्थानमा वा समुदायमा प्रक्रियागत रूपले फैलिँदै जाने हुन्छ । यस प्रसारवादको सिद्धान्त १९ औँ शताब्दीको उत्तरार्द्ध देखि २० औँ शताब्दीको सुरुवाती कालखण्डमा मात्र प्रभावपूर्ण सिद्धान्तको रूपमा रहेको थियो ।

प्रसारवादका प्रमुख विद्वान् ग्राफटन इलियट स्मिथ (Grafton Elliot Smith) हुन् । उनले सन् १९१५ मा प्रकाशनमा ल्याएको पुस्तक The Migrations of Early Culture मा यस विश्वमा जति पनि समुदायगत संस्कार र संस्कृतिहरू छन्, सबै संस्कृतिको उत्पत्ति तथा स्रोत केन्द्र एकै हो, र उक्त केन्द्रबाट नै विश्वका विभिन्न स्थानहरूमा प्रसार भएको तर्क प्रस्तुत गरिएको छ । यस पुस्तक अनुसार जति पनि संस्कृति निर्माण भएको छ, ती सम्पूर्ण संस्कृतिहरूको निर्माणको मूल केन्द्र इजिप्ट भएको र त्यहीबाट नै सम्पूर्ण विश्वमा फैलन गएको तर्क प्रस्तुत गरिएको छ । साथै मृतकलाई विशेष कपडाले बेरेर ममीकरण गर्ने र कालान्तरमा उक्त ममीलाई नै रातो-गेरु रङ्गले रङ्गाएर मूर्तिको रूपमा पूजा गर्न थालेको र कालान्तरमा विश्वमा नै यस मूर्ति पूजा संस्कृतिको प्रसार भएको हो (Smith, 1915, pp. 27-28) । यद्यपि यस तर्कलाई विभिन्न अन्य विद्वान्हरूको काटेको पाइन्छ, तर पनि कतिपय संस्कृति भने प्रसार भएरै पनि एक स्थानबाट अर्को स्थानमा प्रसार भएको हुन्छ ।

Schmidt (1931) ले आफ्नो पुस्तक The Origin and Growth of Religion, १९३१, मा विभिन्न धार्मिक आस्था तथा विचारहरूको विकास पनि प्रसार कै माध्यमबाट भएको तर्क पेस गरिएको छ । उक्त पुस्तकमा उल्लेख भए अनुसार मानवको विकास हुँदै जने क्रममा आदिम काल मै विभिन्न संस्कृतिको विकास सँगै धर्मको विकास र देवताहरूको धारणाको विश्वास र मान्यता प्रसार मार्फत नै फैलिएको र मानिसहरूले ग्रहण गर्दै गएको थियो (Schmidt, 1931, pp. 88-91) । संस्कृति तथा संस्कारहरू मानिसहरूले कहीँ कतैबाट सिकेर उक्त संस्कार तथा संस्कृति आफ्नो जीवनमा समाहित गरी आफ्नो परिवार तथा समुदायमा निरन्तर चलाउने गरिन्छ ।

Graebner ले सन् १९११ मा प्रकासित Methode Der Ethnologie (Method of Ethnology) पुस्तकमा संस्कृतिको विकास र प्रसार 'संस्कृति-चक्र' को आधारमा हुने तर्क प्रस्तुत गरिएको छ । यस अवधारना अनुसार कुनै पनि स्थानको विशिष्ट सांस्कृतिक तत्वहरू कुनै निश्चित क्षेत्र भित्र उत्पत्ति हुन्छ र समयको कालखण सँगै अन्य भू-भागहरुमा प्रसार हुँदै जान्छ । प्राचीन सभ्यताहरूको केही समान सांस्कृतिक तत्वहरू, जस्तै धार्मिक विश्वास, सामाजिक संरचना, भौतिक संस्कार तथा कलाका शैलीहरू, फरक फरक भूगोलमा एकै प्रकारले स्थापित हुनु कुनै संयोग नभइ ती तत्वहरू एउटै मूल स्रोत केन्द्रबाट प्रसार भएको हो (Graebner, 1911, p. 35) । लेखकले संस्कृतिको चक्रको सिद्धान्तले समुदायतग संस्कृतिहरू स्वतन्त्र रूपमा नभइ एउटै केन्द्रीय संस्कृति वा स्रोतबाट अन्य विभिन्न स्थानहरूमा प्रसार भएको र त्यही संस्कृतिले विभिन्न रूप लिएको विचार व्यक्त गरिएको छ ।

प्रसारवादको यस सैद्धान्तिक पृष्ठभूमिमा नेपालको जगन्नाथ सम्प्रदायको विकासक्रम मनन गर्दा उडिसा राज्यको पुरी क्षेत्रबाट नेपालमा प्रसार भएको यकिन गर्न सकिन्छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरसँग सम्बन्धीत कतिपय जात्रा, पर्व, धार्मिक पद्धतिहरू नेपालको जगन्नाथ मन्दिरहरूमा देख्न सकिन्छ, विशेष गरी भक्तपुरका जगन्नाथ मन्दिरहरूमा रहेको पाइन्छ । नेपालमा सोह्रौं शताब्दीको मध्य देखि जगन्नाथ सम्प्रदायको लहर चलेको अवस्थामा कतिपय जगन्नाथ सम्प्रदायसँग सम्बन्धित धार्मिक व्यवहार नै चलाएको थियो । भक्तपुरको जगन्नाथ प्रचलनमा रहेको काष्ठ मूर्तिको निर्माण, रथयात्रा, महास्नान, कलेवर परिवर्तन, पञ्चामृत, महाप्रसाद जस्ता सांस्कृतिक तथा धार्मिक प्रचलन पुरी क्षेत्र कै जगन्नाथ सम्प्रदायबाट प्रसार भएर भक्तपुरको जगन्नाथ मन्दिरहरूमा चलेको देखिन्छ । साथै ग्रावनरको सांस्कृतिक चक्र अनुरूप भक्तपुरका जगन्नाथ मन्दिरहरूमा चलेका संस्कृतिहरूले फरक रूप लिएर नेपालको मौलिकपनलाई पनि स्थान दिएको छ

। संस्कृति परिवर्तनशील छ, जगन्नाथ सम्प्रदायको प्रसार सँगै नेपाली जगन्नाथ संस्कृतिमा पनि केही परिवर्तन आए पनि मूल संस्कृति भाव भने जस्ताको तस्तै रहको छ ।

### २.२.२ उद्विकासवाद

प्रत्येक समाज एवम् संस्कृतिको सुरुवाती अवस्थामा सरल हुने गर्दछ, र कालान्तरमा क्रमिक रूपले विभिन्न अवस्थाहरू पर गर्दै परिवर्तन हुँदै जान्छ तथा सरलताबाट सघनता तिर गएको हुन्छ । कुनै पनि उत्पत्ति भएको बस्तु, संस्कृति, समाज इत्यादि क्रमिक स्तरहरू पार गर्दै सुरुवाती स्थितिमा नफर्किने गरी निरन्तर परिवर्तन भए जटिलता तथा पूर्णता तिर अग्रसर हुँदै जाने गर्दछ भन्ने विभिन्न सिद्धान्तहरू प्रतिपादित गरिएका छन् । जसलाई उद् विकासवाद भनिन्छ । जगन्नाथ सम्प्रदाय एक निश्चित स्थान भेकमा उत्पत्ति र विकास भइ विश्वको विभिन्न भागमा प्रसार भएका छन् । जगन्नाथ संस्कृतिको अग्रणी अवस्था वर्तमानको जस्तो पक्कै थिएन । जगन्नाथ संस्कृति आलम्बन गर्ने भावमा भेग परिवर्तन नआए पनि मूर्त संस्कृतिमा भने धेरै नै परिवर्तन भइसकेको छ । तसर्थ भक्तपुरको जगन्नाथ सम्प्रदायको सांस्कृतिक अध्ययन शोध सम्पन्न गर्न उद्विकासवादको सिद्धान्तलाई आलम्बन गरिएको छ ।

Tylor (सन् १८३२-१९१७) ले उद्विकासवादको सिद्धान्तलाई स्वीकार गर्ने मानव शास्त्री हुन् । उनले १९ औँ शताब्दीमा प्रदान गरेको समाज र संस्कृतिको विवेचना उद्विकासवादी दृष्टिकोणको महत्वपूर्ण देन मानिन्छ । तसर्थ टायलरलाई मानवशास्त्रको पिता समेत मानिन्छ । Tylor (1871) को The Primitive Culture नामक पुस्तक अनुसार अनुसार कुनै पनि संस्कृति उत्पत्ति पछि सरलताबाट पूर्णता तिर अग्रसर भएको हुन्छ र सांस्कृतिक इतिहासको निरन्तरताले संस्कृतिको निम्न स्तरबाट उच्चस्तर अवस्थासम्म विकास भएको हुन्छ । उनले संस्कृति तथा संस्कार दैवी प्रक्रिया नभइ अनुभवाश्रीत (Empirical) देनको रूपमा प्रस्तुत गरेका छन् । तसर्थ संस्कृति एक ऐतिहासिक प्रक्रिया हो, जो समय क्रमका साथ-साथ विकसित हुँदै जाने गर्दछ । संस्कृतिको सुरुवाती क्षणमा सामान्य तवरले उत्पत्ति र विकास भए पनि समय सापेक्ष रूपमा विकास हुने क्रममा यसको सांस्कृतिक क्षेत्र विकराल र सघन भएको हुने गर्दछ । जगन्नाथ सम्प्रदायको विकास भएपछि यसको संस्कृति र अवधारणहरू पनि समयसापेक्षता सरलताबाट सघनता तिर गएर वर्तमान समयमा जस्तो विश्व प्रख्याति विकास भएको छ ।

टायलरका अनुसार कुनै पनि संस्कृतिको उद्गम र परिवर्तनको प्रक्रिया एक रेखीय हुन्छ भन्ने तर्क रहेको छ । जस्तै संस्कृतिको उत्पत्ति, परिवर्तन, भिन्नता, क्रम, दिशा, प्रगति र पूर्णताको प्रक्रियागत चरणहरू क्रमशः पार गर्दै जाने हुन्छ । र संसारमा संस्कृतिको उत्पत्ति र विकास एउटै किसिमको हुन्छ, र सम्मान किसिमको चरणहरू पार गर्दै विकास हुन्छ भन्ने तर्क प्रस्तुत गरिएको छ । उनका अनुसार मानव समाज र संस्कृतिको उद्गमको प्रारम्भिक स्वरूप जङ्गली स्तर हो । जङ्गली स्तरबाट विकास भइ बर्बर स्तरमा मानव समाज र संस्कृति विकास भए, जहाँ मानिसहरूले जीविकोपार्जनको लागि फिरन्ते भइ जङ्गलमा सिकार गर्न छोडेर स्थायी बसोबास गरी जनावर पालन गर्ने, खेतीपाती तथा व्यवसायी उत्पादन गर्न थालेको हुन्छ । यस स्तर पश्चात् मानव समाज र संस्कृति सभ्यता स्तरमा विकास हुन्छ । यस स्तरमा मानिसले लेखनकला, भाषा, लिपिको विकास, समूहगत हित स्वार्थ प्रेरित समूह तथा संस्थाहरूको निर्माण गरिए (Tylor, 1871, p. 33-36) ।

Steward (1972) ले आफ्नो पुस्तक Theory of Culture Change मा सांस्कृतिक पर्यावरण (Cultural Ecology) उल्लेख गर्ने क्रममा संस्कृति विभिन्न तवरले विकास हुँदै जाने प्रक्रिया प्रस्तुत गरिएको छ । मानवीय क्रियाकलाप मार्फत सामाजिक रूपान्तरणमा कुनै स्थानमा विकसित संस्कृति समयसापेक्ष परिवर्तन हुँदै जाने गर्दछ । उनले संस्कृतिको उद् विकासबारे तर्क एक रेखीय उद्विकासवाद (Uniliinear Evolution), बहु रेखिय उद्विकासवाद ( Multliinear Evolution) र सर्वव्यापी उद्विकासवाद (Universal Evolution) गरी तीन प्रकारबाट हुने जनाएको छ (Steward, 1972, P. 15-22) । यी उद् विकासवादीहरू मध्ये संस्कृति संसारको कुनै पनि स्थानमा एकै तवरले विकास नभइ मानव क्रियाकलाप र सामाजिक आस्थाका आधारमा सर्वव्यापी वातावरणको प्रभावले संस्कृतिको निर्माण भएको हुन्छ । जस्तै सिन्धु सभ्यता र इजिप्टको सभ्यता तथा अन्य विभिन्न सभ्यताहरूमा विकास भएको सभ्यताहरू भौगोलिक अवस्था, मानव बस्ती र स्रोत साधनको उपलब्धता अनुसार एक रेखीय रूपमा उद्विकास नभइ फरक फरक संस्कृतिको विकास भएको हुन्छ ।

## २.३ नीतिगत समीक्षा

नीतिगत समीक्षा भन्नाले कुनै विषय वा समस्यासँग सम्बन्धित विद्यमान कानुन, नियमावली, निर्देशिका तथा संस्थागन व्यवस्थाहरूको अध्ययन मूल्याङ्कन गर्ने प्रक्रिया हो । कुनै शोधको विषय सम्बन्धि के कस्ता आधिकारीक नीति नियम तथा व्यवस्थाहरू निर्माण भए र प्रचलनमा ल्याईए भन्ने विषको समिक्षा नीतिगत समीक्षा हो ।

नेपाल प्राचीन काल देखि नै कला र संस्कृतिमा अधिकतम विकास भइ सकेको विभिन्न लिच्छविकालीन सांस्कृतिक सम्पदाका जीवित नमुना र पुरातात्विक सम्पदाले यकिन गर्न सकिन्छ । लिच्छवि काल पूर्व पनि नेपालमा संस्कृति तथा सांस्कृतिक सम्पदाको विकास भएका विभिन्न पुरातात्विक तथा साहित्यिक अभिलेखीय सङ्केत प्राप्त भएका छन् । तत्कालीन समयका कुनै पुरातात्विक अवशेष प्राप्त नभएका कारण सांस्कृतिक अवस्था बारे यकिन नै गर्न नसके पनि लिच्छवि कालमा निर्माण भएका सांस्कृतिक सम्पदाअन्तर्गतका मठमन्दिर, मूर्ति, भवन इत्यादि लिच्छवि पूर्वको पनि निरन्तरता मान्न सकिन्छ, किनकि कतिपय संस्कृतिको विकास किँरातकालमा नै भएको लिच्छवी अभिलेख तथा वंशावलीबाट थाहा पाउन सकिन्छ । तसर्थ नेपालमा लिच्छवि पूर्व नै मन्दिर र मूर्ति जस्ता सांस्कृतिक सम्पदामा निकै धनी रहेको मान्न सकिन्छ ।

वर्तमान समयमा लिच्छविकालीन कुनै पनि भवन प्राप्त नभए पनि अभिलेख तथा साहित्यिक स्रोतमा उल्लेख भएका विवरणहरू अनुरूप लिच्छविकालमा उत्कृष्ट दरबार, मन्दिर, तथा भवनहरू निर्माण भएको थियो । यद्यपि, लिच्छविकालीन मूर्तिहरू तथा प्रस्तर अभिलेखहरू मात्र वर्तमान समयसम्म पनि नेपालका विभिन्न स्थानमा प्राप्त भएका छन् । त्यस्तै सम्पदा निर्माण संस्कृतिको प्रचलन मध्यकालमा राजाहरूले आफ्नो मान प्रतिष्ठा उच्च राख्नका लागी पनि धेरै सांस्कृतिक सम्पदाहरू निर्माण गरे । मध्यकालमा निर्माण भएका मठमन्दिर, पाटी पौवा, जल द्रोणी, विहार, चैत्य, दरबार तथा भवनहरू, इत्यादिका साथै प्रस्तर निर्मित मूर्ति तथा अभिलेखहरू अधिकतम मात्रामा वर्तमान समयमा पनि जीवित रहेका छन् । यी बाहेक पनि विभिन्न कला तथा सांस्कृतिक सम्पदाहरू पनि धेरै रहेका छन् ।

नेपालको एकीकरण पश्चात् कला वास्तुकला तथा अन्य सांस्कृतिक सम्पदा निर्माणमा तुलनात्मक रूपले केही कमी आए पनि भएका सम्पदालाई भने केही हदसम्म सुरक्षित राख्ने गरेको देखिन्छ । तर वैधानिक रूपमा भने कुनै नीति नियमको अभाव भने देखिन्छ । नेपालमा प्रजातन्त्रको स्थापना पश्चात् सांस्कृतिक सम्पदा संरक्षण र संवर्द्धन गर्नका निमित्त वैधानिक रूपले नीति नियमको निर्माण र त्यसलाई सबैभन्दा तल्ले सरकारी निकायबाट नै लागु गरी नेपाली सम्पदाको सुरक्षा र संरक्षणको लागि  प्रयत्न थालिएको थियो । नेपालका विभिन्न सरकारी निकाय तथा कार्यपालिका अन्तर्गत रहेका सरकारी अङ्ग मातहत हुने गरी नेपालका सांस्कृतिक धरोहर सुरक्षा, संरक्षण तथा संवर्द्धन सम्बन्धी विभिन्न नीति नियमहरू निर्माण गरी वर्तमान समय सम्ममा आई पुग्दा नेपालमा प्राप्त प्राचीन तथा मध्यकालीन ऐतिहासिक सांस्कृतिक सम्पदाहरू विश्व कै लागि पनि अति महत्वपूर्ण रहेको विषयवस्तु हुन पुगेको छ । राज्य स्तरबाट नै अति आवश्यक नीति

नियमको दायरा तयार गरी नेपालको धरोहरलाई विश्वसामु प्रचार गरी नेपाललाई चिनाउने प्रयास कदम वर्तमान समयमा अझ बढी स-सक्तरुपमा अघि बढेको छ ।

नेपालमा सम्पदा संरक्षण र संवर्द्धन गर्न प्राचीन स्मारक संरक्षण ऐन २०१३ को निर्माण गरी सम्पदा संरक्षणमा नयाँ आयामको सुरुवात भएको थियो । यस समय उप्रान्त नेपाल भरि छरिएर रहेका प्राचीन तथा मध्यकालीन, साथै आधुनिक कालमा निर्माण भएका भौतिक अभौतिक धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको राज्य तथा नागरिक तहको तर्फबाट जिम्मेवारी आधिकारिक रूपमा रहन गएको थियो । यस पश्चात् अन्य विभिन्न नीतिगत ऐन नियमावलीहरू निर्माण भइ सम्पदाहरूको संरक्षण र संवर्धन गर्ने प्रयास वर्तमानसम्म रहेको छ ।

### २.३.१ नेपालको संविधान

नेपालको संविधानले कुनै पनि मौलिक धार्मिक-सांस्कृतिक पक्षहरूलाई संरक्षण र प्रस्तुति गर्ने अधिकार प्राप्त गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३, मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३२ ले भाषा तथा संस्कृतिको हक सुनिश्चित गर्दै धार्मिक तथा सांस्कृतिक पहिचान र अभ्यासलाई संवैधानिक संरक्षण गरिएको छ । धारा ३२ को उपधारा (१) अनुसार प्रत्येक व्यक्ति, परिवार र समुदायमा आफ्नो भाषा प्रयोग गर्ने हक छ, जसले धार्मिक पूजा तथा अनुष्ठान कार्यमा प्रयोग हुने भाषा र परम्परागत संस्कृतिको प्रयोगलाई वैध मान्यता दिन्छ । त्यस्तै उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने उल्लेख भएको छ । यस व्यवस्थाले सम्पूर्ण नेपाली समुदाय नेपालको मौलिक धर्म, संस्कार तथा परम्परामा सक्रिय सहभागिता जनाउने हक सुनिश्चित गरे जस्तै जगन्नाथ सम्प्रदायमा सम्पन्न गरिने उत्सव, परम्परा, अनुष्ठान, भजनकिर्तन, धार्मिक संस्कारहरू इत्यादिमा सक्रिय सहभागिता र निरन्तरताको अधिकारलाई सुनिश्चित गर्दछ । उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक रहेको छ, जसले जगन्नाथ सम्प्रदाय जस्ता धार्मिक-सांस्कृतिक परम्पराहरूको संरक्षण र विकासका लागि संवैधानिक व्यवस्था गरिदिएको छ । यी विभिन्न संविधानमा स्थापित मौलिक हकहरूले धार्मिक अभ्यासको निरन्तरता सुनिश्चित गरे सँगै सांस्कृतिक अनुसन्धानको लागि पनि मार्ग प्रशस्ति गरिदिएको छ, जुन कुनै पनि धार्मिक सांस्कृतिक सम्बन्धी अनुसन्धानात्मक अध्ययनको लागि कानुनी आधारको रूपमा रहेको छ ।

त्यसै गरी, नेपालको संविधान २०७२ के भाग ४ (राज्य निर्देशक सिद्धान्त, नीति तथा दायित्व) अन्तर्गत दफा ठ मा उल्लेख गरिए अनुरूप नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवम् प्रचारप्रसार मार्फत राष्ट्रिय अर्थतन्त्र तथा सांस्कृतिक पर्यटनको विकासका नीतिहरू उल्लेख छन् । उल्लेखित संवैधानिक व्यवस्थाले नेपालको विभिन्न सांस्कृतिक सम्पदाहरूलाई संरक्षण गर्न आवश्यक नीति साथै ती सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा पर्यटनसँग जोडिएर समग्र विकासमा यस व्यवस्थाले मद्दत मिलेको छ । यसै सन्दर्भमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित सांस्कृतिक, धार्मिक तथा सामाजिक अभ्यासहरूको अनुसन्धानले स्थानीय धार्मिक-सांस्कृतिक सम्पदा र मौलिकताको खोज अनुसन्धान गरी सांस्कृतिक पर्यटन र आर्थिक सम्भावनाहरूको पनि अध्ययन गर्न सकिने मार्ग नेपालको संविधानले दिएको छ । तसर्थ, संविधानका यी उल्लेखित व्यवस्थाहरू अनुरूप जगन्नाथ सम्प्रदायको संरक्षण, संवर्द्धन, खोज, तथा त्यसको माध्यमबाट स्थानीय र राष्ट्रिय स्तरमा सांस्कृतिक पक्षहरूको अवस्था र सम्भावनाहरू खोज्ने प्रयास यस अध्ययनको रहेको छ ।

### २.३.२ प्राचीन स्मारक संरक्षण ऐन, २०१३

प्राचीन स्मारक ऐन, २०१३ को प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरूको संरक्षणको निमित्त बनेको ऐनमा एक सय वर्ष नाघेका मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तूप आदि सम्पदालाई 'प्राचीन स्मारक' को रूपमा परिभाषित गरिएको छ र उक्त स्मारक वरपरको स्थान तथा बस्तीलाई पनि स्मारक क्षेत्र कै रूपमा जनाइएको छ । यस ऐनमा पुरातात्विक वस्तुलाई पनि सरल रूपले बुझ्ने गरी वर्गीकृत गरिएको छ । जसअन्तर्गत प्रागैतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्ण पत्र, शिला पत्र, ताम्र पत्र, काष्ठ पत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको वस्तु, ढुङ्गा, काठ, माटो, हस्ती हाड, हाड, काँच, कपडा, कागज, धातु आदि वा बेलबुट्टा भरी आकर्षक ढङ्गले बनाएको घरको कुनै महत्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएका वस्तु वा बेलबुट्टा भरी वा नभरी बनाइएका मूर्ति, देवी देवताका मन्दिर, चैत्य, सालिक, पौवा चित्र, पशुपक्षी, स्थावर जङ्गमको प्रतिकृति र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको वस्तु समेतलाई पुरातात्विक सम्पदा अन्तर्गत समावेश गरिएको छ । नेपालमा प्राप्त भएको विभिन्न ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई

प्राचीन सम्पदा र पुरातात्विक क्षेत्रको रूपमा यस ऐनले परिभाषित गरी त्यसको वर्गीकरण गर्न पनि गरिएको छ । त्यसै अन्तर्गत भक्तपुरको जगन्नाथ मन्दिर र त्यस क्षेत्र वरपरका सम्पदाहरू पनि विभिन्न अभिलेखिय स्रोतको आधारमा प्राचीन स्मारक रहेको र पुरातात्विक क्षेत्र रहको यस ऐनले मार्ग प्रशस्ति गरिएको छ । भक्तपुरका जगन्नाथ मन्दिरहरू सांस्कृतिक र पुरातात्विक महत्वका स्मारकहरू मध्यकाल तिर नै निर्मित महत्वका क्षेत्रहरू हुन । तसर्थ, सय अध्ययन जगन्नाथको मूर्त अमूर्त सांस्कृतिक पक्षको अध्ययन यसै ऐन अन्तर्गत रही गरिएको छ ।

### २.३.३. प्राचीन स्मारक संरक्षण नियमावली, २०४६

प्राचीन स्मारक संरक्षण ऐन २०१३ अन्तर्गत रही प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ को निर्माण भएको छ । यस नियमावलीमा नेपाल भित्र रहेका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूलाई सुरक्षा, संरक्षण र संवर्द्धन गर्नको निमित्त अधिकार प्राप्त सरकारी निकाय र त्यसका पदेन अधिकारीहरूलाई काम, कर्तव्य र अधिकारको भूमिका बारे उल्लेख गरिएको छ । साथै स्मारक तथा सम्पदा सम्बन्धी आवश्यक समितिको निर्माण साथै त्यस समितिको सदस्यहरूको पनि निर्धारण गरिएको छ । यस्ता समिति र पदाधिकारीहरूको व्यवस्थाको उल्लेख बाहेक नियमावलीको परिच्छेद-४ मा नेपाल अधिराज्य भरिमा रहेका वा उपलब्ध हुन आएका वा सम्भावना भएका पुरातात्विक क्षेत्रको प्रयोगको स्वीकृति, रहेका तथा प्राप्त भएका पुरातात्विक वस्तुहरूको विवरण प्रस्तुत, आवश्यकता अनुसार पुरातात्विक उत्खनन गर्नु पर्ने भए त्यसको स्वीकृति, प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार र समितिको निर्माण कार्यविधिको वैधानिक नियमावलीको व्यवस्था गरिएको छ ।

भक्तपुरमा रहेका जगन्नाथ मन्दिरसँग सम्बन्धित मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको यस नियमावलीमा व्यवस्था गरे अनुरूप संरक्षण र आवश्यकता अनुरूप वरपरको उत्खनन गरी प्राप्त भएको जानकारी यस अध्ययनमा समावेश गर्न सहयोग हुने छ । पुरातत्व विभागले आर्थिक वर्ष २०८०/८१ मा तुलाछेँ टोलको भक्तपुरको सर्व प्राचीन जगन्नाथ मन्दिरको पेटीको उत्खनन गरिएको थियो । साथै भक्तपुर नगरपालिकाले पनि विशेष समितिको निर्माण गरी यस क्षेत्रको खोज अध्ययन सम्पन्न गरिएको थियो । तसर्थ यस नियमावली अन्तर्गत रहेर गरिएको सांस्कृतिक सम्पदाको खोज अनुसन्धान, तथा उत्खनन जस्ता कार्य यस अध्ययनको लागि महत्वपूर्ण रहेका छन् ।

### २.३.४. राष्ट्रिय संस्कृति नीति, २०६७

नेपालको राष्ट्रिय संस्कृति नीति, २०६७ ले जगन्नाथ सम्प्रदाय सम्बन्धी प्राज्ञिक शोध अध्ययनको सन्दर्भमा यस नीतिको सैद्धान्तिक पृष्ठभूमि अत्यन्त महत्वपूर्ण रहेको छ । राष्ट्रले संस्कृति क्षेत्रको विकास, संरक्षण र समन्वयका लागि निर्देशित गरेको यो नीति शोधको आधार जस्तै नै बनेको छ । नीति अन्तर्गत, संस्कृतिलाई विवेकशील मानव जातिले आफ्नो ज्ञान, सीप, र क्षमताको उपयोग गरी निर्माण गरेका भौतिक तथा अभौतिक सिर्जनाहरूबाट उत्पन्न जीवनशैलीको समष्टिगत रूप मानिएको छ । यस अवधारणाले नेपालको वर्तमान भौगोलिक सीमाभित्र रहेका विविध जाति र समुदायहरूको ऐतिहासिक, सांस्कृतिक र जीवनपद्धतिमा आधारित सम्पदालाई समेट्छ ।

विशेषतः जगन्नाथ सम्प्रदायजस्तो धार्मिक-सांस्कृतिक अभ्यास, जसको मौलिक स्वरूप मध्यकालदेखि नै रहिआएको छ, त्यसको पहिचान, संरक्षण, अध्ययन, र प्रचार-प्रसार गर्नु नीति अनुरूपको कार्य हो । नीति अनुसार, यस्ता परम्परागत सम्पदाहरूको संरक्षणमार्फत सामाजिक सद्भाव, सहिष्णुता र एकतालाई प्रवर्द्धन गर्दै राष्ट्रको सांस्कृतिक पहिचान र एकताको सूत्रमा गाँसिनु प्रमुख उद्देश्य हो । जगन्नाथ सम्प्रदायको सांस्कृतिक अभ्यास, रीतिरिवाज, पूजा-पद्धति, र भौतिक संरचनाले नेपाली बहु सांस्कृतिक समाजमा रहेको धार्मिक सहिष्णुता, विविधता र अन्तर सम्बन्धित पहिचानलाई झल्काउँछ । त्यसैले, यस्तो सम्प्रदायको अध्ययन राष्ट्रिय संस्कृति नीतिको दृष्टिमा केवल संरक्षणको विषय मात्र नभइ राष्ट्रिय गौरव र पहिचानको अङ्गसमेत हो । यस अर्थमा, जगन्नाथ सम्प्रदायको अनुसन्धान कार्य राष्ट्रको सांस्कृतिक समृद्धि र सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने आधार पनि बन्न सक्छ, जुन नीति २०६७ अन्तर्गतको दीर्घकालीन दृष्टिकोणसँग मेल खान्छ ।

### २.३.५. सन् २००३ को अमूर्त संस्कृति सम्पदा संरक्षण सम्बन्धी महासन्धि

सन् २००३ मा पारित भएको UNESCO को अमूर्त संस्कृति सम्पदा संरक्षण सम्बन्धी महासन्धि (UNESCO Convention for the Sageguarding of the Intangible Cultural Heirtage, 2003) ले विश्वका विभिन्न समुदायहरूसँग सम्बन्धित जीवित संस्कृतिको संरक्षण, प्रवर्द्धन र हस्तान्तरणलाई मुख्य लक्ष्यका रूपमा लिएको छ । यस महासन्धिमा मौखिक परम्परा, प्रदर्शन कलाहरू, सामाजिक अभ्यास, संस्कार, पर्व तथा परम्परागत ज्ञान र सीपहरूलाई अमूर्त सांस्कृतिक सम्पदाका रूपमा व्याख्या गरिएको छ । कुनै पनि सांस्कृतिक सम्पदाहरूमा अमूर्त पक्ष गौन भए पनि महत्वपूर्ण पक्षको रूपमा मूर्त सम्पदा सँगै जोडिएको हुन्छ । जगन्नाथ सम्प्रदायको पनि आफ्नै महत्वपूर्ण अमूर्त पक्षहरू रहेको थियो र रहेका छन् । भगवान् जगन्नाथको आराधना,

रथयात्रा, महास्नान, कलेवर परिवर्तनको विश्वास, भजन कीर्तन, कथा वाचन, अभिषेक, प्रसाद जस्ता विषयहरूको विश्वास र आस्थाहरू जगन्नाथ सम्प्रदायको अमूर्त आस्थाहरू हुन् । यस महासन्धिको धारा २ ले अमूर्त सम्पदालाई कुनै समूह वा समुदायलाई पहिचानको रूपमा परिभाषित गरिएको छ । त्यस्तै महासन्धिको धारा १३ र १४ अनुसार कुनै पनि राष्ट्रले यस्ता सम्पदाहरूको संरक्षण गर्न नीति निर्माण, शिक्षा, जागरूकता अभिवृद्धि, र समुदायको संलग्नता सुनिश्चित गर्नुपर्ने प्रावधान गरेको छ । जगन्नाथ सम्प्रदायको पनि अस्तित्व स्थापनाका लागि अमूर्त सम्पदाहरूले सांस्कृतिक जागरणको सूचकको रूपमा क्रियाशीलता रहेको छ । युनेस्को २००३ को महासन्धिले निर्दिष्ट गरेका मापदण्डहरूसँग जगन्नाथ सम्प्रदायको अभ्यासहरू पूर्ण रूपमा मेल खाने देखिन्छन् । यस्तो सम्प्रदायको संरक्षण, अध्ययन र प्रवर्द्धनले नेपालको बहुल सांस्कृतिक पहिचानलाई जीवन्त राख्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा पनि सांस्कृतिक सम्पदाको संरक्षणमा नेपालले देखाएको प्रतिबद्धताको प्रमाण दिन सक्छ ।

## २.३.६ भक्तपुर नगरपालिका द्वार प्रकाशित कला संस्कृति र सम्पदा संरक्षण एवम् संवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६

कुनै पनि धार्मिक तथा सांस्कृतिक सम्पदाको संवर्द्धन र संरक्षण गर्न स्थानीय समुदायको अग्रसरता महत्वपूर्ण हुने गर्दछ । तत् स्थानका समुदाय स्तर सम्पदा बारे चासो, विमर्श र सहभागिता जनाए मात्र सम्पदाको जीवन्तता तथा पुस्ता हस्तान्तरण गर्न सम्भव हुने गर्दछ । विशेषतः ऐतिहासिक र धार्मिक सम्पदाहरू पुस्तान्तरणको निरन्तर प्रक्रियाबाट मात्र दिगो रूपमा सुरक्षित रहन सक्छ । अनि समुदाय स्तरलाई नेतृत्व अवश्य पनि स्थानीय सरकारको आवश्यकता हुन्छ । भक्तपुरको हकमा भक्तपुर नगरपालिका स्वयं र भक्तपुरका बासिन्दा सम्पदा संरक्षणमा अग्रसर नै रहेको छ । सम्पदा संरक्षण जस्ता यस्ता कार्यलाई स्थानीय सरकार स्तर र समुदाय स्तरमा के कस्ता कार्यहरू गर्ने भनेर आधिकारिक जिम्मेवारी तथा नियमहरूमा बाँध्ने भनी भक्तपुर नगरपालिकाले कला संस्कृति र सम्पदा संरक्षण एवम् संवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ निर्माण गरी भक्तपुर नगर क्षेत्रका सम्पदा संरक्षणमा उदाहरणीय योगदान गरिरहेको छ ।

परिच्छेद सात सम्म वर्गीकरण गरिएको यस ऐनमा नगर क्षेत्र भित्रका सम्पदाहरू संरक्षण गर्न शोध अध्ययन गराउने, प्राचीन सम्पदाहरूको संरक्षण, संवर्द्धन , विकास र सुरक्षा, प्राचीन सम्पदा विरुद्धको कार्य गरेमा सजाको व्यवस्था, प्राचीन सम्पदा, कला र संस्कृतिको विकास एवम्

संरक्षण कोषको व्यवस्था गर्ने जस्ता व्यवस्थाले सम्पदाको पहिचान र त्यसको संरक्षणमा विशेष पहलकदमी भक्तपुर नगरपालिका रहेको बुझ्न सकिन्छ । भक्तपुर नगरपालिकाको कला र संस्कृति सम्बन्धी यस ऐनको व्यवस्था मार्फत भक्तपुरका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण भए सँगै जगन्नाथ सम्प्रदायका सम्पदाहरूको संरक्षण तथा सांस्कृतिक निरन्तरतामा प्रत्यक्ष योगदान पुगेको देखिन्छ । साथै, यस व्यवस्थित ऐन अनुरूप भक्तपुरका जगन्नाथ सम्प्रदायसँग सम्बन्धित अन्य धार्मिक क्रियाकलाप तथा संस्कारहरूको अभिलेखीकरण, दस्तावेजीकरण तथा मौलिक परम्पराका अभ्यासहरू पुनः संरचना तथा प्रवर्द्धन हुन जरुरी रहेको छ ।

### २.३.७ अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१

नेपला सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालमा रहेका अभौतिक सांस्कृतिक सम्पदाहरूको वर्गिकरण साथै सूचीकरण तथा व्यवस्थापन गर्न कार्यविधिको व्यवस्था गरिएको छ । विगतमा अभौतिक सांस्कृतिक सम्पदालाई पाँच प्रकारमा विभक्त गरिएकोमा यस कार्यविधि, २०८१ ले नेपालमा भएको विभिन्न अमूर्त सम्पदा तथा अभौतिक सम्पदालाई दश प्रकारमा विभाजित गरी सूचीकरण गरिएको छ । जस अन्तर्गत क) मौखिक परम्परा तथा अभिव्यक्ति, ख) अभिनय तथा मञ्च कला, ग) सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरू, घ) प्रकृति एवम् व्रम्हाण्ड सम्वन्धी ज्ञान, ङ) परम्परागत कला कौसल उत्पादन गर्ने सीप प्रविधि च) परम्परागत खेल, छ) खाद्य परिकारका सीप साथै पहिरन लगायत आभूषण सम्बन्धी ज्ञान, ज) सम्पदा अभ्यास कार्यान्वयन तथा अभ्यास स्थल, र ञ) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदा रहेका छन् । यस कार्यविधिले भक्तपुरका जगन्नाथ मन्दिरहरूको परम्परागत अमूर्त संस्कृतिलाई सम्पदाको रूपमा समावेश गरिएको छ । भक्तपुरमा जगन्नाथ सम्प्रदायका कतिपय संस्कृति तथा संस्कारहरू लुप्त भइसकेका छन् । तर पनि ति सबै नेपालका महत्वपूर्ण सांस्कृतिक सम्पदा हुन् ।

## २.४ विषयगत साहित्यिक समीक्षा

Singer (१९५८) ले उडिसा राज्यको पुरी क्षेत्रमा जगन्नाथ मन्दिरको स्थापना पछि विभिन्न उतारचढाव पार गर्दै आएका अवस्थाहरू बारे वर्णन गरिएको छ । उडिसामा मुस्लिमहरूको राज्य, मराठाहरूको अधीनमा जगन्नाथ मन्दिर, जगन्नाथ मन्दिर ईष्ट इन्डिया कम्पनी (बृतिस सरकार) ले प्रत्यक्ष नियन्त्रण इत्यादि अवस्थामा विकास हुँदै आएको र विभिन्न समयमा के कस्तो सङ्ख्यामा

जगन्नाथ मन्दिरको दर्शनमा तीर्थयात्रीहरू आएको भन्ने उल्लेख गरिएको छ । नेपालको धार्मिक यात्रा अन्तर्गत मध्यकाल मै पनि चार धाम तीर्थ जाने धारण अनुसार नेपालीहरू पनि विभिन्न समयमा जगन्नाथ मन्दिरको तीर्थ यात्रा गरिएको पक्कै पनि हुनु पर्दछ । तसर्थ यस शोध कार्यमा नेपालको जगन्नाथ परम्परा र विभिन्न कालखण्डमा नेपाल र पुरी क्षेत्रको जगन्नाथ संस्कृतिको सम्बन्ध अध्ययन गर्न यस पुस्तकले सहयोग पुऱ्याएको छ ।

Sandy (१९७०) ले आफ्नो पुस्तकमा समग्र काठमाडौँ उपत्यकाका मूर्त तथा अमूर्त संस्कृतिहरूको खोज तथा स्रोत सङ्कलन गरी महत्वपूर्ण जानकारीहरू प्रकाशित गरिएको छ । काठमाडौँ उपत्यकाका तीन वटै सहरहरूमा प्राप्त गरेका धार्मिक, सांस्कृतिक, तथा सामाजिक विषयहरूको सतही रूपमा वर्णन गरिएको छ । काठमाडौँ उपत्यकाको काठमाडौँ, भक्तपुर र ललितपुर क्षेत्रका ऐतिहासिक पृष्ठभूमि, धार्मिक जनजीवन, जात्रा पर्व, बसोबास र जीवनशैली लगायत तीन वटै दरबार बारे जानकारी लेखकले प्रस्तुत गरेका छन् । भक्तपुरका जगन्नाथ सम्प्रदायको अध्ययनको सम्पन्नताको लागि यसले विशेष सहयोग गरेको छ । भक्तपुर क्षेत्र र नेवार समाजमा तत्कालीन समयमा धार्मिक भावना र जात्रा पर्वको प्रचलन विकास जस्ता विवरण यस पुस्तकबाट प्राप्त हुने भएकोले यस पुस्तकलाई यस शोधमा सन्दर्भ सामग्रीको रूपमा प्रस्तुत गरिएको छ ।

Mishra (१९७१) ले जगन्नाथ सम्प्रदायको विशिष्ट खोज अनुसन्धान गरी अत्यधिक जानकारी आफ्नो पुस्तकमा प्रस्तुत गरिएको छ । पुरी क्षेत्रको जगन्नाथलाई केन्द्रित बनाई जगन्नाथ सम्प्रदायको ऐतिहासिकता, परम्परा, मन्दिर तथा मूर्तिको जानकारी, मन्दिरमा गरिने दैनिक पूजाविधि तथा वार्षिक रूपमा गरिने संस्कार तथा पर्वहरू, जगन्नाथ मन्दिरसँग सम्बन्धित अभिलेख तथा साहित्यिक स्रोतहरूको प्रकाश, तथा अन्य विभिन्न जानकारीहरू प्रदान गरिएको छ । जगन्नाथ सम्प्रदायको अध्ययन र भक्तपुरको जगन्नाथ मन्दिर अध्ययनका क्रममा यस पुस्तकले अत्यधिक सहयोग गरिएको छ । तसर्थ यस पुस्तकलाई यस शोध सम्पन्न गर्न सन्दर्भ सामग्रीको रूपमा प्रस्तुत गरिएको छ ।

बज्राचार्य (वि.सं. २०३३) ले काठमाडौँको हनुमान ढोका दरबार भित्र र वरपर रहेका मठमन्दिर, विशेष हिन्दु मूर्तिहरू, पोखरी, महत्वपूर्ण चोकहरू बारे प्रकाशन गरेका छन् । साथै काठमाडौँ उपत्यकामा मनाइने विभिन्न जात्रा बारे पनि सविस्तार उल्लेख गरेको छ । लेखकले हनुमान ढोका दरबार वरपरको सांस्कृतिक सम्पदाको उल्लेख गर्ने क्रममा काठमाडौँको जगन्नाथ

मन्दिरबारे पनि उल्लेख गरेका छन् । यस पुस्तकमा भक्तपुरको जगन्नाथ मन्दिरहरूको उल्लेख नगरे पनि नेपालमा जगन्नाथ सम्प्रदायको इतिहास अध्ययन गर्न सहयोग मिलेको छ । साथै उल्लेख गरेका जात्राहरूको विवरणहरू पनि जगन्नाथ सँग सम्बन्धित जात्रा, संस्कृति अध्ययनमा आवश्यक जानकारी प्राप्त हुने भएकोले यस पुस्तकलाई प्रस्तुत अध्ययनमा सन्दर्भ सामग्रीको रूपमा उल्लेख गरिएको छ ।

Guy (1992) ले सत्रौँ शताब्दी तिर नेपालमा जगन्नाथ सम्प्रदायले राजकीय मान्यता प्राप्त गरेको र जनमानसमा जगन्नाथ सम्प्रदायको प्रभाव पनि रहेको उल्लेख गरिएको छ । उडिसा राज्यको पुरी क्षेत्र साथै भारतका विभिन्न क्षेत्रमा जगन्नाथ मन्दिर र मूर्ति निर्माण गर्ने परम्परा र विधान आफ्नै धार्मिक आस्था अनुरूप कै रहेको छ, तर नेपालमा विशेष गरी मल्लकालमा बनेका जगन्नाथ मूर्तिहरूको निर्माण विधि र मन्दिरको निर्माण स्वरूप पनि यहाँकै मान्यता र मौलिकतामा आधारित रही निर्माण गरिएको  छ । समय समयमा जगन्नाथ, बलभद्र र सुभद्राको मूर्तिहरू विधि विधान सम्पन्न गरी परिवर्तन गरिनु पर्दछ, तर नेपालमा त्यस्तो चलन देखिँदैन र जगन्नाथको रथ यात्रा गर्ने चलन नरहेको तथ्य लेखक गेय्ले प्रस्तुत गरेको छ । यस अध्ययनमा लेखकले नेपालमा, विशेष गरी काठमाडौँ उपत्यकामा जगन्नाथ सम्प्रदायको प्रभाव र भक्तपुरमा जगन्नाथ सम्प्रदाय मार्गीलाई राजकीय रूपमा विशेष स्थान प्रदान गरेको उल्लेख छ । यस लेखले नेपालमा जगन्नाथ परम्पराको विकासबारे जानकारी प्रदान गर्ने भएको हुनाले यस लेखलाई पनि शोध अध्ययनको सन्दर्भ सामग्रीको रूपमा लिएको छ ।

टण्डन (बि.सं. २०५९) को “संस्कृति संरक्षण, केही लेख : केही बिचार” नामक पुस्तकमा संस्कृति सम्पदाहरू लोप भइरहेका कारणहरू तथा सम्पदाहरूको संरक्षणमा सरकार उदासीन देखिनु, सम्पदा संरक्षणमा चासो कम हुनु, गुथीको भूमिका न्यून हुनु जस्ता विषयहरूलाई लिएर चर्चा गर्नुभएको छ । भक्तपुरका जगन्नाथ मन्दिर सँग सम्बन्धित प्रायः अमूर्त पक्ष विलुप्त भइसकेका छन् । साथै भौतिक अवस्थामा रहेका मन्दिर वास्तुकला तथा मूर्तिहरू पनि संरक्षण कै अभावमा जीर्ण भएका छन्  । यस पुस्तकले सम्पदाहरूको लोप हुनुका कारणहरूको चर्चा गरिएको छ । तसर्थ यस पुस्तक यस शोधको लागि ज्यादै उपयोगी रहको छ ।

Starza (1993) ले पुरी क्षेत्रका जगन्नाथ मन्दिरको ऐतिहासिकता, कला, वास्तुकला, जगन्नाथको उत्पत्ति, जगन्नाथपूर्वको मान्यताको वर्णन गरिएको छ । जगन्नाथ मन्दिरको वास्तुकला र त्यसमा भएका अन्य महत्वपूर्ण देवदेवी तथा मानवाकृतिहरुको गहन अध्ययन तथा जगन्नाथ

सम्प्रदायका काष्ठ मूर्ति र पर्वहरूको गहन अध्ययन र विवरणहरू प्रदान गरिएको छ । भक्तपुरका जगन्नाथ संस्कृतिको अध्ययनमा यस पुस्तकले जगन्नाथ संस्कृति र सम्प्रदायको ऐतिहासिकता बारे जानकारी लिन महत्वपूर्ण भूमिका खेलेको छ ।

Patra (२०११) ले लेखिएको लेखमा जगन्नाथ सम्प्रदायको उत्पत्तिसँग सम्बन्धित विभिन्न अवधारणाहरू प्रस्तुत गरिएको छ । भगवान् कृष्णको देहावसान पछिको कथालाई जोडेर निर्माण गरिएको आध्यात्मिक कथाको आधारमा जगन्नाथ तथा पुरुषोत्तम भगवानको परिकल्पना गरिएता पनि जगन्नाथको मूर्ति निर्माण र सम्प्रदाय विकासको भिन्नाभिन्नै संस्करणका कथाहरू पाइन्छ । प्रस्तुत लेखमा जगन्नाथ सम्बन्धी पौराणिक संस्करण, वैष्णव संस्करण, परम्परागत संस्करण साथै वैदिक तथा बौद्ध अवधारणाहरू पनि प्रस्तुत गरिएको छ । यस शोध अध्ययनका क्रममा प्रस्तुत किताबले नेपालमा जगन्नाथको प्रसार र विकास बारे जानकारी नदिए पनि जगन्नाथको उत्पत्ति तथा विकासको अध्ययन गर्न सहयोग गरेको छ ।

Behuria (2012) ले जगन्नाथ मन्दिर र विभिन्न धार्मिक सम्प्रदायमा उक्त जगन्नाथ मन्दिरबारे अवधारणहरू प्रस्तुत गरिएको छ । जगन्नाथ र जगन्नाथ मन्दिर भित्र रहने तीन वटा देवीदेवतालाई शैव, बौद्ध, जैन धर्म र विश्वास सँग सम्बन्धित गरी आ-आफ्नै तरिकाले व्याख्या धारणा रहेको विवरण प्रस्तुत गरिएको छ । साथै अथर्व वेद, मत्स्यपुराण, कूर्म पुराण जस्ता महत्वपूर्ण ग्रन्थमा पनि जगन्नाथको उल्लेख भएको र जगन्नाथलाई काठद्वारा निर्माण गरिने तथ्यहरू उल्लेख गरेको छ । भारत साथै नेपाल र अमेरिकामा समेत यसको प्रभाव रहेको विवरण लेखकले प्रस्तुत गरीको छ । नेपालका जगन्नाथ मन्दिरमा तथा विशेष गरी भक्तपुरको जगन्नाथ मन्दिरमा पनि विभिन्न जगन्नाथ मन्दिरमा विभिन्न स्वरूपमा वैदिक तथा तान्त्रिक पूजा विधिबारे तुलनात्मक अध्ययन गर्न यस लेखले सहयोग गरिएको छ ।

Islam (2012) ले काठमाडौँ उपत्यकामा भ्रमण गरी त्यहाँ रहेका जगन्नाथ मन्दिरहरूको सामान्य जानकारी सङ्कलन तथा जगन्नाथ, बलराम र सुभद्राको मूर्तिहरूको अवस्था, परिचय, बनावट तथा सामान्य वास्तुकलाको चर्चा गरिएको छ । भारतको उडिसा क्षेत्रमा रहेको जगन्नाथ मन्दिर र मूर्ति साथै असाढ शुक्ल द्वितीयाका दिन सम्पन्न गर्ने जगन्नाथको रथयात्रालाई पनि सामान्य तुलना गरी लेख प्रस्तुत गरिएको छ । हनुमान ढोका राजदरबार र भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा पनि सोही दिन जगन्नाथको रथयात्रा गर्ने प्रचलन रहेको थियो, तर वर्तमान समयमा भने जगन्नाथको यो रथयात्रा संस्कृति हराई सकेको छ । यस पुस्तकबाट

नेपालमा जगन्नाथ रथयात्रा नगरिने भन्ने तथ्य गलत भएको जानकारी प्रदान गरिएको छ । तर पनि वर्तमान समयमा मध्यकालीन सरहको रथयात्रा प्रचलनमा नरहेका कारण पनि भक्तपुरमा जगन्नाथ रथयात्राको तथ्य कस्तो थियो भन्ने यकिन गर्न असहज भएको छ । यद्यपि, यस पुस्तकले रथयात्रा जस्तो महत्वपूर्ण जगन्नाथ संस्कृतिबारेको विवरणले यस अध्ययनलाई महत्वपूर्ण योगदान गरेको छ र यस पुस्तकलाई पनि शोध अध्ययनको सन्दर्भ सामग्रीको रूपमा लिएको छ ।

Korn (2014) ले काठमाडौँ उपत्यकामा रहेका शिखर शैलीका मन्दिरहरूको जानकारी प्रदान गर्न तथा शिखर शैलीका मन्दिरहरूको वास्तु शैली र त्यसको वास्तु नक्सा चित्र पनि प्रस्तुत गरेका छन् । जगन्नाथ मन्दिरको प्रारम्भिक वास्तु शैली पनि शिखर शैली कै रहेको हुनाले पनि भक्तपुरका जगन्नाथ मन्दिरको इतिहास तथा संस्कृतिको अध्ययन गर्न यस पुस्तकले सहयोग गरेको छ । यस पुस्तकमा अधिकतम मात्रामा शिखर शैलीको मात्र उत्थान गरेको र जगन्नाथ सम्प्रदायका मन्दिरहरू शिखर शैली हुने गरेको छ । यस शोध कार्यमा यो पुस्तकमा उल्लेख भएका काठमाडौँ उपत्यकाका शिखर शैलीका मन्दिरहरूको अध्ययन र जानकारीहरूबाट नेपालमा जगन्नाथ सम्प्रदायको अध्ययनमा यस पुस्तक सहयोगी स्रोतको रूपमा प्रयोग भएको छ ।

लामिछाने (वि.सं. २०७३) ले नेपालमा तन्त्रको उद्भव, तन्त्रको प्रकार र स्वभावको साथै नेपालमा प्रचलित धार्मिक परम्परा र त्यसमा अन्तर्निहित तन्त्र परम्पराको चर्चा गरिएको छ । नेपाली समाजमा प्रचलित धर्म र आस्थाको व्याख्यात्मक प्रस्तुतिको साथै यस ग्रन्थमा नेपालमा प्रचलित धर्मको ऐतिहासिक विकासको प्रक्रिया तथा सांस्कृतिक चालचलन तथा चाडपर्व र पूजाआजा जस्ता अमूर्त सांस्कृतिक पक्षको चर्चा गरिएको छ । यस अध्ययनको मुख्य विषय जगन्नाथ र त्यसको मूर्त तथा अमूर्त संस्कृतिको अध्ययन गर्न प्रत्यक्ष रूपमा यस ग्रन्थमा उल्लेख भइ सहयोग नभए पनि वैष्णव धर्मको विकास तथा नेपालका पूजा विधिहरूको जानकारी दिने भएकोले अध्ययनमा यस पुस्तक सहयोगी स्रोतको रूपमा प्रयोग गरिएको छ ।

श्रेष्ठ (२०८०) द्वारा रचित “अन्तरङ्गका तरङ्ग” मा रहेको ‘श्री जगन्नाथ’ नामक लेखमा विशेष गरी भक्तपुरका जगन्नाथ सम्प्रदायका मन्दिरहरू र त्यसको ऐतिहासिकताबारे खोज अध्ययन गरिएको छ । साथै भक्तपुरको जगन्नाथ मन्दिरहरूमा के कस्ता अमूर्त सम्पदाहरू थिए र कहिलेबाट जगन्नाथ सम्प्रदायको लोकप्रियता कम हुँदै गए भन्ने विवरणहरू उल्लेख भएको छ । यद्यपि, जगन्नाथ सम्प्रदायको प्राचीन नेपाली संस्कार तथा जात्रा पर्वहरूको अध्ययन गर्न भने बाँकी नै रहेको छ । साथै पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा नेपालको योगदान र महत्व पनि दर्साएको छ । यस

पुस्तकमा भक्तपुरका विभिन्न मूर्त र अमूर्त सम्पदाहरूका बारेको पनि लेख रहको छ । यसर्थ भक्तपुरको जगनाथ बारे शोध अध्ययन सम्पन्न गर्न यस पुस्तकले महत्वपूर्ण सहयोग गरिएको छ ।

काठमाडौँ उपत्यकाका जगन्नाथ मन्दिरको भ्रमण र ती मन्दिरहरूको स्थापना ऐतिहासिकताको अनुसन्धान गरी नेपालमा कहिले र कसरी जगन्नाथ सम्प्रदायको आस्था प्रचार भइ लोकप्रिय भए भन्ने इतिहास अध्ययन गरेको छ । साथै जगन्नाथ मन्दिर र सम्प्रदाय कै आधिकारिकताको खोज गर्न विभिन्न विज्ञहरू सँग अन्तर्वार्ता र छलफल गरी नयाँ तथ्यहरू पनि सङ्कलन गरिएको छ । लेखकले यस पुस्तकमा भारतको उडिसा र नेपालमा रहेको जगन्नाथ मन्दिर, मूर्ति र जगन्नाथ सम्प्रदायको संस्कार बिच समानता र भिन्नता खोतल्ने प्रयास गरी नेपालमा जगन्नाथ संस्कृतिको अस्तित्व भारतको उडिसा वा पुरी क्षेत्रमा भन्दा धेरै भिन्न रहेको उल्लेख गरिएको छ । नेपाली जगन्नाथ मन्दिरमा रहेका केही वास्तु-तत्वहरू उडिसा क्षेत्रको जगन्नाथ मन्दिर सँग मिल्दोजुल्दो रहेको तथा नेपाल र भारतको पुरी-जगन्नाथ क्षेत्र बिच सम्बन्ध रहेको विभिन्न तर्क र प्रमाणहरू प्रस्तुत गरेको छ, जुन नेपालको जगन्नाथ सम्प्रदाय, इतिहास तथा संस्कृतिको लागी महत्वपूर्ण जानकारी रहेको छ ।

### २.५ अनुसन्धान रिक्तता

हालसम्म प्रकाशित प्रायः लेख तथा पुस्तकहरूमा जगन्नाथ मन्दिर र मूर्ति स्थापनाको पौराणिक तथा धार्मिक अवधारणा प्रस्तुत गरिएको छ । साथै भारतको पुरी क्षेत्रको जगन्नाथ मन्दिरसम्बन्धी धेरै लेख रचनाहरू प्रकाशित भएका छन् । उक्त लेख-रचनामा नेपाललाई खासै संलग्न गरिएको पाईँदैन । जब कि पुरी क्षेत्रको जगन्नाथ मन्दिर निर्माण क्रममा नेपालको पनि विशेष योगदान लिच्छवि काल देखि नै रहेको स्रोतहरूबाट थाहा पाउन सकिन्छ (श्रेष्ठ, २०८०, पृ. १०६३) । तर पनि पुरीको जगन्नाथ सम्प्रदायसँग नेपालको नाता कुनै पनि सम्बन्धित ग्रन्थ तथा लेखमा पाउन सकिएको छैन । केही मात्रामा नेपाली लेखक तथा अनुसन्धानकर्ताले पनि नेपालमा रहेको जगन्नाथ मन्दिर र मूर्तिमा आधारित रही लेखहरू प्रकाशित गरिएको पाइन्छ । तर नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिकता बारे गहन अध्ययन देखिएन । त्यस्तै नेपालको जगन्नाथ मूर्ति विधान र वास्तु विधानमा पनि फरकपन रहेको छ । तर यस फरकपनको गहन तुलनात्मक अध्ययन प्राप्त गर्न सकिएन । समयको अन्तरालसँगै जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त सम्पदामा आएका परिवर्तन साथै लोप भएका जगन्नाथ संस्कृति तथा संस्कारको खोज भएको छैन । तसर्थ यी

अन्तरालको परिपूर्ति गर्ने प्रयास यस अध्ययनको रहेको छ । वर्तमान समयसम्म पनि यस विषयले अध्ययन-स्थान नपाउनु नै यस शोधको अनुसन्धान रिक्तता हो ।

# अध्याय तीन

# जगन्नाथ मन्दिरको मूर्त सांस्कृतिक सम्पदा

अध्याय तीनमा शोध प्रबन्धमा निर्धारण गरिएको पहिलो उद्देश्य जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदाको खोजी तथा विश्लेषण गरिएको छ । यस क्रममा जगन्नाथ सम्प्रदायको परिचय मूल शिर्षक अन्तर्गत जगन्नाथ सम्प्रदायका मूलभूत सिद्धान्त, विकास र भारतमा जगन्नाथ सम्प्रदायको अवस्था विश्लेषण गरिएको हो । साथै नेपालमा जगन्नाथ सम्प्रदाय र जगन्नाथ सम्प्रदायका मन्दिरहरुमा पाईने मूर्त पक्ष को विवेचना छ ।

## ३.१ मूर्त सांस्कृतिक सम्पदा

भौतिक रूपमा स्पर्श वा देख्न सकिने सांस्कृतिक वा प्राकृतिक सम्पदाहरूलाई मूर्त सम्पदा भनिन्छ । मानवीय जीवनसँग प्रत्यक्ष सरोकार भएका पुरातात्विक क्षेत्र, विभिन्न वास्तुकला, मूर्ति, चित्रकला, इत्यादि मूर्त सांस्कृतिक सम्पदा हुन् (UNESCO, 1972, p.5) । मूर्त संस्कृति भौतिक पक्षसँग सम्बन्धित हुन्छ । मूर्त संस्कृति मानिसको सिर्जना शक्तिको भौतिक अभिव्यक्ति हो । यस किसिमका सांस्कृतिक निधिहरूको आकार प्रकार हुन्छ । त्यस्ता वस्तु देख्न, छुन र प्रयोग गर्न सकिन्छन् । परापूर्व कालदेखि प्रचलनमा रहँदै र मान्दै आएका एवम् निर्माण गरिएका त्यस्ता वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री, २०७०, पृ.७) ।

### ३.१.१ मूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा युनेस्कोको वर्गीकरण

युनेस्कोले सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा (क) मानव बसोबासको ढाँचा, (ख) स्मारक र (ग) कला वस्तु गरी मूर्त सांस्कृतिक सम्पदालाई तीनवटा विधामा विभाजन गरेको छ । यस्ता सम्पदाअन्तर्गत मानव बस्ती, धार्मिक तीर्थस्थल, मठ मन्दिर, गुम्बा, स्तूप, बिहार, मस्जिद, गिर्जाघर, भवन, दरबार, किल्ला, पाटीपौवा, धर्मशाला, धारा, कुवा, ईनार, डबू, मूर्तिकला, चित्रकला, गरगहना, पोसाक, सडक, विभिन्न प्रकारका हातहतियार, औजार, भाँडावर्तन, अभिलेख, ताडपत्र, ताम्रपत्र, भोजपत्र, वाद्यवादन आदिजस्ता कला नमुनाहरू पर्दछन् (दुलाल, २०७९, पृ. ४९) ।

## ३.२ जगन्नाथ सम्प्रदायको परिचय

जगन्नाथ सम्प्रदाय हिन्दु सनातनी परम्परामा तुलनात्मक रूपमा पछिल्लो क्रममा विकसित भएको भए पनि यस सम्प्रदायले आफ्नो विशिष्ट स्थान र महत्व सुरक्षित गर्न सफल भएको छ ।

जगन्नाग सम्प्रदायको उत्पत्ति र विकास भारतको उडिसा राज्यको पुरी क्षेत्रमा भएको मानिन्छ, जहाँ जगन्नाथलाई भगवान विष्णुको अवतार श्रीकृष्णका रूपमा पूजा गरिन्छ (Singer, 1958, p. 25) । यो सम्प्रदायमा भगवान कृष्णसँगै उनका दाजु बलराम र बहिनी सुभद्राको पनि विशेष स्थान रहेको पाइन्छ, जसको मूर्त रूप अपूर्ण काष्ठ प्रतिमाका रूपमा पुरी जगन्नाथ मन्दिरमा स्थापित गरिएको छ (Tripathi, 1986, p. 223) ।

यस सम्प्रदायको मूल आधार भक्ति परम्परा हो, जसमा भक्तजनले भगवानप्रति निष्ठा, आस्था र समर्पणलाई प्रमुख मानिन्छ । जगन्नाथ सम्प्रदायको दर्शनले सर्वसमावेशीपनलाई अँगालेको छ, जसले गर्दा सबै जात, वर्ग, लिङ्ग र समुदायका व्यक्तिहरूलाई समान रूपमा भगवानको भक्तिमा सहभागी हुन प्रेरित गर्दछ (पुरुषोत्तमलोचन श्रेष्ठ, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । विशेषतः वार्षिक रथयात्रा यस सम्प्रदायको महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक अभिव्यक्ति हो, जसमा लाखौँ भक्तजन सहभागी भई सामूहिक भक्ति र सांस्कृतिक ऐक्यबद्धता प्रकट हुन्छ ।

नेपालमा समेत मध्यकालीन कालदेखि यो सम्प्रदायले प्रवेश पाएको देखिन्छ, जसको पुष्टि विभिन्न मन्दिर, मूर्ति र संस्कारमार्फत पाइन्छ । भक्तपुरमा रहेको जगन्नाथ सम्प्रदाय त्यसैको उदाहरण हो, जसले भारतको पुरी क्षेत्रसँग सम्बन्धित धार्मिक अवधारणा आत्मसात् गर्दै स्थानीय संस्कृतिसँग पनि सामञ्जस्यता स्थापित गरेको छ । यसरी, जगन्नाथ सम्प्रदाय केवल धार्मिक आस्था मात्र नभई सामाजिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले पनि गहिरो महत्व बोकेको एक विशिष्ट सम्प्रदाय हो ।

### ३.२.१ जगन्नानथ सम्प्रदायका मूलभूत सिद्धान्त र दर्शन

जगन्नाथ सम्प्रदाय हिन्दु समुदायको एक महत्वपूर्ण धार्मिक पक्ष हो, जहाँ विशेषतः भगवान् कृष्ण, सुभद्रा र बलभद्र वा बलराम वा बलदेवलाई धार्मिक आस्थाका साथ पूजा गरिन्छ । सामान्यत जगन्नाथ भनेर भगवान् कृष्णलाई नै पुजे पनि जगन्नाथ मन्दिरमा बलराम, सुभद्रा र कृष्णको सामूहिक रूप कै मूर्ति स्थापना गर्दछन् । कृष्ण अर्थात् जगन्नाथ यो जगत् कै देवता वा मालिक हुन् । जगन्नाथ शब्दलाई शब्द विग्रह गर्दा 'जगतका नाथ' का रूपमा लिन सकिन्छ । समग्र विश्वदेवको समस्टिगत रूप जगन्नाथ हुन् । प्रकृति र पुरुषको प्रतिनिधि स्वरूप बलदेव वा बलराम, सुभद्रा र कृष्णको समूहगत नाम नै जगन्नाथ हो (पुरुषोत्तमलोचन श्रेष्ठ, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

यस बारे केही विद्वान भने फरक मत प्रस्तुत गर्दछन् । संस्कृति शिरोमणि हरिराम जोशीले जगत्का सर्जक वा सृष्टिकर्ता प्रकृति वा आमा वा महिला हुन्, जगन्नाथ सम्प्रदायको मूर्ति स्थापना-व्यवस्थामा देवी सुभद्रा बलराम र कृष्णको बिचमा विराजमान रहेको हुन्छ, तसर्थ जगन्नाथ मन्दिरमा मुख्य देवीका रूपमा सुभद्रा रहेको र सुभद्रालाई मातृत्वको संज्ञा दिँदै सुभद्रा नै जगत् र जगन्नाथ रहेको विचार व्यक्त गरेका छन् (हरिराम जोशी, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२३) । जगन्नाथ मन्दिरका पूजारी चन्दनराज शर्माले जगन्नाथ मन्दिर भित्र रहने तीन मूर्ति मध्ये बिच भागमा रहेको मातृ मूर्ति नै प्रमुख हो । उक्त मातृ मूर्ति तन्त्र परम्परामा चण्डिकाको स्वरुपमा पूजा गरिने परम्परा रहेको छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । समग्र मान्यताको आधार हेर्दा बलराम, सुभद्रा र कृष्णको संयुक्त स्वरूप नै जगन्नाथ हो, जसले जगत् सञ्चालनको लागि आवश्यक पारिवारिक प्रकृति र पुरुषको प्रतिनिधित्व वहन गर्दछ ।

जगन्नाथ सम्प्रदायको प्रचलन कहिले र कहाँबाट प्रारम्भ भएको भन्ने तथ्यमा केही मतभेदहरू रहेको देखिन्छ । एक मत अनुसार पुरी क्षेत्रमा सातौँ शताब्दीमा पूर्व स्थापित नीलमाधवलाई जगन्नाथ, बलभद्र वा बलराम र सुभद्रा नाममा तीन मूर्तिमा परिणत गरी मन्दिर बढाउन लगाएको प्रसंग रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०६२) । विभिन्न कारणवस उक्त प्राचीन मन्दिर भत्किएका कारण १२ औं शताब्दीमा यस क्षेत्रमा पुनः जगन्नाथ मन्दिर निर्माण गरिएको मानिन्छ । अर्को मत आनुसार जगन्नाथको प्रारम्भ क्षेत्रको रूपमा वर्तमान भारतको पुरी क्षेत्र र त्यहाँ इस्वीको १२ औं शताब्दिमा स्थापित जगन्नाथको प्रतिमा र मन्दिर हो भन्ने मान्यता छ । जगन्नाथ सम्प्रदायको प्रारम्भ भने पौराणिक कालमा भएको भन्ने तथ्य पनि पाइन्छ (Mahanti, 2014, pp. 3-4) । जगन्नाथको उल्लेख वेद, रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थहरूमा पनि उल्लेख आएको छ । विष्णु पुराणको विष्णुधर्मोत्तर खण्डमा *‘उद्रेशु पुरुषोत्तम’* शब्द छ, जसको अर्थ उडिसा क्षेत्रमा बस्ने पुरुषोत्तम भन्ने हुन्छ । ईन्द्रभुतीको तन्त्रमालामा *‘दारुमूर्ति जगन्नाथ’* अर्थात् ‘काष्ठ मूर्ति जगन्नाथ’ शब्द उल्लेख छ (Mahanti, 2014, p. 2-3) । विष्णु धर्म पुराण (चौथौँ शताब्दी) मा उल्लेख भए अनुसार उडिसा क्षेत्रमा भगवान् कृष्णलाई भगवान् पुरुषोत्तमको रूपमा पूजा गरिएको छ (Starza, 1993, p. 76) । तर जगन्नाथ सम्प्रदायको ठोस ऐतिहासिक प्रमाण तथा मूर्ति बनावटको प्रारम्भिक प्रचलन बारे भने यकिन गर्न सक्ने आधारहरूको कमी नै रहेका छन् ।

जगन्नाथका प्रारम्भिक मूर्तिहरू वर्तमानका जस्तै अपूर्ण नरहेको विभिन्न स्रोतहरूबाट थाहा पाइन्छ । १३ औं शताब्दीमा लिखित स्कन्द पुराण नामक ग्रन्थमा *‘सुभद्रा चारुवदना बराब्जाभयचारिणी ’* वाक्य उल्लेख छ, जसको अर्थ सुभद्राले आफ्ना दुई हातहरूमध्ये एक हातमा

*अब्जा* (कमलको फूल) र अर्को हातमा *वराभय* (सुरक्षा) हुन्छ (Rajaguru, 2003, .p. 120) । तर कालान्तरमा जगन्नाथका मूर्ति-समूहमा विना बाहु निर्माण गर्न थाले । यो परम्पराको समयक्रम निश्चित गर्न सकिएको छैन । जगन्नाथ सम्प्रदायमा प्रचलनमा आएको कथनअनुसार प्रारम्भ कालदेखि नै जगन्नाथ सम्प्रदायका तीनवटै मूर्ति समूह काठले बनेको अपूर्ण मूर्तिहरू हुन् (Dei, 1988, pp. 58-59) ।

वर्तमान भारतको पुरी क्षेत्रमा रहेको जगन्नाथको मन्दिरमा भगवान् कृष्णको मूर्तिभित्र ब्रम्हपदार्थ रहेको मान्यता छ, जसले मूर्तिलाई जीवन्त बनाई राखेको हुन्छ । ब्रम्हपदार्थ भनेको भगवान् कृष्णको मृत्यु पश्चात् उनको अन्तिम संस्कार गर्दा शरीर पूर्ण रूपमा जलिसक्दा पनि आगोले जलाउन नसकेको मुटु मानिन्छ, र हरेक समय जगन्नाथको मूर्ति भित्र धड्किरहन्छ भन्ने विश्वास छ (Daily Decoding, 2024) । कतिपय पुरी जगन्नाथका पूजारी तथा जगन्नाथ सम्प्रदायका अनुयायीहरू भगवान् कृष्णको मूर्तिभित्र कुनै चलायमान सजीव वस्तु रहेको विश्वास गर्दछन् । यही ब्रम्हपदार्थ कै कारणले गर्दा तिथी अनुसार मलमास वा पुरुषोत्तम महिना पर्ने हरेक ९ वर्ष वा १२ वर्ष वा १९ वर्षमा काठका नयाँ मूर्तिहरू परिवर्तन गर्ने वा कलेवर परिवर्तन प्रचलन वर्तमान समयसम्म पनि चल्दै आइरहेको हो । यस किसिमका विभिन्न विश्वास रहेका कारण पनि कलेवर परिवर्तन गर्दा पुरै सहर अन्धकार गरिने प्रचलन रहेको छ । किनकि उक्त वस्तु हेर्न हुँदैन वा सकिँदैन भने मान्यता अनुरूप पूजारीको आँखामा पट्टि बाँधिने तथा हातमा बाक्लो पन्जा लगाउने बाध्यात्मक नियमहरू रहको छ (Daily Decoding, 2024) । कलेवर परिवर्तन संस्कार गर्दा ब्रम्हपदार्थलाई हेर्न वा छुन धार्मिक आस्था र नियमले नदिएको कारण उक्त वस्तु के हो भन्ने यथार्थ अध्ययन गर्न सकिएको छैन ।

यो प्रारम्भमा भगवान् बुद्धको मन्दिर रहेको थियो । कालान्तरमा वैष्णव मन्दिरको रूपमा परिवर्तन गरेको तर्कहरू पनि रहेका छन् । यस मन्दिरमा रहेको मूर्तिहरूको कलेवर परिवर्तन गर्दा पुरानो मूर्तिमा रहेको प्राचीन अस्थि-अवशेष नवनिर्मित मूर्तिमा प्रतिस्ठापन गरिन्छ । उक्त अस्थि-अवशेष बुद्ध कै अस्थिधातु हो भन्ने विश्वास पनि रहेको छ (Rao, 1985, p.273) । जगन्नाथको मूर्तिको गुह्य स्थानमा भगवान् बुद्धको दाँतको अवशेष रहेको पनि विश्वास गरिन्छ, किनकि बौद्ध परम्परामा तन्त्रको विकास भए पछि जगन्नाथ भावनामा पनि प्रभाव परेको थियो (Behuria, 2012, p. 42) ।

बौद्ध धर्ममा बुद्ध तथा अन्य महान् बौद्ध मार्गीहरुको सम्मान र सम्झनामा तिनीहरूको दाँत तथा मृत्यु संस्कार गरी बाँकी भएको खरानी राखेर चैत्यको निर्माण गरिने परम्परा प्राचीनकाल देखि नै रहँदै आएको छ । केही विद्वान्हरूका अनुसार जगन्नाथ मन्दिरको प्रारम्भिक उद्भव बौद्ध सम्पदाको रूपमा विकास भएको विश्वास गरिएको छ (Starza, 1993, pp. 58-59) । यस पुरी क्षेत्रमा भगवान् बुद्धको दाँतसहित बौद्ध स्मारक स्थापना गरिएको कारण यस क्षेत्रलाई प्राचीनकालमा *'दन्त-पुर'* अर्थात् दाँत भएको सहर भनी सम्बोधन पनि गरिएको छ । जगन्नाथको रथयात्रा बौद्ध धर्मको *'दन्तधाती पर्व'* को परिवर्तित स्वरूप हुनसक्छ । दन्तधाती पर्वअन्तर्गत बुद्धको रथयात्रा गरिन्छ । त्यस वखत चारैतिर बोधिसत्वको मूर्तिसँगै राख्ने गर्दछन् (Kar, 2020, p. 70) । यद्यपि, बौद्ध परम्परा र जगन्नाथको सम्बन्ध वा उत्पत्तिका विचारहरूलाई प्रमाणित गर्न भने यससम्बन्धी गहन अध्ययनको जरुरी छ ।

### ३.२.२ जगन्नाथ सम्प्रदायको उत्पति र विकास

मानव वर्गको विकासको क्रममा बुद्धि विवेकको प्रयोग र त्यसको विकासको क्रममा आफ्नो जीवनयापनको लागि ढुङ्गे उपकरण संस्कृति बाहेक पनि विभिन्न सांस्कृतिक रीतिरिवाजहरू पनि उद्भव, विकास र प्रचलनमा ल्याएको देखिन्छ । पाषाण कालमा पनि मानव समुदायमा धार्मिक भावनाको विश्वासको विकास र त्यही भावना अनुरूप धार्मिक तथा सांस्कृतिक पक्षहरू अनुकरण गरिएको पाइन्छ (Pettitt, 2012, pp. 329-330) । पाषाण युगमा मृत्यु संस्कार गर्दा मृतकको लासलाई गेरु रङ्ग लगाएर गाड्ने र लास सँगै अन्न तथा जनावर बलि दिएर गाड्ने प्रचलन थियो । विशेष गरी मध्यपाषाण युगदेखि नै मृत मानव शरीरलाई गाड्ने प्रचलन वा संस्कृति अधिकतम वृद्धि भएको पुरातात्विक अन्वेषण र उत्खननबाट प्रस्ट भइसकेको छ । यसरी मानव शरीर गाड्ने स्थान वा चिहानलाई "पूर्ण रूपमा मृतकलाई दिइएको स्थान भाग" भनी पनि परिभाषित गरिएको पाइन्छ (Pettitt, 2011, p. 10) । यो सांस्कृतिक क्रियाकलाप त्यस बेलाको धर्मप्रतिको विश्वास र आस्था कै रूपमा नै प्रबृष्टि हुन्छ ।

मानव समुदायले आफ्नो जीवनयापनलाई सहजता तिर लानको निमित्त कृषि, पशुपालन तथा उद्योग धन्धालाई सँग-सँगै विकास गरी सभ्यताको युग उन्नत अवस्थामा पुगेको थियो । सभ्यताको युगमा मानिसहरूले कृषि र पशुपालनमार्फत विभिन्न स्थान भेगमा स्थायी बसोवासलाई व्यवस्थित गरी पूर्ववत् धार्मिक तथा सांस्कृतिक प्रचलन तथा संस्कारहरूलाई पनि अङ्गालेको देखिन्छ, साथै धार्मिक आस्थालाई नविनतम् विकास र प्रसार गरिएको पनि पुरातात्विक अनुसन्धानहरूबाट

प्रमाणित भइसकेको छ (Sulivan, 1964, p. 115) । पृथ्वीको विभिन्न स्थानमा विकास भएको सभ्यताहरू मध्ये सिन्धुघाँटी सभ्यताअन्तर्गतको मोहोन्जोडारो र हडप्पाको पुरातात्विक उत्खननबाट धार्मिक वस्तु तथा मूर्ति जस्ता देखिने बस्तुहरूको प्राप्तिबाट जोह्न मार्सलले तत्कालीन समयमा भारतीय महाद्वीपमा मातृका पूजा विद्यमान रहेको र शैव पूजा प्रतिस्थानको संस्कार पूर्व वैदिक समयमा नै प्रचलनमा आएको पुष्टि गरेका छन् (Sulivan, 1964, p. 115) ।

भारतीय उपमहाद्वीपमा पुरातात्विक स्रोतहरू बाहेक विभिन्न धार्मिक साहित्यिक स्रोतहरूले यस स्थानको ऐतिहासिक पक्षको उजागर गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ । रामायण, महाभारत, पुराणहरू, इत्यादि ग्रन्थहरूले भारतीय उपमहाद्वीप क्षेत्रमा सनातन धर्म अन्तर्गतका वैष्णव, शैव तथा शाक्त केन्द्रित धार्मिक पक्षको वर्णनहरू पाइन्छ ।

जगन्नाथ सम्प्रदाय विशेष गरी वैष्णव धर्मसँग सम्बन्धित भएको हुनाले वैष्णव धर्मको इतिहास केलाउँदा ऋगवैदिक साहित्यसम्म पुग्न सकिन्छ । ऋगवेदको 'द्युस्थान' अर्थात् आकाशका देवता विष्णुलाई आफ्ना तीन पाईलाले सम्पूर्ण लोक (भूः भूवः स्वः) नाप्न सक्ने भन्दै त्रिविक्रम नामले सम्बोधन गरिएको छ । साथै ऋगवेद (३, ६, १०) मा विष्णुको लागि 'उरुगाय' तथा 'उरुक्रम' अर्थात् धेरै गाइएका तथा धेरै  टाढासम्म टेक्न सक्ने भन्ने भावका शब्दहरू प्रयोग गरिएका छन् ( मैनाली, २०७०, पृ. १) । वेद मै विष्णुलाई पर्वतीय सिंह भन्दै उनको परम्पद पुगेको ठाउँ सबैभन्दा उत्कृष्ट (तद्विष्णो परमम् पदम्) हो जहाँबाट अमृतका झरना झर्दछन् र उनी भएको ठाउँबाट निरन्तर प्रकाश छरिइरहन्छ भनिएको छ (द्विवेदी, १९८७, पृ. ३८) । ऋगवेदको विभिन्न अन्य श्लोकहरूमा पनि विष्णुको उल्लेख भएको छ  । विष्णुलाई स्वर्गका देवताको रूपमा उच्चारण गर्दथे । तर, ऋगवैदिककालमा देवताहरूमा प्रथम स्थानमा रहेका इन्द्र देवताको सहयोगीको रूपमा लिइएको विष्णु देवतालाई यजुर्वेदमा पर्वतका स्वामी कहलाएका छन् (मैनाली, २०७०, पृ. १) त्यस्तै शतपथ ब्राह्मणमा विष्णुका तीन पाइलालाई राक्षसगण विरुद्धको सङ्घर्षमा विजय प्राप्त गर्ने व्यापक शक्तिको रूपमा लिइएको छ (खत्री, २०४८, पृ. २३५) ।

### ३.२.३ पुरी क्षेत्रको जगन्नाथ मन्दिर

पुरी क्षेत्रको जगन्नाथ मन्दिरको निरन्तरताको सन्दर्भ विभिन्न राज्य तथा शासकहरूसँग जोडिएको इतिहास छ । उडिसा क्षेत्र धार्मिक महत्व भएको ऐतिहासिक स्थल हो । इस्वीको १५११ मा बङ्गालको सुलतान हुसेनले उडिसाको धेरै मन्दिरहरू भत्काएका थिए । मदला पञ्जीमा उल्लेख भएअनुसार काला पहाडले जगन्नाथको मूर्तिलाई गङ्गा नदीको किनारसम्म लगेर जलाउन प्रयास

गर्दा मूर्तिको शरीर भाग फुट्न थाल्यो । उक्त जलेर बाँकी भएको काष्ठ मूर्तिको भाग गङ्गा नदी मै फालेको उल्लेख छ (Singer, 1958, pp. 2-3) । पुरीको जगन्नाथ मन्दिर क्षेत्र इस्वीको अठारौँ शताब्दीको मध्यसम्म पनि मुस्लिम राज्य अन्तर्गत थियो । मुस्लिम राज्यको प्रभाव हटेपछि मराठीहरूको शासन कायम भयो । जगन्नाथ मन्दिरको सञ्चालन पनि उनीहरूले गरे । पछि भारतमा बृटिश इष्ट इण्डिया कम्पनी सरकारको प्रवेश भयो । त्यस पछि पुरीको जगन्नाथ मन्दिर पनि पूर्ण रूपले इस्ट इन्डिया कम्पनी अर्थात् बृटिश सरकारको मातहत पुग्न गयो (Singer, 1958, pp.2-30) । यस प्रकार पुरी क्षेत्रको जगन्नाथ मन्दिर धार्मिक प्रधानता सँगसँगै राजनीतिक प्रभुत्व कायम गरेर शासन गरिने एक माध्यम पनि बन्न गएको थियो ।

हिन्दु समुदायमा चार धाम निकै प्रख्यात रहेका छन् । बद्रीनाथ, केदारनाथ, गोपीनाथ र जगन्नाथ गरी चार धाम जीवनको कुनै कालखण्डमा एक पल्ट पुग्नै पर्ने धार्मिक स्थलको रूपमा प्रख्यात तीर्थस्थल हन् । वर्तमान भारतको उडिसा राज्यको पुरी क्षेत्रमा रहेको जगन्नाथ मन्दिर जगन्नाथ सम्प्रदायको दुनियाको आस्थाको केन्द्र हो । यो तीर्थलाई पुरुषोत्तम क्षेत्रको रूपमा पनि चिनिन्छ । यसै क्षेत्रबाट विकास भएको जगन्नाथ सम्प्रदाय कालान्तरमा विश्वका धेरै स्थानमा विस्तार भएको विश्वास गरिन्छ । पुरी क्षेत्र कै जगन्नाथ संस्कृतको प्रसार अन्यत्र क्षेत्रमा पनि भएको मानिन्छ । उक्त संस्कृति नेपालमा पनि प्रसार भएको थियो । विश्व प्रसिद्ध जगन्नाथ संस्कृतिको उद्गम स्थल पुरी क्षेत्रमा जगन्नाथको विशाल मन्दिर र बलराम, सुभद्रा र जगन्नाथ-कृष्णको अपूर्ण काष्ठ मूर्तिहरू रहेका छन् (Dei, 1988, pp. 58-59) ।

हिन्दु सनातन धर्ममा भगवान् कृष्ण, बलराम र सुभद्रालाई अत्यन्तै महत्वपूर्ण त्रयी देवताका रूपमा मानिन्छ । जगन्नाथ सम्प्रदायअन्तर्गतका मन्दिरमा त्रयीलाई नै मुख्यतः तीन मूर्तिहरू स्थापना गरिएको हुन्छ । कृष्ण भगवान् विष्णुको आठौँ अवतार हुन् । उनले महाभारतको युद्ध र गीताको उपदेशमार्फत मानव जीवनको सार, मानव कल्याण, धर्म, दर्शनको आधार प्रकाश पारे । बलराम कृष्णको जेठो दाजु र भगवान् विष्णुका शेष नागको अवतार हुन् । बलरामलाई बलदेव, बलभद्र, सङ्कर्षण जस्ता उपनामले पनि सम्बोधन गरिन्छ (Lochtefeld, 2002, pp. 82-83) । उनलाई परम्परागत कृषि संस्कृतिको देवताको रूपमा पनि चिनिन्छ । सुभद्रा, कृष्ण र बलरामकी बहिनी हुन् । सामान्यत कुनै पनि मन्दिरमा मुख्य देवीदेवताको रूपमा सहोदर दाइ, भाइ, बहिनीको नाताका रूपमा राख्ने चलन छैन । तर जगन्नाथ मन्दिर मात्र एक त्यस्तो मन्दिर हो जहाँ दाइ-बहिनीको समान मान्यताका साथ मूर्ति स्थापना गरिएको हुन्छ । पुरीको जगन्नाथ मन्दिरमा यी त्रयी कै अपूर्ण

काष्ठ मूर्तिहरू स्थापना गरी दैनिक महत्वपूर्ण पूजा सम्पन्न गरिन्छ । पुरी क्षेत्र बाहेक विश्वका विभिन्न भागमा पनि जगन्नाथ सम्प्रदायका मन्दिर र मूर्तिहरू स्थापना गरिएको पाइन्छ ।

### ३.२.४ जगन्नाथ सम्प्रदायसँग सम्बन्धित मिथक

जगन्नाथ मन्दिरका काष्ठ मूर्तिहरू आङ्गिक अनुपात नमिलेको, हातको पन्जा नभएको विशाल अपूर्ण मूर्ति निर्माण गरिने परम्परा रहेको छ । यो परम्परा वर्तमानमा पनि निरन्तर चली आइरहेको छ । तर अपूर्ण काष्ठ मूर्ति नै किन बनाइन्छ भन्ने बारे केही मिथकहरू रहेका छन् । जगन्नाथ उत्पत्ति र मूर्ति स्थापना बारे विभिन्न धारणाअन्तर्गत बौद्ध उत्पत्तिको सिद्धान्त, समुदायगत उत्पत्तिको सिद्धान्त, समुदायगत नरसिंहको मान्यता रहेको छ । साथै जगन्नाथ सम्प्रदायको उत्पत्तिसम्बन्धी पौराणिक, वैष्णव, सरल महाभारत मान्यताहरू रहेका छन् (Patra, 2011, pp. 7-16) । केहि प्रसिद्ध मिथकहरू निम्न छन् :

अवन्तीमा इंद्रद्युम्न नामक विष्णुका अति भक्त एक राजा थिए । उनी हरेक दिन विष्णुको नित्यकर्म र पूजापाठ गरी दिनचर्याको प्रारम्भ गर्दथे । राजालाई भगवान् विष्णुको प्रत्यक्ष दर्शनको लागि उत्सुकताका साथ आस गरी भगवान् विष्णुको अनुष्ठान गर्दै दिनको सुरुवात गर्दै जाने क्रममा एकदिन एकजना ऋषि घुम्दै राजा इंद्रद्युम्नको दरबार आइपुग्छन् । ऋषिले राजालाई उडिसा क्षेत्रमा विष्णुको भव्य रूप 'निलमाधव' को दर्शन र पूजा गरिन्छ । यदि राजाले पनि दर्शन गर्ने हो भने आफैले उक्त स्थान पत्ता लगाएर जानु पर्ने जानकारी दिन्छन् । राजा भगवानको दर्शन गर्न पाउने सुनेर एक दम खुसी हुन्छन् । दरबारका मुख्य पूजारीका भाइ विद्यापतिलाई उडिसा गएर निलमाधवको खोज गरी जानकारी गराउन निर्देश दिन्छ ।

राजाको आदेश अनुरूप विद्यापति उडिसा क्षेत्रमा गई निलमाधव रुपी विष्णुको खोज गर्न थाल्छ । विद्यापतिले एक गुप्तचर मार्फत शबरगाउँमा शबर कबिलाका मुखिया विश्ववासु हरेक दिन एक गुफामा गई निलमाधव रुपी विष्णुको अनुष्ठान गर्ने जानकारी प्राप्त गर्छन् । उक्त गुफा कता छ भन्ने कुरा विश्ववासुलाई मात्र थाहा भएको पनि जानकारी दिन्छन् । विद्यापति शबरहरूको गाउँमा गई विश्ववासुलाई भेटेर आफूलाई पनि निलमाधवको दर्शन गराई दिनुहुन अनुरोध गर्छन् । विश्ववासुले यी शबर जातिको मात्र ईष्ट देवता हुन् । यिनमा शबर जातिको मात्र अधिकार भएको जानकारी गराउँछन् । विद्यापतिले धेरै कर-अनुरोध गरे पनि विश्ववासुलाई मनाउन नसकिने अवस्थामा आउँछ । विद्यापतिलाई जसरी भए पनि विष्णुको प्रत्यक्ष अनुष्ठान गर्ने गुफा पत्ता लगाएर आफ्नो राजालाई जानकारी गराउनु पर्ने बाध्यात्मक जिम्मेवारी पनि रहेको छ ।

विद्यापति केही समय त्यही शबरगाउमा बसेर विभिन्न उपायहरू खोज्दछन् । यस क्रममा विश्ववासुकी छोरी ललितासँग उनको प्रेम बस्दछ । ललिताको माया विद्यापतिप्रति गहिरो हुँदै गए पछि दुवैको विवाह पनि सम्पन्न हुन्छ । विवाहको केही दिन पछि विद्यापतिले ललितालाई निलमाधवको दर्शन गराउनको लागि बुबासँग अनुरोध गरी मनाउन आग्रह गर्छन् । ललिताले पनि आफ्नो बुबा विश्ववासुलाई गएर विद्यापतिको अनुरोधलाई प्रकट गर्छिन् । तर विश्ववासुले सिधै अस्वीकार गर्छन् । छोरी ललिता पनि आफ्नो जिद्दीपनमा अडिग नै रहन्छिन् । अन्त्यमा एउटा सर्तमा विद्यापतिलाई निलमाधवको प्रत्यक्ष दर्शन गराउन गुफामा लान तयार हुन्छन् । सर्तअनुसार विद्यापतिलाई गुफा जाने बाटो पछि थाहा नहोस् भन्ने हेतुले उनको आँखामा पट्टी बाँधेर गुफामा लाने सर्त स्वीकार गर्छन् ।

विद्यापति माथि आफ्नो राजालाई सोही गुफामा ल्याई विष्णुको प्रत्यक्ष दर्शन गराउनु पर्ने राजकीय दायित्व रहेको थियो । त्यस कारणले पनि विद्यापतिले बाटो याद गर्नुपर्ने छ । तर आँखा बन्द हुने गरी पट्टी बाँधिने पनि सर्त रहेकोले उनले बाटो याद गर्न गुफामा जाने क्रममा विश्ववासुलाई थाहा नहुने गरी तिल (सर्स्यू) छर्दै जाने जुक्ति निकाल्छ । गुफामा जाने क्रममा बाटोमा तिल छर्दै गुफासम्म जान्छन् । गुफामा पुगेपछि विद्यापतिको आँखा खोल्छन् । उनले त्यहाँ भगवान् विष्णुको निलमाधव स्वरूपको दिव्य छवि दर्शन गर्छन् । उनी निलमाधवको दर्शन पाएर धन्य हुन्छन् । दर्शन पछि दुवै गुफाबाट फर्किन्छन् ।

विद्यापति अवन्तीमा आएर राजा इंद्रद्युम्नलाई साँच्चिकै भगवान् विष्णुको निलमाधव रूप उडिसाको शबरगाउँको एक गुफामा रहेको र आफूले पनि दर्शन गरेको सबै इतिबृति सुनाउँछन् । राजा पनि एकदम उत्साहित हुन्छन् । राजाले सबै व्यवस्था मिलाई आफ्नो पूजनीय भगवान्को दर्शनको लागि उडिसा तिर लाग्छन् । शबरगाउँमा पुगे पछि विद्यापतिले छरेर गएको तिललाई पछ्याउँदै गुफासम्म पुग्छन् । गुफामा राजाले केही पनि देख्दैनन् । भगवान् विष्णु अंतर्ध्यान भइसकेका हुन्छन् । राजा एकदम निराश भएर दरबार फर्किन्छन् । दरबारमा पनि निराशामा दिन विताउँदै जाने क्रममा एक दिन राती राजाले देवलोकबाट एक सन्देश आएको सपना देख्छन् । सपनामा पुरीको समुद्रतटमा तैरिरहेको दारु (काठको मुढा) ल्याएर मूर्ति बनाउनु भन्ने आदेश भयो । राजाले सपनामा देखे अनुरूप दलबलसहित पुरी क्षेत्रमा गई हेर्दा सपनामा भने जस्तै समुद्रतटमा एक काठको मुढा देखे । उक्त काष्ठ मुढा सामान्य मुढा मात्र थिएन । द्वापर युगमा एक सिकारीको वानले हान्दा श्रीकृष्णको मृत्यु भएको थियो । श्रीकृष्णको मृत्यु पश्चात् उक्त सिकारीले मृत्यु संस्कार गर्दा कृष्णको सम्पूर्ण शरीर भाग जलेर खरानी भयो । तर मुटु जति आगोमा हाले पनि नजलेको वा

नष्ट नभएको कारण सिकारीले उक्त कृष्णको मुटु भागलाई एउटा ठूलो काष्ठ मुढामा बाँधेर समुद्रमा अर्पण गर्‍यो । कुनै कथामा भने कृष्णको अन्तिम संस्कार अर्जुनले गरेको उल्लेख छ । सोही मुटुसहितको काष्ठ मुढा बगेर पुरीको समुद्रतटमा पुगेको थियो ।

राजा इंद्रद्युम्नले सैनिकहरूलाई उक्त मुढालाई उठाएर ल्याउने आदेश दिन्छन् । सोही अनुरूप सहयोगीहरू र सैनिकहरू मुढाको लागि जान्छन् । तर मुढालाई ल्याउन भने कसैले सक्दैनन् । अन्तमा शबरहरुका सरदार विश्ववासुको सहयोगमा त्यस काष्ठ मुढालाई राजाको दरबारसम्म पुर्‍याउन सफल हुन्छन् । सपनामा देवलोकबाट आएको वाणि अनुरूप अब त्यस मुढाबाट मूर्ति निर्माण गर्नुपर्ने हुन्छ । राजाले धेरै कलाकारहरूलाई तथा कामदारहरूलाई बोलाई उक्त मुढाको मूर्ति निर्माण गर्ने आदेश दिन्छन् । तर कोही कलाकार तथा कामदारहरूले मूर्ति निर्माण गर्न सक्दैनन् । सबैले राजालाई त्यस काष्ठ मुढाको मूर्ति निर्माण गर्न नसकेको जानकारी गराउँछन् ।

मूर्ति निर्माणको कुरालाई लिएर राजा निराश भइ रहेको समयमा एक जना बुढा मान्छे मूर्ति निर्माणको लागि आउँछन् । उनी देवताहरूको शिल्पकार विश्वकर्मा थिए । विश्वकर्माले बुढो रूप लिएर आएको हुनाले राजा वा दरबारमा कसैले चिन्दैनन् । उक्त बुढा रुपी विश्वकर्माले राजालाई सर्तसहित मूर्ति बनाउन सक्ने जिकिर गरे । बुढा मूर्तिकारले २१ दिनमा एक्लैले काष्ठ मुढाको मूर्ति निर्माण गरिदिने, मूर्ति निर्माणको लागि एक छुट्टै कोठा चाहिने र मूर्ति निर्माणको २१ दिनसम्म कोठाको ढोका खोलेर कसैले अवरोध वा बाधा नपुर्‍याउने सर्तमा मूर्ति निर्माणको कार्य थालनी भयो । कोठा भित्रबाट बुढाले काम गरेको, ज्याबल तथा हतियारको प्रयोग गरेको कोठा बाहिरसम्म सुनिन्थ्यो । हरेक दिन काम हुँदै गरेको कोठाभित्रको आवाजले राजा र रानी गुन्दिचा मूर्ति चाँडै निर्माण हुन्छ भन्नेमा ढुक्क हुँदै थिए ।

बुढा रुपी विश्वकर्माले कोठाभित्र एक्लै मूर्ति निर्माणमा काम गर्दै थिए । पन्ध्रौं दिनमा अचानक कोठा भित्रबाट आवाज आउन छोड्यो । रानीले कोठाभित्रको बुढा पन्ध्र दिनदेखि खाना पानी बिना काम गर्दै थिए, अहिलेसम्म कहीँ खान पाएको छैन, बुढा कलाकार मर्‍यो होला भन्ने ठानेर राजालाई कोठाको ढोका खोलेर हेर्न अनुरोध गर्छिन् । तर राजालाई बुढो कलाकारको सर्त याद नै हुन्छ । यद्यपि रानीको जिद्दीका कारण कोठाको ढोका खोलेर भित्र जान्छन् । राजा र रानी कोठाभित्र जाँदा त्यहाँ बुढो रुपी विश्वकर्मा अंतर्ध्यान भइसकेको थियो । राजा रानीको अगाडी बनाउँदै गरेको बलराम, सुभद्रा र कृष्णको अपूर्ण काष्ठ मूर्ति थिए । सर्तअनुसार एकाइसौं दिनमा तयार हुने जगन्नाथका काष्ठ मूर्तिहरू राजा रानीले पन्ध्रौं दिनमा ढोका खोलेर हेर्न गएकोले काष्ठ

मूर्तिहरू अपूर्ण भएको हो । त्यही अपूर्ण स्वरूपका मूर्ति मन्दिरमा स्थापना गरेर जगन्नाथ संस्कृतिको प्रारम्भ भएको हो ।

### ३.२.५ ऐतिहासिक आधार एवम् तथ्य

जगन्नाथ सम्प्रदायका अनुयायीहरूले आजको दिनसम्म पनि यस कथामा आधारित भइ जगन्नाथको मूर्ति निर्माण गर्ने तथा सोही अनुरूप संस्कार विधिहरू चलाउने परम्परा आत्मसात गर्दै आइरहेका छन् । ऐतिहासिक तथा पुरातात्विक तथ्यहरूसँग सम्बन्धित प्रमाण अध्ययन हेर्ने हो भने जगन्नाथ मन्दिर र मूर्तिबारे केही फरक विचारहरू पाउन सकिन्छ । जगन्नाथ सम्प्रदायको विकास र प्रसिद्धि १२ औँ शताब्दीमा भएको हो । पन्तले उडिसाको इतिहासको गहन अध्ययन गर्ने हर्मन कुल्केको पुस्तक किङ्गस् एण्ड कल्टस् : स्टेट फरमेसन एण्ड लेजिटिमेसन ईन ईण्डिया एण्ड साउथईष्ट एसिया (१९९३) (Kings and Cults: State Formation & Legitimation in India & Southeast Asia) मा उल्लेख भएको सन्दर्भका आधारमा वि.सं. १३६६ पहिलो पल्ट 'जगन्नाथ' शब्द उल्लेख भएको वताएका छन् (पन्त, २०१६, पृ. ३) । जङ्गलमा बसोवास गर्ने शबर जातिले पुजिने 'स्थाणुमूर्ति' अर्थात् रुखको ठुटोबाट बनाएको मूर्ति नै कालान्तरमा जगन्नाथको रूपमा परिणत हुन गएको तर्कहरू रहेका छन् । चौधौँ शताब्दीको पूर्वाधसम्म यो मन्दिर र यस तीर्थलाई 'पुरुषोत्तम' र 'पुरुषोत्तम क्षेत्र' भनेर उल्लेख भएको पाइन्छ (पन्त, २०१६, पृ. ३) ।

वर्तमान पुरी क्षेत्रको जगन्नाथ मन्दिर रहेको स्थानमा पहिला पुरुषोत्तम अर्थात् विष्णुको मूर्तिसँगै लक्ष्मीको मूर्ति स्थापित थियो । अहिलेको जस्तो बलराम, सुभद्राको मूर्ति थिएनन् । यो विषयको तर्क दिनेशचन्द्र सरकार र सदाशिव रथ शर्माद्वारा लिखित 'दास्गोबा प्लेट्स् अफ राजराज आईआईआई (शक ११२०) मा उल्लेख छ (पन्त, २०१६, पृ. ३) । उक्त पुस्तकका अनुसार 'वि.सं. १२५५ को राजा तृतीय राजराजको ताम्र पत्रमा उल्लेख भएको सन्दर्भका आधारमा राजाका बाजे अनन्तवर्मा चोडगङ्गले पुरुषोत्तमको मन्दिर बनाए । त्यसपछि लक्ष्मीको जन्मगृह समुद्र अर्थात् ससुरालीमा मान-सम्मान पाई वसेता पनि उनको मन खुसी भएन । त्यसपछि पुरुषोत्तम अर्थात् विष्णु आफ्नो घर आए । उनी खुसी भए । त्यसै गरी माइतमा बस्नुभन्दा लोग्नेको घरमा बस्नु राम्रो हुन्छ भनी रमा अर्थात् लक्ष्मी पनि खुसी भइन्' (पन्त, २०१६, पृ. ३) । यस तथ्यले पनि यस स्थानमा पहिला पुरुषोत्तम मन्दिर र मन्दिरभित्र भगवान् विष्णु र लक्ष्मीका मूर्ति रहेको सङ्केत गर्दछ ।

तत्कालीन समाजमा चलेको चलनअनुसार जेठाजुले भाइबुहारीलाई हेर्न नहुने हुनाले बलभद्रको मूर्ति थपिने बेला लक्ष्मीको मूर्ति हटाएर सुभद्राको राखिएको तर्क पनि रहेको पाइन्छ ।

जुन विवरण दी.सी. सरकार कै पुरी इनस्क्रिपशन्ज् अफ् अनङ्गभीम आईआईआई (शक ११४७ यान्ड् ११५८) पुस्तकमा पाइन्छ (पन्त, २०१६, पृ. ३) । उक्त विवरणमा अनुसार 'कृष्ण, बलराम, र सुभद्राको मूर्तिको पहिलो उल्लेख शाके ११५८ तदनुसार वि.सं. १२९३ को, राजा अनङ्गभीम तृतीयाको शिलालेखमा आएको छ । पुरीको त्यस शिलालेखमा राजा अनङ्गभीम तृतीयाको पालामा एक जना 'पदातक' अर्थात् सैनिकले 'हली' अर्थात् 'हलो जोत्ने' बलभद्र, 'चक्री' अर्थात् 'सुदर्शनचक्र धारण गर्ने' श्रीकृष्ण र सुभद्राको पूजाका लागि खेत चढाएको विवरण उल्लेख भएको छ (पन्त, २०१६, पृ. ३) ।

माथि उल्लेखित विभिन्न तथ्य तथा अभिलेखहरूको प्राप्तिलाई विचार गर्दा यस मन्दिरको प्रारम्भिक अवस्थामा नै बलराम, सुभद्रा र जगन्नाथ नभएको र पछि तेह्रौँ/चौधौँ शताब्दीमा विभिन्न कारणवश अन्य मूर्ति विस्थापन गरी वर्तमानको बलराम, सुभद्रा र कृष्णको एकीकृत जगन्नाथको स्वरूप स्थापना गरिएको देखिन्छ ।

जगन्नाथ सम्प्रदायको स्थापना र विकासक्रमसँगै उडिसा वा पुरी क्षेत्र जगन्नाथ सम्प्रदायको आस्था र आदर्शको केन्द्रका रूपमा विकास भयो । स्थानीय बोली-भाषामा जगन्नाथ मन्दिर वा देवतालाई जगबन्धु (जगत्का साथी), कालिया वा कालाठाकुर (कालो भगवान्), दारुब्रम्ह वा दारुदेवता (काष्ठईश्वर), चकाँखी वा चकनयन (गोलो आँखा भएको), पद्मलोचन, देवादिदेव, महावाहु, जगदीश, नीलद्रीविहारी, पतितापवन तथा पुरुषोत्तम जस्ता विभिन्न नाम तथा विशेषणले सम्बोधन गरिने प्रचलन रहेको छ । यद्यपि, जगन्नाथ, पुरुषोत्तम-जगन्नाथ जस्ता विशेषण बढी प्रचलनमा रहेका नाम हुन् (Mahanti, 2014, p. 2) । यस्तो महत्वपूर्ण र प्रख्यात सम्प्रदायको मुख्य सांस्कृतिक पर्वको रूपमा जगन्नाथको रथयात्रा सम्पन्न गरिन्छ । हरेक वर्ष गरिने रथ यात्रामा स्थानीय साथै विश्वका धेरै स्थानबाट मानिसहरू पुरी क्षेत्रमा जम्मा हुन्छन् ।

### ३.२.६ पुरी स्थित जगन्नाथ मन्दिरको वास्तुकला एवम् मूर्तिकला

पुरी क्षेत्रको जगन्नाथ मन्दिरको वास्तुकला विशिष्ट र विशाल रहको छ । वर्तमान जगन्नाथ मन्दिर भएको स्थानमा पहिला निलमाधवको मन्दिर रहेको थियो । सातौँ शताब्दीका महाभवगुप्त ययातिले निलमाधवलाई जगन्नाथ, सुभद्रा र बलभद्रको नामका तीन मूर्तिमा परिणत गरी ३८ हातको मन्दिर बनाउन लगाए । तर यो मन्दिर केही समय पछि नै भत्कियो । इस्वीको १२ औँ शताब्दीमा वर्तमान स्वरूपको जगन्नाथ मन्दिर उडिसाका राजा अनंत वर्मा चोड-गगं (चोडगंगा) ( लगभग इ. १०७६-११४८) ले निर्माण गर्न लगाएका हुन् । अनंत वर्मा चोड-गंगले निर्माण गर्न

लगाएको उक्त मन्दिरको उचाइ २१४ फिट (६५ मिटर) र ८० फिट चौडाइ रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०६३) । यो भव्य मन्दिर इस्वीको ११४२ मा निर्माण गरिएको हो भन्ने पनि भनाई छ ( Rajgururu, 2003, p. 120),

यद्यपि अनंतवर्माको यस मन्दिर निर्माण कार्यलाई मन्दिरको पुनः निर्माण पनि भन्ने गरिन्छ । यसै समयदेखि नै मन्दिरमा दैनिक धार्मिक क्रियाकलापहरू प्रारम्भ गरिएको हो । यस मन्दिर वास्तुकलामा जगन्नाथ सम्प्रदाय सम्बन्धित विभिन्न धार्मिक नित्य क्रियाकलापहरू सञ्चालनको निमित्त अलगअलग स्थान तथा वार्षिक धार्मिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक स्थान तथा कोठाहरूको व्यवस्था छ । जगन्नाथ मन्दिरको वास्तुकला कलिङ्ग वास्तुकला (नागर कला शैलीको एक उप-शाखा) को विधानअनुसार निर्माण भएको छ ("Jagannath temple: History and architecture, 2025) ।

जगन्नाथ मन्दिरसँग जोडिने गरी अन्य वास्तुकलाको पनि निर्माण गरिएको छ । उक्त वास्तुकलाको मुख्य भाग जगन्नाथ नै मन्दिर हो, जसलाई *विमान* (गर्भगृह भएको जगन्नाथ मन्दिरको वास्तु) भनिन्छ । त्यस्तै यस मन्दिरसँग जोडिएका वास्तुकला क्रमशः जगमोहन (सभा हल), नात्य मण्डप (नृत्य हल) र भोग मण्डप (प्रसाद प्रदान गर्ने स्थान)  रहेका छन् (फोटो नं. ३) । जगन्नाथ मन्दिर आकर्षक बुट्टादार पेटीमा निर्माण भएको आकर्षक शिखर शैलीको मन्दिर हो जुन पञ्चरथ वास्तुकलाको सिद्धान्तको आधारमा निर्माण भएको छ ("Architecture of Shree Jagannath temple Puri" 2025) ।

मन्दिरको वास्तुकला र त्यसमा रहेका स-साना मूर्तिकला तथा अन्य कलाका नमुनाहरूका कलात्मक उत्कृष्टता प्रस्तुत भएको छ । विमान वा गर्भगृह भएको मन्दिरको वास्तु भागको प्रस्तरमा निर्माण भएका कलाका नमुनाहरूले  सनातन हिन्दु धर्मका पौराणिक कथाहरू प्रस्तुत गरेका छन् । साथै पुष्पकला, ज्यामितीय चिन्हहरूका विभिन्न दृश्यहरू कुँदिएको छ । मन्दिरको भित्ताको तल्लो भागमा हात्ती, घोडा, योद्धाहरूको उच्चतम कलाका आकृति कुँदिएको छ । मन्दिरको विमान भागको बाहिरी भित्तामा *मदनिका* र सुरसुन्दरीहरुको जीवन-आकारका मूर्तिहरू कुँदिएका छन् । भित्ताका मूर्तिहरूमा मातृत्वको सुन्दर कलाको प्रस्तुति र उत्कृष्ट कला-अलङ्कारको प्रस्तुति पनि गरिएको  छ । मन्दिरको माथिल्लो भागमा भने स-साना मन्दिरहरूको लघुरूप निर्माण गरिएका छन् । जगन्नाथ मन्दिर परिसर क्षेत्रलाई अग्लो पर्खालले घेरेर चार तिर विशाल द्वारहरू निर्माण गरिएको छ । उक्त जुन द्वारहरू जनावरहरूको सङ्केतार्थ निर्माण गरिएका छन् । सिहँद्वार (पूर्वीद्वार), अश्वद्वार (दक्षिणी

द्वार), व्यग्रद्वार (पश्चिमी द्वार) र हस्तीद्वार (उत्तरी द्वार) गरी जम्मा चार मुख्य प्रवेश-द्वार निर्माण गरिएको छ ("Architecture of Shree Jagannath temple Puri," 2025)।

मन्दिर वास्तुकलाको मुख्य स्थान भनेको गर्भगृह हो। गर्भगृहमा भगवानको वास हुन्छ। यस देवस्थलको गर्भगृहमा बायाँबाट क्रमशः बलराम, सुभद्रा र जगन्नाथको काष्ठ मूर्ति रहेको छ। मूर्ति पूर्ण मानव कदको नभइ अपूर्ण अवस्थाका छन्। यस देवस्थलमा मूर्तिहरूको हात खुट्टा पूर्ण निर्माण गर्ने प्रचलन छैन। साथै जगन्नाथ मूर्तिको पछाडि मानव आकार विहीन खम्बा जस्तो सुदर्शनको काष्ठ मूर्ति पनि स्थापना गरिएको छ। उक्त प्रतिमा सामान्यतया भक्तजनको दर्शनबाट टाढा राखेको हुन्छ (Bryant, 2007, p. 140)।

मूर्तिहरूको रङ्ग फरक फरक हुन्छन्। बलरामलाई सेतो रङ्ग, सुभद्रालाई गेरु रङ्ग (पहेँलो रङ्ग), जगन्नाथलाई कालो रङ्ग र सुदर्शनलाई रातो रङ्गमा प्रस्तुत गरिएको हुन्छ। बलराम र सुभद्राको आँखा बदाम जस्तो लाम्चो हुन्छन्। जगन्नाथको आँखा भने गोलो हुन्छ (फोटो नं. ४)। साथै बलराम, सुभद्रा तथा जगन्नाथको मूर्तिको आकार लगभग २.५ मिटर देखि ३ मिटरसम्म हुन्छन्। यस मूर्तिलाई दैनिक नित्यकर्मका साथ विशेष पूजा विधि सञ्चालन गरिएको हुन्छ। पुराणहरूमा उल्लेख भए अनुसार जगन्नाथका मूर्तिहरू श्रीखण्डको काष्ठबाट बनाउनु पर्ने नियम छ। श्रीकृष्णको यस प्रकारको प्रतिमाको चर्चा अग्नि, ब्रम्ह, पद्म, कूर्म, भविष्य, ब्रम्हवैवर्त र नृसिंहपुराणमा गरिएको छ। उक्त पुराणहरूमा जगन्नाथलाई जगदीश पनि भनिएको छ (खतिवडा, २०८२, पृ. १७६)।

जगन्नाथ मन्दिरको गर्भगृहमा एक लाख शालिग्रामबाट निर्मित रत्नवेदि रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०६३)। रत्नवेदीलाई *महावेदी* पनि भनिन्छ। उक्त रत्नवेदीको लम्बाई १६ फिट, चौडाइ १३ फिट र उचाइ ४ फिट रहेको छ। रत्नवेदीको चारैतिर मूर्तिलाई घुम्न मिल्ने गरी प्रदक्षिणापथको पनि निर्माण गरिएको छ (Mishra, 1971, p. 109)। यो धार्मिक ढुङ्गाबाट निर्मित बलराम, सुभद्रा र जगन्नाथ साथै सुदर्शन चक्र विराजमान गराउन भुँई सतहबाट केही माथि उठाई निर्माण गरिएको दबू वा भागलाई रत्नवेदी वा महावेदीको रूपमा जनाइन्छ। रत्नवेदीलाई 'रत्न सिंहासन' शब्दले पनि सम्बोधन गरिएको पाइन्छ। उक्त शालिग्रामको रत्नवेदी निर्माण नेपालको गण्डकी नदीबाट शालिग्राम लगेर निर्माण गरिएको हो। त्यो जगन्नाथ मन्दिरको एक महत्वपूर्ण अङ्ग मानिन्छ। तसर्थ, यस रत्नवेदीमा बसेर पूजा विधि सम्पन्न गर्ने अधिकार मन्दिरका पूजारी, उडिसाका गजपती (राजा) र नेपालका राजालाई मात्र रहेको छ (Islam, 2012, p. 16)।

नेपालका राजालाई जीवित जगन्नाथका रूपमा दर्साइएको छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा नेपालको राजा सवारी हुँदा मन्दिरमा रहेका सम्पूर्ण भक्तजनहरूलाई मन्दिरबाट खालि गरी विशेष रूपले स्वागत गरी मन्दिरको चारै ढोका बन्द गरिन्छ । यस कार्यलाई 'मन्दिर-सोध' भनिन्छ । मन्दिरमा राजाको स्वागत पश्चात् पटजोशी महापात्रले मुदलसिद्धि स्वागतमन्त्र वाचन गर्दछन् (श्रेष्ठ, २०८०, पृ. १०६४) । यो सम्मान तथा पूजाविधिको अवसरमा नेपालका तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि २०६४ माघ २८ गतेका दिन भारतको पुरी स्थित जगन्नाथ मन्दिरमा गई नेपाली राजा कै हैसियतले विशेष पूजाविधि सम्पन्न गरेका थिए । यसबाट पनि नेपालका राजालाई जगन्नाथ मन्दिरमा विशेषाधिकार रहेको जान्न सकिन्छ (श्रेष्ठ, २०८०, पृ. १०६३) । यद्यपि, त्यस समयमा राजा ज्ञानेन्द्र शाहको शासन विलय भइ गणतन्त्र स्थापना भइ सकेको थियो ।

जगन्नाथ पुरीमा रहेको वंशावली र सन् १८८० ताकाको 'मुदलसिद्धि' नामको स्वागतमन्त्र ( परिशिष्ट २, 'ख'), जुन विशेष पूजाको अवसरमा वाचन गरिन्छ, त्यसमा नेपालका लिच्छवि राजा शङ्करदेवको उल्लेख गरिएको छ । यस तथ्यले पनि नेपालका राजालाई जगन्नाथ मन्दिरमा अत्यन्त प्राथमिकतामा राखिएको बुझ्न सकिन्छ (जोशी, २०७०, पृ. ३२५) । उक्त स्वागतमन्त्रमा लिच्छवि राजा शङ्करदेव र उनले शासन गर्दा प्रयोग गरिएको कैलाशकुट भवनको बारे उल्लेख गरिएको छ । त्यस्तै सप्तगण्डकी क्षेत्रको महाभट्टारक वा राजा शङ्करदेवको प्रभाव क्षेत्रको रूपमा रहेको र वर्तमान भारतको पुरुषोत्तम क्षेत्रका गजपतिसँग लिच्छवि राजा शंकरदेवको राम्रो सम्बन्ध रहेको उल्लेख भएको छ (जोशी, २०७०, पृ. ३२५) । यी तथ्यहरूले नेपालका राजा श्री जगन्नाथ पुरीको मन्दिरमा विशेष स्थान रहेको यकिन गर्न सकिन्छ । साथै पुरी क्षेत्रमा जगन्नाथ मन्दिरको स्थानमा प्राचीन कालमा भएको र त्यसै बेला देखी पुरुषोत्तम मन्दिर रहेको बुझ्न सकिन्छ । उक्त पुरुषोत्तम क्षेत्रको मन्दिरको मुख्यभाग निर्माण गर्न नेपालका लिच्छवि राजा शङ्करदेवले नेपालमा मात्र पाइने शालिग्राम प्रस्तर सहयोग गरेका थिए । नेपाल तथा पुरी क्षेत्रको पुरुषोत्तम तथा जगन्नाथ क्षेत्रको पारस्परिक सम्बन्ध प्राचीन कालदेखि नै रहेको बुझिन्छ ।

### ३.३ नेपालमा जगन्नाथ सम्प्रदाय

भारतको उडिसा राज्यको पुरीमा उत्पत्ति र विकास भएको जगन्नाथ सम्प्रदायले केवल सोहि क्षेत्रका धार्मिक, सामाजिक र सांस्कृतिक जीवनलाई मात्र प्रभावित नगरी यसले समयक्रममा अन्य क्षेत्रहरूमा समेत प्रवेश पाएको छ । विशेषतः नेपालमा यस सम्प्रदायको प्रवेश कहिले भयो भन्ने प्रश्न अझै पनि निश्चित रूपमा उत्तर दिन कठिन छ । ऐतिहासिक लेखाजोखा र पुरातात्विक

प्रमाणहरूमा यस सम्बन्धी स्पष्ट तिथि वा घटना उल्लेख नभए पनि, उपलब्ध , साहित्यीक स्रोतहरूले यस सम्प्रदाय उत्तर मध्यकालदेखि नै नेपालमा भित्रिएको सङ्केत गरेको छ (Guy, 1992, p. 221-224) । नेपलमा जगन्नाथ सम्प्रदायको विशेष उपस्थिति र प्रचलन काठमाडौं उपत्यकामा पाइन्छ । भक्तपुरलाई जगन्नाथ सम्प्रदाय सम्बन्धित प्रमाणहरूको आधारमा प्रमुख केन्द्रको रूपमा पनि लिन्छ । ने.सं. ६६३ मा लिखित जगन्नाथ प्रतिष्ठा विधि (परिशिष्ट २ 'क') नामक ग्रन्थ, मन्दिरका मूर्तिहरुको वनावट, जग उत्खनन्का क्रममा प्राप्त धातुका पुरातात्विक अवशेषहरूयस तथ्यको प्रमाण हुन् ।

नेपलाका जगन्नाथ मन्दिरहरू र तिनसँग सम्बन्धित मूर्तिहरू, साथै अमूर्त सम्पदाहरू पुरी क्षेत्रको संस्कृति तथा परम्परा भन्दा भिन्न रहेको छ । पुरी क्षेत्रबाट मध्यकालमा नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार हुँदा जगन्नाथ-संस्कृति यहाँका स्थानिय संस्कृति र परम्परासँग स्थानीयकरण भइ फरक प्रकारको संस्कृति निर्माण भएको हो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/८/१६) । भक्तपुर केन्द्र भइ स्थापना भएको जगन्नाथ मन्दिर र सम्प्रदाय कालक्रमसँगै काठमाडौं, ललितपुर तथा अन्य क्षेत्रमा पनि प्रसार भएको पाइन्छ ।

### ३.३.१ नेपालमा वैष्णव मत

मानव वर्गको विकाससँगै विभिन्न संस्कृति तथा संस्कारहरूको पनि प्रचलनको शुरुवात र विकास भएको पाइन्छ । सभ्यताको विकास साथसाथै धर्म प्रति पनि मानव समुदायको बलियो आस्था प्रकट गर्न थालेको हो । धर्म कै विकासमा सनातन हिन्दु धर्म प्राचिन धर्म मध्येको एक हो । सनातन हिन्दु धर्म मध्येको वैष्णव मत एक महत्वपूर्ण शाखा रहेको छ । यस शाखा वा सम्प्रदाय अन्तर्गत विष्णु र विष्णुसँग सम्बन्धित देवदेवीलाई प्रमुख मानिन्छ । वैष्णव धर्म वा सम्प्रदायमा विभिन्न वैष्णव अवतारहरूको मान्यताको आधारमा विभिन्न वैष्णव देवताहरूको स्वरुप परिकल्पना गरिएको हो । यसै वैष्णव मान्यता र सिद्धान्तको आधारमा विभिन्न वैष्णव ग्रन्थहरू पनि रचिएका छन् । विष्णुपुराण, मत्स्यपुराण, रामायन, महाभारत, श्रीमद्भागतपुराण, वराहपुराण ईत्यादि वैष्णव मतका महत्वपूर्ण धर्मग्रन्थ रहेका छन् ।  भारतीय उपमहाद्विपमा यस मतको विशेष प्रभाव रहेको छ ।

नेपालमा पनि वैष्णव मतले प्राचिन कालदेखि नै प्रभाव पारेको विभिन्न धार्मिक ग्रन्थ तथा पुरातात्विक प्रमाणले बुझ्न सकिन्छ । यहाँको बसोवास केन्द्रको विषयलाई लिएर यस्तै विभिन्न

धार्मिक कथनहरू धार्मिक पुराणहरूमा उल्लेख भएको पाइन्छ । हिन्दु ग्रन्थका अनुसार नेपाल उपत्यकामा भगवान् कृष्णले चोभारको डाँडा काटेर तलाउको रूपमा जम्मा भएको पनि उपत्यका बाहिर पठाएको र कृष्णसँगै आएका ग्वालाहरूको बस्ती बसालेको उल्लेख छ (पाल, १९८५, पृ. १) । यी ग्वालाहरूलाई नै नेपालको पहिलो वंश वा गोपालवशंको रूपमा लिइन्छ । त्यस्तै रामायणमा भगवान् रामको ससुराली र माता सीताको जन्मथलो वर्तमान नेपालको जनकपुरधाम रहेको उल्लेख रहेको छ । महाभारतको युद्धमा नेपालका किराँती राजा र सेनाले पनि सहभागी जनाएको उल्लेख रहेको छ ।

कला, वास्तुकला तथा धार्मिक विविधता तथा सहिष्णुताको लागि नेपालको लिच्छविकलालाई स्वर्ण युग नै मानिन्छ । लिच्छवि कालमा निर्माण भएका प्रस्तर अभिलेख र प्रस्तर कलाका नमुनाहरू काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा उपलब्ध भए सँगै अन्य विभिन्न क्षेत्रमा पनि खोज अनुसन्धानका क्रममा प्राप्त भएका छन् । लिच्छवि कालमा पनि धार्मिक हेतुले निर्क्योल गर्दा सम्पूर्ण धार्मिक विश्वासलाई सन्तुलनमा अघि बढाउने प्रयत्न गरिएको देखिन्छ । विभिन्न लिच्छवि राजाको राज्यकालमा राजकीय धर्मको रूपमा जुनसुकै धर्मलाई मान्यता दिइए पनि राज्य भित्र अन्य धर्म र मान्यतालाई पनि विना रोकटोक समान प्रकारले सहर्ष ग्रहण नै गरिएको विभिन्न लिच्छवि अभिलेख र मूर्तिहरूबाट यकिन गर्न सकिन्छ ।

राजा मानदेव प्रथमको राज्यकालमा राजकीय धर्मको रूपमा वैष्णव सम्प्रदायलाई मान्यता दिएको थियो । तर त्यही समयमा उनकी रानी तथा छोरीले शैव सम्प्रदायसँग सम्बन्धित मन्दिर तथा शिव लिङ्गको स्थापना तथा राजा आफैले मानविहारको निर्माणले तत्कालीन समाजमा धार्मिक सहिष्णुता रहेको थाहा पाउन सकिन्छ । चाहे शैव सम्प्रदाय होस् या अन्य वैष्णव, शाक्त वा बौद्ध धर्म होस्, सम्पूर्ण धार्मिक मान्यतालाई लिच्छवि कालीन समाजमा स्वीकार गरिएको देखिन्छ । तर राजा मानदेवले वैष्णव धर्मलाई नै बढी महत्वका साथ राज्य सञ्चालनमा प्रयोग गर्दै आएको तथ्य विभिन्न राजा मानदेव कालिन अभिलेख तथा अन्य वैष्णव मूर्तिहरूको आधारमा यकिन गर्न सकिन्छ ।

नेपालको प्रामाणिक इतिहास पाँचौं शताब्दी मात्र प्राप्त भएको देखिन्छ । लिच्छवि राजा मानदेव प्रथमले शक सम्वत ३८६ (वि.सं. ५२१) मा चाँगुनारायण मन्दिरमा अभिलेख सहितको गरुड स्तम्भ राख्न लगाएको थियो । उक्त अभिलेखको प्रारम्भमा भगवान् विष्णुको स्तुति वर्णन गरिएको छ (वज्राचार्य, २०३०, पृ. १४) । राजा मानदेवले संवत ३८९ (वि.सं. ५२५) मा आफ्नी आमा

राज्यवतिको पुण्यको लागि लाजिम्पात र तिलगङ्गामा त्रिविक्रम वामनको मूर्ति स्थापना गरेर तिनको भव्य मन्दिर समेत बनाउन लगाएको थिए (रेग्मी, २०३९, पृ. ३४-३६) । यस मूर्तिहरूको पादपिठमा "आफ्नी आमा राज्यवतीको पुण्यको बढिबढाउको लागि भगवान् वामनको मूर्ति स्थापना गरे " भन्ने वाक्य अङ्कित रहेको छ (पौड्याल, २०५७, पृ. ११) ।

लिच्छविकालमा उदय भएका गुप्त शासकहरूले पनि वैष्णव धर्मलाई ग्रहण गरिएको विभिन्न पुरातात्वि तथ्यबाट यकिन गर्न सकिन्छ । वर्तमान समयमा काठमाडौंको बुढानिलकण्ठमा रहेको जलाशयण नारायणको विशाल प्रस्तर मूर्ति तत्कालिन लिच्छविकालीन शासक विष्णु गुप्तले स्थापना गर्न लगाएको थियो । उक्त मूर्ति स्थापना गर्न दक्षिणकोलियग्रामका जनताहरूले विशाल प्रस्तार तानेर ल्याएको हो (वज्राचार्य, २०३०, पृ. ४४४) । यस प्रमाणबाट गुप्त शासक वैष्णव धर्ममा झुकाव भएको शासक भन्ने बुझ्न सकिन्छ । यी बाहेक पनि लिच्छवि राजाहरूले वैष्णव धर्मलाई ग्रहण गरेको विभिन्न लिच्छवि अभिलेख तथा अन्य स्रोतहरूबाट पनि थाहा पाउन सकिन्छ । संवत् ४६० (वि.सं. ५९६) को साँखु दुगाहिटी स्थित नारायणको पाद पठीको अभिलेखमा राजा वामनदेवले विष्णुको विभिन्न अवतारमध्येको एक वामन अवतारको मूर्ति स्थापना गरी भूमि प्रदान गरेको उल्लेख गरिएको छ (रेग्मी, २०३९, पृ. १६८-१६९) । यस तथ्यले तत्कालीन समयमा वैष्णव सम्प्रदाय भित्र अवतारवादको सिद्धान्त अनुरूप विष्णुका अवतारसँग सम्बन्धित मूर्तिहरूको निर्माण तथा पूजाआजा प्रारम्भ भइसकेको बुझ्न सकिन्छ ।

लिच्छवि राजा गणदेव र शिवदेव पनि वैष्णव धर्म अनुसरण गर्ने तथ्य तिनीहरूको अभिलेखबाट थाहा पाउन सकिन्छ । गणदेवको अभिलेखको शीर्षभागमा चक्र र त्यसका दुई तिर शङ्ख बनाइएको छ । त्यस्तै राजा शिवदेवको छ ओटा अभिलेखमा पनि त्यस्तै प्रकारको वैष्णव चिन्हहरू अङ्कित गरिएका छन् (लामिछाने, २०७३, पृ. ९३) । प्रस्तुत तथ्यहरू बाहेक पनि लिच्छवि कालका धेरै मूर्ति तथा अभिलेखहरू प्राप्त भएका छन् । यस प्रकारका मूर्ति तथा अभिलेखहरूबाट लिच्छवि कालमा वैष्णव धर्म र विष्णुका अवतारवादका सिद्धान्तसँग सम्बन्धित अवधारणाहरू विकास भइ उन्नत अवस्थामा पुगिसकेको बुझ्न सकिन्छ ।

मध्यकालीन नेपालमा पनि वैष्णव धर्म र सम्प्रदाय लिच्छवि कालदेखि चली आएकै रूपले लोकप्रिय हुँदै आएको मध्यकालका अभिलेख तथा मन्दिर-मूर्तिहरूबाट बुझ्न सकिन्छ । पूर्वमध्यकालको कालखण्डलाई अन्धकारको युग मानिने प्रचलन छ । किनकि तत् समयका ऐतिहासिक स्रोतहरू उलेख्यरूपमा उपलब्ध नहुनु नै विशेष कारण हो । केहि मात्रामा प्राप्त भएका

ऐतिहासिक तथ्यहरूका आधारमा पूर्वमध्यकालको अध्ययन गरिन्छ । यस समयका राजा सिहंदेव र शिवदेवले भगवान् विष्णुको आस्था प्रकत गर्दै *दोलाशिखर वासी भगवत् भट्टारकानां पादपंकजानु गृहीतः महाराजधिराज मरमेश्वर* भन्ने प्रशस्ति ग्रहण गरिएको थियो (खनाल, २०४०, पृ. २८) । यस तथ्यबाट पूर्वमध्यकालीन राजाहरू पनि वैष्णव धर्म प्रति झुकाव रहेको राजपरिवार रहेको बुझ्न सकिन्छ ।

पूर्व मध्यकालमा खस राज्य अन्तर्गतका कर्णाटक राज्यमा पनि वैष्णव धर्मको विशेष उपस्थिति रहेको थियो । खस राज्य मातहतको दैलेख क्षेत्रमा प्राप्त भएको गरुडाशन मूर्ति, पन्ध्रौं शाताब्दीको मानिने थलराको विष्णु मूर्ति, दुल्लु नाभिस्थानमा प्राप्त गरुडाशन मूर्तिहरू प्राप्त भएको छ (खनाल, २०५२, पृ. ४३) । यस मूर्ति प्रमाणले खस राज्य वैष्णव सम्प्रदायको बलियो आस्था रहेको राज्यको रुपमा लिन सकिन्छ ।

भक्तपुरको तःमारी (तःमाह्रि, टौमढि) क्षेत्रमा विक्रमको बाह्रौं/तेह्रौं शताब्दीको तिलमाधव नारायणको मन्दिर रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०५५) । यस मन्दिरमा रहेको गरुड स्तम्भ जस्तै मध्यकालमा अन्य विभिन्न क्षेत्रमा अभिलेख सहित गरुड स्तम्भ स्थापना गर्ने प्रचलन रहेको तथ्यले मध्यकालीन नेपालको सुरुवाती सयमामा पनि वैष्णव धर्म लोकप्रिय नै रहको जान्न सकिन्छ ( लामिछाने, २०७३, पृ. ९३) ।

राजा जयस्थिति मल्लको उदय पछि नेपालको विभिन्न पक्षमा आवश्यक सुधारहरू भएको थियो । आर्थिक, सामाजिक पक्षको आवश्यक सुधारसँगै धार्मिक पक्षमा पनि केहि आवश्यक सुधार गरेका थिए । उनी धार्मिक सहिष्णु राजा हुन् । उनले शैव साथै वैष्णव धर्ममा पनि विशेष आस्था रहेको देखिन्छ । राजा जयस्थिति मल्लले विभिन्न स्थानमा वैष्णव तिर्थयात्रा गर्ने क्रममा उनी सपरिवार चाँगुनारायण मन्दिरमा गई पूजाआराधना सम्पन्न गरेका थिए (नेपाल, २०६२, पृ. ११) । जयस्थिति मल्लका नाती यक्ष मल्लले पनि भक्तपुरको दत्तात्रय मन्दिरको निर्माण गरि विष्णु प्रति उदारता प्रकत गरिएको देखिन्छ (पाल, १९८५, पृ. ११) ।

लिच्छवि कालदेखि नै विकास हुँदै आएको वैष्णव धर्म उत्तर मल्लकालमा झनै लोकप्रिय बनेको देखिन्छ । यस अवधिसम्म अन्य विभिन्न धर्महरूको प्रभाव पनि देखा परे पनि, विशेषतः बौद्ध धर्मको लोकप्रियता बढे तापनि वैष्णव धर्मको विकास र श्रद्धामा कमी आएको पाइँदैन । मल्लकालीन राजाहरू प्रताप मल्ल र सिद्धिनरसिंह मल्लले वैष्णव परम्परामा दिएको योगदान उल्लेखनीय छ ।

पाटनका राजा सिद्धिनरसिंह मल्लले २१ गजुरयुक्त भव्य कृष्ण मन्दिर निर्माण गरेका थिए । साथै उनले भगवान विष्णुप्रति आस्था राखी कार्तिक नाचको परम्परा सुरु गरेका थिए, जसलाई पछि श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लले निरन्तरता दिएका थिए (क्षेत्री र रायमाझि, २०६०, पृ. २७५-२७६) ।

उही समयमा, कान्तिपुरका राजा प्रताप मल्ल पनि वैष्णव धर्मका निष्ठावान अनुयायी रहेका थिए भन्ने कुरा उनले बनाएका वा स्थापना गराएका मूर्तिहरूबाट प्रस्ट हुन्छ । उनले दरबार अगाडि हनुमानको मूर्ति स्थापना गरेपछि गुन्पो दरबार भनेर चिनिने दरबारलाई पछि हनुमानढोका दरबार नामले चिनिन थालियो (क्षेत्री र रायमाझि, २०६०, पृ. ३००)। यस्तै, उनले छैठौं शताब्दीमा बनेको मानिने कालीय दमनको मूर्ति अन्य स्थानबाट ल्याई दरबारभित्र पालद्वारमा स्थापना गराएका थिए । साथै, हनुमानढोका दरबारकै भण्डारखाल बगैंचामा अवस्थित जलाशयन नारायणको विशाल मूर्तिलाई पनि प्रताप मल्लकै योगदान मानिन्छ (क्षेत्री र रायमाझि, २०६०, पृ. ३००) ।

यसबाहेक, मल्लकालीन शासकहरू वैष्णव धर्मप्रति आस्था राखी विभिन्न तीर्थस्थलहरूमा दानधर्म र धार्मिक क्रियाकलापमा संलग्न हुने गर्थे । उदाहरणका लागि, कान्तिपुरका राजा भूपालेन्द्र मल्ल र उनकी आमा ऋद्धिलक्ष्मीले ने.सं. ८१४ मा चाँगुनारायणमा कोटीहोम गरी मन्दिरको जिर्णोद्धार सम्पन्न गराएका थिए (खनाल, २०४०, पृ. ४३) ।

मल्लकालीन समयमा वैष्णवधर्मको महत्वलाई बलियो बनाउने विभिन्न गतिविधिहरू पाइन्छन् । राजाहरूले वैष्णव मन्दिर तथा मठलाई गुठी जग्गा दिन्थे र त्यसबाट प्राप्त आम्दानीले पर्व र पूजा सञ्चालन हुन्थ्यो । यसबाहेक, उनीहरूले रामायण, महाभारतजस्ता धार्मिक कृतिहरू लेखेर वा नाटकका रूपमा प्रस्तुत गरेर समाजमा मनोरञ्जनसहित वैष्णव विश्वासलाई फैलाउने कार्य गरेका थिए ।

कलात्मक पक्षमा पनि वैष्णवधर्म विशेष प्रभावशाली देखिन्छ । लिच्छवि कालदेखि नै बनेका विष्णु, लक्ष्मी, गरुड र नरसिंहका मूर्तिहरू तथा मल्लकालीन चित्रकलाले धर्मप्रतिको आस्था उजागर गर्छन् । भक्तपुरको तलेजु मन्दिर परिसर र पचपन्न झ्याले दरबारका भित्तेचित्रमा विष्णु र कृष्ण चरित्र सम्बन्धी कलाकृतिहरू यसको उदाहरण हुन् ।

शाहकालमा समेत वैष्णवधर्मलाई संरक्षण, दान, जिर्णोद्धार र परम्परा निरन्तरता दिइएको पाइन्छ । हालसम्म पनि हरिबोधिनी एकादशी, कृष्ण जन्माष्टमीजस्ता पर्व र चार नारायणमा मेलाजस्ता

संस्कार चलनमै छन् । तराई क्षेत्रमा मैथिल समुदायको चित्रकलामा पनि वैष्णव विषय प्रमुख देखिन्छ। यी सबैले वैष्णवधर्म निरन्तर बलियो रहेको पुष्टि गर्छ ।

### ३.३.२ नेपालका जगन्नाथ मन्दिरहरू

उडिसा राज्यको पुरी क्षेत्रमा स्थापित जगन्नाथ सम्प्रदाय र त्यसको संस्कृति वर्तमान भारतको क्षेत्रहरू साथै भारतवर्षका क्षेत्रहरूमा पनि फैलिएको पाइन्छ । वर्तमान समयमा भारतका विभिन्न स्थान बाहेक नेपाल, बङ्गलादेशमा विशेष रूपमा नै जगन्नाथको पूजाविधि सम्पन्न गर्दछन् । हरेक वर्षको असार शुक्ल द्वितीयाको दिनबाट भव्य रथयात्रा सम्पन्न गरिन्छ । यी क्षेत्रहरू बाहेक अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, सिङ्गापुर, दक्षिण अफ्रिका, तथा अन्य क्षेत्रहरूमा पनि जगन्नाथको रथयात्रा सम्पन्न गरिएको थियो (Maadan, 2024) ।

वर्तमान समयमा यस सम्प्रदायको लोकप्रियता विश्वमा नै फैलिँदै गइरहेको छ । नेपालका लिच्छवि राजा शंकरदेवको उल्लेख भएको 'मुदलसिद्धि' नामक स्वागतमन्त्रको आधारमा नेपालको जगन्नाथ सम्प्रदायलाई प्राचीन कालसम्म पुऱ्याउन सकिन्छ । यद्यपि प्राचीन काल वा मध्यकालमा यस जगन्नाथ सम्प्रदायको प्रसार नेपालमा कहिले र कसरी भयो भन्ने कुरा यकिन गर्न सकिएको छैन । तर हालसम्म प्राप्त भएको ऐतिहासिक तथा पुरातात्विक प्रमाणलाई आधार मान्ने हो भने वर्तमान समयसम्म प्राप्त सबै भन्दा पुरानो जगन्नाथ मन्दिर भक्तपुरको तुलाछेँको जगन्नाथ मन्दिर हो । यो मन्दिर स्थापनाको विवरण उल्लेख भएको एक हस्तलिखित ग्रन्थ (फोटो नं. १) मा राजा प्राण मल्लले यस मन्दिरको निर्माण सम्पन्न गरी श्री जगन्नाथ देवको प्रतिष्ठा गरी सुवर्णकलसध्वजावरोहण गरेका थिए (श्रेष्ठ, २०८०, पृ. १०६१) ।

यो जगन्नाथ मन्दिर बाहेक अर्को नेपाल कै पुरानो जगन्नाथको मन्दिर भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर हो । भक्तपुर दरबार क्षेत्रमा चार धामको व्यवस्थाका लागि मन्दिरहरूको निर्माण मध्यकालमा गरिएको थियो । तर चार धामका मन्दिरअन्तर्गत पर्ने जगन्नाथ मन्दिरसम्बन्धी हालसम्म कुनै अभिलेख प्राप्त भएको छैन । यद्यपि यस मन्दिरको पेटीमा ने.सं. ३४७ (वि.सं. १२८४) को खण्डित शिलालेख प्राप्त भएको छ । यसमा भगवान् विष्णुको उल्लेख आएको छ । यस अभिलेखमा पनि 'जगन्नाथ' शब्द उल्लेख नभए पनि विष्णु र विष्णुलाई गरिएको संस्कारले जगन्नाथलाई सङ्केत गरेको बुझिन्छ । वास्तुकला र मूर्तिकलाको आधारमा यो चार धाम राजा यक्षमल्लले निर्माण गर्न लगाएको मानिन्छ । भक्तपुर दरबार क्षेत्रको यस जगन्नाथ मन्दिरको मूर्ति

पनि काष्ठबाटै निर्माण भएको छ । तर मूर्ति निर्माण विधान भने भारतको उडिसा-पुरीको जगन्नाथको मूर्तिसँग मेल खाँदैन (Islam, 2012, p 29) ।

उल्लेखित जगन्नाथ मन्दिरहरू बाहेक काठमाडौं दरबार क्षेत्रमा रहेको महेन्द्र मल्लद्वारा वि.सं. १६१९ मा निर्मित विष्णुको मन्दिर अर्को स्मारक हो । यस मन्दिरको मुख्य भागमा विष्णुको चतुर्मूर्ति प्रस्तर प्रतिमा राखिएको छ । (खतिवडा, २०८२, पृ. १७७), देवमाला वंशावली अनुरूप यसै स्थानमा राजा प्रताप मल्लले जगन्नाथको मन्दिरको स्थापना गराए भन्ने उल्लेख छ (योगी नरहरिनाथ, २०१३, पृ. ७३) । यी तथ्यहरूको आधारमा महेन्द्र मल्लले निर्माण गरिएको मन्दिरमा राजा प्रताप मल्लले जगन्नाथको मूर्ति स्थापना गराएको बुझिन्छ (खतिवडा, २०८२, पृ. १७७) ( फोटो नं. ५) । यो जगन्नाथ मन्दिर बाहेक सुनधारा, काठमाडौंको जगन्नाथ मन्दिर, गिर्वाण वीर विक्रम शाहले निर्माण गर्न लगाएको टेकु, काठमाडौंको जगन्नाथ मन्दिर इत्यादि काठमाडौं उपत्यकामा रहेका मध्यकालीन तथा आधुनिक जगन्नाथका मन्दिरहरू हुन् (Islam, 2012, pp. 29-36) ।

काठमाडौं दरबार क्षेत्रको जगन्नाथ मन्दिर राजा महेन्द्र मल्लले निर्माण गराए पनि यस मन्दिरको प्रारम्भिक समयमा चतुरमूर्ति/ चतुरव्यूह विष्णुको मूर्ति रहको र पछि मात्र मन्दिरको प्रदक्षिणा पथको पूर्वी भागमा जगन्नाथको सामूहिक मूर्ति स्थापना गरिएको हो । त्यस बेलादेखि नै यस मन्दिरलाई जगन्नाथ मन्दिर भन्न थालेको बुझिन्छ (Guy, 1992, p. 221) । तर त्यस मन्दिरको दक्षिण पट्टिको कोठामा धातुको पाताले बनाएका र सुनको जलप लगाएका अभिलेख सहितका अलग अलग चर्तुमूर्ति विष्णु स्थापना गरेको बाहेक कुनै पनि जगन्नाथ सम्बन्धित तथ्यहरूको उत्कीर्ण भएको छैन (पन्त, २०१६, पृ. ३) । साथै पश्चिम नेपालमा पनि जगन्नाथ सम्प्रदायको प्रभाव रहेको बुझिन्छ । पश्चिम नेपालको डडेलधुराको त्रिपुरगाउँमा खस मल्ल राजा नागमल्लले जगन्नाथ मन्दिर स्थापना गरेको पाइएको छ (खतिवडा, २०८२, पृ. १७६) ।

नेपालमा १६ औं शताब्दीको मध्य देखिका जगन्नाथ सम्प्रदायसँग सम्बन्धित विभिन्न आलेखहरू प्राप्त भएका छन् । जगन्नाथ मन्दिर र मूर्तिहरू स्थापना गर्ने क्रम जारी रहेसँगै जगन्नाथ सम्प्रदायलाई विभिन्न पौभा चित्रहरूमा पनि उत्कीर्ण गरिएको पाइन्छ । मध्यकालमा भक्तपुरका राजा जगत्प्रकाश मल्ल (वि.सं. १७००-१७२९) ले आफ्नो राज्यकालमा उनका चौतारा चन्द्रशेखरलाई राजकाजमा प्राथमिकतामा राखेर राज्य गरेको देखिन्छ । भक्तपुर राष्ट्रिय कला सङ्ग्रहालयमा रहेको ने.सं. ७८९ (वि.सं. १७२६) को अभिलेखमा राजा जगतप्रकाश मल्ल र चौतारा चन्द्रशेखर एकै रूप

हुन भनी 'जगच्चन्द्र' सम्बोधन गरिएको छ (श्रेष्ठ, २०८०, पृ. १०६४) । जगच्चन्द्रको एकै स्वरूप ने.सं. ७९० को पौभा चित्रमा पनि समेटिएको छ (चित्र नं. ६) । उक्त पौभा चित्र ने.सं. ७९०, भाद्र शुक्ल चर्तुदशीको दिनमा अनन्त धर्म समापन गरेको विशेष अवसरमा लेख्न लगाएको हो । सो कुरा उक्त पौभा चित्रमा रहेको अभिलेखबाट बुझ्न सकिन्छ । उक्त पौभा चित्रमा मुख्य रूपमा बलराम, सुभद्रा र जगन्नाथको चित्र रहेको छ । तीन मूर्तिहरू शिखर शैलीको मन्दिर भित्र रहेको र शिखर मन्दिरको गजूर रहेको आमलक भागमा एक अभिलेख पनि रहेको छ (चित्र नं. ७) । चार पङ्क्तिको त्यो अभिलेख नेपाल लिपि र नेपाल भाषामा रहेको साथै गीतश्लोक रचना मैथली भाषामा रहेको छ । उक्त अभिलेखमा जगन्नाथलाई स-सम्मान स्थानमा राखी विश्वकर्माको विशेष गुण चर्चा गरिएको छ । साथै जगन्नाथको मूर्ति पनि ब्रम्हदारुले बनाएको चर्चा गरी जगच्चन्द्र मल्लदेवको अनन्तधर्म समापन गरिएको चर्चा रहेको छ (परिशिष्ट २, ग) (श्रेष्ठ, २०८०, पृ. १०६६) । यस पौभा चित्रमा अन्य विभिन्न देवदेवीहरू पनि प्रस्तुत गरिएको छ । साथै जगत्प्रकाश मल्लको राजपरिवारको पनि उपस्थिति पौभा चित्रमा प्रस्तुत गरिएको छ । यस पौभा चित्रले पनि उत्तर-मध्यकालमा जगन्नाथ सम्प्रदायको प्रभाव नेपाली समाजमा दरिलो रूपले रहेको र राजकीय धर्मको रूपमा पनि स-सम्मान स्वीकार गरिएको बुझिन्छ ।

मध्यकालमा उन्नतः अवस्थामा पुगेको जगन्नाथ सम्प्रदाय शाह कालको प्रारम्भ पश्चात् महत्व कम हुँदैआएको र प्रजातन्त्रको प्राप्ति पछि नेपालका जगन्नाथ मन्दिरहरूमा विशिष्ट पूजा तथा पर्वहरू विस्तारै लोप हुन थालेका हो । अहिले केही जगन्नाथ मन्दिरहरूमा मात्र परम्परागत पूजा विधि सञ्चालन हुने गरिएको देखिन्छ । विभिन्न कारणले गर्दा उक्त पूजा विधि पनि अति सामान्य रूपले चलाउँदै आएका छन् ।

वर्तमान समयमा जगन्नाथ सम्प्रदायको प्रसार, प्रचार तथा संस्कृति जोगाउने कार्यमा विशेषतः सक्रिय अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (International Society for Krishna Consciousness - ISKCON) नामक संस्था रहेको छ । प्रभुपादद्वारा अमेरिका हुँदै विश्वभर फैलने क्रममा सन् १९७७ बाट नेपालमा पनि स्थापना भएको थियो । नेपाल र काठमाडौं उपत्यकामा परम्परागत शैलीको जगन्नाथ सम्प्रदाय र त्यससँग सम्बन्धी संस्कृति हराइ सकेको अवस्थामा इस्कोनले जगन्नाथ संस्कृतिलाई पुनः उत्थान गरेको छ ।

नेपालमा यस संस्थाले विभिन्न धार्मिक कार्यक्रम, रथयात्रा, विभिन्न पर्वहरू, भजनकिर्तन इत्यादि भव्य रूपमा आयोजना गरी जगन्नाथ सम्प्रदायको महिमा जनमानसमा पुनः स्थापित गर्न

सक्रियता गरी रहेको छ । हाल नेपाल भरि लगभग ६० इस्कोन मन्दिरहरू रहेका छन्, जहाँ दैनिक जगन्नाथ-कृष्ण, बलराम र सुभद्राको पूजा, आरति, प्रवचन, प्रसाद वितरण तथा अन्य भक्ति क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ (ISKCON-Nepal, n.d.) । यी धार्मिक तथा सांस्कृतिक क्रियाकलापले हराउन लागेको जगन्नाथ सम्प्रदायको परम्परागत रूपमा नभए तापनि एक प्रकारले सांस्कृतिक सम्पदाको पुनरुत्थान र संवर्द्धन हुन टेवा पुगेको छ ।

## ३.४ भक्तपुरमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित मूर्त सांस्कृतिक सम्पदा

उडिसाको पुरी क्षेत्रका साथै विश्वमा पनि जगन्नाथ सम्प्रदायप्रति आस्था राख्ने विशाल जनसमुदाय रहको छ । विभिन्न समयमा पुरी क्षेत्रबाट यस सम्प्रदायको विकास र प्रचार विभिन्न स्थानमा भएको थियो । नेपालमा पनि यस सम्प्रदायले राजकीय रूपले नै प्रवेश पाएको हस्तलिखित ग्रन्थहरूबाट थाहा पाउन सकिन्छ । नेपाल र पुरी क्षेत्रको जगन्नाथ सम्प्रदायको सम्बन्ध लिच्छवि कालदेखि नै भएको मुदलसिद्धि स्वागतमन्त्रबाट प्रष्ट भएको छ । तर पुरातात्विक तथा साहित्यिक प्रमाणका आधारमा ने.सं. ६६३ मा लेखिएको ‘जगन्नाथ  प्रतिष्ठाविधि’ नामक ग्रन्थले भक्तपुर नै जगन्नाथ सम्प्रदायको जननी-भूमि हो भन्ने तथ्य उजागर गरेको छ । यस ग्रन्थ लिखित पुष्पिका वाक्य अनुसार भक्तपुरको तुपलाछे (तुलाछेँ) टोलमा राजा प्राण मल्लको समयमा जगन्नाथ मन्दिरमा देवताको प्रतिष्ठापन गरिएको थियो (श्रेष्ठ, २०८०, पृ. १०६१) ।

जगन्नाथको यस मन्दिर निर्माण पूर्व कतै अन्य जगन्नाथ मन्दिर निर्माण भएको कुनै जानकारी प्राप्त हुन सकेको छैन । यद्यपि, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको पेटीमा ने.सं. ३४७ (वि.सं. १२४८) को प्रस्तर अभिलेखमा भगवान् विष्णु र उनलाई गर्नुपर्ने संस्कारको बारे उल्लेख गरिएको छ (श्रेष्ठ, २०८०, पृ. १०५४) । यस अभिलेखको आधार लिने हो भने भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर नेपालको सर्वप्राचीन जगन्नाथ मन्दिर रहेको देखिन्छ । तर यस अभिलेखमा ‘जगन्नाथ’ शब्द उल्लेख भएको देखिँदैन । एउटा कुरा के बुझ्न जरुरी छ भने पुरी क्षेत्रको जगन्नाथ मन्दिरलाई पनि चौधौँ शताब्दी तिर मात्र ‘जगन्नाथ’ भनी सम्बोधन गरिएको थियो । तसर्थ भक्तपुर दरबार क्षेत्रको जगन्नाथको यो मन्दिरलाई पनि स्थापनाकालको प्रारम्भिक समयमा ‘विष्णु मन्दिर’ मात्र भनेर सम्बोधन गरिएको हुन सक्छ । बलियो तथ्यगत आधार हेर्ने हो भने भक्तपुर तुलाछेँ टोलको जगन्नाथ मन्दिर नै नेपालको सर्वप्राचीन जगन्नाथ मन्दिर हो । यस मन्दिरको निर्माण पश्चात् भने नेपालको धेरै स्थानमा जगन्नाथ मन्दिर र मूर्तिहरू निर्माण भएका हुन् ।

भक्तपुर क्षेत्रमा जगन्नाथ मन्दिरलाई राजकीय स्तरमा स्वीकार र ग्रहण गरिएको 'जगन्नाथ प्रतिस्थाविधि' नामक ग्रन्थबाट प्रष्ट भएको छ । त्यसै अनुरूप भक्तपुरमा जगन्नाथ मन्दिरहरू कालान्तरमा निर्माण भएका थिए । राजकीय स्तरबाट मन्दिर निर्माण भइ सकेपछि जगन्नाथ सम्प्रदायको मूल थलोको संस्कृति र संस्कारहरू पनि अभ्यास गरिएको हुनुपर्छ । कुनै सम्प्रदाय, संस्कृति एक स्थानबाट अर्को स्थानमा प्रसार हुँदा वा कसैले देवदेवीको आस्थाबाट मूर्ति/मन्दिर आफ्नो सहज-स्थानमा सार्दा संस्कारहरू पनि सर्ने वा प्रसार हुन्छन् । मध्यकालमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित विभिन्न संस्कृति तथा संस्कारहरू भक्तपुरमा पनि मनाउने गरेको थियो । कालान्तरमा भक्तपुर तथा नेपालमा जगन्नाथ सम्प्रदायको लोकप्रियता घटेका कारण यस सम्प्रदायको संस्कृति नै लोप हुन गएको देखिन्छ । भक्तपुर जगन्नाथ मन्दिरका पूजारी विनोदराज शर्माका अनुसार भक्तपुरको जगन्नाथ मन्दिरमा पुरी क्षेत्रमा जस्तै निश्चित समयावधिमा कलेवर फेर्ने संस्कार गरे जस्तै प्रचलन नभए पनि आवश्यकता अनुरूप काष्ठ मूर्तिको अवस्था अनुरूप मूर्ति परिवर्तन गरिने प्रचलन रहेको छ । जगन्नाथसम्बन्धी विभिन्न संस्कारहरू भक्तपुरमा पनि सम्पन्न गर्दछन् (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/१६) ।

वर्तमान समयमा यस मन्दिरसँग सम्बन्धित प्रायः परम्परातग संस्कृति तथा संस्कारहरू प्रचलनमा आएको देखिएको छैन । भक्तपुरको प्रमुख जगन्नाथ मन्दिर तुलाछैँ टोलको जगन्नाथ मन्दिर भक्तपुर शहरको केन्द्र भागमा रहेर पनि विलुप्त अवस्थामा पुग्न गएको थियो । वि.सं. १९९० को महाभूकम्पले यस मन्दिरको वास्तु पूर्णरुपमा भत्कायो । पछि जुद्ध शमशेरको पालामा भक्तपुर राजदरबार वरपरका सम्पदाहरू पुनः निर्माणका क्रममा क्षतिग्रस्त यस मन्दिरको पेटी अवशेष माथि साधारण एक तल्ले वास्तु संरचना मात्र निर्माण गरिएको हो (श्रेष्ठ, २०८०, पृ. १०६०) । पछिल्लो क्रममा मन्दिरमा हुने परम्परागत दैनिक नित्यकर्म पनि लगभग बन्द जस्तै नै भइसकेको थियो ।

मध्यकालमा राजकीय स्तरबाट महत्व दिएको मन्दिर कहिले र किन लोकप्रियता घट्यो ?, यसको संस्कारहरू के कस्तो थिए ?, कुन कुन नेवार समुदाय यस मन्दिर सम्बन्धित सांस्कृतिक क्रियाकलापमा संलग्न हुने गर्दथे ? भन्ने विवरणहरू अहिले लोप जस्तै भइसकेको छ । वर्तमान समयमा कतिपय भक्तपुरबासीलाई भक्तपुरमा जगन्नाथ मन्दिर छ भन्ने कुरा नै थाहा नभएको अवस्था आइसकेको छ । यस अवस्थामा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित संस्कारबारे थाहा पाउने वा जानकार हुने ज्ञान बाहिरको हुने नै भयो । विलुप्त अवस्थामा रहेको जगन्नाथ मन्दिर र संस्कारहरूको केही उत्थान भने इस्कोन धर्मावलम्बीहरुको तर्बाफट भएको छ । यो संस्थाले वि.सं.

२०७१ माघ २ गतेबाट मन्दिरको वरपर सरसफाइ गरी दैनिक नित्यपाठपूजा प्ररम्भ गरियो । यस पछि भने यो मन्दिरले केही भए पनि जीवन्त पाएको छ । भक्तपुरमा पनि पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा गरिने जस्तो केही संस्कारहरू चलाएको पाइन्छ । यद्यपि, भक्तपुरमा जगन्नाथ सम्प्रदायको प्रसार, विकास, र लोपोन्मुख अवस्थाको यकिन जानकारी भने प्राप्त गर्न सकिएको छैन ।

### ३.४.१ भक्तपुर तुलाछैं टोलको जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदा

हालसम्म प्राप्त अभिलेखको आधारमा तुलाछैं टोलको जगन्नाथको यो मन्दिर सर्वप्राचीन जगन्नाथको मन्दिर हो । मध्यकालमा सम्पूर्ण धर्म-संस्कृति, सम्प्रदायलाई राज्य स्तर र नागरिक स्तरबाट समान एवम् विश्वासले हेर्ने र व्यवहार गर्ने गरिन्थ्यो भन्ने सन्दर्भको ज्वलन्त उदाहरण जगन्नाथ सम्प्रदायलाई मान्न सकिन्छ । भक्तपुरको ठीक केन्द्र भाग र भक्तपुर दरबारसँगै यस मन्दिरको स्थापना गर्नु  पनि भक्तपुर राज्यमा जगन्नाथ सम्प्रदायलाई निकै प्राथमिकतामा राखिएको दरिलो प्रमाण हो । राजा प्राणमल्लको राज्यावधि अर्थात् ने.सं. ६६३ (वि.सं. १६००) मा यस मन्दिरको निर्माण गरी सुवर्णकलश, ध्वजारोहण सहित लक्षाहुत यज्ञ सम्पन्न गरिएको थियो । यसै अवसरमा 'जगन्नाथ प्रतिष्ठा विधि' नामक हस्तलिखित ग्रन्थ तयार गरिएको  थियो (श्रेष्ठ, २०५३, पृ. क) । यस हस्तलिखित ग्रन्थका अनुसार यस जगन्नाथ मन्दिर स्थापनाकाल पश्चात् भक्तपुर क्षेत्रमा जगन्नाथ सम्प्रदायको संस्कृति विशेष रूपले अघि बढेको बुझिन्छ । तर  मध्यकालको अन्त्यसँगै राजधानी काठमाडौँमा सरे पछि भने भक्तपुर क्षेत्रको सम्पदा संरक्षण र संवर्द्धनमा खासै ध्यान दिइएन । कारण कतिपय सम्पदाहरू मानवीय तथा प्राकृतिक प्रकोपका कारण परि विलुप्त भए । तुलाछैं टोलको जगन्नाथ मन्दिर साथै अन्य जगन्नाथ मन्दिरहरू पनि ध्यन नदिएको उदाहरण हो ।

### मन्दिरको भौतिक अवस्था

तुलाछैं टोलको जगन्नाथ मन्दिर भक्तपुरको केन्द्रबिन्दु त्रिपुरासुन्दरी पठीको नजिकै लगभग ३०/४० मिटरको नजिक दक्षिण-पश्चिम दिशा तिर रहेको छ । मध्यकालमा यो स्थान राजकीय, धार्मिक-सांस्कृतिक तथा सुरक्षाको हिसाबले पनि एकदम महत्वपूर्ण भेक रहेको थियो । यस्तो मुख्य स्थानमा जगन्नाथ मन्दिरको स्थापनाले भक्तपुरको राज्यमा यसको महत्व र महिमा यकिन गर्न सकिन्छ । जगन्नाथ मन्दिर जमिन सतहभन्दा माथि थुम्कोमा अवस्थित छ । यस मन्दिरको उत्तरी भागमा एक कभडहल रहेको छ । त्यस स्थानमा पहिला पाटी थियो (राहुल प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२२) । त्यस्तै मन्दिरको दक्षिणी भागमा अरनिको सभा भवन रहको छ । यस

कभडहल र अरनिको सभा भवन नयाँ संरचना हुन् । यी दुवै संरचना भएको स्थानमा पहिला जगन्नाथ मन्दिरसँग कुनै सांस्कृतिक संरचना भएको हुनुपर्छ । यस मन्दिरको पूजारी विनोदराज शर्माअनुसार कभडहल, जगन्नाथ मन्दिर र अरनिको सभा भवन भएको भाग बाटोबाट केहि माथि उठेको बराबर सतहमा थियो । पछि अरनिको सभा भवन बनाउनको लागि उक्त सतह बिगारेर जग खनेको हो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/१६) । यस मन्दिरको पश्चिमी भागमा बाटो र घरहरू रहेका छन् । मन्दिरको अग्र भाग अर्थात् पूर्वी भागमा भने मध्यकालीन सांस्कृतिक तथा पुरातात्विक अवशेषहरू रहको छ ।

मन्दिर निर्माणका लागि अत्यावश्यक संरचना भनेको जलस्रोत पनि हो । मन्दिरको शुद्धि-संस्कार गर्न प्राय मन्दिरको वरपर पानीको स्रोतको रूपमा पोखरी, तलाउ, जलद्रोणी इत्यादि निर्माण गरिएका हुन्छन् । जगन्नाथ मन्दिरको उत्तर तिर बाटोमा एक *गःहिती*को निर्माण गरिएको छ । जगन्नाथ मन्दिरको साथै अन्य मन्दिरहरूको अनुष्ठानको लागि यस धाराको पानी प्रयोग गर्दछन् । यस क्षेत्रमा प्राचीनकालमा पानीको स्रोतको रूपमा मन्दिरको अग्र भागमा मार्कण्डेय तलाउ रहेको अध्ययनले दृष्टिगत गरिएको छ । तलाउका वरपर स्थापना गरिने विभिन्न दैवी मूर्ति साथै शिवलिङ्गहरू जगन्नाथ मन्दिरको अग्र भागमा फैलिएर रहेका छन् । केही दशक अघि यस त्रिपुरा क्षेत्र वा तुलाछेँ क्षेत्रका मेघपतिराज शर्मासित यस तलाउको जगन्नाथ मन्दिर परिसा समेत देखिने सुन्दर नक्सा चित्र थियो । यस चित्रमा तलाउको चार कुना र मध्यखण्डको दायाँबायाँ किनारमा दुई वटा गरी जम्मा छ ओटा शिवलिङ्ग स्थापित रहेको दर्साइएको थियो (श्रेष्ठ, २०८०, पृ. ९०१) । तर पछि विभिन्न कारणवश भक्तपुरका राजाले त्यस तलाउ पुर्न लगाएको किंवदन्ती रहेको छ (श्रेष्ठ, २०८०, पृ. ९००) ।

**वास्तुकला**

तुलाछेँ टोलको जगन्नाथ मन्दिरको वर्तमान वास्तु पक्कै पनि प्राचीन होईन । वास्तु शैली पुरानो नभएको तथ्य मन्दिरको अवशेषको रूपमा रहेको प्रदक्षिणा पथ जस्तो देखिने पेटीले प्रष्ट पारेको छ । साथै उक्त पेटी अवशेष कै आधारमा हेर्दा जगन्नाथ मन्दिर एक तल्ले छाने शैलीको नभइ यसको प्रारम्भिक स्वरूप शिखर शैलीको रहेको यकिन गर्न सकिन्छ । यो मन्दिर शिखर वास्तु संरचना १९९० सालको महाभूकम्पले जीर्ण भए पछि जुद्ध शमशेरको पालामा जसोतसो एक तल्ले छाने शैलीमा निर्माण भएको थियो (श्रेष्ठ, २०८०, पृ. १०६०) ।

यो मन्दिरको एक तल्ले वास्तु संरचना पुरानो मन्दिरको पेटीसहितको जग अवशेष माथि निर्माण गरिएको छ (फोटो नं. ८) । मन्दिर माथि जान मन्दिर कै प्रस्तर थाम तथा खम्बाहरू मिलाएर खुड्किलाहरू निर्माण गरिएका छन् । मन्दिरको प्रवेशद्वार पुरी जगन्नाथको शैलीमा पूर्वाभिमुख रहेको छ । प्रवेशद्वार बुट्टा विहीन काष्ठले निर्माण भएको यो मन्दिरको ढोका सामान्यत अन्य मन्दिरहरूको ढोकाभन्दा ठूलो रहेको छ । प्रवेशद्वारको दायाँबायाँ भित्तामा मानवाकृतिसहितका नागका मूर्तिहरू रहेका छन् । तर ती नाग मूर्तिहरू तत् स्थानको नभइ अन्यत्र कतैबाट ल्याएर स्थापना गरिएका हुन् । किनकि ती नाग मूर्तिहरूको आकार एक अर्कामा मिल्दैन । प्रवेशद्वारको बायाँ पट्टि रहेको नाग देवता दायाँको भन्दा ठूलो आकृतिको रहेको छ ।

साथै मुख्य प्रवेशद्वारको दायाँतर्फ मन्दिरको तल्लो भित्तामा टाँसिने गरी ढाल र तरबार लिएको जयाको मूर्ति रहेको छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरको गर्भगृहको प्रवेशद्वारमा द्वारपालको रूपमा जया र विजयाको मूर्ति स्थापना गरिएका छन् (Mishra, 1971, p. 109) । यो जगन्नाथ मन्दिरमा जयाको मूर्ति स्थापना गरिएका कारण यस मन्दिरमा द्वारपालको रूपमा जयासँगै विजयाको मूर्ति पनि अनिवार्य स्थापना गरिएको हुनुपर्दछ । वर्तमान समयमा भने विजयाको मूर्ति छैन । पहिला जयाको मूर्ति सँगै विजयाको मूर्ति पनि थियो । पछि उक्त विजयाको मूर्ति हरायो (श्रेष्ठ, २०७९, पृ. ३३) ।

मन्दिरको प्रवेशद्वार भित्र गर्भगृह रहेको छ । गर्भगृहमा मन्दिरका मुख्य देवदेवीहरूको प्रस्तर मूर्तिहरू रहेका छन् । तर यस जगन्नाथ मन्दिरको गर्भगृहमा उडिसा राज्यको पुरी क्षेत्रको जगन्नाथ जस्तै अपूर्ण काष्ठ मूर्तिहरू नभइ प्रस्तरको पूर्ण मानव कदका मूर्तिहरू स्थापना गरिएको छ । गर्भगृहको दायाँबायाँ चर्तुबाहु नारायण तथा गरुड नारायणको मूर्ति पनि रहेका छन् । गर्भगृहको उत्तरी दिशा तिर देवीदेवतालाई चढाएका जल सेवनको लागि बाहिर पठाउने व्यवस्था रहेको छ । बाहिर उत्तरतर्फ नै फर्केको ढुङ्गे धाराको जगद्रोणी भाग राखिएको छ । मन्दिरको गर्भगृह माथि झिँगटीले छाएको छाना र छाना माथि गजूर रहेको छ ।

यस मन्दिरको पूर्वतर्फ अग्र भागमा एक प्रस्तर स्तम्भ रहेको छ । उक्त स्तम्भमा जगन्नाथलाई नमस्कार गरिराखेका विशाल गरुडको स्थापना गरिएको छ । गरुड स्तम्भको अगाडि मन्दिर माथि प्रवेश गर्न बाइस तहको ढुङ्गे सिँढी अर्थात् खुड्किलाहरू रहेका छन् । उक्त खुड्किलोहरूमा प्रयोग गरिएको प्रस्तरहरू भने यसै मन्दिर वास्तुमा प्रयोग भएका अवशेषहरू हुन् । १९९० सालको भूकम्पमा मन्दिर भत्किए पछि उक्त प्रस्तरहरु खुड्किलाका रूपमा प्रयोगमा ल्याईए ।

यहाँ मन्दिरका थाममा विभिन्न आकार प्रकारका कलाकृतिहरू भएको प्रस्तर खम्बाहरू पनि प्रयोग गरिएका छन् । खुड्किलाको मध्य भागमा सिंहको प्रस्तर आकृति स्थापना गरिएको छ । यस मन्दिरको वरपर शिखर शैली मन्दिरको अवशेषहरू यत्रतत्र फैलिएर रहेको पाइन्छ । मन्दिर परिसरमा प्रस्तर खम्बा, आमलकका टुक्रावशेष, ससाना मूर्तिहरू, इत्यादि अवशेषका साथै गणेश मन्दिर, त्रिपुरा सुन्दरी, गःहिती (ढुङ्गेधारा), द्यछें, स्तुपा इत्यादि सम्पदाहरू रहेका छन् ।

हाल यस मन्दिरको दायाँ बायाँ (दक्षिण र उत्तर दिशामा) अरनिको सभा भवन र कभडहल रहेका छन् । अग्र भागमा (पूर्वतर्फ) बाटो सतह भन्दा लगभग एक तल्ला नै माथि उठ्ने गरी दबू जस्तो संरचना रहेको छ । उक्त संरचना माथि शिखर शैलीका मन्दिर वास्तुकलाका अवशेषहरू यत्रतत्र फैलिएर रहेका छन् । विक्रमको बाह्रौं/तेह्रौं शताब्दीको मानिने उत्तर दिशामा फर्किएको जलहरी माथि रहेको चर्तुव्युह विष्णुको आकर्षक बुट्टादार मूर्ति रहेको छ । उक्त चर्तुव्युह विष्णुको मूर्ति कुनै समय मन्दिर वास्तु भित्र रहेको बुझ्न सकिन्छ । पछिल्लो क्रममा विभिन्न विपदले उक्त मन्दिर भत्किएको र गर्भगृहको मूर्ति खुल्ला आकाशमा रहन आएको त्यसै स्थानमा उपलब्ध मन्दिर कलाकृतिका अवशेषको आधारमा यकिनका साथ भन्न सकिन्छ । यसै क्षेत्रबाट प्रस्तर कलाकृति बाहेक मृण्मय कलाका नमुना पनि प्राप्त भएका छन् । उक्त अवशेषका अध्ययनका आधारमा तुलाछेँ टोलको जगन्नाथ क्षेत्र र त्यसको वरपर शिखर शैलीका विभिन्न मन्दिरहरू रहेको अनुमान गर्न सकिन्छ । वर्तमान समयमा भने मन्दिरका अवशेष मात्र विद्यमान छन् ।

यस मन्दिरको सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक अध्ययनका लागि भक्तपुर नगरपालिकाद्वारा गठित समितिले मन्दिर र त्यस क्षेत्रको खोज अध्ययन सम्पन्न गरेको थियो । साथै यस अध्ययन पश्चात् नेपाल सरकार, पुरातत्व विभागले यस मन्दिरको पश्चिमी मोहडाको पेटीमा उत्खनन गरी पुरानो स्वरूप अर्थात् वर्तमानमा रहेको एक तल्ले छाने वास्तुलाई शिखर शैलीको वास्तुमा परिवर्तन गरी पुनः निर्माणको कार्य गरी रहेको छ । उत्खननका क्रममा यस मन्दिर वास्तुकलाको प्राचीन स्वरूप पञ्चरथसहितको संरचना पाइयो । यो पुरातात्विक उपलब्धि अनुरूप यस मन्दिरले पुनः नेपालमा पनि नेपाली मौलिकता सहितको जगन्नाथ सम्प्रदायको पुनरागमन हुने सम्भावना रहेको देखिन्छ (फोटो नं. ९) ।

## मूर्तिकला

जगन्नाथ सम्प्रदायको कथा र सिद्धान्त अनुरूप जगन्नाथ मन्दिरका बलभद्र, सुभद्रा तथा कृष्णका काठबाट निर्मित अपूर्ण मूर्ति हुनु पर्दछ । जगन्नाथ सम्प्रदायको प्रसार भएर मन्दिर निर्माण

भएको स्थानहरूमा विशेषतः अपूर्ण काष्ठ मूर्तिहरू नै रहेका छन् । भारतका विभिन्न स्थानका जगन्नाथ मन्दिरहरू, बङ्गलादेशको कोमिल्ला क्षेत्रमा रहेको जगन्नाथ मन्दिर, तथा नेपालका केहि जगन्नाथ मन्दिरमा पनि अपूर्ण काष्ठ मूर्ति रहेका छन् । नेपालमा बाहिरी क्षेत्रबाट कुनै संस्कृति प्रसार भएर आए पनि मूर्ति तथा मन्दिर वास्तुकला निर्माण गर्दा नेपाली मौलिकपन प्रदान गरी कलाकृति निर्माण गर्दछन् । यो पक्ष प्राचीनकाल देखि नै रहँदै आएको नेपाली कलाकारको महत्वपूर्ण विशेषता हो । भारतको कुषाणकालमा मथुरामा विकसित भइ नेपाल भित्रिएको प्राचीन मूर्तिकलामा भारतीय कुषाणकालीन प्रभाव भएता पनि कोप्रो वरद मुद्रा, नेपाली शैलीको गरगहना आदिको प्रयोग गरी ती मूर्तिमा नेपालीपन झल्काइएको छ ।

भक्तपुर तुलाछैँ टोलको जगन्नाथ मन्दिरमा स्थापना गरिएको जगन्नाथका मूर्तिहरूमा पनि पुरी क्षेत्रको जगन्नाथका मूर्तिहरू भन्दा धेरै फरक विशेषता पाईन्छन् । जगन्नाथको मूर्ति निर्माण गर्दा प्रचलित कथा अनुरूप नै अपूर्ण मूर्ति निर्माण गरिने विधान छ । उक्त काष्ठ मूर्ति निश्चित समयावधिमा जीर्ण हुने भएका कारण विशेष मुर्हुत पारेर कलेवर परिवर्तन तथा मूर्ति फेरिने प्रचलन रहेको छ । तर नेपालमा भने स्थायी रूपमा मन्दिर र मूर्ति स्थापना गरिएको उदाहरण पनि पाइन्छ ।

तुलाछैं टोलको जगन्नाथ मन्दिरको गर्भगृहमा नेपाली मौलिकपनको विशेषतायुक्त बलराम, सुभद्रा र जगन्नाथ (कृष्ण) को प्रस्तर मूर्ति रहका छन् । यी मूर्ति जगन्नाथ सम्प्रदायमा प्रचलित कथा अनुरूप अपूर्ण भने छैनन् । प्रस्तरले निर्मित यी मूर्तिहरू लिच्छविकालका मूर्तिहरूको विशेषता अनुरूप चिल्लो हुने गरी प्रस्तरलेपन गरिएका छन् । यी मूर्ति उच्च कोटीको प्रस्तर चयन गरी मध्यकालमा निर्माण गरिएका हुन् । तीन वटै मूर्ति स्थानक मुद्रा/ समभङ्ग मुद्रामा रहेको र आङ्गिक अनुपात मेल भएका शान्त स्वभावका छन् । यी मूर्तिहरू मध्यकालका मूर्तिकलाका उत्कृष्ट नमुनाहरू हुन् ।

यस मन्दिरका मूर्तिहरू पूर्णरूपले प्रस्तरले निर्माण गरिएका मानव कदका छन् । बलभद्र, शुभद्रा तथा जगन्नाथको तीन वटै मूर्ति अलि अग्लो जलहरीसहितको आसन माथि निर्मित दोहोरो पद्मपीठसहितको पद्मासनमा समभङ्ग मुद्रामा उभिएका छन् । यी मूर्तिहरूमध्ये बलभद्र/बलरामले आफ्नो हात कुमसम्म पुग्ने गरी माथि उठाएको छ । दायाँ हातमा अधिकार-दण्ड र बायाँ हातमा हलो बोकेको छ । जगन्नाथको मूर्तिमा उनको हात पनि कुम सम्म जाने गरी हात माथि उठाएको छ, र जगन्नाथको दायाँ हातमा सुदर्शन चक्र र बायाँ हातमा पाञ्चजन्य शङ्ख बोकेको छ (श्रेष्ठ,

२०८०, पृ. १०६२) । बलभद्र र जगन्नाथको बिचमा सुभद्रा अञ्जली (बिन्ती) मुद्रामा रहेका छन् । तुलनात्मक रूपले बलभद्र र जगन्नाथको उचाइभन्दा सुभद्राको मूर्ति सानो रहेको छ । यस मन्दिरको गर्भगृहमा स्थापित बलभद्रको मूर्तिको कद १७५×४४ से.मि., सुभद्राको मूर्तिको कद १४०×३४ से.मि. र जगन्नाथको मूर्तिको कद १७७×४८ से.मि. रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०५९) ।

बलभद्र, सुभद्रा र जगन्नाथको मूर्तिहरूमा कम्मर मुनि आकर्षक बुट्टादार धोती-वस्त्र लगाएको र माथिल्लो भाग कपडा रहित खुल्ला छ । मूर्तिहरूको शिरमा बुट्टासहितको आकर्षक मुकुट लगाएका छन् । शिर पछाडि भने सुभद्रा र जगन्नाथको मात्र उँभो तिर अलिकति मात्र चुच्चो परेको प्रभामण्डल रहेको छ । बलभद्रको प्रभामण्डल नभएको वा भाँचिएको के हो निश्चित गर्न सकिएको छैन । मूर्तिहरूको कानमा कर्णकुण्डल रहको छ । बलभद्र र जगन्नाथको कर्णकुण्डल चार पाटे छन् । सुभद्राको भने गोलो रहेको छ । तीन वटै मूर्तिहरूको गलामा एकै ढाँचा र तरीकाका दुई ओटा हार रहेका छन् । त्यसमा एउटा हार छातीसम्म आउने गरी निर्माण गरिएको छ । जुन तुलनात्मक रूपमा त्यो ठूलो पनि छ । अर्को हार पेटसम्म आउने गरी लगाइएको छ । बलभद्र र जगन्नाथको नाडीमा सानो गोलो बाजु लगाएको देखिन्छ । सुभद्राको नाडीमा भने तहगत चुरा जस्तो देखिने तुलनात्मक रूपले ठूलो बाजु लगाएको छ । तीन वटै मूर्तिको सबै हातको पाखुरामा एउटै प्रकारको केयूर लगाएका छन् । ती माथि तिर अलि चुच्चो निस्किएका छन् । मूर्तिको कम्मरमा पेटी जस्तो देखिने चिज लगाएको छ ।

मूर्तिको निर्माणमा नेपालीपन र मौलिक विशेषता देखिन्छ । मध्यकालमा निर्माण हुने मूर्तिका विशेषता अनुरूप निर्माण गरिएका जगन्नाथका मूर्तिहरूमा गरगहनाको प्रयोग भने त्यति धेरै गरिएको पाइँदैन । साथै सौम्य प्रकृतिका मुखाकृति रहका यी मूर्तिहरू भक्तहरूलाई दर्शन दिनका लागि निर्माण गरिएका हुन् । मध्यकालमा मूर्तिहरूमा धेरै गरगहनाको प्रयोग, डर लाग्दा मुखाकृति, भद्दा आभूषण र बुट्टाको प्रयोग, आङ्गिक अनुपातमा बेमेल जस्ता विशेषताहरू यस मूर्तिहरूमा रहेको छैन । यद्यपि यी मूर्ति मध्यकालका नै हुन । मूर्तिहरूको निर्माणका क्रममा आङ्गिक अनुपातमा विशेष ध्यान दिएको पाइन्छ । शिर, अनुहार, हात, खुट्टा, औँला, छाती, तथा पूर्ण शरीरको अङ्गहरूको बनावट शारीरिक अनुपातसँग मेल रहेको देखिन्छ । यी विशेषता मध्यकालमा मूर्तिहरूमा प्रायः पाइँदैन ।

यस मन्दिरमा पनि उडिसा क्षेत्रको पुरीको जगन्नाथलाई जस्तै रङ्ग लेपन गर्ने, महास्नान गराउने जात्रा तथा रथयात्रा जस्ता उत्सवहरू मनाउने गरेको हुन सक्ने सङ्केत देखिएको छ । पुरी क्षेत्रको जगन्नाथलाई जेष्ठ पूर्णिमाको दिन महास्ना सम्पन्न गर्दछन् । महास्नानको संस्कार पछि मूर्तिहरूमा रहेको रङ्ग बिग्रिने हुनाले मूर्तिमा पुनः रंगरोगन गर्ने प्रचलन रहेको छ । यो कार्य महास्नानको पन्ध्र दिनसम्म हुने गर्दछ । यसलाई 'अनासर' वा 'महाअनासर' भन्दछन् (Behera, 2019, P. 101-102) । महाअनासर संस्कारअन्तर्गत जगन्नाथका मूर्तिहरूलाई महास्नान सम्पन्न गरिए पछि जगन्नाथ, बलभद्र र सुभद्रालाई ज्वरो आउने मान्यताअनुसार मूर्तिहरूलाई स्याहार सुसार गर्ने, जडीबुटीको औषधि सेवन गराउने र मूर्तिमा महास्नानको क्रममा गएको वा बिग्रिएको रङ्ग लेपनलाई नयाँ रङ्गले सजाउने कार्य सम्पन्न गरिन्छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

यसै सिद्धान्त अनुसार तुलाछैं टोलको जगन्नाथका प्रारम्भिक मूर्तिहरूको पुरानो तस्बिरमा पनि रङ्ग रोगन गर्ने गर्दछन् (फोटो नं. १०) । उक्त तस्बिरमा पहिला चलिआएको जगन्नाथको महास्नान र अनासर संस्कारअन्तर्गतको रङ्ग रोगन गर्ने संस्कृति प्रष्ट झल्किएको पाइन्छ । जगन्नाथ मन्दिरको मूर्तिहरूमा प्रतिमा लक्षण अनुरूप फरक फरक रङ्गहरू लेपन गर्दछन् । बलभद्र/बलरामको मूर्तिमा छालाको भाग सेतो र कम्मर मुनिको वस्त्र निलो रङ्गले लेपन गरिएको छ । सुभद्राको मूर्तिलाई रातो रङ्ग लेपन गर्दछन् । जगन्नाथको मूर्तिमा भने छाला भाग निलो रङ्ग र कम्मर मुनिको वस्त्र पहेँलो रङ्गले लेपन गरिएको देखिन्छ । पुरी क्षेत्रमा चलेको संस्कृति जस्तै यस तुलाछैं टोलको जगन्नाथ मन्दिरमा पनि महाअनासर संस्कार सम्पन्न गरिने प्रथा प्रचलनमा थियो । कालान्तरमा नेपालबाट जगन्नाथ सम्प्रदायसम्बन्धी संस्कृति लुप्त हुँदै जाने क्रममा यस जगन्नाथ मन्दिरबाट पनि जगन्नाथका संस्कृति र संस्कार हराउँदै गएको हो ।

वर्तमान समयमा यस तुलाछैं जगन्नाथ मन्दिरलाई इस्कोनको शाखाको रूपमा इस्कोन/हरिबोल सम्प्रदायले सञ्चालन गर्दै आईरहेको छ । हाल यस मूर्तिहरूलाई प्रारम्भमा जस्तै फरक फरक रङ्गले लेपन नगरी प्राकृतिक स्वरूपमा देखिने गरी दैनिक पञ्चामृतले स्नान गराउने प्रचलन रहेको छ । यद्यपि, मूर्तिहरूको निधार, मुकुट, आयुध तथा बाजु र केयूरमा स्वर्ण रङ्गसहितका सामान्य तरिकाले रङ्गहरू लेपन गरिएका छन् (फोटो नं. ११) । ती रङ्ग निश्चित समुदायले मूर्तिमा परम्परागत रङ्ग लेपन गर्ने जस्तो प्राकृतिक रूपमा तयार गरिने रङ्ग भने होइनन् ।

### ३.४.२ भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदा

भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको प्रारम्भिक स्वरूप र वर्तमान स्वरूप फरक रहेको छ । यस मन्दिरलाई नेपाल सरकार, पुरातत्व विभागले पुनः निर्माणको लागि मन्दिरको जगसम्म नै उत्खनन गरेको छ । नयाँ वास्तु रचना सहितको मन्दिर निर्माण गर्ने प्रक्रियामा रहेको छ । पुनः संरचना गर्दा जगन्नाथ मन्दिरको प्रारम्भिक स्वरूपमा निर्माण हुने छ । पुरातत्व विभागले मन्दिरको संरचना भत्काउनु भन्दा अघि यो मन्दिर एक तल्ले साधारण संरचनामा निर्माण गरिएको थियो । भत्काउनु पूर्व झिँगटीको छानाले छाएको र छाना माथि गजूर थियो (फोटो नं. १२) । यस मन्दिरको संरचना तीन तहको पेटीमा निर्माण भएको छ । यो मन्दिरको बारे गहन विवरण दिने कुनै पनि अभिलेख प्राप्त छैनन् ।

भक्तपुर दरबार  क्षेत्रको जगन्नाथ मन्दिर हिन्दु धर्म, आस्था र परम्परामा आधारित चार धामअन्तर्गतको एक धाम हो । राजा यक्षमल्ले वा यक्षमल्लको पालामा निर्माण गर्न लगाइएको मानिने जगन्नाथको यो मन्दिर सहितका चारधाम तीर्थ-मन्दिरहरू भक्तपुर दरबार क्षेत्रको पश्चिमी भागमा रहेका छन् । तर यस सम्बन्धमा आवश्यक प्रमाण भने उपलब्ध छैन । यो जगन्नाथ मन्दिरको दक्षिणी मोहडाको पहिलो पेटीको दक्षिण-पूर्व कुनामा ने.सं. ३४७ (वि.सं. १२८३) को अभय मल्ल (वि.सं. १२७३-१३१२) को पालाको प्रस्तर अभिलेख प्राप्त भएको छ । यो अभिलेख देवपठीको अभिलेख हो । विभिन्न कारणवश मन्दिर बाहिर पेटीमा छापिन आईपुगेको छ (श्रेष्ठ, २०८०, पृ. १०५२-१०५३) । यो अभिलेख मानव स्पर्श, घामपानी तथा अन्य वातावरणीय कारणले जीर्णवस्थामा पुगिसकेको छ (फोटो नं. १३) । कतिपय अक्षर अध्ययन गर्न नसकिने गरी जीर्ण भएका छन् ।

भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको पेटीमा प्राप्त अभिलेख विष्णुसँग सम्बन्धित रहेको छ । उक्त अभिलेखलाई लिप्यन्तर गर्दा '.... पञ्चमी ने.सं. ३४७ । विष्णुलाई श्रीअनुपालको ......संस्कार गरियो' भन्ने अर्थ लाग्छ (श्रेष्ठ, २०८०, पृ. १०५४) । यस अभिलेखमा विष्णुसँग सम्बन्धित संस्कार गरियो भन्ने तथ्य उत्कीर्ण गरिएको छ (परिशिष्ट २ 'घ') । तर कुन संस्कार भन्ने उल्लेख भएको भागको पत्र निस्कि सकेकोले यकिन गर्न सकिएको छैन । सामान्य दैनिक गरिने संस्कारको त यस्तो अभिलेख नै राख्ने प्रयत्न नहोला । अतः यस अभिलेखमा उल्लेखित संस्कार विशेष नै हुनु पर्दछ । यस मन्दिरमा जगन्नाथका काठको मूर्तिहरू रहेका छन् । यो देव पठीको अभिलेखमा उत्कीर्ण भएको 'संस्कार' शब्दले जगन्नाथ सम्प्रदायमा प्रचलित 'कलेवर परिवर्तन' वा मूर्ति फेरिएको तथ्यलाई सङ्केत गरेको हुन सक्दछ । कुनै पनि मन्दिरको मूर्ति परिवर्तन गर्नु विशेष

संस्कार नै हो । त्यो सामान्य अवस्थामा हुने गर्दैन । तसर्थ, यस अभिलेखमा 'जगन्नाथ' भनेर सम्बोधन नगरिए पनि विष्णु भगवान् आफै जगन्नाथ भएको तथ्य अवगत गर्दा अभिलेखमा उत्कीर्ण 'विष्णु' शब्दले जगन्नाथलाई नै जनाएको बुझ्न सकिन्छ । अर्को महत्वपूर्ण तथ्य विष्णु वा कृष्णको मूर्ति भएको मन्दिरलाई 'जगन्नाथ' र 'जगन्नाथ मन्दिर' भनेर सम्बोधन गरिने प्रचलन १४ शताब्दीको प्रारम्भिक चरणमा मात्र थियो । चौधौँ शताब्दीको पूर्वाधसम्म यस मन्दिर र यस क्षेत्रलाई 'पुरुषोत्तम' र 'पुरुषोत्तम क्षेत्र' भनेर उल्लेख भएको पाइन्छ (पन्त, २०१६, पृ. ३) ।

पुरी क्षेत्रमा अवस्थित पुरुषोत्तम या जगन्नाथ मन्दिरका मूर्तिहरू स्थापना कालदेखि नै चन्दनको काठले निर्माण गरी समय-समयमा परिवर्तन गरिने प्रथा प्रचलनमा छ । ने.सं. ३४७ ( वि.सं. १२८३) को प्रस्तर अभिलेखमा भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा पनि पुरुषोत्तम या जगन्नाथ सम्प्रदायको जस्तै काष्ठ मूर्ति परिवर्तन गर्ने परम्परा रहेको सङ्केत गरिएको हो । विभिन्न कालखण्डमा कुनै कारणले यहाँको जगन्नाथ, बलराम र सुभद्राको काष्ठ मूर्ति परिवर्तन गरिएको वा 'कलेवर परिवर्तन' को संस्कार सञ्चालन गरिएको हुन सक्छ । यसरी तेह्रौं शताब्दीको मध्यदेखि भक्तपुरमा जगन्नाथ सम्प्रदायको अस्तित्व देखिन आएको तथ्य अभिलेखको आधारमा पुष्टि गर्न सकिन्छ । साथै भक्तपुरमा यसै वेलादेखि जगन्नाथका मूर्तिहरूको कलेवर परिवर्तन गर्ने, मूर्तिमा प्राण प्रतिष्ठा गर्ने, प्राकृतिक रङ्गरोगन गर्ने जस्ता संस्कारहरू प्रचलनमा आएका देखिन्छन् (श्रेष्ठ, २०८०, पृ. १०५४) । यस ने.सं. ३४७ को अभिलेख र अभिलेखमा उत्कीर्ण विषयवस्तुका आधारमा नेपालको सबैभन्दा पुरानो जगन्नाथ मन्दिर र मूर्तिहरू भक्तपुर दरबार क्षेत्रको जगन्नाथ हो भन्न सकिन्छ ।

भक्तपुरका जगन्नाथ मन्दिरहरूमध्ये दरबार क्षेत्रको यो जगन्नाथ मन्दिरमा मात्र काष्ठ निर्मित मूर्तिहरू रहेका छन् (फोटो नं. १४) । यस कारण पनि यो विशेष महत्वको रहेको छ । यस मन्दिरमा विभिन्न संस्कारहरू सम्पन्न हुने र दैनिक नित्यकर्म हुने तथ्य पूजारी विनोदराज शर्माले जानकारी दिएका छन् । नित्य पूजा बाहेक अन्य संस्कारहरू भने वर्तमान समयमा बन्द प्रायः भइसकेका छन् । शर्माका अनुसार वि.सं. १९९० को महाभूकम्प पछि उहाँका बाजे मधुकुमार शर्मा राजोपाध्यायले पनि यस मन्दिरमा रहेका काठका पुरानो मूर्ति भग्न भएकोले ती पुराना मूर्तिका ठाउँमा नयाँ मूर्ति बनाउन लगाई होम गरी प्राण प्रतिष्ठा संस्कार सम्पन्न गरेका थिए । त्यस बखत सिकर्मीहरूले मान्छेको जस्तै राम्रो पारेर मूर्ति बनाउन खोज्दा 'पुरीको जगन्नाथको जस्तै बनाउनु' भनेपछि दुरुस्त त्यस्तै मूर्ति बनाइदिएका थियो (श्रेष्ठ, २०८०, पृ. १०५४) । वर्तमान समयमा यस मन्दिरमा पुरी क्षेत्रको जगन्नाथको जस्तो मिल्न खोजेको काष्ठ मूर्ति त छन्, तर मूर्ति र मन्दिरसँग

सम्बन्धित कुनै पनि पर्व, संस्कार, जात्रा भने पूर्णरूपमा लुप्त भइसकेका छन् । तर भक्तपुरको इन्द्रजात्रामा भने यस मन्दिरमा *मूपात्र* द्वारा विशेष पूजा सम्पन्न गर्ने परम्परा छ ।

## मन्दिरको भौतिक अवस्था

यस मन्दिरको प्रारम्भिक स्वरूप यकिन गर्न सकिएको छैन । यद्यपि पुरातात्विक अध्ययन र उत्खननको आधारमा यस मन्दिरलाई पुरानै स्वरूपमा ल्याउने प्रयत्न पुरातत्व विभागले गर्दै छ । यो मन्दिर उत्खनन पूर्व सामान्य तवरले निर्माण भएको एक तले संरचना थियो । तीन तहको पेटीमा निर्मित यस मन्दिरको अग्र मोहोडाको भित्ताबाट बाहिर तर्फ निस्किने गरी छानासहितको मण्डप जस्तो निस्किएको थियो । मन्दिर पूर्व तिर फर्किएको र मुख्य प्रवेशद्वार सामान्य काठबाट निर्माण भएको र छाना सहितको मण्डप भागलाई अड्याउन काठकै सामान्य बुट्टा रहितको खम्बाहरू जडान गरिएका थिए । मन्दिरको गर्भगृहमा काष्ठ निर्मित बलभद्र, सुभद्रा तथा जगन्नाथको मूर्तिहरू स्थापना गरिएका छन् । गर्भगृह माथि झिँगटीसहितको छाना छाएर छानाको माथिल्लो भागमा गजूर स्थापना गरिएको छ । वि.सं. २०७२ को महाभूकम्पले यस मन्दिरको संरचनामा क्षति पुगेको थियो । महाभूकम्प अगावै पनि जीर्ण अवस्थामा पुगेका कारण यस मन्दिरको पुनः निर्माण गरिएको हो । पुरातत्व विभागले २०७९ असोज/कार्तिकबाट यस मन्दिरको संरचना भत्काउने कार्य प्रारम्भ गरेको हो । हाल यो मन्दिर को निर्माण प्रक्रिया अघि बढिरहेको छ ।

यस जगन्नाथ क्षेत्रमा हिन्दु धर्ममा पवित्र र पुण्यभूमि मानिले चार धामको मन्दिरहरू स्थापना गरिएको छ । ती मध्यकालीन राजा यक्ष मल्लले स्थापना गराएका मानिन्छ । यस जगन्नाथ मन्दिरको अग्र भागमा गुम्बज शैलीको संरचनामा शिवलिङ्ग (रामेश्वर धाम) को स्थापना गरिएको छ । रामेश्वर धाम मन्दिरको अगाडी गोपीनाथ (द्वारिकानाथ) को दुई छाने मन्दिर रहेको छ । जगन्नाथ मन्दिरको दायाँ  र बायाँ क्रमशः केदारनाथको शिखर शैलीको मन्दिर  र वसन्तपुर दरवार भाग ( हाल पद्म स्कुल) रहेको छ ।

## वास्तुकला

भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा २०७९ सालबाट पुरातत्व विभागले पुनः निर्माण कार्य थालनी गरेको छ । पुरानो मन्दिरको संरचनालाई पूर्ण रूपले परिवर्तन गरेर प्राचीन संरचना अनुरूप यस जगन्नाथ मन्दिर निर्माण गर्न लागेको । नयाँ स्वरूपको बन्ने यस मन्दिर दुई छाने मन्दिर निर्माण हुन लागेको छ । यसमा काष्ठकलाको अनुपम नमुनाहरू प्रयोग भएका छन् (फोटो

नं. १५) । पुरानो जगन्नाथ मन्दिरको संरचना तीन तहको पेटीमा निर्माण भएको थियो । हाल दुई तहको फेटी मात्रै बाँकी राखी तेस्रो तहको पेटीलाई मन्दिरको प्रदक्षिणपथको रूपमा रूपान्तरण गरिएको छ ।  मन्दिर प्रदक्षिणापथको चारैतिर आकर्षक बुट्टादार काष्ठ खम्बा स्थापना गरिएको । मन्दिरको चारै दिशामा प्रवेशद्वारहरू निर्माण गरिएको छन् । प्रवेशद्वारको दायाँबायाँ बुट्टादार काष्ठ-पङ्खहरू जडान गरिएका छन् । मन्दिरको पहिलो तल्लाको हरेक मोहडामा तीनतीन ओटा कलात्मक झ्याल राखिएका छन्, जुन गैर-कार्यात्मक (non functional) तवरले जडान गरिएको छ । दोस्रो तल्लामा पनि चारै तिर एकएक ओटा कलात्मक काष्ठ झ्यालहरू राखिएका छन् । हालसम्म पनि यस मन्दिरको पुनः निर्माण प्रक्रिया पूर्ण भएको छैन ।

पुरातत्व विभागले यस मन्दिरको पुनः निर्माण कार्यका लागि जग खण्डसम्म उत्खनन गरेको थियो । मन्दिरको जग खण्डको प्रकृति अन्य सांस्कृतिक वास्तु स्वरुप भन्दा भिन्न रहेको छ । सामान्यत प्रायः वास्तु स्वरूपको जग खण्ड वर्गाकार वा आयातकार हुने गर्दछ । तर यो जगन्नाथ मन्दिरको जग खण्ड भने मण्डलाकार आकृतिमा रहेको छ । जग खण्डको केन्द्र भागमा जग पूजाको लागि तीन तह जति माथि केही इँटाहरू उठाइएको छ (फोटो नं. १६) । हाल उक्त जग खण्डलाई आधार बनाई त्यसै जग माथि जगन्नाथको मन्दिर पुनः निर्माण कार्य हुँदैछ ।

मन्दिरको गर्भगृह मन्दिर निर्माणाधीन रहेको कारण हाल खाली छ । निर्माण सम्पन्न पछि मन्दिरको गर्भगृहमा पुरानै काष्ठ मूर्तिहरू स्थापना गरिने छन् । मन्दिरको पछाडिको भाग अर्थात् पश्चिमी मोहडामा बाटो रहेकोले पेटी तह नभइ पर्खाल रहेको छ । उत्तरी मोहोदाको पहिलो पेटीको बिच भागमा गर्भ गृहको जल-मार्गको रूपमा ढुङ्गे धाराको स्थापना र उक्त ढुङ्गे धाराको ठीक मुनि दुई भारवाहकहरूले आफ्नो एक एक हातले कलश उठाउँदै गरिएको प्रस्तर मूर्ति रहेका छन् ।

## मूर्तिकला

यस मन्दिरको मूर्तिकला पुरी क्षेत्रको मूर्तिका विशेषतासँग मिल्दोजुल्दो रहेको छ । यस मन्दिरमा तीन वटै मूर्तिहरू काष्ठबाट निर्मित रहेका छन् । जगन्नाथ सम्प्रदायको कथा अनुरूप जगन्नाथ मन्दिरको मूर्तिहरूमा हात खुट्टा अपूर्ण हुने संस्कृति अनुसार यस मन्दिरमा पनि अपूर्ण नै मूर्तिहरू रहेका छन् । तर यी मूर्तिहरूमा हात मात्र अपूर्ण भएको र खुट्टा पूर्ण रूपले निर्माण भएको छ (फोटो नं. १४) । यद्यपि, जगन्नाथ सम्प्रदायको प्रसारका क्रममा पुरी क्षेत्रमा जस्तै यस मन्दिरमा जगन्नाथको मूर्ति निर्माण हुन खोजेको भने पक्कै हो ।

यस मन्दिरका मूर्तिहरू दोहोरो पद्मपठीको पद्मासन समभङ्ग मुद्रामा विराजमान छन् । मूर्तिको अपूर्ण बाहु अधिल्तिर फैलाएको छ । हातका औँलाहरू भने निर्माण भएको छैन । मूर्तिहरूमा पैताला भने स्पष्ट दृष्टिगत हुन्छ । मूर्तिको अनुहार र आँखा पुरी क्षेत्रको जस्तै लाम्चो र गोलो निर्माण गरिएका छन् । यहाँका मूर्तिहरूमा पनि बलभद्र र जगन्नाथको उचाइको तुलनामा सुभद्राको आकार सानो रहेको छ । बलभद्रको मूर्तिको कद १२९×२७ से.मि. र पद्मासन २९×२६ से.मि. रहेको छ । सुभद्राको कद ९८×२७ से.मि. र पद्मासन १४×२४ से.मि. रहेको छ भने जगन्नाथको मूर्तिको कद १२८×२७ से.मि. र पद्मासन २९×२६ से.मि. आकारको रहेको छ (श्रेष्ठ, २०८०, पृ. १०५२) ।

यो मन्दिरका जगन्नाथका मूर्तिहरूको शिरमा मुकुट लगाएको छ । मुकुटलाई सजाउनको निमित्त मुगल शैलीको जस्तो देखिने गरी विभिन्न रङ्गहरूले लेपन गरिएका छन् (फोटो नं. १७) । कानमा गोलो र ठूलो कर्णकुण्डल लगाएको छ । तीन वटै मूर्तिहरूको गलामा छाती र पेटसम्म आउने गरी दुईवटा हार लगाइएका छन् । छातीसम्म आउने हार बलभद्र र जगन्नाथको हारको तुलनामा सुभद्राको हार सानो आकारको छ भने, पेटसम्म आउने हार तीन वटै मूर्तिमा समान आकारका छन् । तीन वटै मूर्तिहरूको हातमा बाजु र केयूरको प्रयोग गरिएको छ । कम्मरमा पेटी जस्तो देखिने चिज लगाएको छ । मूर्तिको कम्मर मुनिको भाग वस्त्रले ढाकिएको छ । कम्मर भन्दा माथिल्लो भाग वस्त्र विहीन छ ।

यस मन्दिरमा पनि जगन्नाथ साथै अन्य मूर्तिहरूलाई पनि विभिन्न रङ्गले लेपन गरिएको छ । यस मूर्तिको प्रारम्भिक प्रारूपमा खासै रङ्गरोगन नदेखिएता पनि कालान्तरमा विभिन्न रासायनिक टिकाउ रङ्गहरू लेपन गरिएको देखिन्छ । वर्तमान समयमा बलभद्रलाई पहेँलो, सुभद्रालाई रातो र जगन्नाथलाई नील वर्णमा प्रस्तुत गरिएको छ ।

यी मूर्तिहरू मध्यकालीन मूर्ति विशेषता अनुरूप निर्माण भएका छन् । यस मूर्तिहरूमा आङ्गिक अनुपातको अभाव रहेको देखिन्छ । खुट्टा, हात तथा टाउको र शारीरिक अङ्गहरूको मापन अनुपात स्वाभाविक देखिँदैन । गर-गहनाको प्रयोग पनि भद्दा किसिमको छ । अनुहारको आकृतिमा स्वभाविकताको प्रस्तुति देखिँदैन । समग्रमा यस मन्दिरका मूर्तिहरू पुरीका मूर्ति जस्तै निर्माण गर्न खोजेको तर केही नेपाली मौलिकपन पनि मिसिन पुगेको हो । पुरीको जगन्नाथ जस्तै यहाँका मूर्ति पनि अपूर्ण रहेका छन् । तर यहाँको मूर्ति पूर्ण मानव कदको छ । नेपाली मूर्ति परम्परा अनुरूप यी तीन वटै मूर्तिहरू दोहोरो पद्मपीठ माथि समभङ्ग मुद्रामा उभिएका छन् ।

### ३.४.३ भक्तपुर तःमारी क्षेत्रको जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदा

तःमारी क्षेत्र भक्तपुर नगरको महत्वपूर्ण भाग हो । भक्तपुर नगरलाई दुई क्षेत्रमा विभाजन गर्दा *थने* र *कोने*को सिमानाको रूपमा रहेको यस तःमारी क्षेत्र सामाजिक र सांस्कृतिक पक्षले पनि महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा सिद्धिलक्ष्मी स्थापित विश्व प्रसिद्ध ङातापोँल मन्दिर, भैरवनाथ मन्दिर, तिलमाधव नारायण, लक्ष्मीनरसिंह मन्दिरसँगै जगन्नाथको मृण्मय मन्दिर पनि रहेको छ । यो मन्दिरको वास्तु रचना वि.सं. २०७१ मा पुनः निर्माण सम्पन्न गरेको थियो । यस मन्दिरको सर्वप्राचीन अवस्था कस्तो थियो भन्ने विस्तृत तथ्यवस्तु थाहा पाउन सक्ने यथेष्ट स्रोतहरू प्राप्त हुन सकेका छैनन् । मन्दिरको पुनः निर्माणका क्रममा मन्दिरको जग उत्खनन्मा केही पुरातात्विक अवशेष भने प्राप्त भएका थिए । यस मन्दिरको ऐतिहासिक तथा सांस्कृतिक पक्ष थाहा पाउन सक्ने कुनै कथन वा लोककथा पनि यहाँका जेष्ठ नागरिकहरूलाई जानकारी छैन । त्यस कारण यस जगन्नाथ मन्दिरको इतिहास स्पष्ट छैन । यो मन्दिरको स्थापना कालको मूर्ति पनि हराई सकेको हुनाले ऐतिहासिकता अध्ययनमा गर्न कठिनाइ रहेको हो । मन्दिर वरपर र टोलका वासिन्दाहरू पनि सर्वप्राचीन मूर्ति चोरी भएको समय वताउन सक्दैनन् । वि.सं. २०१८ भूकम्प आएको थियो । मूर्ति चोरले त्यही समयमा यो जगन्नाथ मन्दिरबाट मूर्ति चोरेर लगेको हुन सक्ने विचार स्थानीयको छ ( कुमार चवाल, व्यक्तिगत अन्तर्वार्ता, २०८०/१२/१५) । तर यस कुराको कुनै तथ्यगत प्रमाण भने उपलब्ध छैन ।

#### मन्दिरको भौतिक अवस्था

तःमारी क्षेत्रको जगन्नाथ मन्दिर मृण्मय कलाको एक उत्कृष्ट नमुना हो । यस मन्दिरको भग्न अवस्थालाई मध्यनजर गरी पूर्ण रूपमा भत्काएर वि.सं. २०६९ श्रावण ४ गते भक्तपुर नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोग र सहकार्यमा पुनः निर्माणको लागि कार्य प्ररम्भ भएको हो । जगन्नाथ मन्दिर पुनः निर्माण उपभोक्ता समितिको सक्रियतामा यस मन्दिरको जग शिलान्यास गरी पुनः निर्माणको कार्य अघि बढाइएको थियो । इतिहास नै लोप हुन लागेको यस तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको जग खन्ने क्रममा मध्यकालमा मन्दिर स्थापनार्थ जग शिलान्यास गर्दा जग-दान स्वरूप हालिएका केही धातुका नमुनाहरू प्राप्त भएका छन् । यस मन्दिरको मूर्ति विहीन प्रस्तर वेदिका वा प्रस्तर आशनको ठ्याक्कै तल्लो भागमा पन्ध्र फिट तल जमिन तिर जाने गरी सास प्वाः अर्थात् मन्दिर तथा मूर्तिले पनि सास लिन सास नलिको साङ्केतिक रूपमा जमिन तिर जाने गरी बनाएको प्वाल निर्माण गरिराखेको थियो । मन्दिरको पुनः निर्माणको क्रममा जग

उत्खनन गर्दा उक्त *सास प्वाःको* ईंटाहरू बिस्तारै निकाल्दै जाँदा जमिन मुनि सास प्वाःको अन्त्य भागमा सुनको कलश- १, तामाको कलश- १ र शिवकी मुद्रा फेला परेको थियो (विजय लोहला, व्यक्तिगत अन्तर्वार्ता, २०८०/१०/१९) (फोटो नं. १८) । उक्त पुरातात्विक सामग्रीहरूको उपलब्धिको आधारमा यस मन्दिरको निर्माण विक्रमको १६ औं शताब्दीमा भएको अनुमान गर्न सकिन्छ (लोहला, वि.सं. २०७१, पृ.१४) । वि.सं. २०६९ देखि पुनः निर्माण सुरु भएको यस जगन्नाथ मन्दिरको निर्माण सम्पन्न भने वि.सं. २०७१ को अन्त्य तिर भयो । यस मन्दिरको निर्माण सम्पन्न पश्चात् चैत्र १२ गते मन्दिरमा नयाँ जगन्नाथको स्थानक मूर्ति स्थापना गरी प्राण-प्रतिष्ठान गरियो । जगन्नाथ मन्दिरको पूर्वतर्फ रहेको तीलमाधव नारायण मन्दिरको स्थानीय पूजारी बाबुराजा शर्मालाई दैनिक पूजा सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरिएको थियो । उनले नै वर्तमान समयसम्म पनि दैनिक सामान्य पूजा चलाउँदै आइरहेको छ ।

**वास्तुकला**

यस मन्दिर वास्तुकलामा नगण्य मात्रामा काष्ठकला र प्रस्तरकलाको प्रयोग छ । पूर्ण रूपमा *दाची अपा* (ईंटा) ले निर्माण भएको उत्कृष्ट मृण्मय शिखर वास्तुकलाको अनुपम नमुना हो । पूर्व दिशामा मुख्य तथा अग्र मोहडा भएको यो मन्दिर दुई पेटीमा निर्माण भएको छ । पेटीको उपल्लो छेउ भागमा चारै तिर लाम्चा प्रस्तर फलकहरूले छापेका छन् । पेटीको सतहको उपल्लो भित्री भग भने *चिकं अप्पा* (तेलिया ईंटा) ले छापेको छ । मन्दिरको अग्र मोहडा मूख्य बाटोमा नै जोडेको छ । त्यसैले मुख्य बाटोबाटै मन्दिर माथि चढ्न मिल्ने गरी खुड्किलो नबनाई मन्दिरको दायाँबायाँ पेटी माथि मात्र दुई खुड्किलो निर्माण गरिएको छ । तर मन्दिरको द्वारपालको रूपमा रहेको दुई प्रस्तर सिंह भने पहिलो पेटीमा पूर्व तिरै फर्काएर स्थापना गरिएका छन् (फोटो नं. १९) ।

मन्दिरको अग्र भागमा मन्दिरसँगै जोडिने गरी एक मण्डप निर्माण गरिएको छ । शिखर शैलीको मन्दिरमा मण्डप जोडिने गरी निर्माण गरिने परम्परा सर्वप्राचीन हा । भारतमा उत्पत्ति र निर्माण भएका मन्दिरको जस्तो मण्डप नहाली नेपालको मौलिक वास्तुकलाको प्रयोग गरी शिखर शैलीका मन्दिरहरूको निर्माण भएको पाइन्छ । नेपालमा जति पनि मण्डपसहितको शिखर शैलीका मन्दिरहरू निर्माण भएको छन्, प्रायः सबै मन्दिरहरूको मण्डपहरू गैर-कार्यात्मक (Non-Functional) रहेका छन् । यस मन्दिरको मण्डप पनि आकर्षक तवरले गैर-कार्यात्मक तरिकाले नै निर्माण गरिएको छ ।

मन्दिरको उत्तरी र दक्षिणी मोहडामा रहेको सानो खुड्किलो चढ्नासाथ चार वटा प्रस्तर खम्बाले आड दिएको मण्डपको तल्लो पुगेपछि मन्दिरको मुख्य प्रवेशद्वार दर्शन गरिन्छ । मण्डपको अग्र भागको दुई प्रस्तर खम्बाहरू भित्री भागका दुई प्रस्तर खम्बाहरू भन्दा दोब्बर मोटाइका छन् । मण्डपका चारै वटा प्रस्तर खम्बाको तल्लो भागमा कलशको आकृति, बिच भागमा पातका आकृतिहरू र माथिल्लो भागमा विभिन्न बुट्टासहित कलाकृति रहेको छ । चारै खम्बाको माथि दलिनको रूपमा काठको प्रयोग गरिएको छ । उक्त काठ माथि *दाचि अप्पा*ले विभिन्न बुट्टाहरू निकालिएका छन् । पूर्व, उत्तर र दक्षिण दिशामा तोरण सहितको गैर-कार्यात्मक मृण्मय झ्याल समेत जडान गरिएको छ । त्यसको माथिल्लो भागमा साधारण प्रस्तरको गजूर स्थापना गरी मण्डपलाई बन्द गरिएको छ । मण्डपको भित्री भाग खोक्रो रहेको छ । उक्त भागमा जान काठको सानो ढोका जडान गरिएको छ ।

मन्दिरको प्रवेशद्वार र त्यस माथिको मुख्य तोरण पूर्ण रूपमा काठले नै निर्माण भएको छ । नेवारी परम्परागत काष्ठकलामा आधारित यस मन्दिरको प्रवेशद्वारको खापा चौकोस, थाम तथा तोरणमा आकर्षक बुट्टाहरू निर्माण गरिएका छन् । यस मन्दिरमा बिहान नित्य पूजा चल्दछ । दिनभर बन्द रहन्छ । बिहानी नित्य पूजा बाहेक अरू बेला दर्शन गर्नु परेमा सहजताको लागि बाहिरबाटै जगन्नाथको दर्शन र पूजा गर्न सकिने गरी खापामा आँखी झ्यालको जस्तो प्वालहरू निर्माण गरिएका छन् । खापा अड्याउन निर्माण गरिएको चौकोसको दायाँबायाँ थाममा गोलो कलात्मक आकृतिभित्र अष्ट मङ्गलका चिन्हहरू छन् । उक्त अष्ट मङ्गलका चिन्हहरू एकै स्थानमा एकमुष्ट लहरै नराखी दायाँ र बायाँ थाममा चारचारवटा कुँडिएका छन् । हरेक अष्टमङ्गलका चिन्हहरू गोलो आकृतिभित्र कमलाकृति रहेको बुट्टा, अष्टमङ्गल चिन्ह, कलाकृति, अष्टमङ्गल चिन्ह, कलाकृति बुट्टा, अनि गरुड नारायणको आकृति, फेरी कलाकृति र अष्टमङ्गलको चिन्ह आकृतिहरू गरुड नारायणको आकृतिको तल तिर लहरै कुँदिएका छन् । सोही तवरले अर्को काष्ठ थाममा पनि लहरै फरक अष्ट मङ्गलका चिन्हसहित सम्मान आकृतिहरू कुँदिएका छन् । दुवै थामलाई माथि तिर जोडिएको काष्ठमा बुट्टाहरू सहित दायाँबायाँ गरुड नारायण र बिचमा ब्रह्मा, विष्णु र महेश्वरको आकृति रहको छ । मुख्य प्रवेशद्वारको ठीक माथि र तोरणको ठीक मुनि भागमा सानो उमामहेश्वरको आकृति निर्माण गरिएको छ ।

यस मन्दिरको तोरण पनि कलाकारिताको दृष्टिकोणबाट हेर्दा काष्ठकलाको उत्कृष्ट नमुनाको रूपमा लिन सकिन्छ । तर मन्दिरको गर्भगृहमा स्थापित मुख्य देवदेवी र सोही मन्दिरको तोरणको

सम्बन्ध र मन्दिर वास्तुकलाको नियमानुसार तोरणको बिच भागको मुख्य स्थानमा हुनुपर्ने देवदेवीको आकृतिमा भने फरक देखिएको छ । मन्दिरको जगन्नाथको भए पनि यसको तोरणको मुख्य भागमा भने महिषासुर मर्दनीको आकृति रहेको छ । महिषासुर मर्दनीको दायाँबायाँ जमुना (यमुना) र गङ्गाको आकृति रहको छन् । तोरणको तल्लो दुई छेउ भागमा मकराकृति रहेको छ । दुवै मकराकृतिको माथि जलको प्रतीक स्वरूपको गोलो भुमरी जस्तो आकृति रहेको छ । तोरणको माथिल्लो भागमा नागनागिनलाई दुई खुट्टाले समातेर उडिरहेको गरुड रहको छ । गरुड कै माथि अर्ध गोलाकार बाहिर पर्ने गरी अष्टमङ्गलमध्येको एक छत्राकृति (हेर्दा गजूर जस्तो देखिने) रहेको छ (फोटो नं. २०) ।

मन्दिरको वास्तु विशेषतालाई हेर्दा जगन्नाथको पुरानो मन्दिर वास्तु (फोटो नं.२१) र पुनः निर्मित मन्दिर वास्तु (फोटो नं. १९) को तुलना गर्नुपर्ने देखिन्छ । पुरानो मन्दिर वास्तुकला हेर्दा मन्दिरको निर्माण विशेषता सोही भए पनि मन्दिरको उचाइमा केहि फरकपन पाइन्छ । पुरानो मन्दिरको उचाइ वर्तमानमा पुनः निर्माण गरी बनाएको मन्दिर वास्तुको जस्तो देखिँदैन । पुरानो मन्दिरमा मण्डपको गजूरको चुच्चो र मुख्य मन्दिरको गजूरको फेद वा आमलक भाग समानान्तर देखिन्छ । मण्डप र मन्दिर भागको उचाइको फरक एउटा गजूरको उचाइ जति मात्र थियो । वि.सं. २०७१ मा सम्पन्न मन्दिरको जीर्णोद्वारले भने मन्दिर भाग मण्डपभन्दा धेरै उचाइमा निर्माण गरिएको हो । यद्यपि जीर्णोद्वार पछि मन्दिरको वास्तु रचनाको सुन्दरता धेरै वृद्धि भयो । त्यसैले गर्दा मन्दिर आकर्षक देखिएको छ । मन्दिरको उचाइ बाहेक मन्दिर पुरानै स्वरूपमा निर्माण गरिएको छ ।

अत्यधिक मात्रामा इँटाको प्रयोगले निर्माण भएको मन्दिरमा इँटा कै विभिन्न बुट्टादार आकृतिहरू कुँदिएका छन् । उक्त कलात्मक बुट्टाहरूले मन्दिर आकर्षक तुल्याइएका छन् । यस मन्दिर लगभग ६० देखि ७० प्रकारका साधारण इँटा र बुट्टादार इँटाहरूको सम्मिश्रणबाट निर्माण भएको थियो । साथै केही इँटाहरूमा 'क' देखि 'ज्ञ' सम्म उत्कीर्ण भएको पुरानो इँटाको प्रयोग भएको छ । कुनै इँटामा घोडा तथा हात्तीले चिउरा कुट्दै गरेको आकृति भएको इँटाहरू पनि प्रयोग भएका छन् । मन्दिरको उत्तर मोहडाको फेदमा गर्भगृहमा चढाइएको जल बाहिर ल्याउन एक ढुङ्गेधारा छ । उक्त ढुङ्गेधारा यस मन्दिरको पुरानो भाँचिएकोले हाल जीर्णोद्धारको क्रममा राखिएको ढुङ्गेधारा भने अन्यत्रबाट ल्याइएको हो (कुमार चवाल, व्यक्तिगत अन्तर्वार्ता, वि.सं. २०८०/१२/१५) ।

यस मन्दिरको धार्मिक र सांस्कृतिक पक्षबारे सहज रूपले जानकारी दिने लिखित तथ्यगत इतिहास पाउन सकिएको छैन । स्थानीय समुदायमा मन्दिरको इतिहास र संस्कृति वताउने कुनै पनि लोककथाहरू तथा मिथक प्रचलनमा छैनन् । धेरै वर्ष अगाडि नै यस मन्दिरको मूर्ति चोरी भइ

हराई सकेको कारणले पनि कतिपय मानिसलाई कुन मन्दिर भन्ने ज्ञात नभएको स्थानीयबाट सुन्न पाइन्छ । स्थानीय हरि भक्त किजू (वर्ष ८०) का अनुसार पहिला भक्तपुरको एउटा स्थानीय विद्यालयमा अध्यापन गराउने शिक्षक 'तुईलाल मास्टर' सधैं यस मन्दिरमा आई नमस्ते मुद्रामा ढोग गरेर जाने गर्दथे । एक दिन सोध्दा यो जगन्नाथको मन्दिर भएको बताए । त्यस पछि मात्र यहाँका स्थानीय समुदायमा यो मन्दिर जगन्नाथ मन्दिर भनी मान्न थालेको र मन्दिरको पुनः निर्माण (वि.सं. २०७१ को अन्तमा) पछि बलभद्र, सुभद्रा र कृष्ण अर्थात् जगन्नाथको स्थानक मूर्ति नै स्थापना गरिएको हो ।

समग्रमा हेर्दा यो मन्दिर जगन्नाथ कै हो भन्ने तथ्य एक दुई जनाको भनाइलाई मात्र मानेर ल्याएको देखिन्छ, किनकि अधिकांश स्थानीयलाई मूर्ति बिनाको यस मन्दिर कुन हो भन्ने जानकारी रहेको पाइएन । प्रायः सबैले जगन्नाथ नै हो भन्ने कुरा स्वीकारेका हुन् । तर मन्दिरको तोरण भने देवीसँग सम्बन्धित रहेको  पाइन्छ । यदि यस तोरण मन्दिर निर्माणको प्रारम्भिक काल कै हो भने यस मन्दिर जगन्नाथ कै हो ? भन्ने महत्वपूर्ण प्रश्न उठ्न सक्छन् । किनकि मौलिक मन्दिर वास्तुकला निर्माणको नियमअनुसार गर्भगृहमा जुन धार्मिक मान्यताको मूर्ति स्थापना गरिएको हुन्छ, त्यही मान्यताको आकृति प्रवेशद्वारको ठीक माथि रहेको तोरणको बिच भागमा स्थापना गरिएको वा निर्माण गरिएको हुनुपर्दछ । तर यस मन्दिरको तोरण केन्द्रमा महिषासुर मर्दनी र त्यसको दायाँबायाँ गङ्गा जमुनाको आकृति रहेको छ । जुन आकृति तुलजा भवानीसँग सम्बन्धित छ । त्यस्तै, यस मन्दिरमा रहेको मण्डपको चार प्रस्तर खम्बाको तल्लो भागमा कलशको आकृतिले पनि तोरणमा रहेको देवीलाई नै सङ्केत गर्दछ । यी तथ्यले यस मन्दिरको प्रारम्भिक मूर्ति देवी वा दुर्गाको थियो कि भनी पनि अड्कल लगाउन सकिन्छ । यस तथ्यको पुष्टिका आधारका रूपमा विजया दशमीको रातमा गरिने *'पायँ न्ह्याकेउ जात्रा'* अन्तर्गतको एक धार्मिक क्रियाकलाप लिन सकिन्छ ।

हरेक वर्ष विजया दशमीको रातमा *पायँ न्ह्याकेउ* जात्राको अन्तिम क्षणमा तुलजा भवानीलाई यस मन्दिरको प्रवेशद्वार ठीक अगाडि पेटीमा विराजमान गराइन्छ । यस स्थानमा तुलजा भवानीको विराजमान सँगै सम्पूर्ण नवदुर्गा गणले नाचसहित विराजमान गराइएको देवीलाई स-सम्मान अँगालो हालेर दर्शन गर्दछन् । नजिकै रहेको लक्ष्मीनरसिंह मन्दिरको परिक्रमा गरी त्यसको उत्तरी मोहडा तिरको बिच बाटोमा विराजमान भएको *स्वपुगं भैलद्य* अर्थात् भैरवलाई पूजा गरी प्रसाद ग्रहण गरी तान्त्रिक संस्कार सम्पन्न गरिन्छ । यस तन्त्र विधान पश्चात् तलेजु भवानी छुट्टिएर भक्तपुर दरबार र नवदुर्गा डातापौँल, गोल्मढि हुँदै क्वाठडौ स्थित नवदुर्गा द्यछें जाने गर्दछ (बद्री

त्वाती, वर्ष ७०, २०८०/१२/२०) । यस क्रियाकलापले पनि जगन्नाथ मन्दिर भनेर चिनिने तःमारी क्षेत्रको यस मन्दिर प्रारम्भिक कालमा देवी वा दुर्गा कै मन्दिर थियो कि भन्ने अनुमान गर्न सकिन्छ ।

यद्यपि, यो मन्दिरको प्रारम्भिक मूर्ति कुन हो भन्ने स्पष्ट भन्न सकिने अवस्था छैन । स्थानीय जनबोलीमा जगन्नाथको मन्दिर भएको कथनका आधारमा यस मन्दिरमा जगन्नाथको मूर्ति स्थापना गरिएको भने पक्कै हो । यहाँका मानिसहरूमा यो जगन्नाथ कै मन्दिर हो भन्ने विश्वास भने कायम नै छ । स्थानीय समुदायकाअनुसार वि.सं. २०१८ भन्दा अघि नै मूर्ति चोरी भएको वा हराएको हुनाले पनि यस मन्दिरमा कुन मूर्ति छ भन्ने तथ्य यकिन गर्न असहज भएको हो । तर भक्तपुर नगरपालिकाको अगुवाइमा वि.सं. २०७१ मा यस मन्दिरको पुनः निर्माण सम्पन्न पश्चात् जनविश्वास कै आधारमा जगन्नाथको मूर्ति स्थापना गरिएको थियो ।

जगन्नाथको मन्दिरमा जगन्नाथको वा कृष्णको मूर्तिलाई विशेष प्राथमिकतामा राखेर पूजाविधि सञ्चालन गरिन्छ । जगन्नाथलाई तान्त्रिक, वैदिक र पौराणिक दृष्टिकोणबाट पूजाविधि सञ्चालन गरिने परम्परा पनि रहेको छ । तान्त्रिक परम्परामा जगन्नाथलाई भैरव मानिन्छ । वैदिक परम्परामा जगन्नाथलाई पुरुषोत्तम मानिन्छ । पौराणिक परम्पराअन्तर्गत जगन्नाथलाई नारायण मानिन्छ (Bryant, 2007, p. 140) । यही प्रथा अनुरूप भक्तपुरमा पनि जगन्नाथलाई तान्त्रिक र वैदिक विधिबाट पूजा सम्पन्न गर्ने गरिएको हो । यही तन्त्र परम्पराअन्तर्गत जगन्नाथ मन्दिरमा पूजाविधि सम्पन्न गर्दा सुभद्रालाई चण्डिका मानेर पूजा सम्पन्न गरिन्छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । सुभद्रालाई चण्डिका मान्ने तान्त्रिक परम्परालाई मान्ने हो भने तःमारी क्षेत्रको जगन्नाथ मन्दिर तन्त्र प्रभावित जगन्नाथ मन्दिर हो । गर्भगृहमा जगन्नाथ वा कृष्ण प्रमुख नभइ सुभद्रा रुपी चण्डिका वा दुर्गा नै मन्दिरको प्रमुख देवी देखिन्छन् । यस तान्त्रिक विधानअनुसार तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको तोरणमा महिषासुर मर्दिनी अङ्कित गरेको हुनपर्दछ ।

## मूर्तिकला

तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा धेरै दशकसम्म मूर्ति विहीन भएर रहेको थियो । वि.सं. २०७१ मा यस मन्दिरको पुनः निर्माण भए पछि मात्र जन विश्वासअनुसार नै यस मन्दिरमा जगन्नाथका मूर्तिहरू स्थापना गरी पुनः जीवन प्रदान गरिएको थियो । यस मन्दिरमा स्थापना गरिएको बलराम, सुभद्रा तथा जगन्नाथको मूर्तिहरू नवनिर्मित आधुनिक मूर्तिहरू हुन् । मन्दिरको प्राचीन मौलिक मूर्ति भने यहाँको जनमानसमा थाहा नभएको समूहगत छलफलबाट बुझिएको छ ।

यद्यपि, पाँच दशकसम्म यस मन्दिरमा मूर्ति विहीन हुँदा पनि स्थानीयहरूले जगन्नाथ भनेर पूजाउपासना गरिरहे । जगन्नाथ भावना जीवित नै राखे ।

यस मन्दिरमा स्थापित नवनिर्मित तीन वटै मूर्तिहरू जलहरीसहितको वेदिमा माथि तिर फर्किएको एकोहोरो पद्मपीठ माथि समभङ्ग मुद्रामा उभिएका छन् (फोटो नं. २२) । तीन वटा मूर्तिहरू छुट्टिएको छ । पद्मपीठ पनि तीन वटै मूर्तिहरूको छुट्टा छुट्टै छन् । बलराम र जगन्नाथले कम्मरमा पेटीसहितको धोती जस्तो पहिरन लगाएका छन् । सुभद्राले भने पेटीसहितको मुजा परेको सारी जस्तो पहिरन धारण गरेको पाइन्छ । तिन वटै मूर्तिको कम्मरको माथिल्लो भाग खुल्ला राखिएको छ । काँधको दुवै तिरबाट हातको पछाडि भइ कम्मरसम्म पुग्ने गरी गलबन्दी जस्तो वस्त्र धारण गरिएको छ । मूर्तिहरूको नाडीमा बाला र पाखुरामा केयूरको प्रयोग गरिएका छन् । कानमा गोलो कर्णकुण्डलको प्रयोग गरिएको छ । गलामा दुई तहको माला लगाइएका छन् । पहिलो आकर्षक माला गला मै रहेको छ । अर्को तहको माला पेटसम्म आउने गरी लगाएको छ । मूर्तिहरूको शिरमा आकर्षक मुकुट छ । मूर्तिहरूको पृष्ठ भागमा माथितिर चोसो परेको ज्वालावलीयुक्त प्रभामण्डल छ । उक्त प्रभामण्डल पद्मासनदेखि मूर्तिको पृष्ठ भाग भएर मूर्तिको टाउको माथिसम्म पुगेको छ ।

समभङ्ग मुद्रामा उभिएका मूर्तिहरूमध्ये बलरामको दायाँ हातमा गदा समातेको छ । उक्त गदाको टुप्पो पद्मासन छोएको छ । बायाँ हात भने छातीसम्म उठाई बायाँ काँध तिर गएको कोदालोको बिँड समातेका छन् । बिचमा उभिएकी सुभद्राको दुवै हात छातीसम्म उठाई अञ्जली ( नमस्ते) मुद्रा प्रदर्शन गरिएको पाइन्छ । जगन्नाथको रूपमा स्थापित मूर्तिमा दुवै हात कुमसम्म पुग्ने गरी हात उठाएको छ र दायाँ हातमा चक्र र बायाँ हातमा शङ्ख रहेका छन् । यस मूर्तिमा चक्रसहितको हात पछाडि चक्रको माथि तिर देखिने गरी गदाकृति पनि रहेको छ । बायाँ हातको शङ्ख माथि तिर देखिने गरी कमलाकृति जस्तो देखिने गरी आकृति निर्माण गरिएको छ । जगन्नाथका यी मूर्तिहरू विराजमान गराइएको जलहरीसहितको वेदीको उचाइ ३८ सेमी रहेको छ । उक्त वेदी माथि रहेका तीनवटै मूर्तिलाई लम्बाई र उचाइ लगभग बराबर आकारका छन् । मूर्तिको पद्मपठीको उचाइ ८ सेमी रहेको र मूर्तिहरूको उचाइ ४० सेमी रहेको छ । मूर्तिहरू चौडाइ ३८ सेमी रहेको सम्मान नापयुक्त रहेका छन् । उक्त मूर्तिहरूको विश्राम वेदी नजिकै सानो शिवलिङ्ग पनि स्थापना गरिएको छ ।

### ३.४.४ बोलाछेँ स्थित जगन्नाथ मन्दिरका मूर्त सांस्कृतिक सम्पदा

भक्तपुर प्रचीनकाल देखि नै सानातन हिन्दु परम्परा तथा देवालयहरूको स्थापनाका पनि उत्कृष्ट स्थानको रूपमा रहि आएको विषय उपलब्ध धार्मिक एवम्म् सांस्कृतिक सम्पदाहरूको अवस्थितिले वताउँछन् । भक्तपुरमा जगन्नाथ मन्दिरहरूको स्थापना पश्चात् यस सम्प्रदायलाई राजकीय र स्थानीय जनजीवनमा सहज स्वीकार गरिएको छ । यसै क्रममा जगन्नाथ मन्दिरहरू सहरको विभिन्न भागमा स्थापना गरी भक्तपुर वासीलाई दर्शन गर्ने व्यवस्था गरिएको थियो । तुलाछेउको जगन्नाथ मन्दिर, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर र तःमारी क्षेत्रको जगन्नाथ मन्दिर बाहेक बोलाछेँको थाछेँ भन्ने स्थानमा पनि जगन्नाथको सानो आकर्षक मन्दिर रहेको छ । उक्त मन्दिर एउटा व्यक्तिगत घरको छिँडीमा निर्माण गरिएको छ (फोटो नं. २३) ।

यो जगन्नाथ मन्दिर पूर्ण रूपमा प्रस्तरले बनेको छ । एउटा साधारण पेटी माथि निर्माण गरिएको यो मन्दिरको पेटि माथि सानो पीठमा गर्भगृहको आकृतिमा सानो कोठा जस्तो निस्किएको छ । उक्त गर्भगृहको बिच भागमा पर्ने गरी भित्तामा टाँसिएर रहेको अवस्थामा जगन्नाथको मूर्तरूपमा विराजमान छन् । जगन्नाथका मूर्तिहरूको पृष्ठ भाग भने एउटै रहेको छ । तीन वटै मूर्ति एकै प्रस्तरमा निर्माण भएका छन् । जगन्नाथको मूर्तिसँगै बायाँ तिर गणेशको सानो मूर्ति छ । मन्दिरको गर्भगृहको अग्र भागमा चार वटा बुट्टादार प्रस्तर खम्बा रहेका छन्, उक्त खम्बाहरू मध्ये बिचको दुई खम्बाको फेद भागमा देवाकृति रहेको छ । मन्दिरको गर्भगृह माथि आकर्षक बुट्टादार तहहरू रहेका छन् । उक्त तहहरू माथि पछाडि भागमा त्रिरथ शिखर शैलीमा निर्मित मन्दिरको भाग र माथि आमलकसहितको गजूर पनि रहेको छ । उक्त बुट्टादार तह माथि रहेको त्रिरथको वास्तु रचनासँगै दायाँबायाँ दुई वटा र अग्र भागमा तीन वटा गरी पाँच वटा स-साना देवमूर्ति विहीन आकर्षक नमुनात्मक मन्दिराकृतिहरु निर्माण र स्थापना गरिएका छन् ।

यो जगन्नाथ मन्दिरको बायाँ भागमा शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्गसँगै जोडिने गरी चार दिशा तिर विष्णु, गणेश तथा अन्य दुई देवाकृतिहरुको स्थापना गरिएका छन् । साथै मन्दिरको बाहिरी भागको दायाँ भित्तामा एउटा घण्टी जडान गरिएको छ । जगन्नाथ मन्दिर स्थापना गरिएको छिँडीको कोठाको बाहिर एउटा *ननी* रहेको छ । उक्त ननीमा विभिन्न देव मूर्तिहरू तथा जलद्रोणीको स्थापना गरिएका छन् । *ननी*को दक्षिणी भागमा हनुमान् तथा *भिंद्यः* को स्थापना गरिएको छ । जलद्रोणी र माथि नृत्यदासीसहितको कृष्णको मूर्ति स्थापना गरिएको छ । यस क्षेत्रको

ननी भाग भने मानिसहरूको बसोवास कम हुँदैगएको कारण प्रयोग विहीन भएको छ  (फोटो नं. २४) ।

तःमारी क्षेत्रको जगन्नाथ मन्दिर पछाडि जंघम मठ रहेको छ । उक्त जंघम मठको पछाडि बोलाछैं टोलकोको थाछैं चोकमा यस जगन्नाथ मन्दिर स्थापना गरिएको घर रहेको छ । थाछैंका स्थानीय शम्भुप्रसाद जोशीका अनुसार घर भित्रको उक्त जगन्नाथ मन्दिर उहाँको बाजे नाता पर्ने विन्दुचरण जोशीले निर्माण गरेका थिए । तर घरभित्र नै किन जगन्नाथ मन्दिर निर्माण गरिएको भन्ने थाहा पाउन सकिएको छैन (शम्भुप्रसाद जोशी, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । उहाँकाअनुसार हाल विन्दुचरणका तीन छोराहरूमध्ये दयाचरण जोशीको घर-भागमा जगन्नाथ मन्दिर रहेको छ । विगतमा यस जगन्नाथ मन्दिरको नित्य पूजा तथा सर्वसाधारण दर्शनको लागि आउने परम्परा रहेको थियो । यस मन्दिरमा नित्य पूजाको लागि ब्राम्हण पूजारीको व्यवस्था छ । हाल मन्दिरको नित्य पूजा सञ्चालनको लागि व्यवस्था गरिएको जग्गा बापतको आयस्ता वा बाली नआएकोले दैनिक पूजाविधि बन्द भएको हो (शम्भुप्रसाद जोशी, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

### ३.४.५ खोंह्वे परिसरको जगन्नाथ मन्दिरका मूर्त सम्पदा

भक्तपुर नगरको दक्षिणी भेगमा खोंह्वे अर्थात् हनुमानघाट क्षेत्र रहेको छ । यो मृत्यु संस्कार र त्यस पछिका संस्कारहरू सम्पन्न गर्ने एक महत्वपूर्ण स्थल हो । यस खोंह्वे क्षेत्रमा मध्यकालमा निर्मित नेपालको सबैभन्दा ठूलो शिवलिङ्ग, गणेश र बुद्धका विशाल मूर्ति, विष्णु, हनुमान्, तथा धेरै मात्रामा स-साना प्रारूपका विभिन्न सांस्कृतिक सम्पदाहरू रहेका छन् । यी सम्पदाहरूका साथै लघुरुपको जगन्नाथको सानो मन्दिर सहित प्रस्तर मूर्ति रहेको छ (फोटो नं. २७) । उक्त सानो जगन्नाथ मन्दिर पूर्ण रूपले प्रस्तरबाट निर्माण भएको हो । यस मन्दिरको स्थापना मिति निर्धारण गर्न कठिन छ । तापनि प्रस्तर मूर्तिको बनावट शैली र विशेषता हेर्दा मध्यकालीन मूर्ति र मन्दिर हुन सक्ने सम्भावना देखिन्छ ।

यस जगन्नाथ मन्दिरका मूर्तिहरू सानो प्रस्तर मन्दिरको बुट्टादार प्रस्तर खम्बा र पठीको खोपाभित्र रहेका छन् । मूर्तिहरू माथि तिर फर्किएको एकोहोरो पद्मपीठमा समभङ्ग मुद्रामा उभिएका छन् । जगन्नाथ र बलरामले काँधसम्म आउने गरी हात उठाएर  हातमा आ-आफ्नो आयुधहरू धारण गरेका छन् । जगन्नाथको बायाँ हात खण्डित भइसकेको छ । जगन्नाथ र बलरामको बिच भागमा उभिएकी सुभद्रा अञ्जली (नमस्ते) मुद्रामा उभिएकी छन् । सुभद्राको मूर्ति बलराम र

जगन्नाथको मूर्तिभन्दा तुलनात्मक रूपले आधा जस्तो छ । मूर्तिहरूका आङ्गिक शूक्ष्म विवरणहरू घामपानी तथा मानव स्पर्शले गर्दा जीर्ण भएका छन् । यद्यपि मूर्तिका आयुध, माला, मुकुट तथा अन्य शरीरका भागहरू सामान्य रूपले भने बुझ्न सकिने अवस्थामा छ ।

जगन्नाथको मूर्तिको माथि प्रस्तरको आमलक राखिएको छ । उक्त आमलक माथि त्रिरथको शिखर शैली सिद्धान्त अनुरूप बनेको शिखर शैलीको सानो संरचना रहेको छ । उक्त शिखर संरचनाको माथि सानो आमलकसहितको गजूर रहेको छ । मन्दिरको शिखर शैलीको संरचना एकै प्रस्तरमा निर्माण भएको छ । निर्माण पक्रिया र विधिका आधारमा यो मन्दिर मध्यकालका एक उत्कृष्ट सूक्ष्म प्रस्तरकलाको नमुना हो । प्रस्तरकै मात्र प्रयोग गरी सूक्ष्म मन्दिर वास्तुकलाको निर्माण गरी पूजा दर्शनको लागि स्थापना गर्ने परम्परा निकै कमै मात्र रहेको देखिन्छ । यस हिसाबले पनि यस जगन्नाथ मन्दिर र मूर्तिकला उत्कृष्ट रहेको छ ।

यस प्रस्तरको जगन्नाथ मन्दिरमा रहेको जगन्नाथ र बलरामको उचाइ समान रूपको रहेको छ । जगन्नाथ र बलरामको उचाइ २५ से.मी. रहेको छ । सुभद्राको मूर्ति तुलनात्मक रूपमा सानो रहेको छ । सुभद्राको उचाइ १४ से.मी. छ । बलराम, शुभद्रा र जगन्नाथ माथि तिर फर्किएको एकोहोरो पद्मपिठमा उभिएको छ । उक्त प्रस्तर पद्मपठीको उचाइ ४.५ से.मी. रहेको छ । यस मन्दिरको मोहडा अथवा अग्र भागको लम्बाई ४२ से.मी., चौडाइ ५२ से.मी. र मन्दिरको जम्मा उचाइ १४२ से.मी. रहेको छ

### ३.४.६ राष्ट्रिय काष्ठकला सङ्ग्रहालयका जगन्नाथ परिवारका मूर्तिहरू

भक्तपुरमा जगन्नाथ सम्प्रदायको जीवन्त अभ्यास मध्यकालदेखि नै देखिन्छ । यहाँका जगन्नाथ मन्दिरहरू नेपाल कै प्रारम्भिक जगन्नाथका मन्दिरहरू हुन् । भक्तपुरमा जगन्नाथको स्थापना पछि यसको तान्त्रिक तथा वैदिक पूजा विधान सम्पन्न हुँदै आएको छ । यस अर्थ पनि जगन्नाथ सम्प्रदायको प्रारम्भ र विकासमा भक्तपुर विशेष छ । जगन्नाथ सम्प्रदायको प्रसार र प्रचार सँगै काठमाडौं र अन्य क्षेत्रमा पनि विभिन्न कालखण्डमा जगन्नाथका मन्दिरहरू निर्माण भए । ती मध्ये हनुमान ढोका अगाडिको जगन्नाथ मन्दिर पनि मध्यकालीन मन्दिर हो । कान्तिपुरका राजा महेन्द्रमल्लले वि.सं. १६१९ मा स्थापना गरेको यस मन्दिरमा पछि राजा प्रतापमल्लले जगन्नाथको काष्ठ मूर्ति स्थापना गरेको थिए (खतिवडा, २०८२, पृ. १७७) ।

भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालयको आधिकारिक लिखित विवरण ढड्डा नं. ३ को जिन्सी नं. ४३८, ४३९ र ४४० अनुसार त्यहाँ क्रमशः जगन्नाथ, सुभद्रा र बलरामको मूर्ति रहेका छन् । उक्त

टिपोट अनुसार काठमाडौं मखनको जगन्नाथ मन्दिरको काष्ठ मूर्तिहरू पुरानो भइ नयाँ मूर्ति प्राण प्रतिष्ठा गरी पुरानो मूर्तिहरू वि.सं. २०४१ भाद्र ३ रोज १ का दिन तत्कालीन पूजारी श्री भरत दास वैष्णवले राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुरमा हस्तान्तरण गरेको थिए (फोटो नं. २५) । यो हस्तान्तरण कार्य सामान्य घटना मात्र थिएन, जगन्नाथको मूर्तिलाई भक्तपुर ल्याउनुमा विशेष कारण पनि अनुमान गर्न सकिन्छ । किनकि भक्तपुर क्षेत्र नेपालमा जगन्नाथको उद्भव क्षेत्र हो । जगन्नाथ सम्प्रदायको लागि भक्तपुर धार्मिक र सांस्कृतिक महत्वको रूपमा रहेको छ । साथै यो घटनाले तत्कालीन समयमा पुरी क्षेत्रमा जस्तै मूर्तिहरूको नवकलेवर स्थापना गर्ने वा कलेवर परिवर्तन गर्ने परम्परा नेपालमा पनि रहेको तथ्य प्रष्ट पार्दछ । उक्त मूर्तिहरूले तत्कालीन समयमा जनमानस बिच जगन्नाथ सम्प्रदायको अस्तित्व सुरक्षित रहेको तथा जगन्नाथ प्रथालाई निरन्तरता दिई रहेको देखिन्छ (Guy, 1992, p. 224) ।

हाल राष्ट्रिय काष्ठ कला सङ्ग्रहालय, दत्तात्रय, भक्तपुरमा सुरक्षित बलराम, सुभद्रा र जगन्नाथको काष्ठ मूर्तिहरू तुलनात्मक रूपले अन्य जगन्नाथ मन्दिरका मूर्तिभन्दा ठूलो आकारका छन् (फोटो नं. २६) । जगन्नाथको मूर्ति को उचाइ १८३ से.मी. र जाँघ खण्डको चौडाइ ४६ से.मी. रहेको छ । त्यस्तै सुभद्राको मूर्तिको उचाइ ८० से.मी. र टाउका खण्डको चौडाइ ४० से.मी. रहेको छ । सुभद्रको मूर्ति जीर्ण भएकोले छातीभन्दा मुनिको भाग नभएको र पछि सङ्ग्रहालयबाट काठका धूलो मिश्रित उड डष्टले पूर्ण स्वरूप निर्माण गरिएको छ । बलरामको मूर्तिको उचाइ १६१ से.मी. रहेको छ र हिपमा चौडाइ ४५ से.मी. रहेको छ ।

यहाँका जगन्नाथ मूर्तिहरूमा खुट्टामा पैतलाको अभाव रहेको छ । जगन्नाथ र बलरामको मूर्तिको शरीरमा बुट्टादार लुगा र कम्मर मुनिको भागमा बुट्टासहितको धोती धारण गरेका छन् । सुभद्राको मूर्ति सानो भएकोले पहिरन पहिचान गर्न कठिन छ । यी तीन वटै मूर्तिमा पन्जा विहीन हात जोडेर राखिएका छन् । सुभद्राको एउटा मात्रा हात छ । जगन्नाथ र बलरामको गोलो अनुहार, गोलो र ठूलो आँखा रहेका छन् । सुभद्राको गोलो आँखामा चेप्टो आँखा रहेको छ । यस मूर्तिहरूको निधारमा लामो टिका लगाएको छ । मूर्तिहरूको शिरमा साधारण केशविन्यास रहेको छ । मूर्तिमा मुकुटको प्रयोग छैन । भक्तपुरमा बनेका जगन्नाथ मन्दिरका मूर्तिहरूमा मौलिक विशेषताको रूपमा शिरमा मुकुट प्रयोग गरी मूर्तिको निर्माण गरिने प्रचलन हो । तर हनुमानढोका दरबारको जगन्नाथ मन्दिरको प्राचीन मूर्तिको निर्माण भने पुरीको जगन्नाथका मूर्तिहरू जस्तै निर्माण गर्न खोजेको देखिन्छ ।

यस जगन्नाथ मूर्तिहरूमध्ये प्रारम्भमा भक्तपुर स्थित राष्ट्रिय कष्टकला सङ्ग्रहालयमा जगन्नाथ र बलरामको मात्र मूर्तिहरू प्रदर्शनका लागि राखिएको थियो । सुभद्राको मूर्ति एकदम जीर्ण भएकोले उक्त मूर्ति सङ्ग्रहालयको भण्डारणमा सुरक्षित राखिएको थियो । पछि उक्त सुभद्राको मूर्तिलाई जीर्णोद्धार गरी वि.सं. २०७६ मा जगन्नाथ र बलरामको बिच भागमा राखी प्रदर्शनमा राखिएको हो (यमुना महर्जन, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०४/०३) । काष्ठकला सङ्ग्रहालयमा प्रदर्शनमा राखिएको जगन्नाथको मूर्तिहरूमा लगाइएको रङ्ग प्रारम्भिक कालको छ । जगन्नाथको मूर्तिमा अनुहार कालो रङ्गले लेपन गरी रातो आँखिभौ निर्माण गरिएको छ । शरीर भाग पहेँलो र कम्मर मुनिको पहिरनमा रातो भूमिमा साना साना पहेँलो बुट्टाहरू रहेका छन् । सुभद्राको कपाल भाग कालो र अनुहार पहेँलो निर्माण गरिएको छ । सुभद्राको आँखिभौ पनि रातो छ । बलरामको अनुहार र शरीर भाग पहेँलो रङ्ग लेपन गरिएको छ र कपाल कालो छ । बलरामको कम्मर मुनिको भाग भने जगन्नाथको जस्तै विशेषतायुक्त रहेको छ ।

# अध्याय चार

## भक्तपुरका जगन्नाथ मन्दिरसँग सम्बन्धित अमूर्त साँस्कृतिक सम्पदा

अध्याय चारमा शोध प्रबन्धले निर्धारण गरिएको दोस्रो उद्देश्य भक्तपुरका जगन्नाथ मन्दिरसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाको संकलन, वर्गिकराण र विश्लेषण गरिएको छ । यस क्रममा अमूर्त सम्पदा सम्बन्धि अवधारणाका साथै वर्गिकरण र जगन्नाथ सम्प्रदायसँग सम्बन्धित अमूर्त सम्पदाहरू विश्लेषणमा समेतिएका छन् ।

### ४.१ अमूर्त सांस्कृतिक सम्पदा

अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति पनि भन्ने गरिन्छ । भौतिक वा मूर्त स्वरूप नभएका सामाजिक मूल्य, मान्यता, परम्परा, भाषा, संस्कार, बिचार, बुद्धि, ज्ञान, सामाजिक संस्था, प्रथा, तथा प्रथाजनित कानून, लोकताल, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, उखान, टुक्का, लोकधर्म, लोक औषधोपचार आदिजस्ता सम्पूर्ण सांस्कृतिक निधिहरूलाई अभौतिक संस्कृति अन्तर्गत राख्न सकिन्छ । यस्ता निधिहरू अभौतिक सांस्कृतिक सम्पदाहरू हुन् । यस्ता सम्पदाको विकास पनि भौतिक सांस्कृतिक सम्पदा जस्तै समाज विकासको प्रक्रियामा भएको हो । यस प्रकारका सांस्कृतिक सम्पदाहरूमा अमूर्तता पाइन्छ । जसलाई देख्न छुन सकिदैन । भौतिक संस्कृतिको तुलनामा अभौतिक संस्कृतिको परिवर्तन हुने सम्भावना ज्यादै थोरै हुने गर्दछ । अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित केही महत्त्वपूर्ण पक्षहरू यस प्रकार छन् ।

#### ४.१.१ अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धि अवधारणा

सामान्यतया देख्न र सुन्न सकिने तर कुनै निश्चित भौतिक वा मूर्त आकार नभएका महशुस गरी आनन्द लिन सकिने सामाजिक मूल्यमान्यता, परम्परा, भाषा, संस्कार, विचार, बुद्धि, ज्ञान, सामाजिक संस्था, प्रथा तथा प्रथाजनित कानुन, लोकताल, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, उखान, टुक्का, लोकधर्म, तन्त्रमन्त्र, झारफुक, धामीझाँक्रीप्रथा, लोकऔषधोपचार जस्ता सम्पूर्ण सांस्कृतिक निधिहरूलाई अभौतिक संस्कृतिअन्तर्गत राख्न सकिन्छ (दुलाल, २०७९, पृ. ५२) । अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भन्ने गरिन्छ । मानिसका क्रियाकलाप पछि उसको सोच, योजना, मान्यता, सीप, व्यवहार जस्ता कुराहरू समष्टिमा अभौतिक वा अमूर्त संस्कृतिका नमुना हुन् (खत्री, २०७०, पृ.८) ।

### ४.१.२ अमूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा युनेस्कोको वर्गीकरण

संसारमा संस्कृतिका सम्बन्धमा धेरै अध्ययन अनुसन्धानहरू भएका छन् । नेपालमा पनि वि.सं. २००७ देखि यस क्षेत्रमा स्वदेशी तथा विदेशी धेरै विद्वान्हरूले सोधखोज गर्दैआएको इतिहास छ । यस क्षेत्रको अध्ययन अनुसन्धान गर्ने क्रम निरन्तर वृद्धि हुदैगएको अवस्था हो । यद्यपि संसारमा संस्कृतिको अध्ययन अनुसन्धान भन्नासाथ भौतिक वा मूर्त पक्षको विश्लेषण गर्ने प्रवृति र परिपाटीलाई बुझ्ने गरिन्छ । हिजोआज यो परम्परा धेरै विकास भएको छ । अभौतिक वा अमूर्त सांस्कृतिक सम्पदाहरूको त्यति धेरै अध्ययन अनुसन्धान हुन सकेको देखिदैन । सही अर्थमा अध्ययन अनुसन्धानका दृष्टिले भौतिक वा मूर्तलाईभन्दा अमूर्त वा अभौतिक सांस्कृतिक पक्षलाई बढी ध्यान दिनु पर्दछ । मूर्त सम्पदा पछिसम्म रहन सक्छन् । त्यस्ता सम्पदाहरूको चित्र सङकलन गरी राख्न सकिन्छ । मर्मत सम्भार गर्न सकिन्छ । तर अमूर्त सम्पदा लोपभए भने त्यसलाई पुर्नजीवन दिन कठिन हुन्छ । त्यस्ता सम्पदाहरूको इतिहास हराउँछ । परम्परा बिलाउँछ । समग्रमा त्यस्ता सम्पदाहरू मासिए नासिए, हराए लोपभए भने त्यसबाट राष्ट्रले पाउने पहिचान र सम्मान पूर्णरूपमा गुमाउने छ । फलस्वरूप सन् २००३ देखि संसारको सम्बन्धित क्षेत्रको ध्यान यसतर्फ केन्द्रित हुँदैआएको देखिन्छ ।

युनेस्कोको सन् २००३ को अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँचओटा विधामा विभाजन गरेको छ (UNESCO, 2003, p. 8)।

### ४.१.३ अमूर्त सांस्कृतिक सम्पदाका सम्बन्धमा नेपालको वर्गिकरण

युनेस्कोको सन् २००३ को वर्गीकरणलाई मूलआधार मानेर नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी अभिलेखहरूको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ तर्जुमा गरेको हो । यस कार्यविधिमा नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अभौतिक संस्कृतिसँग सम्बन्धित दशओटा विधालाई महत्वका साथ समावेश गरेको छ । अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ को मापदण्डअनुसार आजसम्म गरिएका संस्कृति प्रवर्द्धन एवम् संरक्षण कार्यक्रमहरूमा उक्त विधा के कति समावेश भए त्यसको विवरण सूची तयारी पार्ने उद्देश्यले यो अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको हो ।

युनेस्कोको उक्त वर्गीकरणका आधारमा  नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले (क) मौखिक परम्परा एवम् अभिव्यक्ति (ख) अभिनय तथा मञ्चनकला (ग) सामाजिक व्यवहार, अनुष्ठान तथा जात्रापर्वहरू (घ) प्रकृति र ब्रम्हाण्डसम्बन्धी ज्ञान (ङ) र परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि (च) परम्रागत खेल (छ) खाद्यपरिकार सीप ( ज) पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान (झ) सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल र (ञ) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदा गरी अभौतिक संस्कृतिसँग सम्बन्धित सम्पदालाई दशओटा विधामा वर्गीकरण गरेको छ (नेपाल सरकार, २०८१, पृ. २) ।

## ४.२ जगन्नाथ मन्दिरसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदा

नेपाल सांस्कृतिक सम्पदाले भरिपूर्ण एक बहु आयामिक राज्य हो । यहाँ अवस्थित विभिन्न समुदायहरूका आ-आफ्ना चालचलन, विश्वास, संस्कृति, परम्परा, जात्रपर्व जस्ता अभौतिक सांस्कृतिक परम्पारा अभ्यासमा छन् । अभौतिक सांस्कृतिक सम्पदाका निमित्त नेपालमा नेवारी समुदायलाई निकै महत्वपूर्ण मानिन्छ । नेवार समुदायभित्र धर्म तथा संस्कृतिको नाममा प्राचीन तथा मध्यकालीन परम्पराहरू वर्तमान समयसम्म निरन्तर रूपमा चल्दै आइरहेका छन् । नेपालमा प्राचीन तथा मध्यकालमा विभिन्न मूर्त तथा अमूर्त सम्पदाहरू निर्माण गर्ने तथा प्रचलनमा ल्याउने कार्य राजकीय स्तर एवम् जन स्तरबाट भएको थियो । पुर्खाले सिकाएका तथा हस्तान्तरण गरिएका प्रचुर संस्कृति तथा संस्कार आजको दिनमा पनि अस्तित्वमा रहेका छन् । कतिपय संस्कृति तथा संस्कारहरू भने विभिन्न कारणवश लोप भइसकेको अवस्थामा छ । कतिपय समयचक्रसँगै परिवर्तन भइ प्राचीन स्वरूपमा परिवर्तित भइआएको पाइन्छ । जगन्नाथ सम्प्रदाय र त्यसको संस्कार तथा संस्कृतिहरूलाई एउटा महत्वपूर्ण आयाम मान्ने गरिन्छ । यो वर्तमानमा समय लगभग लोप भइसकेको छ  ।

### ४.२.१ पुरी स्थित जगन्नाथ मन्दिरमा सम्पन्न गरिने विविध अनुष्ठान

प्रत्येक वर्षको असार शुक्ल द्वितीया देखि असार शुक्ल दशमीसम्म ९ दिन भारतको पुरी स्थित जगन्नाथको रथयात्रा चल्दछ । रथयात्राका निमित्त बलराम, सुभद्रा तथा कृष्ण जगन्नाथको छुट्टाछुट्टै तीन वटा ठूल्ठूला रथहरू निर्माण गरिन्छ । जगन्नाथ मन्दिरको गर्भगृहबाट मूर्ति निकालेर अजङ्गको ठूलो रथहरूमा मूर्ति राखि मुख्यमार्गमा ल्याउँछन् । यस अवसरमा स्थानीयको ठूलो सहभागिता रहन्छ । देव प्रतिमा रखेका रथलाई परिक्रमा-मार्ग घुमाउने गर्दछन् । रथको आकारप्रकार

भने केही फरक हुन्छ । जगन्नाथ, बलराम र सुभद्राको रथ क्रमशः ४५, ४४ र ४३ फिट अग्लो हुन्छ । रथ यात्राको १५ दिन अघि जेष्ठ पूर्णिमाको दिन जगन्नाथको जन्मदिनको उपलक्ष्यमा मन्दिरको नजिकै रहेको इनार/कुवाबाट १०८ सुवर्ण घैंटो/ भाँडो भरी पानी ल्याई ३ वटै मूर्तिलाई श्रीमन्दिरको उत्तर-पूर्वी प्राङ्गणमा अवस्थित स्नान वेदिमा ल्याई महास्ना गराउँछन् (Behera, 2019, p. 101) । त्यसपछि जगन्नाथ, बलराम र सुभद्रा बिरामी हुन्छन् । यसलाई ज्वरलिला भनिन्छ । ज्वरलिला प्रारम्भ भएको दिनदेखि १५ दिनसम्मको लागि तीनवटै देवदेवी एकान्त बास बसेको प्रतीकको रूपमा यस समयावधिमा भक्तजनको लागि मन्दिरको ढोका पूर्णरूपले बन्द हुन्छ । यस अवसरमा जगन्नाथ, बलभद्र र सुभद्राको उपचारको सङ्केतार्थ मन्दिरको बाराण्डाको छेउको कोठामा लगेर महास्थानको दौरानमा बिग्रिएको मूर्तिको रङ्ग जीर्णोद्वार कार्य वा संस्कार सम्पन्न गरिन्छ । यो संस्कारलाई अनासर वा अनवसर भनिन्छ Behera, 2019, pp. 101-102) ।

ज्वरलिलाको १५ औं दिन पछि मन्दिरमा आई दर्शन गर्न असक्षम भक्तजनलाई दर्शन दिन असार शुक्ल द्वितीयाको दिनदेखि ९ दिनसम्म गर्भगृहबाट बाहिर मुख्यमार्गमा रथयात्रा निकालेर दर्शन गराईन्छ । रथयात्रा प्ररम्भ गर्नु अगाडी तीन वटै मूर्तिहरूको कम्मरमा शबर जातिको वस्त्रको चिनोको रूपमा पेटी लगाइदिन्छ र पेटी लगाउने क्रममा शबरहरूले निरन्तर रूपमा 'मालश्री' भजन उच्चारण गरिरहेको हुन्छ (Misra, 1971, p. 96) । भक्तजनको सहभागीतामा रथयात्राको प्रारम्भ गर्दै रथलाई गुण्डिचाको मन्दिर तर्फ लैजान्छन् । पहिचानको लागि जगन्नाथको रथ रातो र पहेँलो, बलभद्रको रातो र हरियो र सुभद्राको रातो र कालो रङ्गको हुन्छन् । प्रतीकात्मक एवम् साङ्केत अर्थ र महत्वका आधारमा रङ्कको प्रयोग गरिन्छ । महास्नाको क्रमदेखि रथयात्राको दौरानमा स्नान यात्रा, अनासर, नवयौवन, नेत्रोत्सव, रथयात्रा, हेरा पञ्चमी, गुण्डिचाघर नवदिन यात्रा, सयन एकादशी, गरुड सयन द्वादशी, दक्षिणयन यात्रा, झुलनयात्रा जस्ता विभिन्न सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरू सम्पन्न गरिन्छन् । रथयात्राको ९ दिनसम्म मूख्यमार्गमा विभिन्न धार्मिक विधिविधान सम्पन्न गर्दै जगन्नाथ, बलभद्र र सुभद्राको रथ र मूर्ति श्रीमन्दिरमा ल्याइन्छ । विधिवत रूपमा रथयात्रा सम्पन्न गरिन्छ । रथयात्रामा सहभागी भइ भगवान् जगन्नाथको दर्शनभेट गर्न विभिन्न स्थान, सहर, देशहरूबाट लाखौं मानिसहरू उडिसा क्षेत्रमा जाने गर्दछ (Behera, 2019, p. 102) ।

पुरुषोत्तम जगन्नाथको यो प्रमुख रथयात्रा बाहेक बलभद्र जन्मदिन, कृष्ण जन्माष्टमी, कृष्णलिला, गणेश चतुर्थी, ऋषि पञ्चमी, राधाष्टमी, वामन जन्म, कुमार पूर्णिमा, वसन्त पञ्चमी,

माघ पूर्णिमा, डोला यात्रा, अशोकाष्टमी, राम नवमी, चन्दन यात्रा, नृसिंह जन्म जस्ता महत्वपूर्ण धार्मिक क्रियाकलाप साथै अन्य क्रियाकलाप पनि सम्पन्न गरिन्छ (Behera, 2019, pp. 102-105) । यी उल्लेखित जात्रा पर्वहरू सँगै श्रीमन्दिरमा हरेक दिन गजूरको झन्डा फेर्ने तथा भगवान् तथा भक्तजनहरूका लागि दालभात सहितको खिचडी तयार गरी प्रसाद चढाउने कार्य पनि सम्पन्न गर्दछन् । उक्त दैनिक तथा वार्षिक रूपमा गरिने क्रियाकलाप बाहेक  निश्चित तिथि मिलान गरी हरेक ९, १२ वा १९ वर्षमा कलेवर परिवर्तन संस्कार सम्पन्न गरिन्छ । नवकलेवरका लागि जगन्नाथ मूर्तिहरू जीर्ण हुनेक्रममा असार महिनामा मलमास अर्थात अधिमास परेको वर्षमा बलराम, सुभद्रा र जगन्नाथको मूर्ति परिवर्तन गरी नयाँ मूर्ति स्थापना गर्ने प्रचलन यहाँको महत्वपूर्ण संस्कृति हो । यो क्रियाकलाप अनिवार्य रूपमा सम्पन्न गरिनु पर्दछ (Padhee, 2015, p. 16) ।

केही विद्वानहरूले यस क्रियाकलापलाई विज्ञानसँग पनि जोडेर निश्चित समयमा मूर्ति परिवर्तनको आवश्यकता औँल्याएका छन् । भारतका प्राचीन हिन्दु मन्दिर, सम्पदा तथा प्राचीन सनातन प्रविधिहरूको खोज अनुसन्धानको लागि प्रख्यात व्यक्तित्व प्रविन मोहनको कथन अनुसार - "भगवान् जगन्नाथको छाती भागमा रहेको ब्रम्हपदार्थ अथवा दिव्य पदार्थ आर्क रियाक्टर (Arc Reactor) जस्तै विद्युतीय शक्तिको नियमन गर्ने र निरन्तर सञ्चालन भइ मूर्तिलाई जीवन्त राख्ने एक किसिमको तत्व हो । ५० वर्ष अगाडि एक जना व्यक्तिले ब्रम्हपदार्थ अवलोकन गरेको र त्यसबाट चाँदी (Silver) जस्तो पदार्थ बगिरहेको थियो । त्यो चलायमान वस्तु नै ब्रम्हपदार्थ थिए । त्यो आजसम्म भगवान् जगन्नाथको छाती भागमा रहेको प्रतिवेदन प्रस्तुत गरेका थिए । यही शक्ति स्रोतका कारण काष्ठ मूर्ति बिग्रिँदै जाने भएकाले प्रत्येक १२ वर्षमा कलेवर फेर्ने कार्य सम्पन्न गर्ने गरिन्छ ।" (Mohan, 2020) । यस्तै विभिन्न विज्ञानसम्मत अन्य तथ्यहरू पनि जगन्नाथ मन्दिरसँग सम्बन्धित रहेको पाइन्छन् ।

### ४.२.२ भक्तपुरका जगन्नाथ मन्दिरमा सम्पन्न गरिने धार्मिक अनुष्ठान

नेपालमा हालसम्म प्राप्त सबैभन्दा पुरानो जगन्नाथ मन्दिर भक्तपुर तुलाछेँ टोलको हो । यद्यपि भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको अभिलेखको आधार र विश्लेषणात्मक अध्ययन गर्दा यो मन्दिर हालसम्म कै पुरानो मन्दिर मान्न सकिन्छ । यस विषयमा गहन अध्ययनको आवश्यक छ । जे होस् नेपालमा १६ औँ शताब्दी पछि भने नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार र प्रभाव भइसकेको प्रमाण प्राप्त भएको छ । जगन्नाथ संस्कृतिको स्थापनाको केन्द्रबिन्दु भक्तपुर हो ।

भक्तपुर बाहेक काठमाडौँ र ललितपुर बाहेक अन्यत्र केही स्थानहरूमा पनि जगन्नाथ मन्दिरहरू स्थापना भएको पाइएका छन् (Islam, 2012, pp. 29-36 ) ।

मध्यकालमा जगन्नाथ सम्प्रदायको प्रसार सँगै जगन्नाथसँग सम्बन्धित संस्कार पनि प्रसार भएको थियो । हिजोआज त्यस्ता कतिपय संस्कार तथा जात्रा पर्व लोप भइसकेका छन् । मध्यकालमा राजकीय स्थान पाउन सफल जगन्नाथ सम्प्रदाय पछिल्लो कालमा लोकप्रियता कम हुँदै गयो । जात्रा पर्व सम्पन्न गर्न आर्थिक अभावका कारण वा अन्य कुनै कारणले समुदायमा जगन्नाथ संस्कृतिको मान्यतामा कमी हुँदै आएको हुन सक्दछ । फलस्वरूप कालान्तरमा जगन्नाथ संस्कृति नै लोप हुन गएको हो । उडिसा राज्यको पुरी क्षेत्रका जगन्नाथ मन्दिरमा वर्तमान समयसम्म पनि स्थापना कालदेखिको संस्कार र संस्कृति प्रचलनमा आइरहेको छ । त्यसबाहेक त्यहाँबाट प्रसार भएको बङ्गलादेशमा पनि वर्तमानसम्म सोही अनुरूप चलिआएको छ । तर, नेपालमा मध्यकालमा लोकप्रिय भइसकेको जगन्नाथ सम्प्रदायको संस्कृतिमा किन ह्रास आए भन्ने तथ्य विचारणीय छ । यो थप अध्ययन अनुसन्धानको विषय हो ।

भक्तपुरको तुलाछेँ टोल र भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरहरू नेपाल कै प्राचीन जगन्नाथ मन्दिरहरूमध्ये पर्दछन् । मध्यकालमा निर्मित यी मन्दिरहरूमा पनि विभिन्न पूजा विधि, संस्कार, जात्रा पर्वहरू रहेको थियो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०३/१८) । भक्तपुरका जगन्नाथ संस्कार संस्कृतिका बारे जगन्नाथ मन्दिरका पूजारी विनोदराज शर्माअनुसार विभिन्न समयमा आवश्यकताअनुरूप मूर्तिलाई पुनः संस्कार गर्ने वा कलेवर परिवर्तनका कार्यहरू गरिने परम्परा रहेको थियो । वि.सं. १९९० को महाभूकम्प पछि उहाँका बाजे मधुकुमार शर्मा राजोपाध्यायले पनि भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको काठको पुरानो मूर्तिहरू भग्न भएकोले उक्त मूर्तिको स्थानमा नयाँ जगन्नाथका मूर्तिहरूको होम यज्ञ गरी स्थापना गरी प्राण-प्रतिष्ठा गरिएको थियो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०३/१८) ।

यो मन्दिरमा रहेका बलराम, सुभद्रा र जगन्नाथको मूर्तिलाई महास्नान गराइने र वर्षबन्धन गर्ने परम्परा रहेको थियो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०३/१८) । जगन्नाथ मन्दिरका पूजारी विनोदराज शर्मा सँग भएको ने.सं. ८२६ को टिपोटमा भक्तपुरका हाडा बिजुक्छे समुदायलगायत सर्वसाधारण जगन्नाथ मन्दिरको विभिन्न पर्वपूजामा सहभागी हुने विवरण उल्लेख छ । तर अहिले सामान्य नित्य पूजा गर्ने बाहेक जगन्नाथका अन्य परम्परा बन्द नै भइ सकेका छन् (श्रेष्ठ, २०८०, पृ. १०५४) ।

तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा हरेक वर्ष जेष्ठ शुक्ल पूर्णिमाको दिन महास्नान गराउने, मूर्तिको पुरानो रङ्ग पखाल्ने र नयाँ रङ्ग लेपन गर्ने परम्परा रहेको थियो । यस कार्यका लागि भक्तपुरका हाडा/ बिजुक्छे, साँय्चीनिया र खिंबाजा/खिंबजार थर-समुदायका मानिसहरू संलग्न हुन्थे । महास्नानको १५ दिन पछि अषाढ शुक्ल द्वितीयाको दिन मन्दिर बाहिर होम गरी मूर्तिहरूमा प्राण प्रतिष्ठा गर्ने संस्कार सम्पन्न गर्दथे । जगन्नाथको रथयात्रा पनि प्रचलनमा थियो । लगभग एक शताब्दी अघि यो प्रचलन बन्द भयो (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

तुलाछें टोलको जगन्नाथ मन्दिरमा गरिने उल्लेखित परम्परा भारतको पुरी स्थित जगन्नाथ संस्कार सँगमिल्दो जुल्दो छ । सम्पन्न गरिने संस्कारहरूको तिथि मिति पनि समान छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा सम्पन्न गरिने परम्परा र संस्कारहरू भक्तपुरका जगन्नाथ मन्दिरहरूमा पनि रहेको थियो । यो सन्दर्भले जगन्नाथ सम्प्रदायको उल्लेखनीय प्रभाव रहेको सङ्केत गर्दछ । तर भक्तपुरका जगन्नाथ मन्दिरहरूमा परम्परागत पद्धतिको दैनिक पूजा पनि सामान्य रूपले मात्रै सञ्चालन भइरहेको छ । तुलाछेँ टोलको जगन्नाथ मन्दिर २०७१ माघ २ गते अघि सम्म दैनिक नित्यकर्मको रूपमा पाँच/दश मिनेटको लागि मात्रै मन्दिर खोलेर सामान्य पूजाआजा चन्दै आएको थियो । तर उक्त मितिदेखि 'इस्कोन' सम्प्रदायका अनुयायीहरूले तुलाछेँ टोलको जगन्नाथ मन्दिर परिसर सरसफाइ गरी आफ्नै सम्प्रदायका पालैपालो पूजारी नियुक्त गरी वर्तमान समयमा जगन्नाथ परम्परालाई जीवित बनाउँदै आइरहेको छ । दैनिक धार्मिक क्रियाकलाप पनि सञ्चालन गर्दै आइरहेको छ । तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा पनि वि.सं. २०६९ मा पुनः निर्माण पछि मात्रै तिलमाधव नारायण मन्दिर कै पूजारीद्वारा दैनिक नित्यकर्म सम्पन्न हुँदैआएको छ । भक्तपुर स्थित जगन्नाथ मन्दिरसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाजन्य कतिपय जात्रा, पर्व, संस्कारहरू भने पूर्ण रूपमा लोप भइसकेका छन् । यस खण्डमा विगतको कालखण्डमा अस्तित्वमा रहका जगन्नाथ परम्पराका संस्कार तथा जात्रा पर्वहरूको बारे र वर्तमानमा गरिने धार्मिक-सांस्कृतिक क्रियाकलापहरूको अध्ययन गरिएको छ । कतिपय लोप भइसकेका हुन् भने पनि कतिपय संस्कारले पुनर्जीवन पाएका छन् ।

### ४.२.२.१ दैनिक पूजा विधि

भक्तपुरको तीन वटा जगन्नाथका मन्दिरहरूमध्येको एक महत्वपूर्ण भक्तपुर दरबार क्षेत्रको हो । अभिलेखीय हिसाबले पनि यस मन्दिरको प्राचीनतालाई तेह्रौं शताब्दीसम्म लान सकिन्छ । धार्मिक र ऐतिहासिक महत्वको यो जगन्नाथ मन्दिरमा विगतमा आवश्यकता अनुरूप कलेवर

परिवर्तन, वार्षिक महास्नान तथा प्राण प्रतिष्ठा गरिने परम्परा रहेको थियो । वर्तमान समयमा यस मन्दिरमा सामान्य पूजा बाहेक कुनै पनि धार्मिक तथा सांस्कृतिक अनुष्ठानादि क्रियाकलापहरू सञ्चालनमा छैनन् । उक्त परम्परा लोप भइसकेका छन् । तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा तिलमाधव नारायण मन्दिरका पूजारीले नै जगन्नाथ मन्दिरको नित्यकर्म गर्छन । मन्दिर पुनः निर्माण पछि दैनिक रूपमा बिहान नित्यकर्मको लागि केही समय मन्दिरको प्रवेशद्वार खोलेर पूजा चलाउने परम्परा छ । त्यसपछि दिन भरी बन्द रहन्छ । छितफुट पूजा विधि तथा संस्कार बाहेक तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा कुनै पनि अन्य धार्मिक क्रियाकलाप अभ्यासमा रहेको पाइँदैन ।

तुलाछेँ टोलको जगन्नाथ मन्दिरको ऐतिहासिकता पनि ने.सं. ६६३ (वि.सं. १६००) सम्म पुग्दछ । राजा प्राण मल्लको समयमा प्रतिष्ठापित यस मन्दिरका मूर्तिहरूमा विभिन्न संस्कार तथा धार्मिक क्रियाकलापहरू सञ्चालन गरिने यकिन गर्न सकिन्छ । किनकि यस मन्दिरमा मध्यकाल मै पनि राजकीय महत्वका साथ धार्मिक विधि विधान गरिन्थ्यो भन्ने सूचना अभिलेख दिन्छन् । उडिसा राज्यको पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा हरेक वर्ष जेष्ठ शुक्ल पूर्णिमाको दिन महास्नान अनुष्ठानअन्तर्गत रङ्ग लेपन धोई पखाली गर्ने, अनासरअन्तर्गत मूर्तिको मर्मत सम्भार र नयाँ रङ्ग लेपन गरिने र आषाढ शुक्ल द्वितीयाका दिन सम्पूर्ण प्राणी जगत्लाई घरदैलोमा आई दर्शन दिनको निमित्त रथयात्रा गरिने परम्परा तथा दैनिक पूजाविधि सम्पन्न गरिए जस्तै यस तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा पनि जगन्नाथ सम्प्रदाय सँग सम्बन्धित सांस्कृतिक-धार्मिक क्रियाकलापहरू सम्पन्न गरिने परम्परा थियो । यस मन्दिरमा पनि हरेक वर्ष जेष्ठ शुक्ल पूर्णिमाको दिन भक्तपुर निवासी हाडा बिजुक्छे तथा खिंबाजा समुदायले महास्नान गराउने तथा रङ्ग लेपन गर्ने गर्दथे । तर कालान्तरमा यस्त क्रियाकलापहरू सञ्चालनमा निरन्तरता नभएको देखिन्छ । एक समयमा भक्तपुरको जनजीवनबाट जगन्नाथ परम्परा नै बिर्सने अवस्थाको सिर्जना भयो । लगभग एक शताब्दी अघिसम्म पनि जगन्नाथको रथयात्रा चल्ने गरेको र विभिन्न कारणवश रथयात्रा र जगन्नाथ संस्कृतिमा विराम लागेको हो ।

समयको कालक्रमसँगै भक्तपुरका जगन्नाथ परम्परा लोप हुन्दै जाने क्रममा तुलाछेँ टोलको जगन्नाथ मन्दिरसँग सम्बन्धित जात्रा संस्कार लोप भए । यस मन्दिरप्रति कसैको ध्यान गएन । वि.सं. २०७१ माघ २ गतेबाट प्रयोग विहीन भएको यस मन्दिरलाई इस्कोनको भक्तपुर शाखाले हालसम्म अनवरत रूपमा सञ्चालन गर्दै आइरहेको छ । यसै समयदेखि नै यस मन्दिरमा दैनिक

नित्य पूजा, यस मन्दिरसम्बन्धी जात्रा पर्वहरू पनि सञ्चालन हुन थालेका छन् । तर यो भक्तपुरको जगन्नाथ परम्परा भन्दा भिन्ने रहेको छ ।

जगन्नाथ मन्दिरमा दैनिक नित्य पूजाअन्तर्गत जिम्मेवारी पाएका पूजारीले स्वः स्नान गरी मन्दिरभित्र गएर भगवानलाई मङ्गल आरतिद्वारा जगाउने कार्य गर्दाछन् । मङ्गल आरति अन्तर्गत पूजारीले धूप बालेर जगन्नाथ, बलराम र सुभद्रालाई क्रमशः सात/सात पटक घुमाएर दर्शन गर्ने परम्परा छ । त्यस पछि आरति बालेर चार पल्ट चरणमा, दुई पल्ट पेटमा, तीन पल्ट मुहारमा र सात पल्ट पुरै मूर्तिको शरीरमा आरति घुमाउँछन् । यस क्रमसँगै दर्शन आरति सम्पन्न गरिन्छ । त्यसपछि मन्दिरमा राखिएको नृसिंहको आकृतिलाई आरति र धूप चढाउँदै नृसिंह आरति सम्पन्न गर्दछन् । नृसिंह आरति पछि मुख्य प्रवेशद्वारमा रहेको पर्दा बन्द गरिन्छ । गर्भगृहमा मूर्तिलाई लुगा लगाई दिने कार्यहरू हुन्छन् । मूर्तिलाई लगाइने लुगा विभिन्न प्रकार तथा प्रारूपका हुन्छन् । मूर्तिहरूमा पोसाक लगाइ दिने कार्यलाई भेष-संस्कार भनिन्छ । मूर्तिलाई पोसाक यही नै हुनुपर्छ भन्ने छैन । भक्तजनले भगवान्लाई चढाइएको कुनै पनि वस्त्र लगाइदिने कार्य गरिन्छ । वस्त्र नेवारी देखि आधुनिक वेषभूषासमेत हुने गर्दछन् । त्यस पछि तुलसी आरति गरिन्छ । यस क्रममा तुलसीलाई धूप, फूल र जल चढाउँछन् । यस तुलसी आरति गर्नाले पाप नष्ट हुन्छन् भन्ने विश्वास रहेको छ (प्रनिश धौवन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । तुलसी आरति पछि भक्तजनहरू भजनकीर्तन, कथा वाचन र अन्तमा प्रसाद वितरण गर्दछन् (फोटो नं. २८) । प्रसादको लागि भक्तजनहरूले घरघरबाट खिचडी, फलफूल तथा फलफूलका रसहरू तयार गरी मन्दिरमा भोगका लागि ल्याएका हुन्छन् । त्यसैलाई सम्पूर्ण उपस्थित भक्तजनहरूमा महाप्रसादको रूपमा वितरण गरिने परम्परा छ (व्यक्तिगत अवलोकन, २०८०/०८/२१) ।

### ४.२.२.२ महास्नान तथा अनासर/अनवसर संस्कार

जगन्नाथ मन्दिरमा बलभद्र, सुभद्रा तथा जगन्नाथको मूर्तिलाई हरेक वर्षको जेष्ठ शुक्ल पूर्णिमाको दिन महास्नान गराइने प्राचीन परम्परा रहेको छ । भारतको पुरी स्थित जगन्नाथ मन्दिरमा मूर्तिहरूलाई गर्भ गृहबाट बाहिर ल्याई मन्दिरको उत्तर-पूर्वी तर्फ अवस्थित स्नानवेदिमा विराजमान गराई उत्तरी प्रवेशद्वार नजिकैको कुवाबाट चिसो पानी ल्याई एक सय आठ घैँटोले स्नान गराउने र मूर्तिहरूलाई गणेशको रूपमा लुगा कपडाले सजाएर पूजा गरिने परम्परा रहेको छ । स्नान यात्रालाई जगन्नाथको जन्म उत्सवको रूपमा धुमधामले मनाउने गर्दछन् (Behera, 2019, p. 101) । जगन्नाथ मन्दिरका मूर्तिहरूलाई विभिन्न अवसरहरूमा भिन्नभिन्न वस्त्रादि कपडाहरू

लगाई दिने प्रचलन रहेको छ । स्नान यात्राका क्रममा मूर्तिहरूलाई स्नान वेदीमा राखी महास्नान पश्चात् *'गजाना'* वा हात्ती भेष लगाएर लगिने परम्पराले धार्मिक सहिष्णुता प्रकट भएको देखिन्छ । साथै हिन्दु परम्परामा सबैभन्दा पहिला गणेशलाई पूजा गरिने मान्यता अनुरूप पनि जगन्नाथलाई हात्ती भेष लगाई पूजा गरिएको हुनुपर्दछ (Mishra, 2012, p. 13) ।

विगतमा भक्तपुरको जगन्नाथ मन्दिरहरू विशेषतः तुलाछैं टोलको जगन्नाथ र भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरहरूमा रहेका जगन्नाथका मूर्तिहरूलाई महास्नान गराउने परम्परा थियो । प्राचीन परम्परा अनुरूप यी जगन्नाथ मन्दिरहरूका मूर्तिहरूलाई विशेष पूजा विधि सम्पन्न गरी महास्नान गराइन्थ्यो । पुरानो परम्परागत तौर-तरिका भने लोप भएका छन् । जगन्नाथ मन्दिरका पूजारीका अनुसार तुलाछैं टोलको जगन्नाथ मन्दिरमा प्रत्येक वर्ष जेष्ठ शुक्ल पूर्णिमाको दिन महास्नान संस्कार सम्पन्न गरिने परम्परा छ । यस महास्नान संस्कारका लागि भक्तपुरका हाडा-बिजुक्छे, सायुचीनिया र खिंबाजा/ खिंबन्जार समुदायका सदस्यहरूले मूर्तिको पुरानो रङ्ग धोई पखाली गर्ने तथा नयाँ रङ्ग लेपन गर्ने संस्कार सम्पन्न गर्दछन् (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/ १६) । पूजारीका परिवार सँग प्राप्त ने.सं. ८२६ को हस्तलिखित टिपोटमा पनि जगन्नाथ मन्दिरमा मूर्तिहरूलाई हाडा-बिजुक्छैं लगायत भक्तपुरका अन्य सर्वसाधारनहरुको सहभागितामा महास्नान गराई पूजा गरिने विवरण उल्लेख छ (श्रेष्ठ, २०८०, पृ. १०५४) ।

यस तुलाछैं टोलको जगन्नाथ मन्दिरको प्राचीन परम्पराअनुसार हनुमानघाट त्रिवेणीबाट तीन वटा कलशमा पानी भरेर मन्दिरमा ल्याई सोही कलशको पानीले बलराम, सुभद्रा र जगन्नाथको मूर्तिलाई महास्नान गरिन्छ । महास्नान संस्कारको लागि मन्दिर बाहिर होम यज्ञको व्यवस्था मिलाएको हुन्छ । यज्ञ सहित महास्नान संस्कार प्ररम्भ गर्दछन् । महास्नानको लागि कलशको पानीले स्नान गराए पछि क्रमशः दूध, दही, घ्यू, *कष्टि* (मह), *साख* (सखर) ले पञ्च महास्नान सम्पन्न गरिन्छ । कलशको पानीले मूर्तिलाई स्नान गरिसके पछि उक्त कलशलाई मन्दिरभित्र रहेको तीन वटा *पलेफ्व* (पद्माकृति) माथि राखिन्छ । यस पश्चात् यज्ञलाई निरन्तरता दिएर तीन वटा मूर्तिको प्राण तानेर तीन वटै कलशमा स्थापना गरिन्छ । मूर्तिको प्राण मूर्तिबाट निकाली सकेपछि मात्रै सम्बन्धित परिवारले *'लाँ पुँ छ्यायगु'* संस्कार अर्थात् मूर्तिमा रङ्ग लेपन गर्ने संस्कार प्ररम्भ गर्ने गर्दछन् । प्राण स्थापित भएको मूर्तिमा रङ्ग लेपन गर्न नहुने विश्वास अनुरूप पहिला यज्ञ गरी मूर्तिको प्राण कलशमा स्थापना गरिएको हो (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । महास्नानको लागि आवश्यक दूध, दही, घ्यू, *कष्टि* र *साख* एक/एक घडा गुथी संस्थानले उपलब्ध

गराउँथ्यो । साथै रङ्ग लेपनका लागि प्राकृतिक तवरले बनाइएका रङ्ग पनि गुथी संस्थानले नै उपलब्ध गराउने परम्परा थियो । तर वर्तमान समयमा गुथी संस्थानले कामचलाउ तरिकाले मात्र सामग्रीहरू उपलब्ध गराउन थालेको छ । त्यसो भएको हुनाले पञ्च महास्नान कामचलाउ हिसाबले मात्र चढाएर सम्पन्न गरिन्छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । सोही कारण हाल भक्तपुरको जगन्नाथ मन्दिरमा उल्लेखित प्राचीन संस्कृति, परम्परा, संस्कारहरू भने अति सामान्य रूपमा मात्र प्रचलनमा छन् ।

बलराम, सुभद्रा र जगन्नाथको प्राण कलशमा स्थापना पश्चात् मूर्ति प्राण विहीन हुन्छ । त्यस पछि मात्र हाडा-बिजुक्छैं, साय्चीनिया र खिंबाजा/खिंबन्जार समुदायले अनासर संस्कार अन्तर्गतको *लां पुं छ्वायगु* संस्कार प्रारम्भ गरिन्छ । *लां पुं छ्वायगु* संस्कार गर्दा फरक-फरक परिवारले छुट्टा छुट्टै मूर्तिलाई मात्र गर्नु पर्ने व्यवस्था छ । यो व्यवस्था वा जिम्मेवारीअन्तर्गत हाडा/बिजुक्छेले बलरामको मूर्तिमा, साँय्चीनियाले सुभद्राको मूर्तिमा र खिंबाजा/ खिंबन्जारले कृष्ण वा जगन्नाथको मूर्तिमा *लां पुं छ्वायगु* संस्कार सम्पन्न गरिन्छ । *लां पुं छ्वायगु* संस्कारका लागि रङ्गहरू आधुनिक र रासायनिक नभइ प्राकृतिक तवरले निर्माण गरिएका हुन्छन् (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । *लां पुं छ्वायगु* कार्य जेष्ठ शुक्ल पूर्णिमादेखि असार शुक्ल प्रतिपदासम्म हुने गर्दछ । यस क्रममा *लां पुं छ्वायगु* संस्कार गर्ने जिम्मेवारी पाएका समुदायले बिहान खालि पेटमा काम गर्नुपर्ने व्यवस्था रहेको छ । अतः बिहानको खाना अघिसम्म मूर्तिमा रङ्ग लेपनका कार्य गरिन्छ । दिनभरका लागि काम बन्द गर्दछन् । यस क्रममा मन्दिरको दर्शन पूजा गर्न नहुने भएकोले मन्दिर *लां पुं छ्वायगु* संस्कार गर्न बाहेक अरू समय बन्द नै रहेको हुन्छ । जेष्ठ शुक्ल पूर्णिमाको दिनसम्ममा रङ्ग लेपनको कार्य सम्पन्न गरी आसाढ शुक्ल द्वितीयाको दिन जगन्नाथ मन्दिरको प्राङ्गणमा यज्ञ गरी कलशबाट भगवानको प्राण तानेर पुनः बलराम, सुभद्रा र जगन्नाथको प्रस्तर मूर्तिमा प्राण प्रतिष्ठा गरिन्छ । प्रत्येक वर्ष *लां पुं छ्वायगु* संस्कार सम्पन्न गरे बापत हाडा/बिजुक्छैं, साँय्चीनिया र खिंबाजा/खिंबन्जार परिवारलाई जग्गा प्रदान गरिएको थियो (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

उडिसाको पुरी स्थित जगन्नाथलाई महास्नान पछि अनासर वा अनवसर संस्कार-विधि सम्पन्न गरिन्छ । अर्थात्, मूर्तिहरूमा महास्नानको क्रममा पुरानो र बिग्रिने तथा आवश्यक जीर्णोद्धार गरिनु पर्ने तथा मूर्तिमा नयाँ रङ्ग लेपन गरिने प्रक्रियालाई अनासर संस्कार भनिन्छ (Behera, 2019, p. 102) । यस अनासर संस्कार जेष्ठ शुक्ल पूर्णिमाको भोलिपल्टबाट पन्ध्र दिनसम्म

सञ्चालन हुन्छ र यस क्रममा भक्तजनबाट मूर्तिहरूको दर्शन बन्देज नै लगाएको हुन्छ । शबर मूलका समुदायले विना आराम लगातार रूपमा मूर्तिको जीर्णोद्धार गर्ने, विभिन्न रङ्ग लेपन गर्ने, तेल लगाउने तथा विभिन्न गरगहना चढाउने र लगाइदिने क्रियाकलाप अनवसर संस्कारअन्तर्गत सम्पन्न गर्दछन् । यसै क्रममा भगवान्का मूर्तिहरूलाई फलफूल चढाउने क्रममा पहिला शबरहरूले खाएर परीक्षण पछि मात्र भगवानलाई चढाउने कार्य सम्पन्न गरिन्छ । यो कार्यलाई *'समर्पण क्रिया'* भनिन्छ (Misra, 1971, p. 95) ।

वर्तमान समयमा भक्तपुरको जगन्नाथ मन्दिरमा भने यस प्रकारको अनासर वा अनवसर संस्कारको लागि छुट्टै दिनहरूमा नगरी एकै दिनमा सम्पन्न गरिन्छ । महास्नानका दिन वा जेष्ठ शुक्ल पूर्णिमाका दिन जगन्नाथ मूर्तिहरूमा नयाँ रङ्ग लेपन गर्ने गर्दछन् । तर जगन्नाथ सम्प्रदायको महास्नान र अनासर संस्कार लोक जीवनबाट नै लोप हुने अवस्थामा छ ।

वर्तमान समयमा भक्तपुरको तुलाछेँ टोल अवस्थित जगन्नाथ मन्दिरलाई पुनः जीवन्त बनाउन इस्कोन, भक्तपुर शाखाले मिति २०७१ माघ २ गतेदेखि औपचारिक रूपमा पुनः सञ्चालनमा ल्याउन महत्वपूर्ण प्रयास गरिएको थियो । यही मितिलाई वर्षबन्धन वा स्थापना उत्सवको रूपमा मानिँदै हरेक वर्षको माघ २ गते नै विशेष धार्मिक अनुष्ठानसहित जगन्नाथ मन्दिरका मूर्तिहरूलाई महास्नान (फोटो नं. २९) गराउने परम्परा विकास गरिएको हो (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । फलस्वरूप यस मन्दिरमा पुनः धार्मिक जीवन प्रवाहयुक्त भएको छ । मूर्तिहरूलाई महास्नान गराउनका लागि भक्तपुरका विभिन्न समुदाय आएर आरति भजन गरी लगभग ११/१२ बजे तिर पञ्चामृतले महास्नान गराउने परम्परा रहेको छ । पञ्चामृत महास्नानअन्तर्गत क्रमशः दूधले अभिषेक, दही अभिषेक, मह, घ्यू र चिनीपानीले गर्दाछन् । पञ्चामृतले महास्नान गराए पश्चात् फलफूलका रसले स्नान गराइन्छ । उक्त रसलाई भाँडोमा जम्मा गरी महाप्रसादको रूपमा भक्तजनहरूमा बाँडिन्छ । महाप्रसाद भगवानको शिर हुँदै चरण भएर जम्मा हुने भएकोले महाप्रसादलाई *'चरणामृत'* पनि भनिन्छ । महाप्रसादले भक्तजनहरूको आध्यात्मिक शुद्धता, भगवानको आशिर्वाद र कृपाको अनुभूति गराउने विश्वास रहेको छ (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । यस धार्मिक क्रियाकलापले भक्तपुरमा हराउँदै गएको धार्मिक महास्नान संस्कारलाई फेरी नयाँ ऊर्जा र समर्पणका साथ प्राचीन जगन्नाथ परम्परालाई स्थापित गर्ने प्रयास भएको सङ्केत गर्दछ ।

### ४.२.२.३ तान्त्रिक पूजाविधि

नेवारी परम्परामा जगन्नाथ सम्प्रदायको विशेष र भिन्न स्थान रहेको छ । भगवान् विष्णु, विष्णुका अवतारहरू तथा भगवान् विष्णुसँग सम्बन्धित प्राय देवदेवीलाई पूजा आराधना गर्दा सामान्यत तान्त्रिक पूजा विधिले गरिँदैन । सनातन तन्त्रको एक अभिन्न क्रिया बलि पनि हो । तसर्थ विष्णु या जगन्नाथ मन्दिरका मूर्तिहरूमा बलिप्रथा चल्दैन । भक्तपुरका जगन्नाथ मन्दिरहरूमा पनि बलिसहितको पूजा गरिने परम्परा छैन । तर तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा भने विशेष पूजा सम्पन्न गरिन्छ । जहाँ बलराम, सुभद्रा र जगन्नाथलाई प्रत्यक्ष रूपमा नभइ अप्रत्यक्ष रूपमा तान्त्रिक पूजाविधिसहित बलि दिने गर्दछन् (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

नेवारी परम्पराअनुसार तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा रहेका मूर्तिहरूमा दायाँबाट क्रमशः सङ्कर्षण, चण्डिका र पुरुषोत्तम रहेका छन् । यी मूर्तिहरूमा मध्य स्थानमा रहेको चण्डिका ( सुभद्रा) मन्दिरको प्रमुख देवी हुन् । चण्डिका नवदुर्गाअन्तर्गतकी एक देवी हुन् । नवदुर्गा अन्तर्गतका सम्पूर्ण देवीहरूलाई तन्त्रप्रधान विधि अपनाएर पूजा सम्पन्न गरिन्छ । हरेक देवीलाई बलि अनिवार्य दिइन्छ । सोही तवरले तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा पनि चण्डिकालाई प्रमुख देवी मानेर अप्रत्यक्ष रूपमा बलि दिने प्रचलन छ ।

आसाढ शुक्ल द्वितीयाको दिन कलशमा तानेर राखेको बलराम, सुभद्रा र जगन्नाथको प्राण यज्ञ गरी पुनः प्रस्तर मूर्तिमा प्रतिस्ठापन गरिन्छ । यसै दिन जगन्नाथलाई तान्त्रिक पूजाअनुष्ठान् सम्पन्न गरी अप्रत्यक्ष रूपमा बोका बलि दिने प्रचलन रहेको छ । यस तान्त्रिक पूजा विधिको क्रममा जगन्नाथ मन्दिरको ईशान दिशा तर्फ त्रिपुरासुन्दरीको मन्दिरको *द्यछें* (जगन्नाथ मन्दिरको पूर्व पट्टि, त्रिपुरासुन्दरी मन्दिर नजिकै) मा *आचाजु*ले गोप्य तान्त्रिक पूजा गर्दछन् । सोही क्रमा त्रिपुरासुन्दरी द्योछेंको माथिल्लो तल्लाको आँखीझ्यालबाट पासुका को एक टुप्पो द्योछें बाहिर निकाल्छ र सोही पासुका तानेर जगन्नाथ मन्दिरसम्म पुऱ्याइन्छ । पासुकाको अर्को टुप्पो जगन्नाथ मन्दिरको मुख्य प्रवेशद्वार भित्र तानेर मन्दिरभित्र रहेको सङ्कर्षण, चण्डिका र पुरुषोत्तम (बलराम, सुभद्रा र जगन्नाथ) का प्रस्तर मूर्तिहरूलाई घुमाएर पासुका लगाई दिने गरिन्छ । मूर्तिहरूमा पासुकाको अर्को टुप्पो लगाई दिएपछि जगन्नाथ मन्दिरमा पूजा विधि प्ररम्भ गर्दछन् । सोही समयमा त्रिपुरासुन्दरी द्योछेंमा बोका बली दिइन्छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । यस प्रकारले तान्त्रिक

देवीको समूह त्रिपुरासुन्दरी र जगन्नाथको तान्त्रिक सम्बन्ध रहेको यस धार्मिक तथा गोप्य तान्त्रिक क्रियाकलापबाट बुझ्न सकिन्छ ।

त्रिपुरा सुन्दरी देवी तीन तान्त्रिक देवीहरूको समूहगत रूप हो । महाकाली, महालक्ष्मी र महासरस्वती यस अन्तर्गत पर्दछन् । नेपाली दैवी परम्परामा यी तीन देवीको विशेष स्थान रहेको छ । त्रिपुरासुन्दरी मन्दिर पनि उक्त तीन देवीको बास मानिने स्थान हो । असार शुक्ल द्वितीयाको दिन गरिने गोप्य तान्त्रिक पूजा विधिले त्रिपुरासुन्दरी मन्दिरको आग्नेय कोण वा दिशामा रहेको जगन्नाथ मन्दिरको विशेष सम्बन्ध रहेको विषय अवगत गर्न सकिन्छ । त्रिपुरासुन्दरीलाई तीन तान्त्रिक देवी मानिन्छ, सोही अनुरूप नै जगन्नाथ मन्दिरलाई तीन तान्त्रिक देवताहरूको मन्दिरको रूपमा लिइन्छ । जगन्नाथ मन्दिरभित्र रहेको सुभद्रा प्रकृति स्वरूप भए पनि मन्दिरको यस मूर्तिहरूको प्रस्तुति सुभद्राको विवाह अघिको हो । हिन्दु समाजमा विवाहपूर्वको कुनै पनि महिलालाई पनि पुरुष नै मान्ने र सोहीअनुसार अधिकार कायम रहने परम्परा रहेको छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । तसर्थ त्रिपुरासुन्दरी र जगन्नाथ मन्दिर दुवै तन्त्रप्रधान मन्दिरको रूपमा यस तुलाछेँ टोलमा रहेकोले दुवैको मन्दिरको सम्बन्ध रहको र तान्त्रिक पूजा सम्पन्न गर्ने गरिएको हो ।

### ४.२.२.४ पूर्णिमाहरूमा विशेष पूजा

नेपाली पात्रोअनुसार प्रत्येक महिनाको पूर्णिमाको दिन भक्तपुरको प्रसिद्ध तुलाछेँ टोलस्थित ऐतिहासिक जगन्नाथ मन्दिरमा विशेष पूजा गर्ने प्रचलन रहेको थियो । पूर्णिमा सामान्यत वर्षमा १२ पटक पर्दछन् । कुनै वर्ष मलमास परेको खण्डमा १३ पटक पर्दछन् । तिथिको हिसाबले धार्मिक रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ । उक्त पूर्णिमामध्ये विशेष गरी होली पूर्णिमा बाहेकका सबै पूर्णिमाका अवसरमा भक्तपुरको परम्परागत पालुबन्जः (पालुबन्जार) समुदायका परिवारहरूले मन्दिरमा विशेष पूजा ल्याउने परम्परा थियो । उक्त पूजा जगन्नाथका मुख्य पूजारीलाई अर्पण गरिन्थ्यो । पूजारीले विधिपूर्वक जगन्नाथ मन्दिरमा पूजा सम्पन्न गर्थे । यस धार्मिक र सांस्कृतिक परम्परालाई निरन्तरता दिन पालुबन्जः समुदायलाई आर्थिक स्रोतको रूपमा 'बाली' प्रदान गरिन्थ्यो ( चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । 'बाली' भनेको परम्परागत अर्थमा समुदायका निश्चित वर्गलाई धार्मिक वा सांस्कृतिक कर्तव्य निर्वाह गर्नका निम्ति प्रदान गरिने सामूहिक आर्थिक सहायता हो । समयसँगै आर्थिक स्रोत बन्द हुँदै गएपछि बाली दिने प्रथा पनि रोकियो । त्यसको प्रत्यक्ष असर स्वरूप पालुबन्जः समुदायले प्रत्येक पूर्णिमामा पूजा सामग्री चढाउने

परम्परामा पर्‍यो । यो प्रथा क्रमशः लोप हुँदै गयो । आजभन्दा करिब ३० वर्षअघि उक्त विशेष पूर्णिमा पूजा प्रथा अन्त्य भइसकेको छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) ।

### ४.२.२.५ होली पुन्ही

भक्तपुरको तुलाछैं टोलस्थित ऐतिहासिक जगन्नाथ मन्दिरमा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन मनाइने होली पूर्णिमा महत्वपूर्ण धार्मिक अनुष्ठान हो । यो उत्सवलाई नेपाल भाषामा होली पुन्ही भनिन्छ । यो पर्वको अवसरमा तुलाछैं टोलको जगन्नाथ मन्दिरमा विशेष पूजाको परम्परा सञ्चालन गर्दछन् । अन्य पूर्णिमाका दिनहरूमा पालुबन्जः (पालुबन्जार) समुदायले मात्र पूजा गर्ने चलन थिया । होली पूर्णिमाको दिन भने यो धार्मिक अनुष्ठान भक्तपुरका सुवाल र खिख्व समुदायका परिवारहरूले संयुक्त रूपमा सम्पन्न गर्दछन् । यद्यपि पालुबन्जः समुदायको पनि यस अवसरमा उपस्थिति रहने गर्दछ । यो दिनको पूजा कार्यमा मुख्य भूमिका सुवाल र खिख्व समुदायले निर्वाह गर्ने गर्दछन् । खिख्व समुदायका परिवारहरूले यस दिनको पूजा विधिका लागि विशेष परिकार *'मारी'* तयार गर्दछन् । *मारी* नेवार समुदायमा विशेष चाडपर्व र पूजा अवसरमा बनाइने परम्परागत मिठाई हो । त्यसबेला *मारी* ठूलो परिमाणमा तयारी गर्छन् । मारीहरू *ढकी* (ढकुनी) मा राखी ल्याइन्छ । मन्दिरमा स्थापित भगवान् बलराम, देवी सुभद्रा र भगवान् जगन्नाथलाई तीन छुट्टाछुट्टै भागमा चढाइन्छ । सुवाल समुदायले भने तुलसीमाला, दही, चिउरा (दह चिउरा) ल्याएर तिनै मूर्तिहरूलाई अर्पण गर्ने परम्परा रहेको छ । यी पूजाका सामग्रीहरू धार्मिक विधिअनुसार पूजारी साथै खिख्व र सुवाल समुदायका सदस्यहरूमार्फत मूर्तिहरूमा चढाइने गरिन्छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) ।

पूजा सम्पन्न भएपछि, मन्दिरको नैऋत्य कोणमा अवस्थित *'गर्दकिवा'* (गरुड बगैंचा) मा पूजा गरिएको सम्पूर्ण मारी, मिठाई र प्रसादहरू समान तीन भागमा विभाजन गरिन्छ । तीमध्ये एक भाग खिख्व समुदायले ग्रहण गर्छन् । अर्को भाग मन्दिरका पूजारीको लागि छुटाइन्छ । बाँकी एक भाग स्थानीय मन्दिर टोलमा बाँड्ने चलन रहँदै आएको थियो (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । यस प्रणालीले समुदायबिचको सहकार्य, सांस्कृतिक एकता र धार्मिक सहभागिता झल्काएको छ । तर, दुःखद रूपमा, समयको प्रवाहसँगै यो समृद्ध र विशिष्ट परम्परा पनि विस्मृतिको गर्भमा हराउँदै गएको छ ।

### ४.२.२.६ भक्तपुर जगन्नाथ रथयात्रा

जगन्नाथ सम्प्रदायको प्रभाव नेपालमा विशेष गरी मध्यकालदेखि नै रहेको विभिन्न साहित्यिक तथा पुरातात्विक प्रमाणहरूबाट प्रष्ट हुन्छ । उडिसा राज्यको पुरी स्थित जगन्नाथ मन्दिरबाट नेपालमा प्रसार भएको यस सम्प्रदायको प्रभाव विभिन्न मन्दिरसँगै सम्बन्धित धार्मिक सांस्कृतिक संस्कारहरूमा पर्न गयो । तर नेपालको सन्दर्भमा कुनै पनि अभिलेख तथा साहित्यिक स्रोतहरूमा जगन्नाथ सम्प्रदाय सम्बन्धित संस्कारको उल्लेख भएको पाइएको छैन । यद्यपि विशेषत भक्तपुरमा विभिन्न जात्रा पर्वमा रथ यात्रा र खट यात्राको विशेष भूमिका रहेको छन । बिस्काः जात्रा, रथ यात्रा र खट जात्राको लागि भक्तपुर प्रसिद्ध छ । उल्लेखित जात्राले धार्मिक अनुष्ठान तथा लोकसंस्कृतिको समावेशले ती परम्परालाई जीवन्त र समृद्ध समाज निर्माणमा टेवा पुगेको छ । सोही परम्परा अनुरूप विगतमा भक्तपुरमा पनि जगन्नाथ परम्परा अन्तर्गतको रथयात्रा सम्पन्न हुने गर्दथ्यो । भक्तपुरमा लगभग एक शताब्दी अघिसम्म जगन्नाथ रथयात्रा हुने विवरण जगन्नाथ मन्दिरका पूजारी विनोदराज शर्मा राजोपाध्याय सुनाउनुहुन्छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/३/२४) । तर जनचासोमा ह्रास, व्यवस्थापनमा ह्रास, आर्थिक अभाव, बिस्तारै जगन्नाथ संस्कारको ऐतिहासिकताको ज्ञानको कमी जस्ता विभिन्न कारणवश यो परम्परा लोप भइ सकेको छ ।

हिजोआज प्रत्येक दिन यस मन्दिरमा इस्कोनका पूजारीले आरति सहित पूजापाठ गर्ने तथा भजन कीर्तन गर्ने क्रियाकलाप सञ्चालन भएको छ । इस्कोन, भक्तपुर शाखाले प्रत्येक वर्ष जगन्नाथको रथ यात्रा पनि धुमधामले सम्पन्न गरिने परम्परा पुनः सञ्चालनमा ल्याएका छन् । तर भक्तपुरको रथयात्राको तिथि मिति भने केही फरक रहेको छ । पुरी क्षेत्रमा जगन्नाथको रथयात्रा आषाढ शुक्ल द्वितीयाको दिन प्ररम्भ गरिए जस्तै नेपालमा पनि इस्कोन सम्प्रदायका समुदायले काठमाडौँको बुढानीलकण्ठबाट जगन्नाथको रथयात्रा आरम्भ गरेका हुन् । तर सवारी साधनमा निर्माण गरिएको उक्त रथमा बलभद्र, सुभद्रा र जगन्नाथको मूर्ति विराजमान गराइएको हुन्छ । पुरी क्षेत्रमा जस्तै तीन वटा मूर्तिको लागि तीन वटा छुट्टै विशाल रथ भने नेपालमा निर्माण गरिने परम्परा छैन । काठमाडौँमा आषाढ शुक्ल द्वितीयाको दिन विशाल जनमानसले तान्ने रथ नै लगभग पन्ध्र दिन पछि भक्तपुर ल्याई भक्तपुरमा जगन्नाथ रथयात्रा सम्पन्न गरिन्छ (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । जगन्नाथ सम्प्रदायमा जगन्नाथको रथयात्राको क्रममा कोही भक्तजन या व्यक्तिले जगन्नाथको रथको पाङ्गालाई छोएर एक फन्का मात्र घुमाएर रथलाई

अघिल्तिर सार्न सहयोग गरे एक सय पल्ट अशोमेघ महायज्ञ बराबरको पुण्य प्राप्ति हुने विश्वास छ (राहुल प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२३) । यसर्थ जगन्नाथको रथयात्राका क्रममा धेरै भक्तजनहरू रथको डोरी तान्न र पुण्य प्राप्तिको लागि आउने वा सहभागी हुने गर्दछन् ।

भक्तपुरमा अवस्थित ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण जगन्नाथ मन्दिरहरूका पारम्परिक-धार्मिक संस्कारहरू भने वर्तमान समयमा पनि पुनः सञ्चालनमा ल्याउन सकिएको छैन । ती मन्दिरहरू भौतिक संरचना तथा ऐतिहासिक स्मृतिमा मात्र सीमित हुन गएका छन् । जीवन्त परम्पराको निरन्तरता माथि पूर्णविराम लागेको प्रष्ट हुन्छ । यहाँको जगन्नाथ मन्दिरहरूमध्ये विशेष गरी तुलाछैं टोलको र भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर धार्मिक एवम्म् ऐतिहासिक रूपले महत्वपूर्ण हुन । विभिन्न पूजा, आरति, जात्रा साथै रथयात्रा जस्ता क्रियाकलाप उक्त जगन्नाथ मन्दिरमार्फत हुन गर्दथे ।

तुलाछैं टोलको जगन्नाथ मन्दिर भक्तपुरमा प्रत्येक वर्ष रथयात्राको दिन विशेष उल्लास, श्रद्धा र भक्ति भावका साथ धार्मिक कार्यक्रमहरूको आयोजना गरिन्छ । यस दिन बिहानदेखि मन्दिरमा पूजा आरति सम्पन्न गरी भक्तजनका लागि जगन्नाथ मन्दिर दिनभर दर्शनको लागि खुल्ला राख्दछन् । यस अवसरमा मन्दिरमा अन्य सामान्य दिनहरूको तुलनामा भक्तजनको घुँइचो धेरै हुन्छ । भक्तजनहरूले मन्दिरमा विभिन्न खानेकुरा, फलफूल, जुस, दुग्धजन्य खाद्यपदार्थहरू चढाउने गर्दछन् । सामान्य दिनमा भक्तजनले मन्दिरमा चार/पाँच थरीको प्रसाद चढाउने परम्परा छ । रथयात्राको विशेष दिनमा भने चार सयभन्दा बढी धेरै खाद्य वस्तु प्रसादको रूपमा भक्तजनले मन्दिरमा चढाउने गर्दछन् (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । यसै क्रममा भक्तपुरमा जगन्नाथको रथयात्रा सम्पन्न भएपछि बेलुका मन्दिरको ढोका बन्द गरिन्छ ।

### ४.२.२.७ नवकलेवर/ कलेवर परिवर्तन

उडिसाको पुरी क्षेत्रको जगन्नाथ मन्दिरको बलभद्र, सुभद्रा र जगन्नाथको काष्ठ मूर्तिहरू हरेक बाह्र देखी अठार वर्षमा परिवर्तन गरिने परम्परा रहेको छ (Behera,2019, p. 102) । 'नव' र 'कलेवर' दुई शब्दहरू मिलेर बनेको शब्द 'नवकलेवर' को अर्थ नयाँ शरीर हो । जगन्नाथ मन्दिरका मूर्तिहरू परिवर्तन गरी नयाँ मूर्ति स्थापना गर्ने कार्यलाई नवकलेवर संस्कार भनिन्छ । सामान्यत 'अधिमास' तथा 'मलमास' भएको समयमा कुनै पनि धार्मिक क्रियाकलाप, विशेष पूजापाठ तथा संस्कारहरू सम्पन्न गर्नु हुँदैन । तर उक्त समयलाई धार्मिक शास्त्रहरूले आध्यात्मिक

प्राप्तिका लागि सबैभन्दा शुभ क्षणको रूपमा लिने गर्दछन् । त्यसैले यस समयलाई 'पुरुषोत्तममास' का रूपमा पनि लिइन्छ । पुरुषोत्तम वा पुरी क्षेत्रका देवताहरूको यही पुरुषोत्तममास वा मलमास कै समयमा पर्ने गरी नवकलेवर संस्कार सम्पन्न गरिन्छ (Mishra, 1971, p. 139) ।

नवकलेवर संस्कार अन्तर्गत पुरानो बलभद्र, सुभद्रा र जगन्नाथको तीन वटै मूर्तिलाई विस्थापन गरी विधि विधानका साथ निश्चित जङ्गलबाट ल्याएको काष्ठको नयाँ मूर्तिहरू निर्माण गरिने र जगन्नाथको 'ब्रम्हपदार्थ' नयाँ जगन्नाथको मूर्तिमा सार्ने कार्य सम्पन्न गरिन्छ । पुरानो मूर्तिहरूका साथै अनवसर संस्कारमा विराजमान गराइने खाट, सिरानी तथा मूर्तिसँग सम्बन्धित अन्य वस्तुहरूसमेत कोइलि वैकुण्ठमा अवस्थित कुवाहरूमा गाड्ने संस्कार हुने गर्दछ । यस संस्कारमा सहभागी हुने शबर समुदाय तथा ब्राम्हणहरूले दश दिनसम्म शोकमा बस्ने र एघारौं दिनमा 'शुद्धि क्रिया' सम्पन्न गरी शुद्ध हुने परम्परा छ (Mishra, 1971, p. 140) । नवकलेवर संस्कार पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा सर्वप्रथम सन् १५७५ मा गरिएको थियो (Mohanty, 2020, pp. 27-30) । पछिल्लो सय वर्षको कालखण्डमा नवकलेवर संस्कार सन् १९१२, १९३१, १९५०, १९६९, १९७७, १९९६, र २०१५ मा सम्पन्न गरिएको छ । अबको नवकलेवर संस्कार सन् २०३४ तिर गरिने अनुमान गरिएको छ (Pandit, 2021) ।

नेपालमा रहेका जगन्नाथ मन्दिरहरूमध्ये कतिपय जगन्नाथ मन्दिरहरू मध्यकालमा प्रसार भएर राजकीय महत्व पाएका सम्प्रदाय हुन । तर यस क्षेत्रमा रहेका जगन्नाथ मन्दिरका मूर्तिहरू कुनै नेपाली मौलिक विशेषता अनुरूप निर्माण भए भने कुनै जगन्नाथ मूर्तिहरू पुरी क्षेत्रको जगन्नाथ मन्दिरका मूर्तिहरूसँग मिल्दोजुल्दो छन् । भक्तपुरका जगन्नाथ मन्दिरहरूमध्ये तुलाछेँ टोलको जगन्नाथ मन्दिर र तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा प्रस्तर निर्मित जगन्नाथको मूर्तिहरू छन् । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा भने काष्ठ मूर्तिहरू रहेका छन् । प्रस्तर निर्मित मूर्तिहरू प्रायः परिवर्तन नहुने हुनाले तुलाछेँ र तःमारीको जगन्नाथ मन्दिरमा कलेवर परिवर्तन वा नवकलेवरको संस्कार नरहेको बुझ्न सकिन्छ । दरबार क्षेत्रको जगन्नाथ मन्दिरको मूर्तिहरू आवश्यकता अनुरूप कलेवर परिवर्तनको भने सङ्केत उपलब्ध भएको छ ।

भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको पेटीबाट प्राप्त भएको ने.सं. ३४७ को प्रस्तर अभिलेखमा उल्लेख आएको वाक्य *'विष्णुलाई श्रीअनुपालको ……… संस्कार गरियो ॥'* वाक्य परेको छ । यसले जगन्नाथ मन्दिरमा कुनै भव्य संस्कार सम्पन्न गरिएको बुझ्न सकिन्छ (श्रेष्ठ, २०८०, पृ. १०५४) । यो अभिलेख जीर्ण भएका कारण कुन संस्कार सम्पन्न गरिएको हो भन्ने अध्ययन गर्न

सकिएको छैन । यद्यपि अभिलेखमा उल्लेख गर्नुपर्ने संस्कार भने सानो तिनो भने पक्कै होइन । काष्ठ मूर्तिहरू रहेको यस जगन्नाथ मन्दिरमा नवकलेवरको संस्कार गरिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । तर यकिनका साथ पुष्टि हुने तथ्य भने खोज कै विषय हो । नवकलेवर कै विवरणलाई लिएर तुलाछेँ टोलको र भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा पनि जगन्नाथका मूर्तिहरूलाई नयाँ मूर्तिहरूले प्रतिस्थापन गर्ने प्रचलन रहेको थियो (श्रेष्ठ, २०८०, पृ. १०५४) । जगन्नाथ मूर्तिहरूको कलेवर फेर्ने परम्परा भने वर्तमान कालसम्म आउँदा पूर्ण रूपले लोप भइसकेको छ । कलेवर परिवर्तन संस्कार जगन्नाथ सम्प्रदायको विशेष क्रियाकलाप नै हो । यहाँ सामान्य दैनिक तथा वार्षिक धार्मिक तथा सांस्कृतिक क्रियाकलाप तथा संस्कारहरू हुन्छन् । तर लोप भइसकेको स्थानमा नवकलेवर संस्कारको अस्तित्व हुने सम्भावना छैन । यो संस्कार त वर्षौं वर्ष पछि निश्चित समयमा एक पटक मात्र गरिने परम्परा हो । तसर्थ वर्तमान समयमा पुरी क्षेत्र कै जस्तै मूर्ति नै परिवर्तन गरिएर नवकलेवर संस्कार भक्तपुर साथै नेपालको कुनै पनि जगन्नाथ मन्दिरमा सम्पन्न गरेको देखिँदैन ।

तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा हरेक वर्ष जगन्नाथको प्रस्तर मूर्तिहरुमा पुरानो रङ्ग पखालेर नयाँ रङ्ग लेपन गरिने परम्परा छ । भक्तपुरका हाडा बिजुक्छे तथा खिंबाजा समुदायका मानिसहरू साथै स्थानीय जनसमुदायको सहभागितामा जगन्नाथको प्रस्तर मूर्तिहरूमा महास्नान गराई पुनः प्राणप्रतिष्ठा गर्नु पनि नवकलेवर वा कलेवर परिवर्तन नै मान्न सकिन्छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/१६) । यस कार्यले मूर्ति परिवर्तन गरिएर नवकलेवर संस्कार नै नगरिए पनि मूर्तिमा गरिएको पुनः रङ्ग लगाउने र प्राण प्रतिष्ठा जस्ता महत्वपूर्ण कार्यले आत्मिक तवरमा नवकलेवरको भाव र उद्देश्य बोकेको देखिन्छ । तर, जे जस्तो भए पनि नेपालमा मूर्ति नै फेर्ने तथा पुरानो मूर्तिको स्थानमा नयाँ मूर्ति स्थापना गरेर नवकलेवर सम्पन्न गरिने परम्परा भने लोप भइसकेको छ ।

### ४.२.२.८ जगन्नाथ मन्दिर वर्षबन्धन

विश्वव्यापी रूपमा, भगवान् जगन्नाथको जन्मोत्सव तथा वर्षबन्धनको दिन ज्येष्ठ शुक्ल पूर्णिमालाई विशेष धार्मिक पर्वको रूपमा मनाउने परम्परा स्थापित देखिन्छ । यस अवसरमा भगवान् बलभद्र, देवी सुभद्रा तथा भगवान् जगन्नाथको मूर्तिहरूलाई विविध धार्मिक विधिपूर्वक महास्नान संस्कार गरेर उत्सवको रूपमा मनाउँन्छन् । यो परम्परा विशेष गरी भारतको पुरी क्षेत्रमा विशेष

महत्वका साथ पालना गरिन्छ । विस्तारै अन्य राष्ट्र र समुदायहरूमा समेत यसको व्यापक प्रभाव पर्दै गएको छ ।

नेपालमा विशेषतः भक्तपुरका ऐतिहासिक जगन्नाथ मन्दिरहरूमा विगत केही दशकहरूदेखि यस प्रकारका विधिवत् धार्मिक संस्कारहरूको अस्तित्व क्रमशः लोप हुने दिशामा गइसकेको पाइन्छ । ऐतिहासिक अभिलेख, स्थानीय परम्परागत भनाइ, र धार्मिक स्रोतहरू अनुसार विगतमा भक्तपुरमा समेत जगन्नाथ जन्मोत्सव महास्नानसहित मनाइने चलन थियो । त्यो परम्परा विभिन्न कारणले अव्यवस्थित हुँदै हराउँदै गएको हो । तुलाछैं टोलस्थित ऐतिहासिक जगन्नाथ मन्दिरमा भने पछिल्लो दशकदेखि यस परम्पराको पुनरुत्थानको पहल देखिएको छ । मन्दिरमा दैनिक पूजा, आरति तथा विविध धार्मिक गतिविधिहरू नियमित रूपमा सञ्चालन हुन थालेका छन् । मन्दिरको पुनः सञ्चालन भएको मिति माघ २ गतेलाई नै मन्दिरको वर्षबन्धन वा पुनर्जन्म उत्सवको रूपमा मनाउने परम्परा स्थापित गरिएको छ (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) ।

तुलाछैं टोलको जगन्नाथ मन्दिरको वर्षबन्धन उत्सवको विशेष दिनमा सर्वप्रथम मङ्गल आरति गरी उत्सवको विधिवत् प्रारम्भ गरिन्छ । मङ्गल आरतिले वातावरणलाई आध्यात्मिक ऊर्जा प्रदान गर्नुका साथै भक्तजनहरुमा भक्ति भावको वृद्धि गराउने विश्वास रहेको छ । मङ्गल आरति पछि *'श्रीमद भगवतम्'* पाठ गरिन्छ । दर्शन आरति साथै, गुरु आरतिमार्फत भगवान् वन्दना र गुरुहरूप्रति समर्पण भाव व्यक्त गर्दछन् । यसै क्रममा *'जगन्नाथअष्टकम्'* (भगवान् जगन्नाथको स्तुति भजन) सामूहिक रूपमा वाचन गरी जगन्नाथप्रतिको आस्था भाव प्रकट गरिन्छ । यस दिन जगन्नाथ मन्दिरको मूर्तिहरूको महाअभिषेक विशेष हुने गर्दछ । भगवान् जगन्नाथको मूर्तिलाई पञ्चामृत (दूध, दही, घिउ, मह र चिनीपानी), तथा भक्तजनले भगवानलाई अर्पण गर्न ल्याएका अनार, सुन्तला, उखु आदि जस्ता विभिन्न फलफूल रस, सुगन्धित जलले स्नान गराइन्छ । अभिषेक पश्चात् उक्त रसहरू तथा पञ्चामृतलाई एकै भाँडोमा सङ्कलन गरी अमृत-प्रसादका रूपमा भक्तजनहरूमा वितरण गर्दछन् । महाअभिषेक पछि कथा वाचन कार्यक्रम गरिन्छ । कथा वाचन, सांस्कृतिक कार्यक्रम, शृङ्गार आरति, प्रसाद वितरण गरी सम्पन्न गरिन्छ (प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) ।

भगवान् जगन्नाथको अमृत-प्रसाद ग्रहण गर्दा धार्मिक विश्वास अनुसार आत्मशुद्धि हुने, हृदय निर्मल रहने र आन्तरिक मानसिक शक्ति प्राप्त हुने विश्वास रहिआएको छ ( प्रनिश धौबन्जार, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०८/२१) । धार्मिक भावना, सामूहिक भक्ति तथा स्थानीय

सहभागिताले यो उत्सवलाई केवल धार्मिक कर्मकाण्डको रूपमा मात्र नभइ, जगन्नाथ सम्प्रदायको सांस्कृतिक पुनर्जागरणको प्रतीकका रूपमा समेत स्थापित गर्न सहयोग पुऱ्याएको देखिन्छ । जगन्नाथ मन्दिरको वर्षबन्धन संस्कार क्रममा पूजारी तथा भक्तजनहरूको सामूहिक भजन-आरति सम्पन्न गरिन्छ, जसले जगन्नाथ मन्दिरको वर्षबन्धन संस्कारलाई धार्मिक रूपमा पूर्णता दिन्छ । यो पुनः स्थापना प्रयासले भक्तपुरमा विस्मृत प्रायः भएका जगन्नाथ परम्परालाई पुनः जीवन्त बनाउने सम्भावना प्रकट गरिरहेको छ ।

### ४.२.२.९ नृसिंह चर्तुदशी

जगन्नाथ सम्प्रदायमा नृसिंह चर्तुदशी पनि विशेष महत्वका साथ मनाउने गरिन्छ । हरेक वर्षको वैशाख शुक्ल चर्तुदशीका दिन मनाइने यो पर्व विष्णुको चौथौं अवतारसँग सम्बन्धित छ । भगवान् जगन्नाथलाई नृसिंहको रूपमा पनि पुजिन्छ । नृसिंहको मूर्ति पुरुषोत्तमक्षेत्रको आदि मूर्ति मानिन्छ (Rasmisudhindra, 2021) । जगन्नाथ क्षेत्रमा रहेको नृसिंह मन्दिर र मूर्तिको धुमधामले पूजा तथा धार्मिक क्रियाकलाप सम्पन्न गर्दछन् । नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार सँगै यसको विभिन्न परम्परा, संस्कृति तथा संस्कारहरूले पनि प्रवेश पाएका हुन् । पुरीको जगन्नाथ मन्दिरमा पनि धुमधामले मनाइने नृसिंह चर्तुदशी नेपालको जगन्नाथ सम्प्रदायमा प्रसार वा प्रभाव थियो वा थिएन भन्ने तथ्य यकिन गर्न सकिएको छैन । यस तथ्यको गहन अध्ययन बाँकी नै रहेको छ । नेपालको जगन्नाथ सम्प्रदायका संस्कार तथा संस्कृति कालक्रममा लोप भएका कारण नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिकता बारे बुझ्न कठिन भएको छ । अतः जगन्नाथ सम्प्रदायका मानिसहरूमा नृसिंह चर्तुदशीको प्रचलन कस्तो थियो भन्ने यकिन गर्न नसकिएको हो ।

वर्तमान समयमा तुलाछें टोलको जगन्नाथ मन्दिरमा भने नित्यकर्मअन्तर्गत नृसिंह आरति पनि सम्पन्न गरिन्छ । भारतको पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा उत्साहजनक रूपमा नृसिंह चर्तुदशी मनाए जस्तै भक्तपुरमा पनि नृसिंह चर्तुदशीको दिन तुलाछें टोलको जगन्नाथ मन्दिरमा बिहानदेखि भक्तजनहरूको सक्रिय सहभागितामा प्रार्थना र आरति सम्पन्न गर्दछन् । त्यसपछि भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालयको प्रवेशद्वारको बायाँ तिर रहेको नृसिंहको मूर्तिलाई सफा गरी पञ्चामृत र फलफूलको रसले अभिषेक गराई विधिपूर्वक पूजाआजा सम्पन्न गरिन्छ । साथै नृसिंहलाई विभिन्न प्रकारका फलफूल, गेडागुडी, मिठाईजन्य खाद्यवस्तु एवम् अन्य खाद्य परिकारहरू भोग स्वरूप अर्पन गर्दछन् ।

नृसिंहलाई पूजाका क्रममा विभिन्न किसिमका मालाहरूले सजाउने वा चढाउने गर्दछन् । महोत्सवमा उपस्थित पूजारी तथा सम्पूर्ण भक्तजनहरूले समूहगत रूपमा नृसिंहको मूर्तिको अगाडि नै बसेर भजन कीर्तन गर्ने परम्परा छ । भोग स्वरूप चढाइएका खाद्य परिकारहरू र अभिषेकको क्रममा चढाइएको पञ्चामृत र फलफूलका रसलाई अमृत प्रसादको रूपमा उपस्थित सबैमा वितरण गरिन्छ ।

### ४.२.२.१० गरुड वुसादाँ/ वर्षबन्धन

गरुड भगवान् विष्णुको बहान हा । जगन्नाथ विष्णु कै अवतार हुन् । विभिन्न वैष्णव मन्दिरमा मुख्य प्रवेशद्वार अगाडि प्राङ्गनमा गरुड स्थापना गरिएको हुन्छ । वैष्णव सम्प्रदायमा गरुडको उपस्थितिलाई महत्वपूर्ण स्थान दिइन्छ । गरुड विष्णुका वाहन मात्र नभइ विष्णुका उच्च कोटिका भक्त तथा देवदूत हुन् । सोहीरूपमा प्रतिष्ठा दिइन्छ । यसै कारण अधिकांश वैष्णव मन्दिरहरूको ठीक अगाडि गरुडको मूर्ति स्थापना गरिएको हुन्छ । उडिसा राज्यको पुरी स्थित जगन्नाथ मन्दिरमा असार शुक्ल द्वितीयाका दिन 'गरुड सयन द्वादशी' र कार्तिक शुक्ल द्वादशीका दिन 'गरुड उथापन द्वादशी' को रूपमा विशेष श्रद्धा र भव्यताका साथ सम्पन्न गरिन्छ (Behera, 2019, pp. 102-104) । तर नेपालका जगन्नाथ मन्दिरमा भने यो पर्वको धार्मिक क्रियाकलाप रुपमा विकास भएको छैन ।

भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले विशिष्ट मानिने तुलाछैं टोलको जगन्नाथ मन्दिरको अगाडि स्थापित गरुडको भने असाढ शुक्ल द्वितीयाको दिन यहाँका स्थानीयहरूबाट वुसादाँ अर्थात् जन्मदिनको रूपमा विशेष पूजा गरी वस्त्र परिवर्तन गर्ने प्रचलन रहको छ । यस दिन जगन्नाथको रथयात्रा पनि सञ्चालन हुने दिन हो । वर्तमान समयमा यस जगन्नाथ मन्दिरलाई जीवन्त राख्ने कार्य इस्कोन शाखाले गर्दै आइरहेको छ । यस गरुड वुसादाँ संस्कारमा भने इस्कोनको कुनै पनि सदस्य सहभागी हुँदैनन् । स्थानीयको सहभागितामा सम्पन्न गरिन्छ । जगन्नाथको रथयात्रा प्रारम्भ हुने दिन नै यस मन्दिर सामुनेको गरुडमा वर्षबन्धनको रूपमा पूजा गर्ने परापरालाई प्राचीन जगन्नाथ सम्प्रदायको विशेष संस्कारको रूपमा लिन सकिन्छ । सम्भवतः यो प्रचलन भक्तपुरमा मध्यकालदेखि चलिआएको जगन्नाथ परम्पराको मौलिक अंश हो । यहाँ जगन्नाथ मन्दिरलाई विशेष पूजा संस्कार गर्ने दिनमा गरुडलाई पनि पूजा संस्कार सम्पन्न गरिन्छ । अतः गरुड वुसादाँलाई भक्तपुरमा मनाइने महत्वपूर्ण पर्वको रूपमा लिन सकिन्छ ।

तुलाछेँ टोलको जगन्नाथ मन्दिर अग्र भागमा स्थापित गरुड स्तम्भमा प्रत्येक वर्ष विशेष धार्मिक परम्पराअन्तर्गत 'गरुड वुसाँदा' वा वर्षबन्धन गरिने परम्परा रहेको छ । यस वुसादाँ संस्कार गर्दा पूजा गर्ने व्यक्तिले गरुड स्तम्भ माथि गई विधिवत् स्नान गराउने कार्य गर्दछन् । सर्वप्रथम गरुडको पुरानो वस्त्र (प्रायः खास्टो स्वरूपको) निकालेर शुद्ध पानीले जल-स्नान सम्पन्न गरिन्छ । स्नान कार्य पछि तोरीको तेल र सिन्दूरको मिश्रण गरी गरुडको सम्पूर्ण शरीर भागमा लगाई नयाँ वस्त्राभुषणले सजाएर विभिन्न फूलमालाहरूले शृङ्गार गरी विशेष पूजाविधि सम्पन्न गर्दछन् ( चन्दरराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । यसरी गरुडलाई स्नान तथा तेललेपन गराइ भक्ति भावका साथ सम्मान जनाई 'गरुड वुसादाँ' संस्कारलाई एक विशिष्ट धार्मिक संस्कारका रूपमा मनाइन्छ । यो परम्परा धार्मिक आस्थासँगै जगन्नाथ सम्प्रदायमा गरुडको विशेष स्थान दिने परम्पराको रूपमा रहेको मौलिक सम्पदा हो ।

### ४.२.२.११ बलराम पूर्णिमा

बलराम वा बलभद्र जगन्नाथ सम्प्रदायको महत्वपूर्ण सदस्य हुन् । भगवान् कृष्णको जेठो दाइ बलरामको सम्मानमा हरेक वर्षको श्रावण शुक्ल पूर्णिमाको दिन बलराम पूर्णिमा विशेष पूजाविधि सम्पन्न गरी मनाइन्छ । आध्यात्मिक जीवनको यात्रामा आउने विभिन्न वाधार्चन पार गर्न आवश्यक आध्यात्मिक शक्ति बलरामले प्रदान गर्छन् भन्ने विश्वास र आत्मसाक्षात्कारको मार्गमा अडिग रहन सक्ने आध्यात्मिक बल प्राप्त हुन्छ भन्ने कामनाका साथ बलराम वा बलभद्रको पूजा वा बलराम पूर्णिमा मनाइन्छ (Prabhupada, 2025) । नेपाली जगन्नाथ परम्परामा बलराम पूर्णिमा मनाउने प्रचलन यकिन गर्न नसकिए पनि भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा पनि हरेक वर्ष श्रावन शुक्ल पूर्णिमा अर्थात् जनै पूर्णिमाको दिन विभिन्न धार्मिक विधान सम्पन्न गरी बलराम पूर्णिमा मनाउने प्रचलन इस्कोन शाखाले प्रचलनमा ल्याएको हो ।

बलराम पूर्णिमाको दिन जगन्नाथ मन्दिरमा बिहान सबेरै पूजारीले मङ्गल आरति, गुरुद्वारा धार्मिक ज्ञान मन्तव्य, कथा वाचन, भजन कीर्तन, बलरामको मूर्तिमा अभिषेक तथा प्रसाद ग्रहण जस्ता धार्मिक क्रियाकलाप गरी मनाउने प्रचलन रहेको छ (सुजित प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०१/०८) । बलरामलाई अभिषेकका क्रममा पञ्चामृत (दूध, दही, घ्यू, मह र चिनीमिश्रित जल) का साथै विभिन्न फलफूलका रसहरूले स्नान गराई महाप्रसादको रूपमा भक्तजनहरूलाई वितरण गर्दछन् । भक्तजनले चढाउन ल्याएको खाद्य भोग तथा खिचडी पनि बलरामलाई चढाई प्रसादको रूपमा ग्रहण गरिन्छ ।

### ४.२.२.१२ कृष्ण जन्माष्टमी

वैष्णव सम्प्रदायको मान्यता अनुरूप भगवान् विष्णुको आठौँ अवतारको रूपमा श्री कृष्णको जन्मोत्सवको रूपमा हरेक वर्ष भाद्र कृष्ण अष्टमीका दिन हिन्दु धर्मावलम्बीहरूले अत्यन्त श्रद्धा, भक्तिका साथ धुमधामले मनाउँदछन् । भारतको पुरीको स्थित जगन्नाथ क्षेत्रमा श्री कृष्ण जन्मसँग सम्बन्धित विभिन्न धार्मिक, सांस्कृतिक क्रियाकलापहरू सम्पन्न गरिन्छन् । भगवान् जगन्नाथ आफै पनि कृष्ण नै भएको र जगत्को हितका लागि जन्म लिएको उपलक्ष्यमा कृष्णको सम्मान स्वरूप कृष्ण जन्माष्टमी पर्व सम्पन्न गरिएको हो । नेपाली समाजमा पनि कृष्ण जन्माष्टमी उत्साहजनक रूपमा मनाउने प्रथा चल्दै आएको छ । विशेष रूपमा भक्तपुर, काठमाडौँ र ललितपुरका विभिन्न कृष्ण तथा विष्णु मन्दिरहरूमा पूजा, भजनकिर्तन, दीप प्रज्वलन जस्ता धार्मिक कार्यहरू गरी यो दिन भव्यताका साथ मनाउँछन् (राहुल प्रजापति, व्यक्तिगत अन्तर्वाता, २०८२/०३/२२) । भक्तपुरमा कृष्णको मूर्तिलाई दीप प्रज्वलनसहित नगर परिक्रमा गराई सम्पन्न गरिने चलन रहेको छ । तर जगन्नाथ सम्प्रदायअन्तर्गत विगत समयमा कृष्ण जन्माष्टमी मनाइन्थ्यो भन्ने कुराको कुनै पनि अभिलेख, मौखिक परम्परा साथै अन्य प्रमाणजन्य सङ्केतहरू प्राप्त हुन सकेका छैनन् ।

वर्तमान समयमा भने तुलाछेँको जगन्नाथ मन्दिरमा इस्कोन, भक्तपुर शाखाले कृष्ण जन्माष्टमी विशेष रूपले मनाउने गरेको पाइन्छ । तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा यस दिन मङ्गल आरतिबाट पूजापाठ प्ररम्भ गरी पूजारी र भक्तजनको सामूहिक जप, सन्ध्या आरति, कृष्णसम्बन्धी कथा वाचन, भजनकीर्तन, सांस्कृतिक कार्यक्रम, मूर्तिलाई पञ्चामृत तथा फलफूलको रसले अभिषेक, खाद्य वस्तुको भोग चढाउने तथा महाप्रसाद ग्रहण जस्ता विभिन्न अनुष्ठान गरी कृष्ण जन्माष्टमी मनाउने गर्दछन् ।

### ४.२.२.१३ तुलादान

हरेक वर्ष मङ्सिर शुक्ल एकादशीका दिन अथवा मोक्षदा एकादशीको दिन भगवान् कृष्णले महाभारतको मैदानमा अर्जुनलाई भागवत गीताको ज्ञान प्रदान गरेको सम्झना स्वरूप तुलादान तथा गीता जयन्ती मनाइन्छन् । यस दिन जगन्नाथका भक्तजनहरूले मानव शरीर बराबरको भागवत गीता दान गर्ने परम्परा रहेको छ । यो अनुष्ठानिक क्रियाकलाप भक्तपुरमा तुलाछेँ टोलको जगन्नाथ मन्दिर बाहेक अन्य जगन्नाथ मन्दिरहरूमा प्रारम्भ गरिएको छैन ।

गीता जयन्ती अथवा मोक्षदा एकादशीका दिन कुनै पनि भक्तालुका परिवारजनमा साना बालबच्चा तथा अन्य इच्छित परिवारका सदस्यको तौल नापेर सोही तौल बराबर भागवत गीता दान गरिने परम्परा रहेको छ । इस्कोन, भक्तपुर शाखाका राहुल प्रजापतिकाअनुसार तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा गीता जयन्तीको अवसरमा तुलादान परम्परा आरम्भ भैसकेको छ (राहुल प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२२) ।

### ४.२.२.१४ गोवर्धन पूजा

कार्तिक शुक्ल प्रतिपदा अर्थात् तिहारको समयमा इस्कोन-जगन्नाथ सम्प्रदायमा गोवर्धन पूजा सम्पन्न गर्दछन् । विशेषतः इस्कोन-जगन्नाथ सम्प्रदायको परम्परागत धार्मिक प्रचलनसँग गोवर्धन पूजाको गहिरो सम्बन्ध रहेको छ । गोवर्धन पूजा भगवान् कृष्णले इन्द्रको अहङ्कार हटाउनका लागि गोवर्द्धन पहाड उचालेर गोकुलवासीलाई भयङ्कर वर्षाबाट बचाएर मानव समुदायको हित गरेको वा गोवर्द्धन लीला गरेको उपलक्ष्यमा यस दिन जगन्नाथ मन्दिरमा विशेष रूपमा मनाउँदछन् । यस दिन तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा दैनिक नित्यकर्म सम्पन्न गरिन्छ । त्यसपछि १०/११ बजेबाट गोवर्धन पूजा प्ररम्भ हुन्छ । गोवर्धन पूजाअन्तर्गत भक्तजनहरूले ल्याएको हलुवा तथा मिठाईका परिकारहरू मूर्तिलाई चढाइन्छ । साथै उक्त हलुवा तथा मिठाईका परिकारहरू एकीकृत गरी गर्भगृहको बाहिर मिठाईको गोवर्धन पहाड स्वरूपको प्रतिमा निर्माण गर्दछन् । यसै क्रममा भजन कीर्तनसहित भगवान् कृष्णले इन्द्रको वर्षाबाट गोकुलवासीको रक्षा गर्न गोवर्धन पहाड उचाली रचेको लीलाको धार्मिक कथा वाचन, प्रवचन सम्प्रेषण गरिन्छ । यी क्रियाकलापहरू पछि मिठाईबाट निर्मित गोवर्धन प्रतिमालाई पूजारी तथा सम्पूर्ण भक्तजनहरूले परिक्रमा गरी गोवर्धन पहाड स्वरूपको मिठाईहरू प्रसादको रूपमा ग्रहण गर्दछन् ।

### ४.२.२.१५ दामोदर महिना

जगन्नाथ मन्दिरमा हरेक वर्षको कोजाग्रत पूर्णिमा अर्थात् आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म एक महिना भर दामोदर महिनाको रूपमा मनाउने गरिन्छ । दामोदर अर्थात् बालक कृष्णको लीला गरिएको धार्मिक विश्वास स्वरूप दामोदर महिना भर जगन्नाथ मन्दिरमा विशेष धार्मिक क्रियाकलापहरू गरिन्छन् । दामोदर महिना मनाउने क्रममा साँझपख तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा इस्कोन पूजारी तथा भक्तजनहरूको भेलाभइ दामोदर आरति सम्पन्न गरिन्छ ।

दामोदर आरति प्रथमतः जगन्नाथको मूर्तिलाई आरति गरी गर्दछन् । यसै क्रममा जगन्नाथका भजन तथा प्रसाद प्रदान गरी सम्पन्न गरिन्छ ।

### ४.२.२.१६ अन्य धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

भक्तपुरमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक क्रियाकलाप विशेष गरी तुलाछैँ टोलको जगन्नाथ मन्दिरमा हुने गर्दछन् । अन्य जगन्नाथ मन्दिरहरूमा भने दर्शनको लागि गइन्छ । दैनिक पूजापाठ, आरति र विभिन्न समयमा जगन्नाथसँग सम्बन्धित अनुष्ठानिक क्रियाकलाप भने तुलाछैँ टोलको जगन्नाथबाहेक अन्य जगन्नाथ मन्दिरहरूमा हुँदैन । यस मन्दिरमा भने दैनिक पूजापाठ, आरति, भजनकिर्तन, भक्तजनको सामूहिक जप, कृष्ण एवम् जगन्नाथसम्बन्धी कथा वाचन र विशेष पर्वहरूमा अभिषेक तथा महाप्रसाद वितरणलगायतका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । यहाँ विशेष गरी इस्कोन नेपाल, भक्तपुर शाखाको सक्रियताले गर्दा परम्परागत वैष्णव परम्परा, विशेषतः जगन्नाथ सम्प्रदायको सांस्कृतिक र धार्मिक स्वरूपलाई पुनः जीवित तुल्याउने प्रयास भएको छ ।

तुलाछैँ टोलको जगन्नाथ मन्दिर धार्मिक साथै ऐतिहासिक रूपले पनि महत्वपूर्ण जगन्नाथ मन्दिर हो । तथ्य प्रमाणको आधारमा यस मन्दिर नेपालको पुरानो जगन्नाथ मन्दिर भएको हुनाले विशेष धार्मिक क्रियाकलापहरू हुनु स्वाभाविक पनि हुनुपर्दछ । यद्यपि भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरलाई राजा यक्ष मल्ल (वि.सं. १४८५-१५३८) को समयको मानिन्छ । जे भए पनि भक्तपुरका जगन्नाथ मन्दिरहरू नेपालका जगन्नाथ मन्दिरहरूमध्येका एक प्राचीन हुन् । ऐतिहासिक रूपले महत्वपूर्ण यस जगन्नाथ मन्दिरहरूमा विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन हुँदैआएका छन् । प्राचिन मौलिक जगन्नाथका जात्रा पर्व, पूजाविधिहरू क्रमिक रूपले लोप हुँदैगएको अवस्थामा इस्कोन, भक्तपुर शाखाले दैनिक रूपमा धार्मिक क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

भक्तपुरस्थित तुलाछैँ टोलको जगन्नाथ मन्दिरमा नियमित रूपमा मनाइने कृष्ण जन्माष्टमी, रथयात्रा, महाप्रसाद वितरणजस्ता प्रमुख धार्मिक अनुष्ठानहरूबाहेक अन्य विभिन्न वैष्णव पर्वहरू पनि पूजाउपासना सहित मनाउने परम्परा पाइन्छ । गौर पूर्णिमा, रस पूर्णिमा, बलराम पूर्णिमा आदि पर्वहरू तुलाछैँ मन्दिरमा विशेष पूजाविधि सम्पन्न गरी मनाइन्छन् (सुजित प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०१/०८) । यद्यपि यी पर्वहरू भारतको पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा जस्तो

धुमधामसहित विशाल जनसहभागितामा मनाइँदैनन् । भक्तपुरको मन्दिरमा भने यी दिनहरूमा धार्मिक विधिपूर्वक विशेष पूजापाठ, कथा वाचन, भजनकीर्तन, आरति, तथा फलफूल वा पञ्चामृत अभिषेकजस्ता विधिहरू सम्पन्न गरिन्छ ।

उक्त धार्मिक पर्वहरूमा स्थानीय भक्तजनको उपस्थिति र श्रद्धाभाव साथ नियमितता देखिन्छ । यो कार्यले परम्परागत वैष्णव परिपाटीलाई पुनः जगेर्ना गर्ने कार्यमा सहयोग पुऱ्याएको छ । विशेष गरी तुलाछेँ टोलका पूजारी वर्ग, इस्कोन भक्तपुर शाखा र स्थानीय धार्मिक सङ्घसंस्थाहरूको सहकार्यमा यी पर्वहरूलाई औपचारिक रूपमा मनाउने कार्यले गर्दा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित वैदिक सांस्कृतिक परम्पराहरू भक्तपुरको सन्दर्भमा निरन्तर संरक्षण र प्रवर्धन हुँदैछन् ( राहुल प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२२) । यसले स्थानीय धार्मिक जीवनमा जगन्नाथप्रति निष्ठा, आस्था र सांस्कृतिक चेतनाको पुनर्जागरण गराएको देखिन्छ ।

जगन्नाथ मन्दिरमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित जात्रा पर्व बाहेक भक्तपुरको इन्द्रजात्राको दिन भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा विशेष पूजा सम्पन्न गरिन्छ । भक्तपुरको इन्द्रजात्रामा इन्द्रको वाहन ऐरावत हात्तीको रूपमा *पुलुकिसी* र *मूपात्र*ले विशेष भूमिका निर्वाह गर्दछन् । जात्राका क्रममा यी दुई पात्र एक अर्कासँग भेट गर्न नहुने विश्वास छ । कथंकदाचित भेट भए पुलुकिसीले मूपात्रलाई कुल्चेर मार्ने वा मार्नुपर्ने भनाई रहेको छ । तसर्थ *मूपात्र*लाई *पुलुकिसी*बाट टाढा र जीवन-सुरक्षा दिन सुरक्षा-प्रहरी सँगसँगै रही मूपात्रबाट सम्पूर्ण सांस्कृतिक तथा धार्मिक अनुष्ठानिक क्रियाकलाप सम्पन्न गराइन्छन् । जात्रामा मूपात्रको सहभागिता धार्मिक तथा सांस्कृतिक कार्यको लागि अनिवार्य र अत्यन्त विशेष मानिन्छ । यस्तो महत्वपूर्ण पात्रलाई पहिला यस जगन्नाथ मन्दिरमा ल्याई जगन्नाथलाई पूजा गर्न लगाइन्छ । पूजा पछि *मूपात्र*लाई मुकुट ग्रहण गराई शिरमा धारण गर्न लगाएर मूल जात्रामा सरिक हुन्छ (राम प्रसाद स्वंगमिखा, व्यक्तिगत अन्तर्वार्ता, २०८०/१२/१९) । यस पछि भक्तपुरमा धुमधामले स्थानीयवासीहरूको सक्रिय सहभागितामा पुलुकिसी जात्रा सम्पन्न गरिन्छ ।

तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको दैनिक पूजापाठ निरन्तर सञ्चालनमा रहेको पाइन्छ । यो सन्दर्भ जगन्नाथ सम्प्रदायको जीवन्तको सङ्केत दिन्छ । यस मन्दिरमा दैनिक पूजापाठ बाहेक हरेक वर्ष विजया दशमीको रातमा नवदुर्गाले तन्त्र विधान अनुरूप नयाँ मुकुण्डो ग्रहण गरिसके पछि भक्तपुर दरबारको तलेजु भवानीको दर्शन गरी सेतो घोडासहित भक्तपुरका विभिन्न क्षेत्र परिक्रमा गर्ने प्रचलन छ । भक्तपुर नगर परिक्रमाको अन्तमा तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको प्रवेशद्वारको

ठीक अगाडिको पेटीमा विराजमान गराई धार्मिक विधिविधान गर्ने गर्दछन् (संजिव लवजू, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०१/१६) । नवदुर्गा गणका एक देवगण बालकृष्ण बनमालाअनुसार उक्त स्थानमा केहि समय आराम गर्न मात्र राखिएको हो, कुनै विशेष कारण छैन (बालकृष्ण बनमाला, व्यक्तिगत अन्तर्वार्ता, २०८०/०५/०३) । यो मन्दिरको तोरणको मुख्य भागमा महिषासुर मर्दनीको आकृति रहको छ । मन्दिरको मण्डप भागको चार प्रस्तर खम्बाको तल्लो भागमा कलशको आकृति निर्माण गरिएको छ । तसर्थ यो मन्दिर देवीसँग पनि सम्बन्धित मन्दिर हो । यसको सम्बन्ध तलेजु भवानी र नवदुर्गासँग पनि छ । यो परम्परा प्रत्येक वर्ष दोहोरिने हुँदा यसको सांस्कृतिक महत्व नकार्न सकिन्न । तःमारी क्षेत्रको जगन्नाथ मन्दिर नवदुर्गा र तलेजु भवानीसँग जोडिने सांस्कृतिक अनुशासनको साक्षी बनेको देखिन्छ । यो परम्परा भक्तपुर क्षेत्रको ऐतिहासिक धार्मिक सम्बन्धलाई एउटा विशिष्ट आयाम प्रदान गर्ने आधार हो । अप्रत्यक्ष रूपमा भए पनि मन्दिरको भूमिकाले सांस्कृतिक निरन्तरतामा योगदान पुर्‍याएको देखिन्छ । यो पक्ष भविष्यमा गरिने थप अनुसन्धानका लागि उपयोगी विषय बन्न सक्छ ।

# अध्याय पाँच

# भक्तपुरका जगन्नाथ मन्दिरसँग सम्बन्धित सांस्कृतिक सम्पदाको परिवर्तनको अवस्था

यो शोध प्रबन्धको अध्याय पाँचमा अनुसन्धानले निर्धारण गरिएको तेस्रो उद्देश्य विशेषतः भक्तपुर जगन्नाथ मन्दिरसँग सम्बन्धित सांस्कृतिक सम्पदाको परिवर्तनको अवस्था पहिचान एवम् विश्लेषण गरिएको छ ।

## ५.१ परिवर्तन सम्बन्धि अवधारणा

परिवर्तन प्रकृति र मानविय क्रियाकलाप तथा सभ्यतासँग सम्बन्धित जीवन उप्रान्तको एक निरन्तर प्रक्रिया हो । सभ्यता र संस्कृति मानव जीवन पद्धती र प्रकृति मानव जीवनको आधार हो । तसर्थ, प्रकृतिको भौगोलीक अवस्था र मानविय क्रियाकलापहरू समय, स्थान, विचार, वातावरणीय परिस्थितिका कारण परिवर्तन भइरहेको हुन्छ । प्राकृतिक र सामाजिक तथा सांस्कृतिक परिवर्तनले समाजलाई नयाँ नयाँ परिस्थितिको सन्दर्भमा अनुकूलित गराउँछ र भविष्यप्रति गतिशीलतामा अग्रसरता दिन्छ (Ogburn, 1964, p. 56) ।

### ५.१.१ परिवर्तनको अर्थ

कुनै विचार, व्यवहार, वस्तु, पदार्थ, संरचना इत्यादिमा आएको परिवर्तन, नयाँपन, गुणात्मक भिन्नता परिवर्तन हो । मानव जीवनमा परिवर्तनको प्रक्रिया निरन्तर चलि रहेको हुन्छ । मानिसको हरेक क्रियाकलाप संस्कृति हो । यसर्थ, संस्कृति पनि गतिशील हुन्छ । संस्कृतिको परिप्रेक्षमा परिवर्तन सामाजिक सम्बन्ध, संस्थागत संरचना तथा सांस्कृतिक अभ्यासमा देखिने निरन्तर प्रक्रिया हो । परिवर्तनले स्थायित्वको अवस्थाबाट अघि बढेर नयाँ मूल्य र मान्यताो सृजना गर्दछ (Giddens, 2006, p. 45) ।

### ५.१.२ परिवर्तनका आयाम र प्रवृति

निरन्तर प्रक्रियामा चलिरहने परिवर्तनका विभिन्न आयामहरू विद्यमान रहेका हुन्छन् । (क) सांस्कृतिक आमाय, (ख) सामाजिक आयाम, (ग) राजनीतिक आयाम, (घ) आर्थिक आयाम जस्ता तत्वहरूले परिवर्तनमा टेवा पुऱ्याएको हुन्छ । सांस्कृतिक आयामले मानव जीवन, परम्परा, भाषा, कला, धर्म र संस्कारहरूमा देखिने नुतन परिवर्तनलाई अंगिकार गरिन्छ । सामाजिक आयाम मानिसको व्यवहार, परिवार, शिक्षा तथा व्यक्तिको भूमिकामा देखिने रूपान्तरण हो । सत्ताको

संरचना, तथा नीतिगत परिवर्तनले राजनीतिक आयामलाई सम्बोधन गर्दछ । त्यस्तै, आर्थिक आयामले उत्पादन, वितरण तथा उपभोग प्रणलीमा देखिने परिवर्तनलाई जनाउँछ (Moor, 1967, p. 22) । परिवर्तनलाई विभिन्न तत्वले क्रमिक रूपमा असर गरि रहेको हुन्छ ।

संस्कृतिको गुण स्थिर नभई समय, स्थान र परिस्थिति अनुरूप परिवर्तन भइरहन्छ । परिवर्तनको प्रवृत्ति मूलतः दुई प्रकारका हुन्छन् । पहिलो क्रमिक परिवर्तन र दोस्रो आकस्मिक परिवर्तन । क्रमिक परिवर्तन भन्नाले कुनै पनि विषय परिवर्तन हुन लामो समयसम्म क्रमशः विकसित हुन्दै जाने प्रक्रिया हो । यस प्रकारको परिवर्तन परम्परा, वंशानुगत अभ्यास, मौखिक परम्परा, सामाजिक क्रियाकलाप इत्यादिमा देखिन्छ । आकस्मिक परिवर्तन कुनै पनि विषयमा अचानक उत्पन्न हुने सामाजिक, प्राविधिक वा राजनीतिक घटनाका कारण देखा पर्छ । यसले संस्कृतिमा छोटो समय मै ठूलो प्रभाव पार्दछ (Moor, 1967, p. 22) ।

### ५.१.३ परिवर्तनको प्रक्रिया

परिवर्तन क्रियाशील प्रक्रिया हो । यो निरन्तर क्रमिक रूपमा चलिरहन्छ । प्रकृतिको पर्यावरण तथा भौगोलिक स्थिति  र मानविय क्रियाकलापका विभिन्न आयामका कारण परिवर्तन गतिशील हुने हो । परिवर्तन प्रक्रियामा कुनै विषय वा तथ्य उत्पति र विकास भएको हुनु पर्दछ । अनि मात्र परिवर्तन प्रक्रियाको आरम्भ र निरन्तरता क्रमिक रूपमा हुने गर्दछ । तसर्थ, परिवर्तनको प्रक्रियामा उद्विकास, प्रसार, अनुकूलन र आम्सात् जस्ता तत्वहरू महत्वपूर्ण चरणहरू हुन् ( Roger, 2003, p. 36) । समाजले कुनै बिचार तथा तत्वको उत्पति र विकास गरी त्यसलाई विभिन्न माध्यमबाट फरक फरक समुदायमा प्रसार गरिन्छ । त्यसरी प्रसारीत बिचार वा तत्वलाई स्थानीय सामाजिक र सांस्कृतिक अस्तित्वसँग मिलाएर आत्मसात गरिने हुँदा परिवर्तन हुनको लागि विभिन्न चरणहरू अनिवार्य पार गरिन्छ ।

### ५.१.४ परिवर्तनका तत्व

परिवर्तनका विभिन्न तत्वहरु रहेका हुन्छन् । (क) संस्कृति, (ख) मानविय समुदाय र भौगोलिक पर्यावरण, (ग) प्रविधि, (घ) आर्थिक प्रणाली, (ङ) राजनीति इत्यादि परिवर्तनका आधारभूत तत्वहरू हुन् (Haralambos & Holborn, 2008, p. 914) । मानविय क्रियाकलाप समाजको मूल्यमान्यता, विश्वास, भाषा, धार्मिक अभ्यास, कला इत्यादिसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । कुनै

मानव समुदायमा नुतन विचार, ज्ञान, सम्पर्क स्थापना भएको खण्डमा मानव संस्कृतिमा नवीनता ल्याई परिवर्तन देखा पर्दछ । संस्कृति बाहेक अन्य तत्वहरूले पनि परिवर्तनमा प्रभाव पारिन्छ ।

## ५.२ भक्तपुर स्थित जगन्नाथ मन्दिरसँग सम्बन्धित सांस्कृतिक सम्पदाको परिवर्तको अवस्था

समय परिवर्तनशील छ । संस्कृति र समय क्रम पनि एकै सिक्काका दुई पाटाहरू हुन् । अर्थात् संस्कृति पनि कालक्रमसँगै र स्थानभेक अनुसार परिवर्तन भइरहेको हुन्छ । यो समयको प्रवाहसँगै र स्थान विशेषको सामाजिक तथा भौगोलिक परिवेश अनुसार क्रमशः रूपान्तरित हुँदै जाने प्रक्रिया हो (Geertz, 1973,p. 5) । त्यसैले एउटै प्रकारको मान्यता र संस्कृति पनि ठाउँ अनुसार फरक फरक अभ्यास रहेको पाइन्छ । कुनै स्थानभेकमा उद्भव र विकास भएको मान्यता वा संस्कृति एक स्थानबाट अर्को स्थानसम्म आउँदा वा प्रसार हुँदा त झन् विविध परिवर्तन आएको तथा स्थानीयकरण भएको देखिन्छ । यस क्रियाको उत्कृष्ट उदाहरण जगन्नाथ परम्परालाई लिन सकिन्छ । उडिसा राज्यको पुरी क्षेत्रमा उद्भव मानिने जगन्नाथ सम्प्रदाय विभिन्न कालखण्डमा प्रसार भइ नेपालसम्म आई पुग्दा जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त सम्पदामा धेरै परिवर्तनहरू देखा परेको छ । नेपालमा निर्मित जगन्नाथ सम्प्रदायका मूर्तिकला, वास्तुकला, अमूर्त पक्ष जस्ता परिवेशमा नेपालीपन झल्किन्छ । उक्त सन्दर्भहरू पुरी क्षेत्रको विधिविधान भन्दा धेरै फरक छन् । संस्कृति परिवर्तन एक निरन्तर प्रक्रिया हो । यो परिवर्तनशील रहेको हुन्छ ।

### ५.२.१ परिर्तनको क्षेत्र र पक्ष

पुरी क्षेत्रको जगन्नाथ मन्दिर र सम्प्रदायको सनातन हिन्दु जगत्मा विशिष्ट पहिचान र जनमानसमा विशेष आस्था रहेको छ । सोही धार्मिक आस्था जनविश्वास अनुरूप जगन्नाथ सम्बन्धी विभिन्न जात्रा, पर्व, संस्कार दैनिक रूपमा र वार्षिक रूपमा सम्पन्न गरिन्छ । १२ औँ शताब्दीको मध्य तिर विकास भएको मानिने जगन्नाथ सम्प्रदायको संस्कृति बिस्तारै विभिन्न भूगोलमा प्रसार हुँदै गयो । ऐतिहासिक विवरणअनुसार विक्रमको १६ औँ शताब्दीको मध्यबाट जगन्नाथ सम्प्रदाय भक्तपुर केन्द्र भएर प्रसार भएको बुझिन्छ । भक्तपुर क्षेत्रसँगै नेपालका अन्य क्षेत्रहरूमा पनि विस्तारै जगन्नाथ सम्प्रदायको भावना, आस्था, विश्वास प्रसार हुँदै गए पछि जगन्नाथ संस्कृतिको मूल धारमा परिवर्तन भइ नेपालको आफ्नै मौलिकपन र स्थानीय विशेषताहरू प्रस्तुत हुँदै प्रसार भएको पाइन्छ ।

नेपालमा जगन्नाथ सम्प्रदायको संस्कृति पनि प्रसार हुने क्रममा अत्यधिक मात्रामा स्थानीय मौलिकपन मिश्रित सम्प्रदायको विकास भएको पाइन्छ । वर्तमान समयमा उडिसा राज्यको पुरी क्षेत्रमा जगन्नाथ परम्परामा देखिने कतिपय संस्कृति तथा संस्कारहरू नेपालमा जगन्नाथ सम्प्रदायको प्रारम्भमा केही समानताको निरन्तरता भए पनि कतिपय संस्कृति र संस्कारहरूको उद्भव नेपालमै भएको छ । विशेषतः वास्तुकला, मूर्तिकला, पूजाविधि, जगन्नाथ परम्परा, दैवी सिद्धान्त, इत्यादिमा नेपाली मौलिकपन तथा स्थानीयताको प्रभाव देख्न पाइन्छ । पूजा विधिमा वैष्णव परम्पराको अवलम्बन भए पनि यहाँका जगन्नाथ मन्दिरमा पूजाका सामग्री, अनुष्ठान विधि, आरति, मूर्ति स्थापना विधि, तथा तन्त्रप्रधान जगन्नाथमा मौलिकता देखिन्छ । नेपालका विभिन्न स्थानहरूमा जगन्नाथका मन्दिरहरू निर्माण भएका छन् । तर जगन्नाथ सम्प्रदायको केन्द्र भक्तपुरका जगन्नाथ मन्दिरहरू हुन् । भक्तपुरका विभिन्न स्थानमा निर्माण भएको जगन्नाथ मन्दिर तथा मूर्तिहरूले यहाँको सामाजिक जीवनमा ओगटेको विश्वास र आस्था तथा साङ्केतिक रूपमा भए पनि भक्तपुरमा जगन्नाथ संस्कृतिको निरन्तरताले यस क्षेत्रलाई जगन्नाथ सम्प्रदायको मौलिक अभ्यासको केन्द्रको रूपमा स्थापित गरेको छ । नेपालमा जगन्नाथ सम्प्रदायको ऐतिहासिकताका विभिन्न पक्षहरूको अध्ययन गर्दा भक्तपुरका जगन्नाथ मन्दिरहरू सर्वप्राचीन मानिन्छन् । यस कारणले पनि जगन्नाथ सम्प्रदायको लागि भक्तपुर विशेष क्षेत्र हो ।

भक्तपुरमा जगन्नाथ सम्प्रदायका विभिन्न सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरू स्थापना कालदेखि नै चलिआएको विभिन्न साहित्यिक स्रोतहरूबाट जानकारी प्रप्त गर्न सकिन्छ । मध्यकालमा विशेषतः कान्तिपुर र भक्तपुरमा जगन्नाथ सम्प्रदायलाई राजकीय महत्वका साथ स्थापना गरेको र सोही अनुरूप संस्कृति, संस्कार, पर्व तथा धार्मिक क्रियाकलापको निरन्तरता दिएको बुझिन्छ । तर समयको क्रमसँगै जगन्नाथ सम्प्रदायको विधिविधान र महत्व राज्य स्तरबाट र सामाजिक तवरबाट घट्दै गएको र वर्तमान समयसम्म पुग्दा जगन्नाथ सम्प्रदायका अनुष्ठानिक प्राचीन परम्परा लोप जस्तै भइसकेको छ । मन्दिर संरचना, मूर्तिहरू र औपचारिक रूपमा सीमित सङ्ख्यामा गरिएको पूजापाठ जस्ता कार्यहरू मात्र बाँकि छन् । तसर्थ भक्तपुरका जगन्नाथ मन्दिरहरूमा पनि कतिपय संस्कार तथा जगन्नाथ संस्कृति परिवर्तन भए भने कतिपय लोप भइ सकेको अवस्था छ ।

भक्तपुरका जगन्नाथ मन्दिरहरू निर्माण तथा मूर्तिहरू स्थापनामा पुरी क्षेत्रको जगन्नाथको संस्कृति भन्दा विशिष्ट परिवर्तनहरूसहित विकास भएको हो । पुरी क्षेत्र जगन्नाथ सम्प्रदायको उद्भव भूमि मानिन्छ । त्यहाँको जगन्नाथ मन्दिर तथा धार्मिक परम्परा मूल रूपमा स्थापित

जगन्नाथ संस्कृतिको प्रतिनिधित्व गर्ने आधार हो । भक्तपुरको जगन्नाथ मन्दिरहरूमा पुरी क्षेत्रको जगन्नाथ संस्कृतिको मूल भाव केही मात्रामा रहेको भएता पनि भक्तपुरमा प्रसार भएको जगन्नाथ मन्दिरमा अत्यधिक परिवर्तन भएका छन् । राज्य र स्थानीय समाजले जगन्नाथ सम्प्रदायको स्थापना र अनुग्रह आफ्नै प्रकारले गरेको पाइन्छ । मध्यकालदेखि नै जगन्नाथ सम्प्रदायको स्थापना र विकासमा राज्यको संरक्षणको विशिष्ट भूमिका रहेको ऐतिहासिक प्रमाणले पुष्टि गर्दछन् । सामाजिक सहभागिताको विशेष कारणले पनि स्थानीय रूपमा विद्यमान सामाजिक विश्वास र आस्था अनुरूपका मौलिकपन सहितको जगन्नाथ संस्कृतिको विकास भएको हो । जगन्नाथ सम्प्रदायका संस्कृतिहरूमा विशेषतः जगन्नाथ धार्मिक मतअन्तर्गतका वास्तु रचना शैली, मूर्ति निर्माण विधान, पूजा विधि, तान्त्रिक मतको आगमन, विभिन्न वार्षिक जात्रा पर्वमा परिवर्तन इत्यादिको व्यवस्थाहरूमा पुरीको जगन्नाथ मन्दिर र संस्कृतिभन्दा यहाँको जगन्नाथ संस्कृतिमा विशेष फरकपन रहेको पाइन्छ ।

भक्तपुरमा जगन्नाथ मन्दिरहरूमा पुरी क्षेत्रको जगन्नाथ मन्दिरको पूजा विधिभन्दा यहाँ तान्त्रिक परम्पराको आगमन, वैष्णव र शाक्त परम्पराको समिश्रण तथा समन्वय, नेवारी सांस्कृतिक परम्परा र मूल्यमान्यताको अन्तरघुलन पाउनु यहाँको जगन्नाथ सम्प्रदायको उल्लेखनीय पक्ष हुन् । यहाँ सम्पन्न गरिने पर्व, पूजा, तथा तन्त्र साधनाका विधिहरूको रूपमा स्थानीय मौलिकता, सामाजिक अनुकूलता र समय क्रमसँगको समायोजन झल्किन्छ । यी सम्पूर्ण तथ्यहरूले भक्तपुरको जगन्नाथ सम्प्रदायले पुरीको जगन्नाथ संस्कृतिको मूल परम्पराको अनुकरण मात्र होइन, उक्त सम्प्रदायलाई स्थानीय मौलिकता र सांस्कृतिक आवश्यकताको आधारमा पुनः निर्माण जस्तै गरी नयाँ रूप पनि दिइएको हो । समग्रमा जगन्नाथ संस्कृतिसँग सम्बन्धित तल उल्लेखित विविध क्षेत्र तथा पक्षहरूमा परिवर्तनको अनुभूति गर्न सकिन्छ ।

### ५.२.१.१ जगन्नाथ मन्दिर वास्तु निर्माण विधिमा आएको परिवर्तन

पुरी क्षेत्रको जगन्नाथ मन्दिर विशेषतः प्रस्तरबाट निर्माण भएको शिखर शैलीको एक उत्कृष्ट मन्दिर वास्तुकला हो । यो मन्दिरलाई धार्मिक आस्थाको केन्द्र मात्र नभइ दक्षिण एसियाली मन्दिर वास्तुकलाको एक महत्वपूर्ण प्रतीक पनि मानिन्छ । मन्दिरको समग्र संरचनालाई विभिन्न खण्डहरूमा विभाजन गरिएका छन् । प्रत्येक खण्ड आ-आफ्नै वास्तु शैलीका उद्देश्यहरू, सांस्कृतिक भावना, धार्मिक कार्य सम्पादन स्थल हुन् । मन्दिरको मुख्य प्रवेशद्वार पुग्न विभिन्न मण्डपहरू पार गरिए पछि मात्र पुग्न सकिने गरी भोग मण्डप, नात्यमण्डप, जगमोहन जस्ता विभिन्न वास्तु

खण्डहरू निर्माण गरिएका छन् । तिनीहरूको प्रयोग छुट्टाछुट्टै उद्देश्य र विशेषताका रूपमा हुन्छ । मन्दिर वास्तुकलाको बाहिरी भागमा विभिन्न शिल्पकला, धार्मिक प्रतीकहरू, पौराणिक पात्रहरू, देवदेवीका आकृति, जनावरका आकृति जस्ता कलाका नमुना उत्किर्ण गरी मन्दिरलाई आकर्षक तुल्याइएको पाइन्छ ।

भक्तपुरको जगन्नाथको मन्दिर शैली छाने नेपाली शैली र शिखरशैली दुवै वास्तुविधानमा निर्माण भएका छन् । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको वास्तुशैली छाने शैली हो । तःमारी क्षेत्रको जगन्नाथ मन्दिर स्थापना काल देखि नै शिखर शैलीमा निर्मित छ (Korn, 2014, p. 18) । तुलाछेँ टोलको जगन्नाथ मन्दिर वि.सं. १९९० को महाभूकम्पले विनाश भइसकेपछि एक तल्ले छाने शैलीको सामान्य वास्तुरचनामा निर्माण गरियो । यो पनि छाने शैली नै हो । तर यस मन्दिरको खोज अनुसन्धानात्मक अध्ययन पछि यसको प्राचीन शैली शिखर शैली भएकाले यसलाई शिखर शैलीमा निर्माण गरिदै छ । अतः भक्तपुर साथै नेपालका जगन्नाथ मन्दिरहरू सांस्कृतिक अन्तरसम्बन्ध, स्थानीय मौलिकता  र काल प्रवाहको अन्तरालसँगै भिन्नाभिन्नै वास्तु शैलीमा निर्माण भएका छन् ।

नेपाली जगन्नाथ परम्परामा पुरी क्षेत्रको परम्परागत  शिखर वास्तु शैलीको संरचनात्मक विशेषताको कमी रहेको  छ, तर नेपाली मौलिकपन भने धेरै नै रहेको पाईन्छ  । तुलाछेँ टोलको पुनःनिर्माणधिन जगन्नाथ मन्दिर र तःमारी क्षेत्रको जगन्नाथ मन्दिर शिखर शैली कै भएता पनि पुरी क्षेत्रको जस्तो कार्यात्मक विभिन्न मण्डपहरूको निर्माण भएको पाइँदैन । यी मन्दिरहरूमा मुख्य प्रवेशद्वारसँगै जोडिने गरी नमुनाका रूपमा सानो मण्डप निर्माण भएको छ । यहाँका शिखर शैलीका मन्दिरहरू गर्भ गृहका मूर्ति पूजा नै प्रमुख धार्मिक कार्य भएको हुनाले जगन्नाथ मन्दिरहरूका पनि गर्भगृहको मूर्ति र पूजापाठ केन्द्रित नै  भएर निर्माण भएको देखिन्छ । पुरीको जगन्नाथ मन्दिरको जस्तो शिखर शैलीको तुलनामा संरचनात्मक विविधता र मन्दिर निर्माण विधिको विशेषताको अभावलाई देखाउँछ । तर, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको वास्तुकला पूर्ण रूपमा नेपाली शैली रहेको छ । उक्त मन्दिरहरू पुरी क्षेत्रको जगन्नाथ वास्तुसँग विशुद्ध फरक छन् । यस मन्दिरमा तहगत छानाहरू, इँटा तथा काष्ठको अत्यधिक प्रयोग, काष्ठका कलात्मक वस्तुहरूको प्रयोगले यो मन्दिर जगन्नाथ मन्दिरको वास्तु शैली भन्दा फरक शैलीमा निर्माण भएको एक विशिष्ट मन्दिर हो ।

नेपालमा आएका विभिन्न प्राकृतिक प्रकोपको कारण पनि यहाँको सांस्कृतिक पक्षमा परिवर्तनहरू देखा परेको छ । विशेषतः वि.सं. १९९० को महाभूकम्प पछि भत्किएका धार्मिक तथा सांस्कृतिक सम्पदाहरू राणा शासकद्वारा पुनः निर्माण गर्दा प्रारम्भिक स्वरुपलाई महत्व नदिइ नयाँ

वा मिश्रित स्वरुपमा मन्दिरहरू निर्माण गरिएको थियो ( Korn, 2014, p. 33) । भक्तपुर तुलाछेँ टोलको जगन्नाथ मन्दिर पनि यस्तै परिवर्तित वास्तु शैलि निर्माणको एक उदाहरण हो । यस मन्दिरलाई पनि प्रारम्भिक स्वरूपको शिखर शैली विशेषताको मन्दिर निर्माण नगरी उक्त शिखर मन्दिरको अवशेष कै आधार पेटि माथि नै एक तल्ले छान्ने शैलि निर्माण गरिएको थियो (फोटो नं. ८) ।

प्रस्तुत तथ्यहरूको आधारमा जगन्नाथ सम्प्रदायको प्रसार नेपालमा पुरी क्षेत्रबाट भए पनि जगन्नाथ मन्दिरको वास्तु विशेषतामा यहाँको स्थानीय मौलिकपन पनि समायोजन भएको पाइन्छ । केही मन्दिरहरू पूर्णरूपले जगन्नाथ मन्दिरको वास्तुविधान परिवर्तन भइ स्थानीयकरण भएको हुन् । कुनै पनि संस्कृतिको प्रसार हुँदा त्यसबेला यस प्रकारका परिवर्तन सामान्यतया भइ नै रहेको हुन्छ ।

### ५.२.१.२ मूर्तिकला निर्माणमा आएको परिवर्तन

पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा वैदिक कालदेखि शबर जातिले काष्ठ मूर्ति पूजा गर्ने परम्परा रहेको थियो । शबर जातिको प्रारम्भिक बसोबास क्षेत्र निलाद्री पहाड हो । शबर जातिले वृक्ष पूजा गर्ने गर्दथे (Mahapatra, 2008, p. 38) । विभिन्न कालखण्ड हुँदै पुरी क्षेत्र जगन्नाथ सम्प्रदायको लागि प्रसिद्ध भयो । तर मूर्ति पूजा भने काठ कै निर्माण भएको मूर्तिहरूमा गरिने परम्परा निरन्तर अभ्यासमा छ । पुरीको जगन्नाथ मन्दिरमा काष्ठबाट निर्मित ठूल्ठूला जगन्नाथ, बलराम, सुभद्रा र सुदर्शनको मूर्तिहरूको दैनिक रूपमा पूजा गरी विभिन्न समयमा जात्रा पर्व सम्पन्न गरिन्छ । तर नेपालमा जगन्नाथ सम्प्रदायको प्रसार फरक सांस्कृतिक र सामाजिक परिवेशमा भएको हुनाले यहाँ मूर्ति निर्माण विधि र सामग्रीमा उल्लेखनीय भिन्नता रहेको देखिन्छ । भक्तपुरमा रहेका मन्दिरहरूमा प्रायः प्रस्तर कै मूर्ति रहेका छन् । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरमा र राष्ट्रिय काष्ठकला सङ्ग्रहालयमा प्रदर्शनमा रहेको मखन टोलको जगन्नाथ मन्दिरबाट ल्याइएको जगन्नाथ मूर्तिहरू काठबाट निर्मित छन् । ती काष्ठ मूर्तिहरू जगन्नाथ परम्परा अनुरूपको संरचना, रूपविधान, रङ्ग संयोजन इत्यादि विशेषतामा फरक र मौलिकपन रहेको पाइन्छ ।

भक्तपुर तुलाछेँ टोलको जगन्नाथ मन्दिरका मूर्तिहरू पूर्णरूपमा प्रस्तरले निर्माण भएका छन् । उक्त मूर्तिहरूमा अन्य जगन्नाथ मन्दिरहरूको तुलनामा अत्यन्तै विशिष्ट विशेषता पाइन्छ । तुलाछेँ टोलको जगन्नाथ मन्दिरको मूर्तिहरू पुरी क्षेत्रका जगन्नाथ मन्दिरको जस्तो अपूर्ण मूर्ति छैनन् । यस मन्दिरको जगन्नाथ, सुभद्रा र बलरामको मूर्ति पूर्ण मानव कदका आकर्षक प्रस्तर मूर्ति हुन् । पुरी

क्षेत्रको जगन्नाथका मूर्तिहरू लोककथामा आधारित भएअनुसार काष्ठको अपूर्ण मूर्ति निर्माण गरिने परम्परा नेपालमा प्रवेश पाएपछि यहाँको स्थानीय तन्त्र विधि, सामाजिक मान्यता अनुरूपका धारणा र विश्वासका कारणले गर्दा मौलिक स्वरूपको मूर्ति निर्माण गरिए ।

तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा पनि सानो आकारको जगन्नाथको प्रस्तर मूर्ति स्थापना गरिएको छ । उक्त मूर्तिमा पुरी क्षेत्रका भन्दा विशेषताहरू धेरै फरक छन् । यस मन्दिरको मूर्ति आकार, निर्माण शैली र सौन्दर्यको पक्षमा भन्दा फरक रहेको छ । अतः जगन्नाथ सम्प्रदायको प्रसार भक्तपुरमा भए पछि मूर्ति विधानमा फरकपन रहेको र मूर्ति निर्माण गर्दा कलाकारले नेपालको मौलिक विशेषताहरूलाई आत्मसाथ गरेको हो । यस क्रियाकलापले मूर्ति विधानमा फरकपनसँगै स्थानीय सांस्कृतिक विश्वास र विशेषतालाई आत्मसात् र स्थानीय कलाको अभिव्यक्ति पनि दिएको छ । यस जगन्नाथका प्रस्तर मूर्तिहरू नेपाल बाहिरको संस्कृति प्रसार भइ नेपाल भित्रिँदा उक्त संस्कृतिलाई स्थानीय मौलिकतामा रूपान्तरण गरी स्थापना गरी स्थापना हुन सफल भएको एक उत्कृष्ट उदाहरण हो ।

### ५.२.१.३ पूजा विधिमा आएको परिवर्तन

वर्तमान समयमा भक्तपुरका जगन्नाथ मन्दिरमा परम्परागत पूजा विधि अति सामान्य रूपमा मात्र सम्पन्न गर्ने परम्परा छ । भक्तपुरको जगन्नाथ मन्दिरहरूमा हुने पूजा विधिलाई समग्रमा हेर्दा यहाँको स्थानीय मौलिकता, जगन्नाथ मान्यता र पूजा परम्परामा तन्त्रको प्रभाव देखिन्छ । कालान्तरमा परम्परागत पूजाविधि पनि विस्तार मिश्रित स्वरूप देख्न सकिन्छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा प्रायः पूजाविधिहरू अत्यन्तै विशिष्ट र जटिल पूजाविधि प्रचलनमा रहेको देखिन्छ । पुरीको जगन्नाथ मन्दिरमा प्राचीन वैदिक विधिअनुसार दैनिक षोडशोपचार पूजा, आरति, भोग लगाउने विधि, तथा विशिष्ट जात्रा, महोत्सव, रथ यात्रा, नवकलेवर, स्नानयात्रा, चन्दन यात्रा जस्ता महत्त्वपूर्ण संस्कारहरू निरन्तर सम्पन्न भइरहन्छ (Mishra, 1971, pp. 104-120) । तर भक्तपुरको जगन्नाथ मन्दिरहरूमा सम्पन्न गरिने पूजाविधिहरू तुलनात्मक रूपमा सरल, सामान्य र स्थानीय परिवेशको आधारमा गरिन्छ । वर्तमान समयमा तुलाछेँ टोल, भक्तपुर दरबार क्षेत्रको र तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा परम्परागत पूजा विधिअन्तर्गत अक्षता, फूल, धूप, दीप, जल इत्यादि सामान्यरूपमा चढाई पूजा सम्पन्न गरिन्छ ।

विगतमा तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा प्रत्येक महिनाको पूर्णिमाको दिन पालुबञ्जः समुदायको विशेष उपस्थितिमा विशेष पूजाविधि सम्पन्न गरिने परम्परा थियो । *होली पुन्हि*को दिन खिख्व र सुवाल समुदायका सदस्यहरूको धार्मिक दाइत्वका साथ यस मन्दिरमा विशेष पूजाविधि सम्पन्न गरी टोल भरी प्रसाद बाड्ने गर्दथे (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । त्यो परम्परा पुरी क्षेत्रकोभन्दा धेरै नै फरक थियो । यो यहाँको सांस्कृतिक तथा धार्मिक परम्परा हो । यस मन्दिरमा तान्त्रिक परम्परा मिश्रित पूजाविधि पनि सम्पन्न गरिने परम्परा रहेको छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा पौराणिक आधारमा पूजाविधि सम्पन्न गरिन्छ । भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरका बलराम, सुभद्रा र जगन्नाथका मूर्तिहरूलाई तान्त्रिक देवताको रूपमा विशेष पूजाअर्पण गर्दछन् । अप्रत्यक्ष रूपमा बलि समेत दिने परम्परा विद्यमान रहेको छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । यस तथ्यले तत्कालीन भक्तपुरको समाज र परम्परा तन्त्रप्रधान थियो । जगन्नाथ सम्प्रदायलाई पनि तन्त्र साधना कै एक रूपमा स्थापित गरियो भन्ने यकिन गर्न सकिन्छ । भक्तपुरको यो परम्परा तथा तन्त्रप्रधान विधिको प्रयोग भक्तपुरको जगन्नाथ मतमा रहेको देखिन्छ । यो परम्परा पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा प्रचलित थिएन । जगन्नाथ सम्प्रदायको प्रसारले यस्ता संस्कृति तथा संस्कारहरू परिवर्तन भइ नयाँ अभ्यास प्रणाली विकास भएका हुन् ।

भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा इस्कोन संस्थाको संस्थागत पूजारीले पनि दैनिक पूजाविधि सम्पन्न गर्ने परम्परा प्रारम्भ गरेका छन् । यो परम्परागत पूजाविधिभन्दा फरक रहेको छ । इस्कोनले जगन्नाथ प्रथाको पूजाविधि वैष्णव पद्धति, पौराणिक विधि र मान्यता तथा कृष्ण भावनामृत सिद्धान्तअनुरूप आरति, भजन, कीर्तन तथा प्रसाद वितरण जस्ता क्रियाकलाप गरी सम्पन्न गरिन्छ (राहुल प्रजापति, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२३) । यो  मन्दिरमा परम्परागत तन्त्रप्रधान पूजाविधि अपनाएर सम्पन्न गरिने प्रथा भए पनि इस्कोनले सम्पन्न गर्ने पूजाविधिमा केही मात्रामा पुरी क्षेत्रको जगन्नाथ मन्दिरको भाव रहेको देखिन्छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिर र यहाँको जगन्नथ मन्दिरमा प्रचलित मूर्तिहरूको पूजाविधि, पूजा र प्रसाद सामग्रीहरूको सङ्ख्या र आकारमा  धेरै भिन्नता छ । भक्तपुरको जगन्नाथ मन्दिरमा गरिने पूजाविधि र अन्य धार्मिक क्रियाकलाप प्रतिनिधिमूलक भावमा मात्र सम्पन्न गर्ने गर्दछन् ।

यस प्रकार भक्तपुरको जगन्नाथ मन्दिरमा मूल उद्भव क्षेत्रको पूजाविधिभन्दा व्यापक परिवर्तन भएको स्पष्ट देखिन्छ । भक्तपुरको जगन्नाथ मन्दिरमा ऐतिहासिक रूपमा समृद्ध र विशिष्ट

मौलिक पूजाविधिको परम्परा रहे पनि हाल ती पूजाविधिहरू क्रमशः सामान्यीकरण हुँदै गएका छन् । साथै उक्त परम्परागत पूजा विधिले आधुनिक मिश्रित धार्मिक मान्यता र क्रियाकलापले पनि पूजा विधिमा परिवर्तित देखिन थालेको छ ।

### ५.२.१.४ तान्त्रिक मतको मिश्रण

जगन्नाथ, बलराम र सुभद्राका मूर्तिहरू पूर्णतः वैष्णव मान्यता अनुरूप भए पनि भक्तपुरका जगन्नाथ मन्दिरहरूमा पूजा गर्दा तन्त्रमार्गीय विधिहरू समेत अनुसरण गरिने परम्परा रहेको छ । यस प्रकारको विधिमा विशेष मन्त्रपाठ, बिहानी साथै सन्ध्याकालीन पूजा संस्कार, निश्चित ग्रह नक्षत्रमा आधारित तिथिहरूमा विशेष धार्मिक अनुष्ठान सम्पन्न गर्दछन् । साथै तुलाछेँको जगन्नाथ मन्दिरमा वर्षको एकदिन असार शुक्ल द्वितीयाको दिन अप्रत्यक्षरुपमा तान्त्रिक पूजाविधि गरी बोकाको बलिसमेत दिने परम्परा छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । यस प्रकारको पूजा सुभद्रालाई तान्त्रिक देवी चण्डिकाको रूपमा पूजा गरी बलि दिएको हो । तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको सुभद्रालाई पनि विजया दशमीको रातमा तुलजा भवानी कै रूपमा मानेर यस मन्दिरको अगाडि पहिलो पेटीमा विराजमान गराउँदछन् । तान्त्रिक देवीसमूह नवदुर्गा गणले पालैपालो दर्शन गरी जाने परम्परा रहको छ (सञ्जीव लवजू, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०१/१६) ।

पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा वैष्णव पद्धतिबाट निर्देशित पूजा प्रणालीलाई कडाइका साथ पालन गरिन्छ । यहाँ विषम तान्त्रिक विधिको स्थान छैन । यद्यपि यन्त्र पूजाका क्रममा सामान्य तन्त्रको विधि भने प्रयोग गर्दछन् (Mishra, 1971, p. 144) । सामान्य मान्यताअनुसार विष्णुलाई बलि भोग चल्दैन । जगन्नाथ सम्प्रदायमा जगन्नाथ अथवा कृष्ण नै प्रमुख देवको रूपमा मान्ने भएका कारण बलि वा तान्त्रिक प्रथा चलाउँदैन । पुरीको जगन्नाथ सम्प्रदायको प्रसार भक्तपुर हुँदै नेपालमा भएका जगन्नाथ मन्दिरहरूमा भने केही मात्रामा भए पनि तन्त्रले प्रवेश पाएको देखिन्छ । तुलाछेँ टोलको जगन्नाथ मन्दिर भने पूर्ण रूपमा तान्त्रिक प्रभावित पूजाविधि सम्पन्न गरिने परम्परा रहेको छ । तर वर्तमानमा यी विधिहरू सामान्यीकरण भइ आएका छन् ।

### ५.२.१.५ संस्कारहरूमा आएको परिवर्तन

भक्तपुरका जगन्नाथ मन्दिरहरूमा जगन्नाथ सम्प्रदायको धार्मिक प्रभाव रहेसँगै पुरी क्षेत्रबाट विकसित संस्कार र परम्पराहरूमा पनि प्रभाव देखिन्छ । तर यहाँका जगन्नाथका संस्कार र

परम्पराहरूमा पूर्णरूपले जस्ताको तस्तै प्रभाव नपरी स्थानीय संस्कृति, परम्परा तथा सामाजिक मान्यता अनुरूपका धारणा धारणा पनि समावेश छन् । मूलभूत संस्कृति, संस्कार र परम्परालाई अपनाएको पाइन्छ ।

पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा दैनिक पूजाविधि बाहेक रथयात्रा, नवकलेवर, महास्नान, अनासर संस्कार साथै अन्य विभिन्न संस्कार तथा जात्रा पर्व सम्पन्न गर्दछन् । जगन्नाथको रथ यात्रालाई विश्वको एक भव्य जात्राको रूपमा लिइन्छ । त्यसवखत लाखौंको मानिस जम्मा भएर रथयात्रा सम्पन्न गर्दछन् । हरेक ८, १२ या १९ वर्षमा नवकलेवर संस्कार सम्पन्न गरिन्छ । नवकलेवर संस्कार अन्तर्गत जगन्नाथ, सुभद्रा र बलरामका मूर्तिहरू परिवर्तन गरिन्छन् । हरेक वर्ष मूर्तिहरूका महास्नान र त्यसपछि अनासर संस्कार पनि जगन्नाथ सम्प्रदायमा निकै महत्वपूर्ण मानिने परम्परा हो । यो धार्मिक क्रियाकलापको जगन्नाथ सम्प्रदाय धर्मावलम्बीहरुमा महत्वको विषय बनेको छ । यस प्रकारको धार्मिक क्रियाकलाप नेपालका जगन्नाथ मन्दिरहरूमा पनि सम्पन्न गरिन्छन् । यद्यपि परिवर्तित तवरले र सामान्य रूपमा सम्पन्न गरिने प्रथा रहेको छ ।

भक्तपुरमा पुरी क्षेत्रको जगन्नाथको रथयात्रा जस्तै नै भव्य रथयात्रा सम्पन्न गरिने परम्परा रहेको थियो । तर उक्त रथयात्राको प्रचलन लगभग एक शताब्दी अघि नै बन्द भइसकेको छ ( चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । भक्तपुरमा जगन्नाथ रथयात्रा सम्पन्न हुने जानकारी रहे पनि रथयात्राको यकिन विवरण भने पाउन सकिएको छैन । रथयात्रामा कुन मन्दिरको मूर्ति राख्ने र कहाँसम्म रथयात्रा गरिने परम्परा रहेको थियो भन्ने तथ्य जानकारीमा आउने कुनै पनि स्रोत प्राप्त हुन सकिएको छैन । पुरी क्षेत्रको जस्तो बृहत् किसिमको रथयात्रा भने यहाँ हुँदैनन् । यहाँको भौगोलिक र प्राचीन बस्तीको अवस्थाको हिसाबमा त्यो हुने यकिन गर्न सकिदैन । यसै आधारमा रथको आकार प्रकारमा पनि परिवर्तित भइ यहाँ रथयात्रा हुने तथ्य बुझ्न सकिन्छ । महास्नानमा पनि तान्त्रिक विधिअनुसार जगन्नाथ मन्दिरमा मूर्तिलाई स्नान गराउने तथा तान्त्रिक विधि अनुरूप नै प्रस्तर मूर्तिको प्राण तानेर कलशमा स्थापना गरी अनासर संस्कार अवधिको पन्ध्र दिनपछि पुनः मूर्तिमा प्राण प्रतिष्ठा गर्ने परम्परा रहेको छ । यस प्रकार पुरीको जगन्नाथ मन्दिरको सांस्कृतिक प्रचलनभन्दा पनि भिन्न खालको संस्कार र प्रचलन भक्तपुरको जगन्नाथ मन्दिरहरूमा पाइन्छ ।

जगन्नाथ सम्प्रदायमा नवकलेवर वा कलेवर परिवर्तन एक महत्वपूर्ण परम्परा हो । जगन्नाथ सम्प्रदायले नेपालमा प्रवेश पाएपछि यस सम्प्रदायको संस्कार अन्तर्गतको नवकलेवर संस्कारले पनि

नेपालमा प्रसार भएको थियो । तर नेपालको जगन्नाथ मन्दिरहरूमा निश्चित समय सीमामा जगन्नाथको मूर्ति परिवर्तन गरी नयाँ मूर्ति स्थापना गर्ने प्रचलन रहेको पाइँदैन । तर आवश्यकता अनुरूप जीर्ण भएको अवस्थामा भने जगन्नाथको काष्ठ मूर्ति रहेको मन्दिरको मूर्तिहरू परिवर्तन गरी नवकलेवर संस्कार सम्पन्न गरिएको उदाहरणहरू भने छन् । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको मूर्तिहरू वि.सं. १९९० को महाभूकम्पले जीर्ण भएपछि पुरानो मूर्तिलाई विधिवत विसर्जन गरी नयाँ काष्ठ मूर्ति निर्माण गर्न लगाई स्थापना गरिएको हो । सोही मूर्तिलाई वर्तमान समयसम्म उक्त मन्दिरमा पूजा आरति सम्पन्न गरिन्छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

राष्ट्रिय काष्ठकला सङ्ग्रहालय, दत्तात्रय, भक्तपुरमा रहेको बलराम, सुभद्रा र जगन्नाथको काष्ठ मूर्ति काठमाडौँको मखनको जगन्नाथ मन्दिरबाट ल्याइएको हो । उक्त मूर्तिहरू जीर्ण भएका कारण पुरानो मूर्ति विस्थापन गरी नयाँ जगन्नाथको मूर्ति स्थापना गरिएको हो । यस उदाहरणले पनि नेपालमा जगन्नाथको नवकलेवर संस्कार गरिने परम्परा रहेको प्रष्ट हुन्छ । तर पुरीको जगन्नाथ मूर्तिको जस्तो निर्धारित समयमा नवकलेवर संस्कार गरिनु पर्छ भन्ने बाध्यात्मक परम्परा भने नेपालमा छैन । भक्तपुरको तुलाछेँ र तःमारी स्थित जगन्नाथ मन्दिरको मूर्तिहरू प्रस्तरबाट निर्मित भएकोले पनि नवकलेवर संस्कार गरिने परम्परा नेपालमा र भक्तपुरमा त्यति महत्वको संस्कार नभएको हो ।

यस प्रकार प्रसारवादको सिद्धान्त अनुरूप कुनै विशेष प्रकारको संस्कृति, परम्परा वा धार्मिक विश्वास एक स्थानबाट अर्को स्थानमा प्रसार हुन्छ । यस क्रममा नयाँ स्थानमा मौलिक तथा स्थानीय सांस्कृतिक तत्वहरूसँग मिश्रण हुँदै नयाँ संस्कृतिको निर्माण हुन्छ । सोही सिद्धान्तअनुसार पुरी क्षेत्रमा प्रारम्भ भएको जगन्नाथ मन्दिर र संस्कृति विभिन्न स्थानमा प्रसार हुने क्रममा १६ औं शताब्दीमा भक्तपुरमा पनि प्रसार भएको थियो । यो जगन्नाथ संस्कृति भक्तपुर हुँदै नेपालका विभिन्न स्थानमा आइपुग्दा यहाँको स्थानीय संस्कार, वास्तुकला, मूर्तिकला र परम्परासँग समाहित भइ विशिष्ट सांस्कृतिक रूपान्तरण भएको देखिन्छ । यस परम्परामा मूर्तिहरूको निर्माण काठको सट्टा प्रस्तरबाट पनि बनेका, नेपाली शैलीमा मन्दिर वास्तुकला निर्माण भएको, सानो रूपको संस्कारहरू सम्पन्न गर्ने परम्परा विकास भयो ।

उद् विकासवादको सिद्धान्त अनुरूप धार्मिक परम्परा विश्वास समयसँगै परिवर्तन र परिष्कृत हुँदै अगाडि बढ्ने हुन्छ । जगन्नाथ सम्प्रदायको प्रारम्भिक पौराणिक स्वरूप र

पूजापद्धतिहरू भक्तपुरमा स्थापना भइसकेपछि केही परिवर्तन भएका थिए । यहाँको जगन्नाथ मन्दिरमा तान्त्रिक पूजा, भजनकिर्तन, आरति जस्ता परम्परागत अभ्यास प्रारम्भमा रहेको भए पनि समयको प्रवाहसँगै ती धार्मिक क्रियाकलापहरू ह्रास हुँदै लोप हुने अवस्थासम्म पुगेका छन् । यसर्थ भक्तपुरका जगन्नाथ मन्दिर र संस्कृतिको अस्तित्वमा प्रसारवाद र उद् विकासवादको सिद्धान्त अनुरूपका प्रभावहरू रहेको पाइन्छ ।

## ५.३ मूर्त तथा अमूर्त सम्पदाहरू लोप हुनुका कारणहरू

जगन्नाथ सम्प्रदाय मध्यकालको एक विशिष्ट सम्प्रदाय हुन्, जहाँको स्थापनाविधि, पूजा, संस्कार तथा जात्रा पर्वमा राजा तथा राजपरिवारका सदस्यहरूको स्वयं उपस्थितिमा सम्पन्न गरिन्थ्यो । जगन्नाथ मन्दिरको स्थापना, संरक्षण तथा प्रवर्द्धनमा मल्ल राजा तथा राजपरिवारको सक्रिय भूमिका रहेको थियो । भक्तपुरको तुलाछेँको जगन्नाथ प्राणमल्लले स्थापना गरेको, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर राजा यक्षमल्लले स्थापना गराउन लगाएको, कान्तिपुरको जगन्नाथ मन्दिर राजा प्रताप मल्लले स्थापना गर्न लगाएका थिए । यी सन्दर्भहरू हेर्दा जगन्नाथ सम्प्रदायमा मध्यकालीन राजाहरू वा राजदरबारको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ । यी जगन्नाथ मन्दिरहरूको स्थापना र जगन्नाथ संस्कृतिले मध्यकालको राज्य र जगन्नाथ सम्प्रदाय बिचको निकट सम्बन्धलाई स्पष्ट पार्दछन् । जगन्नाथ सम्प्रदायको उद्भव क्षेत्र पुरीबाट भक्तपुर हुँदै नेपालमा प्रसार भएको जगन्नाथ संस्कृतिमा केही स्थानीयपन संस्कृतिको सम्मिश्रणसहितको परिवर्तन भइ यहाँ प्रचलनमा आएको देखिन्छ । साथै मध्यकालीन समाजले पनि सहज र आत्मीय तवरले जगन्नाथ सम्प्रदायलाई स्वीकार गरेको थियो ।

मध्यकालीन भक्तपुरमा जगन्नाथ सम्प्रदायको प्रसार र विकास उच्च भइसकेको थियो । राजा प्राणमल्ल पछि विभिन्न मल्ल राजाहरूले पनि जगन्नाथ मन्दिरको मूर्त तथा अमूर्त सम्पदामा विशेष योगदानहरू दिए । राजा जगतप्रकाश मल्लको समयमा निर्मित ने.सं. ७९० को अभिलेख सहितको पौभाचित्रमा आकर्षक जगन्नाथ सम्प्रदायअन्तर्गतका बलराम, सुभद्रा र जगन्नाथको चित्र सहित अन्य विभिन्न देवदेवको चित्रहरू पनि उत्किर्ण गरिएका छन् । उक्त पौभा चित्रको तल्लो भागमा राजा जगतप्रकाश मल्ल र मन्त्री चन्द्रशेखरको दुई अनुहारसहितको एकै स्वरूपको चित्र पनि निर्माण गरिएको छ । राजपरिवारका अन्य सदस्यहरूको पनि चित्र उल्लेख गरिएका छन् (फोटा नं. ३०) । उक्त विभिन्न उदाहरणले मल्ल राजपरिवार समेत जगन्नाथ आस्थाप्रति उदार रहेको र समाजमा जगन्नाथ संस्कृतिको परम्परा चलायमान रहेको थियो भन्ने तथ्य थाहा पाउन सकिन्छ ।

भक्तपुरमा मध्यकालमा जगन्नाथ सम्प्रदायले महत्वपूर्ण धार्मिक, सांस्कृतिक र सामाजिक भूमिका निर्वाह गरेको ऐतिहासिक साक्ष्यहरू प्राप्त भएका छन् । विशेषतः मध्यकालमा समाजमा विशिष्ट स्थानमा पुगेको र राजकीय संरचना र सत्ताको संरक्षण प्राप्त सम्प्रदायको स्तरमा सम्मानित जगन्नाथ सम्प्रदाय कालान्तरमा यसको राजकीय तथा सामाजिक महत्वमा ह्रास हुन आयो । भक्तपुरमा जगन्नाथ सम्प्रदायसँग सम्बन्धित विभिन्न संस्कृति तथा संस्कारहरूको परम्परा बिस्तारै कमी हुँदै लोप हुने अवस्थासम्म पुगे । वर्तमान समयसम्म आउँदा जगन्नाथ मन्दिरमा पूर्वकालमा सम्पन्न हुने पूजा पद्धति, जात्रा पर्व, तथा विभिन्न संस्कारहरू सामान्य, संक्षिप्त तथा सीमित मात्रामा प्रतिकात्मक रूपमा मात्र सम्पन्न हुने गरेका छन् । समाजमा जगन्नाथ मन्दिर र संस्कृतिको ज्ञानसमेत कम हुन थालेको छ । यहाँ वर्तमानको पुस्तालाई अमूर्त सम्पदाको मात्र अज्ञानता होइन, परम्परागत जगन्नाथ मन्दिर तथा मूर्तिहरू जस्तो मूर्त सम्पदासमेत विस्मरण हुँदै गईरहेको छ । यस्तो अवस्था कसरी आयो भन्ने प्रश्न महत्वपूर्ण छ । यहाँ भक्तपुरमा जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त सम्पदाको परम्परामा कमी आउनु र लोप हुनुका कारण खोजी गरिएको छ ।

### ५.३.१ मल्लकालीन राज्यव्यवस्थाको अन्त्यको प्रभाव

मध्यकाल नेपाली कला, वास्तुकला तथा धार्मिक क्रियाकलाप सञ्चालन र निरन्तरताको लागि अत्यन्तै समृद्ध काल थियो । यस समयमा मल्ल राजा तथा राज्यले भक्तपुरमा वैदिक, पौराणिक साथै तान्त्रिक परम्परामा आधारित संस्कार तथा संस्कृति प्रचलनमा ल्याउन अग्रणी भूमिका खेलेका थिए । मध्यकालमा पनि जगन्नाथ सम्प्रदायले राजकीय मान्यता तथा संरक्षण प्राप्त गर्दै विभिन्न धार्मिक क्रियाकलाप, धार्मिक तथा सामाजिक संस्कार, तान्त्रिक, वैदिक तथा पौराणिक पूजाविधि, साथै विविध जात्रापर्वहरूको प्रचलन सोहि समयमा प्रारम्भ भएका हुन् । नेपाल राज्यबाट मल्ल शासकको पतन पछि शाह वंशको उदय भयो । त्यससँगै तुलनात्मक रूपमा नेपालको प्राचीन तथा परम्परागत मूर्त तथा अमूर्त संस्कृति संरक्षणमा कमजोरी देखियो (व्यक्तिगत अन्तर्वार्ता, पुरुषोत्तमलोचन श्रेष्ठ, २०८२/०३/२४) ।

कुनै पनि धार्मिक सम्प्रदाय विकास र संवर्द्धनमा राज्यकोतर्फबाट संरक्षण र सहयोग नहुनु सम्प्रदायको दीर्घकालीन अस्तित्वका लागि एक प्रकारको गम्भीर चुनौती नै हो । मल्लकालमा जगन्नाथ सम्प्रदायको लागि व्यवस्था गरिएका गुथी, पूजारी, संस्कृति तथा संस्कार सम्पन्न गर्न व्यवस्थापकीय पक्ष इत्यादिका लागि राज्य स्तरबाट नै सहयोग हुने गर्दथ्यो । तर आधुनिककाको सुरुबाट नेपालको राजधानी सहरको रूपमा काठमाडौं घोषणा भएपछि भक्तपुरका विभिन्न

सांस्कृतिक सम्पदासँगै जगन्नाथ मन्दिरको परम्परागत प्रचलनहरूमा राज्य स्तरबाट ध्यान पुऱ्याउन नसकेको देखियो । त्यस कारण जगन्नाथ मन्दिर र सम्प्रदायको अस्तित्व हराउँदै गएको हो ।

### ५.३.२ गुथी जग्गा हराउँदै जानु वा निजीकरण हुनु

नेपालको सांस्कृतिक संरचना र धार्मिक जीवनशैलीमा गुथी प्रणाली आधारभूत तत्वको रूपमा रहिआएको छ । गुथी र गुथी जग्गा आर्थिक स्रोत मात्र नभइ सांस्कृतिक परम्परा, धार्मिक प्रचलनहरू र कुनै पनि संस्कारहरूको निरन्तरताको लागि महत्वपूर्ण भूमिका खेल्ने सामाजिक सङ्गठन हो । कुनै पनि सांस्कृतिक सम्पदाको  लागि गुथी र गुथीको जग्गा सम्पदालाई जीवित बनाई राख्ने आत्मातत्व हुन् । गुथी र गुथी जग्गा छ भने संस्कृति र सांस्कृतिक सम्पदा जीवित हुन्छन् । अन्यथा मृत सरह लोप भएर जान्छन् (व्यक्तिगत अन्तर्वार्ता, पुरुषोत्तमलोचन श्रेष्ठ, २०८२/०३/२४) ।

गुथीका जग्गाहरूको आयस्रोतबाट धार्मिक पूजाविधि, जात्रा पर्व सञ्चालन गर्न, पूजारी व्यवस्थापन, मन्दिर संरक्षण लगायत मन्दिरसँग सम्बन्धित विविध धार्मिक गतिविधिहरूलाई चलायमान बनाई राख्न सकिन्छ । भक्तपुरको जगन्नाथ मन्दिर वार्षिक रूपमा विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन भइरहने एक सम्प्रदाय हो । जगन्नाथ मन्दिरमा धार्मिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्न गुथीको व्यवस्था रहेको थियो । तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा *लाँ पुँ छ्यायगु* संस्कार सम्पन्न गर्न जिम्मेवारी पाएका हाडा-बिजुक्छे, सायचीनिया र खिंबञ्जार समुदायका परिवारलाई जग्गा दिएको र त्यस जग्गाको आम्दानीले जगन्नाथ मन्दिरमा पूजा तथा *लाँ पुँ छ्यायगु* संस्कार सम्पन्न गर्ने चलन थियो (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । तर हाल उक्त कार्य बन्द भइ सकेको  छ ।

मन्दिरको संस्कार चलाउनको लागि जग्गा भोगचलन गर्न दिएका कतिपय जग्गा निजीकरण, स्वामित्व परिवर्तन वा किनबेचका कारण कति सांस्कृतिक पक्ष तथा संस्कारहरू हराइ सकेको छन् । जग्गा नै नरहेको आस्थामा मन्दिरसँग सम्बन्धित जात्रा पर्व तथा संस्कारहरू सञ्चालन गर्न सहज हुँदैन । त्यसो भएकोले कुनै पनि धार्मिक सम्पदा र परम्परालाई निरन्तरता दिन उक्त मन्दिरसँग सम्बन्धित जग्गा अथवा आयस्रोत अति आवश्यक हुन्छ । सोही अनुरूप तुलाछेँ टोलको जगन्नाथ मन्दिरको जग्गा हराउँदै जानु वा निजीकरण भइ किनबेचले गर्दा पनि यस सम्प्रदायको परम्परागत

संस्कृति हराउँदै गएको हो । साथै अन्य जगन्नाथ मन्दिरहरूमा पनि विशिष्ट खालका परम्परागत संस्कार तथा सांस्कृतिक क्रियाकलापहरू लोप हुने अवस्थामा पुगिसकेका छन् ।

### ५.३.३ धार्मिक विविधता र प्रतिस्पर्धा

एउटै भौगोलिक क्षेत्रभित्र विभिन्न धार्मिक सम्प्रदायहरूको सह-अस्तित्व पाइनु सामाजिक एवम् सांस्कृतिक समृद्धिको एक महत्वपूर्ण सूचक हो । तर त्यही विविधता धार्मिक अहङ्कार, प्रतिस्पर्धा र आपसी उपेक्षाका कारण पनि बन्न सक्छ । किनकि एउटै भूगोलमा विभिन्न धार्मिक मान्यताहरूको अस्तित्वले समाजमा केही मात्रामा अहम् प्रवृत्तिको विकास गराउँदछ । बाह्य धार्मिक तथा संस्कृतिको अत्यधिक प्रभाव र आफ्नै संस्कृति बिर्सदै जानाले नेपाली स्थानीय मौलिक संस्कृति मासिने आवस्थामा पुगेको छ (टण्डन, २०५५, पृ. १) । नेपाल जस्तो बहु धार्मिक र बहु जातीय समाज भएको देश विशेषतः भक्तपुरमा मध्यकाल हुँदै आधुनिकालसम्म आउँदा समाजमा विभिन्न धार्मिक सम्प्रदायहरूको अस्तित्व रहेको विभिन्न ऐतिहासिक तथा पुरातात्विक स्रोतहरूबाट थाहा पाउन सकिन्छ । भक्तपुरमा पनि मध्यकालदेखि शैव, शाक्त, वैष्णव, बौद्ध साथै इसाई अन्तर्गतका विभिन्न धार्मिक सम्प्रदायहरू विकास भएका थिए । यी सम्प्रदायका धर्मावलम्बीहरूले आ-आफ्नै मान्यतालाई मात्र अधिक रूपमा ग्रहण गर्दै जाँदा त्यो प्रवृति अन्य सम्प्रदायको संस्कृति तथा संस्कारहरूमा उपेक्षा गर्ने आधार बन्दछ (सोमप्रसाद खतिवडा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२६) ।

भक्तपुरका जगन्नाथ मन्दिरहरू र त्यससँग सम्बन्धित संस्कारहरूमा यस प्रकारको धार्मिक प्रतिस्पर्धाको असर परेको छ । त्यसले जगन्नाथ सम्प्रदायप्रति समाजमा नैराष्य उत्पन्न हुन गएको देखिन्छ । जगन्नाथ मन्दिरमा तत्कालीन समाजमा निर्धारण गरिएको तल्लो जात, माथिल्लो जात, पानी चल्ने-नचल्ने भन्ने सामाजिक विभाजनलाई तोड्दै सम्पूर्ण वर्गका मानिसहरूले पूजा दर्शन गर्न पाउने मन्दिर हो, जहाँ कुनै पनि जात तथा वर्गको भेदभाव हुँदैन भन्ने मान्यता स्थापित हुन्छ ( Patra, 2011, p. 9) । यही खुल्ला संरचनाले उच्च जात वा धनी वर्गको धर्मप्रतिको सर्वोच्चताको भावनालाई चुनौती दिएको सोच विकास भएको हुनसक्छ । त्यसैले जगन्नाथ मन्दिरमा तल्लो वर्गका मानिसहरूले पनि पूजा विधिमा सक्रिय सहभागी हुने व्यवस्थाका कारण धनी वर्ग वा माथिल्लो जात मानिने परिवारले जगन्नाथ मन्दिर र संस्कारहरूलाई बेवास्ता गर्न थालेका हुन् (व्यक्तिगत अन्तर्वार्ता, पुरुषोत्तमलोचन श्रेष्ठ, २०८२/०३/२४) । यस कारणले पनि जगन्नाथ मन्दिर र संस्कारहरू लोप

हुने अवस्थामा पुगेको हो । आर्थिक रूपले सक्षम परिवार र समुदायले सहयोग गरी पूजाविधि सम्पन्न नगरे कतिपय धार्मिक सम्प्रदायहरू कमजोर हुँदै लोप हुने अवस्थासम्म पुग्न गएका हुन् ।

### ५.३.४ गुथी व्यवस्थामा आएका परिवर्तनको प्रभाव

प्राचीन तथा मध्यकालीन धार्मिक सम्पदाहरू संरक्षण र सञ्चालनमा राज्य स्तरको महत्वपूर्ण भूमिका रहेको थियो । सामाजिक तवरको महत्वपूर्ण सक्रिय सहभागिताका कारणले पनि सांस्कृतिक सम्पदाहरू निरन्तर रूपमा अस्तित्वमा थिए । मध्यकालमा जगन्नाथ सम्प्रदायअन्तर्गतका मूर्त तथा अमूर्त सम्पदाहरूको निरन्तरताको लागि राज्यको तर्फबाट विभिन्न आर्थिक तथा भौतिक सहयोगहरू भइरहन्थ्यो । सांस्कृतिक परम्पराहरू निरन्तर सञ्चालन हुने गर्दथे । मल्ल राज्यको पतन भए पछि शाहवंशको उदय, राणा काल हुँदै, राजतन्त्र र गणतन्त्रको राज्यव्यवस्थासम्म आई पुग्दा प्राचीन तथा मध्यकालीन मूर्त तथा अमूर्त सम्पदा संरक्षणमा कमी आएको देखिन्छ । यसको प्रभाव भक्तपुरको जगन्नाथ मन्दिर र जगन्नाथ सम्प्रदायमा पनि पर्न गयो । विगतमा महास्नान, लाँ पुँ छायगु संस्कार, असार शुक्ल द्वितीयाको दिन विशेष पूजा, होली पूर्णिमाको विशेष पूजा जस्ता महत्वपूर्ण संस्कार तथा  जगन्नाथ मन्दिर सञ्चालन र संरक्षणका लागि गुथी संस्थानले महत्वपूर्ण भूमिका खेलेको हुन्थ्यो । वर्ष भरि गरिने विशेष पूजा तथा संस्कारहरूमा प्रसस्त मात्रामा आवश्यक पूजा सामग्री तथा सरसामान प्रदान गरिने चलन थियो । जगन्नाथ मन्दिरको पूजाविधि धुमधामले गरिने प्रचलन रहेको थियो । तर वर्तमान समयमा गुथी संस्थानको धार्मिक तथा सांस्कृतिक उत्थान र निरन्तरतामा भूमिका न्यून भएको छ । गुथी संस्थानको सहयोग न्यून भएको र पूजा सामग्रीहरु औपचारिकताको लागि मात्र प्रदान गरिने हुँदा जगन्नाथ मन्दिरमा सामान्य तवरको प्रतिकात्मक पूजाविधि सञ्चालन हुने गरिन्छ (चन्दनराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) ।

महास्नानमा पञ्चस्नानको लागि प्रशस्त दूध, दही, घ्यू, कष्टि र साखः प्रदान गरिने प्रचलन थियो । त्यस्तै लाँ पुँ छायगु संस्कारको लागि पनि प्रशस्त मात्रामा प्राकृतिक तवरले निर्मित रङ्गहरू दिने गर्दथे । तर हाल यो कार्य गुथी संस्थानबाट बन्द जस्तै भइ सकेको छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । नेपाल सरकार अन्तर्गत रहेको गुथी संस्थानले नेपालको ऐतिहासिक सांस्कृतिक सम्पदा संरक्षणमा अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हो, तर हाल व्यवहारिक रूपमा आवश्यक सहयोगको अभाव हुँदा जगन्नाथ मन्दिरको संरक्षण र संस्कारहरूको निरन्तरतामा असहज अवस्था सिर्जना भएको छ । अति सामान्य पूजाविधि मात्र सञ्चालन गर्नु भन्ने ध्येयले सहयोग गरेको जस्तै देखाउनु विभिन्न सांस्कृतिक सम्पदाहरू लोप हुनु सँगै जगन्नाथ

सम्प्रदायको सांस्कृतिक तथा धार्मिक परम्पराको लोप हुन जानु पनि एक कारण बन्न गएको देखिन्छ ।

### ५.३.५ स्थानीय समुदायमा चेतनाको कमी

कुनै पनि धार्मिक सम्प्रदायको संरक्षण र संस्कृतिको निरन्तरताको लागि राज्य र मातहतका निकाय सँगसँगै समुदायको सक्रिय सहभागिता पनि अपरिहार्य हुन्छ । जब आस्था प्रकट गर्ने मानव समुदायको निष्क्रियता र अनुपस्थिति देखिन्छ, तब सांस्कृतिक सम्पदाहरू बिस्तारै मरे तुल्य हुँदै जान्छ । भक्तपुरका जगन्नाथ मन्दिरहरूमा पनि राज्यको वा मातहतका निकायहरूको अनुपस्थितिले गर्दा धार्मिक तथा सांस्कृतिक गतिविधिहरू कम हुँदै शून्य तहमा पुगिसकेको कारण स्थानीय समुदायहरूले पनि मन्दिरको भौतिक अवस्था तथा अमूर्त पक्षका धार्मिक क्रियाकलापहरूमा खासै चासो नदिएका कारण जगन्नाथ सम्प्रदायका मूर्त र अमूर्त पक्षमा ह्रास आई लोप हुने अवस्थामा पुगेको छ । विगतमा जगन्नाथ मन्दिरमा नियमित पूजा, भजनकिर्तन, वार्षिक संस्कार तथा मन्दिर व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय भूमिका हुने गर्दथ्यो । तर कालान्तरमा जगन्नाथ मन्दिरमा र मन्दिर वरपर आवधिक रूपमा गरिनु पर्ने सरसफाइ, मन्दिर तथा मूर्तिहरूको मर्मत सम्भार जस्ता कार्य नभएका कारणले पनि जगन्नाथ मन्दिरको अस्तित्वमा कमी आएको देखिन्छ । आज भन्दा लगभग ३०/३५ वर्ष अघि भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर र तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा र वरपर मान्छेहरूले दिसा पिसाब गरेर दुःख दिने गरेको थियो । मन्दिरका पूजारी आफैले पानी ल्याएर मन्दिरको मुख्य प्रवेशद्वार अगाडि मान्छेहरूले दिसा गरेको सफा गर्नुपरेको अनुभव रहेको छ (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४) । यसरी मान्छेहरूले फोहर गर्ने, घरबाट निस्कने फोहर ल्याएर मन्दिर परिसरमा फाल्ने, मन्दिर परिसरलाई निजी कामको लागि दैनिक रूपमा प्रयोग गरिने, नियमित सरसफाइ नगर्ने जस्ता कार्यले पनि जगन्नाथ सम्प्रदायको अस्तित्वमा खतरा बढेको र मन्दिर र संस्कारहरू लोप हुने अवस्थामा पुग्नुको कारण बन्न पुगेको छ ।

### ५.३.६ धार्मिक गतिविधि हराउँदै जानु

कुनै पनि सांस्कृतिक सम्पदाहरूलाई जीवन्त राख्ने आधार भनेको धार्मिक गतिविधि नै हुन् । विभिन्न धार्मिक क्रियाकलापले जनमानसमा कुनै पनि सम्प्रदायको अस्तित्व कायम रहन्छ । भक्तपुरको जगन्नाथ मन्दिरहरूमा पूर्वकालमा विभिन्न पूजा पद्धति, संस्कारहरू, तान्त्रिक अभ्यास, जात्राहरू, भजन, कीर्तन, आरति इत्यादि जस्ता महत्वपूर्ण धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरू

सम्पन्न गरिन्थ्यो, जसले जगन्नाथ सम्प्रदायलाई जीवन्त बनाई राखेको थियो । तर पछिल्लो समयमा विभिन्न कारणले यस प्रकारका निरन्तरका धार्मिक गतिविधहरू पालैपालो अवसान तर्फ उन्मूख हुँदै गए । वर्तमान समयमा जगन्नाथ सम्बन्धी विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधहरू पूर्ण रूपमा लोप भएर गए भने केही मात्रामा पूजाविधि सामान्य रूपमा पूजा सम्पन्न गरी औपचारिकतामा सीमित रहन पुगेका छन् । जगन्नाथ मन्दिरमा पहिले भजन समूह नै रहेको थियो (विनोदराज शर्मा, व्यक्तिगत अन्तर्वार्ता, २०८२/०३/२४), तर जगन्नाथ मन्दिर र त्यसको सांस्कृतिक सम्पदा मरे तुल्य भए पछि परम्परागत भजन कीर्तन र धार्मिक संस्कारहरूका अभ्यासहरूको निरन्तरता बन्द नै भए । यस प्रकार जगन्नाथ परम्पराको धार्मिक सांस्कृतिक गतिविधिहरूको ह्रासले यस सम्प्रदायको ऐतिहासिक जीवित परम्परा कथामा मात्र सीमित भएको छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ अनुसन्धानको सारांश

हिन्दु सनातनी धर्ममा जगन्नाथ सम्प्रदायको विशेष स्थान रहेको छ । विश्वमा फैलिएको जगन्नाथ सम्प्रदाय नेपालमा अस्तित्व र विशेष गरी भक्तपुरको जगन्नाथ मन्दिरहरूको तथा समग्र सम्प्रदायको सांस्कृतिक एवम् ऐतिहासिक पक्षको समग्र अध्ययनमा आधारित यस शोध हो । प्रस्तुत शोध अध्ययन 'भक्तपुरका जगन्नाथ मन्दिरको सांस्कृतिक अध्ययन' जम्मा छ अध्यायमा विभाजन गरी लेखिएको छ । यस शोधको अध्याय एकमा शोधको शीर्षकसँग मिल्ने गरी भक्तपुरका जगन्नाथ मन्दिरको मूर्त एवम् अमूर्त सांस्कृतिक पक्षहरूको गहन अध्ययन सम्पन्न गर्न समस्या कथन, उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा साथै अनुसन्धानका सैद्धान्तिक विषयवस्तु र अनुसन्धान विधि जस्ता महत्वपूर्ण आवश्यकताहरू तय गरी अध्ययन अधि बढाएको छ । यस शोधको उद्देश्य अनुरूपका परिणाम प्राप्तिका लागि आवश्यक शोध समस्याहरूको पहिचान गरी विश्लेषणात्मक रूपले शोधको सम्पन्न गरिएको छ ।

भक्तपुरका जगन्नाथ मन्दिरहरूको सूचि तयार गर्ने, उक्त मन्दिरहरू सँग सम्बन्धित ऐतिहासिकता, मूर्त तथा परम्परागत अमूर्त पक्षको धार्मिक तथा सांस्कृतिक विवरणहरूको खोजी तथा सङ्कलन गर्नु यस शोधको उद्देश्य हो । यसले इतिहासमा भक्तपुरको जगन्नाथ मन्दिरको अवस्था, राजकीय तथा समुदाय स्तरमा यसको महत्व, समयको कालखण्ड सँगै जगन्नाथ सम्प्रदायमा ह्रास आउनु, वर्तमान समयमा यसको अस्तित्व के कस्तो रहेको छ भन्ने ज्ञानलाई प्रकाशमा ल्याउने यस शोधले प्रयत्न गरिएको छ । यो शोधको अध्ययन क्षेत्र भक्तपुर नगर भित्रका जगन्नाथ मन्दिरहरू मात्र हुने भएकोले भक्तपुर नगरपालिका बाहिरका कुनै पनि जगन्नाथ मन्दिर तथा सम्प्रदायको अध्ययन गरिएको छैन ।

प्रस्तुत अध्ययन सम्पन्न गर्न प्रसारवाद अनुसन्धान खाकालाई प्रमुख दर्शनको रूपमा लिएको र उद् विकासवादलाई सहायक दर्शनको रूपमा लिएको छ । भक्तपुरको जगन्नाथ सम्प्रदाय पुरी क्षेत्रको जगन्नाथ मन्दिरबाट प्रसार भइ आएको र यहाँका जगन्नाथ परम्परामा पुरी क्षेत्र कै प्रभावहरू देखिएको छ । यद्यपि, भक्तपुरका जगन्नाथ मन्दिर र मन्दिरसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूमा यही स्थानमा विकास भएको चालचलन, संस्कृति तथा संस्कारहरूमा

स्थानीयपन पनि पाइन्छ । यस प्रकारले भक्तपुरको जगन्नाथ मन्दिर र मन्दिरसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक क्रियाकलापले नवीन जगन्नाथ संस्कृतिको विकास र समुदायमा प्रभाव रहेको देखिन्छ ।

उडिसा राज्यस्थित पुरी क्षेत्रको जगन्नाथ मन्दिर जगन्नाथ सम्प्रदायको प्रारम्भ विन्दु मानिन्छ । जगन्नाथ मन्दिरको मुख्य मूर्तिको रूपमा बलराम, सुभद्रा र जगन्नाथको अपूर्ण काष्ठ मूर्ति रहेको छ । साथै सुदर्शन चक्रको प्रतीकको रूपमा काष्ठ खम्बाजस्तो आकृति पनि रहेको छ । उक्त मूर्तिहरूलाई विशेष दबू जस्तो वेदिमा स्थापना गरिएको छ, जुन नेपालमा मात्र पाइने शालिग्राम प्रस्तरयुक्त रहेको छ । यस मुख्य वेदिलाई रत्नवेदि वा महावेदि भनिन्छ । रत्नवेदि निर्माणको लागी नेपालका राजा सङ्करदेवले शालिग्राम सहयोग गरेको तथ्य नेपालका राजा पुरीको जगन्नाथ मन्दिरमा पूजाको लागी मन्दिर प्रवेश गर्दा वाचन गरिने मुदलसिद्धि स्वागतमन्त्रको वाक्यहरूबाट बुझ्न सकिन्छ । यस मुदलसिद्धि स्वगतमन्त्रको आधारमा नेपाल र पुरीको जगन्नाथ मन्दिरको सम्बन्ध लिच्छविकाल मै सुमधुर रहेको जान्न सकिन्छ । तर तत्कालीन समयमा उक्त जगन्नाथ मन्दिरलाई 'जगन्नाथ' सम्बोधन नगरीकन 'पुरुषोत्तम' र त्यस स्थानलाई 'पुरुषोत्तम क्षेत्र' भनी सम्बोधन गरिन्थ्यो । यस क्षेत्र विभिन्न कालखण्ड पार गर्ने क्रममा विभिन्न शासकहरूको मातहत पनि सञ्चालन भएको थियो, त्यस मध्ये विशेष गरी मुसलमानी शासक, मराठी शासक, इस्ट इन्डिया कम्पनीले आफ्नो शासनकालमा जगन्नाथ मन्दिर पनि आ-आफ्नो मातहत सञ्चालन गरिएको इतिहास रहेको छ ।

जगन्नाथ मन्दिरको स्थापनाकाल देखि नै विभिन्न सांस्कृतिक तथा धार्मिक संस्कार, प्रचलन, तथा जात्रापर्वहरू सञ्चालन गरी सम्पन्न गर्ने यकिन गर्न सकिन्छ । यस मन्दिरमा दैनिक तथा वार्षिक रूपमा विभिन्न पूजाविधि, संस्कार तथा जात्रापर्वहरू विशेष रूपले सम्पन्न गरिन्छ । सोही प्रकारको सम्प्रदाय र त्यसको संस्कृति सहित नेपालमा प्रसार भइ काठमाडौं उपत्यकाको विभिन्न स्थानमा ऐतिहासिक जगन्नाथ मन्दिरहरू रहेको छन् । त्यसमध्ये भक्तपुर जगन्नाथ सम्प्रदाय केन्द्रबिन्दु नै रहेको थियो । यस शोधमा भक्तपुरका जगन्नाथ मन्दिरको भौतिक अवस्थाहरूको विवरणहरू, मूर्तिको विशेषताहरू, मन्दिर वास्तु विशेषताको उपशीर्षकहरूको विभाजन गरी विस्तृत तवरले जानकारी उल्लेख गरिएको छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरको उत्पत्तिका कथा, मूर्ति विधानका कथा तथा मन्दिर र सम्प्रदाय स्थापनाका इतिहासका तथ्यहरूको सिलसिलाबद्ध प्रकाश

पारिएको छ । जगन्नाथ सम्प्रदायको सङ्केत भएका पुराण, शास्त्र तथा धार्मिक ग्रन्थहरूलाई पनि जगन्नाथ सम्प्रदायको धार्मिक ऐतिहासिकता प्रस्तुत गर्न आधार बनाएको छ ।

भक्तपुरमा मुख्यतः तीन वटा जगन्नाथ मन्दिर रहेका छन् । तुलाछैं टोलको जगन्नाथ, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ र तःमारी क्षेत्रको जगन्नाथ मन्दिरहरू मुख्य छन् । यी बाहेक भक्तपुरको बोलाछैं टोलमा घर भित्र छिँडीमा स्थापना गरिएको मन्दिर सहितको जगन्नाथ मन्दिर, खोह्वे (हनुमानघाट) स्थित सानो प्रस्तर निर्मित जगन्नाथ मन्दिर र काठमाडौंको मखनबाट ल्याइएको बलराम, सुभद्रा र जगन्नाथका काष्ठ मूर्ति पनि भक्तपुर क्षेत्रमा रहेका जगन्नाथ सम्प्रदायका सम्पदाहरू हुन् । यस अध्यायमा उल्लेखित जगन्नाथ मन्दिर तथा मूर्तिहरूको वर्तमान अवस्था, त्यसको ऐतिहासिकता, मन्दिरको भौतिक अवस्था तथा वास्तुकलाको उल्लेख गरिएको छ ।

तुलाछैं टोलको जगन्नाथ मन्दिर नेपाल कै प्राचीन जगन्नाथ मन्दिर हो, जुन मध्यकालीन राजा प्राण मल्लाको समयमा निर्माण गरिएको थियो । तर यस मन्दिरमा स्थापना गरिएका मूर्तिहरू पुरी क्षेत्रको जगन्नाथ मन्दिरको जस्तो काष्ठ मूर्ति नभइ पूर्ण मानव कदमा निर्मित प्रस्तर मूर्ति रहेका छन् । यस मन्दिर वि.सं. १९९० मा महाभूकम्पले ध्वस्त पारेपछि एक तल्ले सामान्य संरचनामा छाना सहित निर्माण गरिएको थियो । पछि भक्तपुर नगरपालिकाको टोलीले अनुसन्धानात्मक अध्ययन पश्चात् यस मन्दिरको प्रारम्भिक स्वरूप शिखर शैली रहेको पुष्टि पश्चात् हाल पुरातत्व विभागले शिखर शैली मै पुनः निर्माण कार्य जारी गरी रहेको छ । त्यस्तै भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर पनि एक तल्ले संरचना भत्काएर नेपाली छाने शैलीमा पुनः निर्माण कार्य भइरहेको छ । यस मन्दिर राजा यक्षमल्लको समयका निर्माण भएको मान्यता रहेको छ । यद्यपि, यस मन्दिरको पेटीमा प्राप्त प्रस्तर अभिलेखमा विष्णुलाई कुनै संस्कार गरिएको कुरा उल्लेख छ । जगन्नाथ सम्प्रदायमा विभिन्न दैवी संस्कारहरू सम्पन्न गरिने परम्परा रहेको छ । यस अभिलेखको विष्णु सम्बन्धी संस्कारलाई प्रारम्भिक जगन्नाथ सम्प्रदायको संस्कार मान्ने हो भने यस दरबार क्षेत्रको जगन्नाथ मन्दिर नै नेपालको सर्वप्राचीन जगन्नाथ मन्दिर हुन सक्ने सङ्केत मिल्न आउँछ । तर यस बारे गहन अध्ययन जरुरी छ । यस मन्दिरको मूर्ति भने पुरी क्षेत्रको जगन्नाथको जस्तो अपूर्ण काष्ठ निर्मित रहेको छ, तर मूर्तिको तुलनात्मक आकार भने सानो छ ।

त्यस्तै तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको पुरानो संरचना भत्काई नयाँ पुनः निर्माण गरिएको छ । शिखर शैलीमा निर्मित मृण्मय वास्तु विधान रहेको यस मन्दिरको केही मात्रा भाग प्रस्तर र काष्ठको प्रयोग गरी मन्दिर स्थापना गरिएको छ । यस मन्दिरको प्रारम्भिक मूर्ति भने धेरै अगाडि

चोरी भइसकेको छ । मन्दिर पुनः निर्माणका क्रममा मूर्ति विहीन मन्दिरमा नयाँ प्रस्तर मूर्ति स्थापना गरिएको हो । यस मन्दिरमा दैनिक सामान्य पूजाविधि बाहेक मन्दिरसँग सम्बन्धित अन्य उल्लेखनीय धार्मिक क्रियाकलाप भएको पाइँदैन । तर विजया दशमीको दिन यस मन्दिरको पेटीमा तुलजा भवानीलाई विराजमान गराइएको साङ्केतिक क्रियाकलाप सम्पन्न गरिन्छ । यस मन्दिरको पुनः निर्माणका क्रममा जग खण्डा केही पुरातात्विक वस्तुहरू प्राप्त भएको छ, जसले यस मन्दिर उत्तर मध्यकालको मान्न सकिने आधार फेला परेको छ ।

भक्तपुर क्षेत्र जगन्नाथ सम्प्रदायको निमित्त उद्‌गम क्षेत्रको रूपमा रहेको छ । भक्तपुरका स्थानीयले जगन्नाथ सम्प्रदाय, संस्कृति, परम्परालाई दैनिक जनजीवनमा सहज र राज्यले उपल्लो दर्जाको धर्मको रूपमा लिएको देखिन्छ । मानिसहरूले जगन्नाथलाई मन्दिरमा मात्र नभएर घरै पनि स्थापना गरेर जगन्नाथ संस्कृतिको स्थानीय समुदायमा विशिष्ट स्थान रहेको बुझ्न सकिन्छ । भक्तपुरको बोलाछेँ टोलमा एक घर भित्र रहेको जगन्नाथ मन्दिरले मानिसहरूको जगन्नाथ प्रतिको भावना बुझ्न सकिन्छ । यद्यपि, यस मन्दिरमा पहिला दैनिक पूजाविधि सम्पन्न गरिने बाहेक मन्दिरबाट जगन्नाथ सम्प्रदायसँग सम्बन्धित कुनै संस्कारहरू सम्पन्न गरिने तथ्य उजागर हुन सकेको छैन । त्यस्तै भक्तपुरको खोंह्वे (हनुमानघाट) क्षेत्रमा पनि सानो जगन्नाथको प्रस्तर मूर्ति रहेको छ, जसको शिखर शैलीको प्रस्तर कै सानो मन्दिर रहेको छ । तर यस मन्दिर वास्तुकलाको लघुरुप मात्र रहेको छ । भक्तपुर दत्तात्रयमा रहेको राष्ट्रिय काष्ठकला सङ्ग्रहालयमा काठमाडौँको मखनबाट ल्याइएका जगन्नाथका तीन काष्ठ मूर्तिहरू रहेका छन् । मखनको जगन्नाथ मन्दिरमा रहेको बलराम, सुभद्रा र जगन्नाथको काष्ठ मूर्ति जीर्ण भएका कारण यस काष्ठ मूर्तिको स्थानमा नयाँ मूर्ति स्थापना गरी उक्त जीर्ण काष्ठ मूर्ति राष्ट्रिय काष्ठ कला सङ्ग्रहालयलाई जिम्मा दिएको राष्ट्रिय कला सङ्ग्रहालयको आधिकारिक टिपोटमा उल्लेख छ । यसले नेपालमा आवश्यकता अनुसार जगन्नाथको नवकलेवर संस्कार सम्पन्न गरिने परम्परा रहेको पनि तथ्य उजागर गर्न सकिन्छ । यस प्रकार मध्यकाल र आधुनिक कालको मध्यसम्म भक्तपुरमा जगन्नाथ सम्प्रदाय र जगन्नाथ परम्पराको उच्च विकास भएको देखिन्छ ।

भक्तपुरका जगन्नाथ मन्दिरहरूमा सम्पन्न गरिने दैनिक पूजाविधि, वार्षिक रूपमा गरिने महास्नान, अनासर संस्कार, परम्परागत तान्त्रिक पूजाविधि, हरेक महिनाको पूर्णिमामा सम्पन्न गरिने विशेष पूजाविधि, होली पूर्णिमा, परम्परागत रथयात्रा, जगन्नाथ मन्दिरको वर्षबन्धन, तथा अन्य विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू केही मात्रामा लोप जस्तै भइ सकेका छन् भने

केही मात्रामा परम्परागत संस्कार साथै इस्कोन सम्प्रदायले पुरी क्षेत्रको जगन्नाथ मन्दिरका प्रचलनहरू वर्तमान समयमा प्रचलनमा ल्याएर मन्दिरलाई जीवन्त बनाई रहको छ ।

भक्तपुरका जगन्नाथ मन्दिरको सांस्कृतिक परम्परा र पुरी क्षेत्रको सांस्कृतिक परम्परामा केही मात्रामा समानता रहेको पाए पनि धेरै मात्रामा यहाँको स्थानीय मौलिकपन पनि रहेको छ । पुरी क्षेत्रमा जगन्नाथ परम्पराको उद्‌गम भए पनि त्यस क्षेत्रको संस्कृति विभिन्न स्थानमा प्रसार हुने क्रममा विभिन्न संस्कृतिहरू परिवर्तन भइ नयाँ संस्कृति पनि जोडिएर आएको हुन्छ । त्यस्तै जगन्नाथ सम्प्रदाय पनि नेपालमा भक्तपुरमा प्रसार भइ सकेपछि विभिन्न नयाँ संस्कृति तथा संस्कारहरू जोडिएर पुरी क्षेत्रको जगन्नाथ भन्दा केही फरक संस्कृति उद् विकास भएको पाइन्छ । जस्तै पुरी क्षेत्रको जगन्नाथ मन्दिरमा वैदिक तथा पौराणिक तवरले पूजाविधि तथा संस्कारहरू सम्पन्न गरिन्छ, तर भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा विभिन्न पौराणिक र वैदिक पूजाविधि बाहेक विशुद्ध तन्त्र प्रभावित तवरले पनि पूजाविधि सम्पन्न गरिन्छ । अझ भन्नुपर्दा अप्रत्यक्ष रूपमा जगन्नाथ मन्दिरका मूर्तिहरू समर्पित बलि समेत दिने प्रथा रहेको छ, जुन सामान्यतया कुनै पनि वैष्णव मन्दिरहरूमा हुने पूजाविधि होइन । भक्तपुरको जगन्नाथ मन्दिरमा रहेको मूर्तिहरू मध्ये बलराम र जगन्नाथको बिच स्थानमा रहेको सुभद्रालाई मुख्य तान्त्रिक देवी चण्डिकाको रूपमा पूजा गरिने परम्परा रहेको छ । सुभद्रा नै मन्दिरको मुख्य देवी भएर मन्दिरको बिच भागमा रहेको विश्वास छ ।

भक्तपुरको जगन्नाथ सम्प्रदायको प्रभाव यहाँका स्थानीय समुदायमा विशिष्ट रूपले रहेको थियो । विभिन्न भक्तपुरका नेवार समुदायका खिख्व, हाडा-बिजुक्छेँ, साय्चीनिया, खिंबाजा वा खिंवन्जार तथा अन्य स्थानीयहरूको सहभागितामा विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्ने परम्परा रहेको थियो । विशेष गरी हरेको महिनाको पूर्णिमाको दिन तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा विशेष पूजा सम्पन्न गरिन्छ । त्यस्तै होली पुन्हिको दिन ठुलठुला रोटी वा मिठाई पकाएर जगन्नाथ मन्दिरमा चढाउने र पूजारी, पूजा गर्ने व्यक्ति तथा स्थानीयहरूलाई प्रसादको रूपमा बाँडेर दिने प्रचलन रहेको थियो ।

भक्तपुरको जगन्नाथ मन्दिरहरू मध्ये तुलाछेँ टोलको जगन्नाथ मन्दिर विशेष रहेको छ । यस मन्दिरमा जेष्ठ शुक्ल पूर्णिमाको दिन विशेष पूजा र होम यज्ञ गरी महास्नान गराउने परम्परा रहेको थियो । यसका यसै क्रममा तीन वटै मूर्तिको तान्त्रिक विधि अनुरूप प्राण तानेर तीन वटा नै छुट्टाछुट्टै कलशमा स्थापना गरिन्छ । प्राण भएको मूर्तिमा *लाँ पुँ छायगु* संस्कार अर्थात् मूर्तिमा रङ्ग

लेपन गर्ने संस्कार सम्पन्न गर्नु हुँदैन भन्ने विश्वासका साथ कलशमा मूर्ति स्थापना गरिएको हो । यस पश्चात् भक्तपुरका हाडा-बिजुक्छेँ समुदायका परिवारले बलरामको मूर्तिमा, साँय्चीनिया समुदायका परिवारले सुभद्राको मूर्तिमा र खिंबाजा/ खिबन्जार समुदायका परिवारले जगन्नाथको मूर्तिमा *लाँ पुँ छ्यायगु* संस्कार पन्ध्र दिन भित्र सम्पन्न गरिन्छ र असार शुक्ल द्वितीयाको दिन पुनः कलशको प्राण मूर्ति मै प्रतिस्थापन गर्ने परम्परा रहेको थियो । यसै क्रममा जगन्नाथ मन्दिरमा तान्त्रिक विधिको पूजा सम्पन्न गरी अप्रत्यक्ष रूपमा बलि पनि दिइन्छ ।

यस प्रकारको परम्परागत जगन्नाथ संस्कार कालक्रम सँगै सीमित हुँदै आउने क्रममा वर्तमान समयमा इस्कोन धर्मावलम्बीले यस तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा दैनिक पूजाविधि सम्पन्न गर्दै आएको छ । परम्परागत विधि लोप भएको अवस्थामा इस्कोनले यस मन्दिरमा दैनिक र वार्षिक रूपमा महास्नान, रथयात्रा, नृसिँह चर्तुदशी, बलराम पूर्णिमा, तुलादान, गोवर्द्धन पूजा, दामोदर महिना जस्ता धार्मिक क्रियाकलापहरू सम्पन्न गरी हराउन लागेको जगन्नाथ मन्दिर र सम्प्रदायलाई पुनर्जीवित जस्तै गरिएको छ । यद्यपि, इस्कोनको पूजाविधि तथा संस्कारहरू भने भक्तपुरमा सम्पन्न गरिने परम्परागत जगन्नाथको संस्कारसँग भने भिन्न रहेको छ ।

भक्तपुरमा सम्पन्न गरिने परम्परागत अमूर्त सांस्कृतिक सम्पदाहरूको गतिविधिहरू हेर्दा मध्यकालमा नै जगन्नाथ सम्प्रदायलाई स्थानीयहरूले सामाजिक रूपमा उच्च स्थान अनुग्रह गरिएको देखिन्छ । भक्तपुरको जगन्नाथ परम्परामा दैनिक तथा वार्षिक धार्मिक तथा सांस्कृतिक गतिविधिहरू प्रत्यक्ष रूपमा समुदाय केन्द्रित भएको कारणले पनि यस जगन्नाथ सम्प्रदाय मध्यकालीन भक्तपुरमा जगन्नाथको प्रारम्भ देखि नै विशिष्ट सम्प्रदायको रूपमा रहेको देखिन्छ ।

प्रसारवादको सिद्धान्त अनुसार कुनै स्थानको संस्कृति विभिन्न कारण, साधन वा तरिकाको माध्यमद्वारा एक स्थानबाट अन्यत्र क्षेत्रमा फैलने, सर्ने, तथा सर्दै परिवर्तन हुने निरन्तर प्रक्रिया चलिरहेको हुन्छ । संस्कृति प्रसार हुँदा उक्त संस्कृतिमा विभिन्न परिवर्तित स्वरूप देखा परेको हुन्छ । प्रसारवादको सिद्धान्त अनुरूप जगन्नाथ सम्प्रदाय उडिसा राज्यको पुरी क्षेत्रबाट भक्तपुरमा प्रसार भएको हो । यहाँ पनि जगन्नाथ सम्प्रदायको प्रसार हुँदा जगन्नाथ परम्परामा विभिन्न परिवर्तित पक्षहरू पनि देखा परे । जस्तै नेपाल र भक्तपुरका जगन्नाथ मन्दिरहरूको वास्तुविधान, मूर्ति निर्माण विधि, पूजाविधि, संस्कार इत्यादिमा स्थानीयपन देखिएको छ । यस प्रकार कतिपय भक्तपुरका जगन्नाथ परम्परामा नयाँ स्थानीय विशेषतायुक्त संस्कार तथा मूर्त जगन्नाथ संस्कृति उद् विकास भएको पनि पाइन्छ । त्यस्तै मध्यकालमा राजकीय संरक्षण प्राप्त गरिएको जगन्नाथ सम्प्रदाय किन

वर्तमान समयसम्म आउँदा लोप सरह भए भन्ने विषय विमर्शयोग्य रहेको छ । विशेष गरी मल्ल राज्यको पतन हुनु, राज्यले वा राज्यको सम्बन्धित निकायले स्वामित्व नलिनु, धार्मिक प्रतिस्पर्धा, सरसफाइ तथा मन्दिर व्यवस्थापनमा कमी, गुथी जग्गाको निजीकरण, जगन्नाथ सम्प्रदाय सम्बन्धित धार्मिक गतिविधि बन्द हुनु वा हराउँदै जाने जस्ता कारक तत्वले गर्दा जगन्नाथ सम्प्रदायको अस्तित्वमा ह्रास आएको देखिन्छ । सांस्कृतिक पर्यावरणको सिद्धान्त अनुरूप सांस्कृतिक पक्षको आवश्यकता र व्यवस्थापन स्थानभेक अनुसार  फरक र नायाँ हुने गर्दछ । नवपर्यावरणको अनुकूलनको लागि प्राकृतिक ताथ भौतिक वातावरणमा उत्पन्न हुने आवशयकता तथा समस्या र त्यसलाई पूरा गर्ने तथा समस्या समाधान गर्ने प्रयासले नयाँ र विशिष्ट प्रकारको संस्कृतिको निर्माण भएको हुन्छ । सोहि सांस्कृतिक पर्यावरणको सिद्धान्त अनुरूप नै भक्तपुरमा पनि जगन्नाथ सम्प्रदायको पुरी क्षेत्रको भन्दा फरक खालको जगन्नाथ संस्कृतिको उद्‌विकास भएको छ । तर वर्तमान समयमा काम चलाऊ हिसाबको मात्र परम्परागत पूजाविधि सञ्चालन भइ रहेको छ, जुन अति सामान्य रूपमा सम्पन्न गरिन्छ । यसमा शोधको शीर्षकअनुरूप उठाइएका प्रमुख अनुसन्धान प्रश्नहरू, प्रयोग गरिएका सैद्धान्तिक र पद्धतिगत दृष्टिकोणहरू, अध्ययन क्षेत्र, प्रयोग भएका स्रोत सामग्री, तथा विश्लेषण प्रक्रियाबाट प्राप्त महत्वपूर्ण बिन्दुहरूलाई एकीकृत रूपमा सार रूपमा प्रस्तुत गरिएको छ ।

यस शोधको सबै अध्यायहरूको विषयमा आधारित रही, भक्तपुरका जगन्नाथ मन्दिरहरूमा अवस्थित मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको वर्तमान अवस्था, ती सम्पदाहरूको ऐतिहासिकता, धार्मिक परम्परा, वास्तुकला तथा मूर्तिकला सम्बन्धी अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई समावेश गरिएको छ । अनुसन्धानको क्रममा प्राप्त भौतिक अवलोकन, अभिलेख अध्ययन, साक्षात्कार, र सन्दर्भ साहित्यको समीक्षाबाट प्राप्त तथ्य तथा विश्लेषणका आधारमा निकालेका निष्कर्षहरूलाई सङ्गठित रूपमा व्यवस्थित गरिएको छ ।

### ६.२ अनुसन्धानको निष्कर्ष

**'भक्तपुरका जगन्नाथ मन्दिरहरुको सांस्कृतिक अध्ययन'** शीर्षकको प्रस्तुत शोधले भक्तपुरमा अवस्थित जगन्नाथ मन्दिर तथा ती मन्दिरहरूसँग सम्बन्धित सम्प्रदायको ऐतिहासिकता, धार्मिक, सांस्कृतिक र सामाजिक पक्षहरूको विस्तृत अध्ययन प्रस्तुत गरेको छ । यस अध्ययनमा जगन्नाथ सम्प्रदायको मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण अवस्था, स्थानीय सहभागिता, परम्परागत धार्मिक तथा सांस्कृतिक गतिविधिहरूको निरन्तरता तथा लोप भएका अवस्था साथै वर्तमान

अवस्थाबारे अध्ययन-विश्लेषण गरी प्रकाशमा ल्याएको छ । शोधको प्रारम्भमा उठाइएका समस्याहरू अन्तर्गत भक्तपुरमा जगन्नाथ मन्दिरको मूर्त सांस्कृतिक पक्षको अवस्था कस्तो रहेको छ ?, भक्तपुरका जगन्नाथ मन्दिरको अमूर्त सांस्कृतिक पक्ष के कस्ता छन् ?, र भक्तपुरको जगन्नाथ सम्प्रदायमा आएका परिवर्तनका पक्ष र लोप हुनुका के कस्ता कारणहरू छन् ? भन्ने जिज्ञासाहरूको उत्तर तेस्रो अध्याय देखि पाँचौं अध्यायसम्म प्रस्तुत विविध तथ्याङ्क साक्षात्कार, प्रत्यक्ष अवलोकन, र सन्दर्भ सामग्रीहरूको विश्लेषणको आधारमा प्रस्तुत गरिएको छ ।

भक्तपुरका जगन्नाथ मन्दिरहरू, विशेष गरी तुलाछेँ टोलको जगन्नाथ मन्दिर, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर र तःमारी क्षेत्रको जगन्नाथ मन्दिर, मध्यकाल मै निर्मित जगन्नाथका मन्दिरहरू हुन् । यी जगन्नाथका मन्दिरहरू मध्ये तुलाछेँ टोलको जगन्नाथ मन्दिर नेपाल कै सर्वप्राचीन जगन्नाथ मन्दिर प्रमाणित भएको छ । यद्यपि, भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर पनि तुलाछेँको जगन्नाथ मन्दिर भन्दा प्राचीन हुन सक्ने सङ्केत उक्त मन्दिरको पेटीमा प्राप्त प्रस्तर अभिलेखबाट प्राप्त हुन्छ, तर यस विषयको अन्य प्रमाणको भने अझै खोज अनुसन्धान गर्न भने जरुरी छ । यद्यपि, पुरी क्षेत्रको जगन्नाथ मन्दिरसँग नेपालको लिच्छविकाल देखि नै विशेष सम्बन्ध रही आएको छ । पुरी क्षेत्रको जगन्नाथ मन्दिरको रत्नवेदीमा बसेर पूजा गर्ने विशेषाधिकार मन्दिरका पूजारी, पुरी क्षेत्रका गजपति (राजा) र नेपालको राजालाई मात्र रहेको छ । यस विशेष पूजामा नेपालका राजा मन्दिर प्रवेश गर्दा मूलदसिद्धि स्वागतमन्त्र वाचन गर्ने परम्परा रहेको छ, जसमा 'कैलाशकूटधिपति' विशेषण सहित लिच्छवि राजा शङ्करदेवको नाम उल्लेख आएको छ । राजा शङ्करदेवलाई उद्धृत गर्दै गाइएको स्वागतमन्त्र नेपालका अन्तिम राजा पुरीको जगन्नाथ मन्दिर जाँदा सम्म पनि वाचन गरेको थियो । यस स्वागत मन्त्रमा 'जगन्नाथ' शब्द उल्लेख नभए पनि तत्कालीन समयमा उक्त क्षेत्रलाई 'पुरुषोत्तम क्षेत्र' भनिने गरिन्थ्यो र भगवान् पुरुषोत्तमको मन्दिर रहेको थियो । पछि मात्र जगन्नाथ मन्दिरको रूपमा परिवर्तन गरिएको ऐतिहासिक तथ्यले प्रकाशमा ल्याएको छ ।

पुरी क्षेत्रको जगन्नाथ मन्दिरबाट प्रसार भएर नेपालमा स्थापना भएको जगन्नाथ मन्दिरमा विभिन्न परिवर्तनहरू पनि भएको र नयाँ स्थानीय संस्कृतिको समाहित सहित भक्तपुरमा १६ औं शताब्दीको मध्य तिर जगन्नाथ सम्प्रदायको प्रसार र संस्कारमा स्थानीय संस्कृति मिश्रित परम्पराको उद्‌भव पनि भएको छ । विशेष गरी जगन्नाथ मन्दिर वास्तुकला र मूर्ति निर्माण विधिमा अत्यधिक भिन्नता आएको देखिन्छ । पुरी क्षेत्रको जगन्नाथको मुख्य मन्दिर प्रस्तर निर्मित शिखर शैलीका मन्दिर हुन् । भक्तपुरका जगन्नाथ मन्दिरको प्रारम्भिक रूप शिखर शैली कै भए पनि यहाँका

मन्दिरहरू इँटाले निर्मित रहेको छ । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर भने नेपाली छाने शैलीको मन्दिर रहेको छ । यस प्रकार जगन्नाथ मन्दिर वास्तुकला निर्माण विधिमा फरकपन आएको देखिन्छ । त्यस्तै नेपालको सर्वप्राचीन जगन्नाथ मन्दिरको बलराम, सुभद्रा र जगन्नाथको मूर्ति प्रस्तरको रहेको छ, जबकि जगन्नाथ परम्परा अनुसार मूर्तिको निर्माण विधि काष्ठ निर्मित हुने विधान रहेको छ । भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको मूर्ति भने काष्ठ निर्मित रहेका छन् । तःमारी क्षेत्रको जगन्नाथ मन्दिरमा पनि प्रस्तर कै मूर्ति स्थापना गरिएको छ । भक्तपुरमा यस प्रकारको मूर्ति निर्माण विधानले पुरी क्षेत्रको जगन्नाथ परम्परा भन्दा भिन्न र स्थानीय नवीनतापन देखाएको छ ।

भक्तपुरमा जगन्नाथ सम्प्रदायको परम्परागत संस्कारहरूमा तान्त्रिक मतको अत्यधिक प्रभाव रहेको थियो । सामान्यतया विष्णुसँग सम्बन्धित सम्प्रदायहरूमा तन्त्र प्रधानता रहेको नदेखिए पनि भक्तपुरको तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा तन्त्र विधि अनुसार पनि पूजा संस्कार सम्पन्न गरिन्छ । तन्त्रपूजाविधि अन्तर्गत बलराम, सुभद्रा र जगन्नाथलाई तान्त्रिक देवदेवीको रूपमा अप्रत्यक्ष बलि समेत दिने परम्परा रहेको छ । तर वर्तमान समयमा यस प्रकारको परम्परागत धार्मिक विधिविधनाहरू भने कतिपय लोप भइ सकेका छन्, भने केही मात्रामा औपाचारीक तवरले मात्र संस्कार विधिमा निरन्तरता रहेको पाइन्छ । लगभग एक दशक देखि भने तुलाछेँ टोलको जगन्नाथ मन्दिरमा इस्कोन धार्मावलम्बीहरुले जगन्नाथ मन्दिर र मूर्तिको विशेष हेरचाह र दैनिक पूजाविधिहरू सम्पन्न गदै बार्षिक रूपमा विभिन्न धार्मिक तथा सांस्कृतिक परम्पराहरू सञ्चालन गर्दै आई रहेको छ । तर इस्कोन सम्प्रदायले गरिने पूजाविधि तथा संस्कारहरू भने परम्परागत जगन्नाथ विधि भन्दा फरक रहेको छ ।

मध्यकालमा राजकीय संरक्षण र जनसहभागिता रहेको जगन्नाथ सम्प्रदाय तथा सम्बन्धित संस्कार तथा धार्मिक गतिविधिहरू विभिन्न कारणवश वर्तमानसम्म आउँदा लोप जस्तै नै भइ सकेको छ । यस संस्कृतिको लोप हुनुका कारणहरू मध्ये राज्य र राज्य निकायहरूको निष्क्रियता र उदासीनता स्पष्ट रहेको देखिन्छ । जगन्नाथ परम्परा तथा संस्कारहरू निरन्तर सञ्चालन गर्न आवश्यक सामग्री तथा सहयोगमा कम गर्दै लाने गरेकोले पनि जगन्नाथ मन्दिरको पूर्ण पूजाविधि सम्पन्न हुन नसकेको हो । मानिसहरूमा धार्मिक प्रतिस्पर्धा पनि एक कारण बन्न गएको छ । त्यस्तै मन्दिर व्यवस्थापनमा बिस्तारै समुदायगत सहभागितामा कमी र फोहर व्यवस्थापनको अभाव, समुदायले नै फोहर फाल्ने स्थानको रूपमा प्रयोग, मन्दिर परिसरलाई सार्वजनिक शौचालय कै

रूपमा पनि प्रयोग गरिनु जस्ता क्रियाकलापले जगन्नाथ मन्दिरको आस्था, सम्मान र अस्तित्वमा प्रत्यक्ष असर रहेका कारण जगन्नाथ सम्प्रदाय लोप हुँदै गएको देखिन्छ । अर्को महत्वपूर्ण तथ्य जगन्नाथ सम्बन्धी गुथी जग्गाहरूको निजीकरण तथा बेचबिखनले मन्दिरको आयस्रोत नै बन्द भए पछि मन्दिरमा नियमित धार्मिक संस्कारहरू सञ्चालनमा कमी आएकोले पनि जगन्नाथ सम्प्रदाय लोप हुने अवस्थामा आएको देखिन्छ ।

निष्कर्षतः, भक्तपुरमा जगन्नाथ सम्प्रदाय अन्तर्गतका मूर्त सम्पदा तथा अमूर्त सम्पदाहरूले भक्तपुरको सांस्कृतिक धरातलमा ऐतिहासिक महत्व प्रतिस्थापन गरिएको सम्प्रदाय हो । यस सम्प्रदायको मूर्त तथा अमूर्त सम्पदाहरू धार्मिक, कलात्मक, सामाजिक र आध्यात्मिक दृष्टिले पनि महत्वपूर्ण रहेको छ । तर वर्तमान समयमा उक्त परम्परागत सम्पदाहरू राजकीय साथै समुदायगत रूपले उपेक्षित अवस्थामा रहेको छ, र लोप हुने अवस्थामा रहेको छ ।

# परिशिष्टहरू

## परिशिष्ट १ पारिभाषिक शब्दहरू

अनासर : जगन्नाथका मूर्तिहरूलाई महास्नान पछि पन्ध्र दिनसम्म गरिने गोप्य संस्कार

आचाजु : नेवार पुरोहित

कष्टि : मह

कोने : भक्तपुर नगरको तल्लो भाग, ङातापोंल मन्दिरबाट पश्चिमी भाग

गःहिती : विशेष गरी नेवारी बस्तीमा निर्माण गरिने गहिरो स्थानको जल द्रोणी

चिकं अप्पा : तेलिया इँटा

ढकि : निगालोले बनाएको एक प्रकारको नेवारी परम्परागत मौलिक भाँडा, ढकुनी

थने : भक्तपुर नगरको माथिल्लो भाग, ङातापोंल मन्दिरबाट पूर्वी भाग

दाची अपा : नेवारी परम्परागत शैलीको वास्तु निर्माण गरिने एक विशेष इँटा

द्यः : देवता

द्यछें : देव घर

ननी : नेवारी बस्तीको चोकमा देवताको मूर्ति भएको स्थान

पलेफ्व : पद्माकृती

पासुका : पाँच वटा रङ्गको धागोहरू भएको धार्मिक धागो

पुन्ही : पूर्णिमा

पुलुकिसी : परालले बनाएको मानिने हात्तीको स्वरूप

बाली : जग्गा गरे बापत जग्गाको उत्पादनको तल्सीनलाई तिर्नुपर्ने भाग

बुसादाँ : जन्म उत्सव, स्थापना दिन

ब्रम्हदारु : भगवान् कृष्णको मुटु भएको मानिने चन्दन (निम) को काष्ठ मुढा वा जगन्नाथका मूर्तिहरू निर्माण गर्न छानिएका काष्ठ मुढा ।

भिं द्यः : व्यापारका देवता (भीमसेन)

भैल द्यः : भैरव देवता

मदनिका : मन्दिर वास्तुकलामा स्थापित शालभंजिका मुद्रामा रहेको मातृ मूर्ति

मारी : रोटी, रोटी जस्तै मिठाई

मूपात्र : भक्तपुर इन्द्रजात्राको मुख्य पात्रा

लाँ पुँ छायगु : मूर्तिमा रङ्ग लेपन गर्ने कार्य

सास प्वा : सास लिन बनाएको प्वाल

साख : सख्खर

## परिशिष्ट २ अभिलेखहरू

### क) संवत ६६३ को राजा प्राण मल्लको समयमा लिखित जगन्नाथ प्रतिष्ठा विधिको एक अंश

१. संवत् ६६३ मिति ज्येष्ठ शुदि १५ रोजस तुपलाछेया श्रीजगनाथ

२. देव प्रतिष्ठा सुवणृकलसध्वजावरोहणसमेत याङा जुरो श्रीश्री

३. प्राणमल्लदेवराजाया विजयराज्यस ॥ जज्मान भाजु कायिष्ट प्रधा-

४. नांग ॥ होता श्री रविराज देवजु ॥ लक्षाहुत यज्ञ दिन १२ या शुभम्

(**भाषान्तर** : ने.सं.६६३ (वि.सं. १६००) जेष्ठ शुदि १५ रोजमा श्रीश्री प्राणमल्लदेवराजाको विजयराज्यमा सुवर्णकलशध्वजावरोहणसहित तुपलाछैं (तुलाछैं टोल) का श्री जगन्नाथ देवताकको प्रतिष्ठा गरियो । जजमान भाजु कायिष्ट (भाजु कसः) प्रधानाङ्ग । होता श्री रविराज देवजु । लक्षाहुत यज्ञ दिन १२ शुभ होस् ।)

### ख) मुदलसिद्धि स्वागतमन्त्र

स्वस्ति श्री अंशुमालि कुलोद्भव
लिच्छवीय नवकोट कैलाशकूटाधिपति
सप्तगण्डकी महाभट्टारक मण्डल
नारायणि सरित सेवित
मत्स्येन्द्र घण्टाकर्ण भैरव रक्षित
परमभट्टारक परमसौगत शङ्करदेव
शङ्करदेव महेन्द्र परिकुशलि
शङ्कर्षण वासुदेव लक्षण थिवा
विष्णुशिला उभयमुख सुवर्णगर्भ
अर्पण करिथिवाकु आपने पुरुषोत्तम क्षेत्र
आपणर वंशकु उज्जल करिथिवाकु आपने
पुरुषोत्तम क्षेत्र आद्य सम्वत्सरे
गजपति महाराजावर अङ्के दिन
मुदलसिद्धि सेवकु अल्पना करि
अबधान करिवा हु आन्तु

**ग) जगच्चन्द्रको पौभा चित्रको अभिलेख**

श्री ३ जगन्नाथाय नमः ॥ आसावरि ॥ ए ॥ उडियाचोनजञ्च कारयावोसे चोह -

रि जगन्नाथन .... तिसरुपा कृं ॥ देवालय इनामे विश्वकर्मा वनायिया थाकिचो रुप

निकटे चोयागगर नटि ... णन चोत्तपा थाकिचो करियाएहु सुखोकइलु जगतचन्द्र व्रम्हदारु गुण

अमि वेरनि .. तोयिलु धुसे ॥ सं. ७९० भाद्रशुदि १४ श्री२जगच्चन्द्रमल्लदेवया अनन्तधर्म धुङ दिन ॥ शुभं ॥


**घ) भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको पेटिमा रहेको सं. ३४७ को अभिलेख**

१. ..................... पञ्चम्यां मुनि वेदाग्नि वत्सरे ।


२. विष्णो : श्रीअनुपालस्य .......... संस्कृताइमा : ॥

(**भाषान्तर** : .......... पञ्चमी ने.सं. ३४७। विष्णुलाई श्रीअनुपालको ..........संस्कार गरियो ।)


## परिशिष्ट ३ जगन्नथ मन्दिर अङ्कित भक्तपुर नगरपालिका क्षेत्रको नक्सा




## परिशिष्ट ४ फोटो सुची



फोटो नं. १ : प्राणमल्लको समयमा लेखिएको जगन्नाथ प्रतिष्ठा विधिको एक अंश । स्रोतः विनोदराज शर्मा



फोटो नं. २ : भैरवको मूर्ति पछाडि रहेको कान्तिपुरको विष्णु (जगन्नाथ) मन्दिर । स्रोतः U.Wiesner, Nepalese Temple Architecture, 1978, p. 40




फोटो नं. ३ : पुरी जगन्नाथ मन्दिरको संरचनात्मक भागहरू ।


स्रोत : https://shreejagannathtemplehyd.wordpress.com/



फोटो नं. ४ : क्रमश पुरी क्षेत्रको बलराम, सुभद्रा र कृष्णको अपूर्ण काष्ठ मूर्ति । स्रोतः orissapost.com



फोटो नं ५ : कान्तिपुरको जगन्नाथ मन्दिर (विष्णु मन्दिर)



फोटो नं. ६ : ने.सं. ७९० को जगत्प्रकाश मल्ल र चन्द्रशेखर अर्थात् 'जगच्चन्द्र' को जगन्नाथ प्रति अर्पित पौभा चित्र । हाल भिक्टोरिया एण्ड अलवर्ट सङ्ग्रहालयमा सङ्गृहीत । स्रोत : Guy, 1992, p. 215



फोटो नं. ७ : ऐजन पौभा चित्रमा रहेको जगन्नाथ मन्दिरको आमलकमा रहेको अभिलेख । स्रोत : Guy, 1992, p. 215



फोटो नं. ८ : तुलाछैं जगन्नाथ मन्दिरको पुरानो स्वरुप । स्रोत : राहुल प्रजापति



फोटो नं. ९ : तुलाछेँ टोलको जगन्नाग मन्दिरको पुनःनिर्माण ।



फोटो नं. १० : तुलाछेँ टोलको जगन्नाग मन्दिरको रङ्ग सहितको पुरानो अवस्थाको मूर्तिहरू । स्रोतः सुजित प्रजापति




फोटो नं. ११ : आधुनिक रङ्ग सहितका तुलाछेँको जगन्नाथ मूर्तिहरू । स्रोतः राहुल प्रजापति



फोटो नं. १२ : भक्तपुर दरबार क्षेत्रको झिंगति सहितको जगन्नाथ मन्दिर । स्रोतः गुगल



फोटो नं. १३ : भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको पेटिमा रहेको सं. ३४७ को अभिलेख ।



फोटो नं. १४ : भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको काष्ठ मूर्तिहरू ।



फोटो नं १५ : भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर प्राचीन स्वरुपमा पुनःनिर्माण हुँदै ।



फोटो नं. १६ : भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिरको मण्डलाकार जग



फोटो नं. १७ : रंग र भेषले सज्जिएका बलराम, शुभद्रा र जगन्नाथका काष्ठ मूर्तिहरू । स्रोत : सामाजिक संजाल



फोटो नं. १८ : तःमारी जगन्नाथ मन्दिरको जगमा भेटाईएको सुनको कलश, तामाको कलश र शिवकी मुद्रा । स्रोतः जगन्नाथ मन्दिर निर्माण उपभोक्त समिती



फोटो नं. १९ : तःमारी क्षेत्रको जगन्नाथ मन्दिर



फोटो नं. २० : तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको महिषशुर मर्दिनी सहितको तोरण ।



फोटो नं. २१ : तःमारी क्षेत्रको जगन्नाथ मन्दिरको पुरानो स्वरूप । स्रोतः अज्ञात/सामाजिक संजाल



फोटो नं. २२ : तःमारी क्षेत्रको जगन्नाथ मन्दिर भित्रको बलराम, शुभद्रा र जगन्नाथ मूर्तिहरू ।



फोटो नं. २३ : बोलाछैँ टोल स्थित छरभित्रको जगन्नाथ मन्दिर ।



फोटो नं. २४ : बोलाछैँ टोलको थाछैँमा रहेको जगन्नाथ मन्दिर भएको घर र  घर अगाडिको प्रयोग विहिन ननी



फोटो नं. २५ : राष्ट्रिय कला संग्रहालय भक्तपुरमा रहेको जगन्नाथ र बलरामको मूर्ति । स्रोतः जोन गये, १९८६ ।



फोटो नं. २६ : राष्ट्रिय कला संग्रहालय भक्तपुरमा रहेको जगन्नाथ, शुभद्रा र बलरामको मूर्ति ।



फोटो नं. २७ : खोह्रे, हनुमानघाट स्थीत जगन्नाथको प्रस्तर मन्दिर र मूर्ति ।




फोटो नं. २८ : तुलाछैं टोलको जगन्नाथ मन्दिरमा दर्शन, पूजा, भजन गर्दै इस्कोन सम्प्रदाय ।



फोटो नं. २९ : महास्नान गराउँदै इस्कोन पूजारी। स्रोतः इस्कोन भक्तपुर



फोटो नं. ३० : राजा जगतप्रकार मल्ल र मन्त्रि चन्द्रशेखरको एउटै शारीरिक रुप भएको र राजपरिवारका अन्य सदस्य सहितको ने.सं. ७९० को जगन्नाथलाई समर्पित पौभा चित्रको तल्लो भाग। स्रोत : Guy, 1992, p. 227

## परिशिष्ट ५ उत्तरदाताहरूको नामावली

१. प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ, वर्ष ६७, भनपा ०१, ९८४१२६८६०९

२. प्रा.डा. सोमप्रसाद खतिवडा, मथिनपा, ९८४२०३१९१९

३. विनोदराज शर्मा, वर्ष ७१, भनपा ०३, ९८६२३६५८८९

४. चन्दनराज शर्मा, वर्ष ६९, भनपा ०३, ९८५४१३०२०९

५. कुमार चवाल, बर्ष ५९ , भनपा ०४, ९८५११५९८३५ (निधन : वि.सं. २०८१/०९/१२)

६. विजय लोहला, भक्तपुर, ९८४१३६९४४७

७. राम प्रसाद स्वंगमिखा, वर्ष ६९, भनपा ०२

८. अस्तमान सिन्ताकल, वर्ष ६९, भनपा ०५, टिबुक्छेँ

९. कृष्ण त्वाती, वर्ष ६०, भनपा ०४, भोलाछेँ

१०. पशुपती हाडा, वर्ष ७३, भनपा ०४, तःमारी

११. सुजित प्रजापति, वर्ष २३, भनपा ०९, ९८६६२९७०८६

१२. राहुल प्रजापति, वर्ष ३४, भनपा ०४, ९८०११९६७८८

१३. प्रज्वल धौवन्जार, वर्ष २७, भनपा ०५, ९८६९६०६९३७

१४. बद्रि त्वाती, वर्ष ७०, भनपा ०७,

१५. हरिभक्त किजू, बर्ष ८०, भनपा ०४, लाकोलाछेँ

१६. बालकृष्ण बनमाला, भनपा ०७, ९८४३०२५३१७

१७. संजिव लवजू, वर्ष ३०, भनपा ०५, ९८४३२६९३२८

१८. सम्भूप्रसाद जोशी, वर्ष ८७, भनपा ०४, ९८४१०२६३४६

**सन्दर्भ सामग्री सूची**


आचार्य, बलराम, (वि.सं. २०७०), *समाजशास्त्र र मानवशास्त्रमा अनुसन्धान विधि,* नेशनल बुक सेन्टर ।

खतिवडा, सोमप्रसाद, (वि.सं. २०८२), *हनुमानढोका दरबार क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरू,* सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद ।

खत्री, प्रेम कुमार, (वि.सं. २०४८), *नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू,* एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

खत्री, प्रेमकुमार (२०७०). *संस्कृति र अनुभूतिका आयामहरू,* सम्पदा संरक्षण, बिपद व्यवस्थापन तथा सामुदायिक विकास समाज ।

खनाल, मोहनप्रसाद, (२०४०), *चाँगुनारायणका ऐतिहासिक सामग्री,* एशियाली अनुसन्धान केन्द्र, त्री.वि.वि. ।

खनाल, मोहनप्रसाद, (२०५२), *नेपाली कला,* साझा प्रकाशन ।

जोशी, हरिराम, (वि.सं. २०७०), *प्रदीप अभिनव संस्कृति विश्वकोष,* वर्कर्स पब्लिकेसन्स् ।

टण्डन, गोविन्द, (वि.सं. २०५९), *संस्कृति संरक्षण, केहि लेखः केहि बिचार,* श्रीझरेन्द्रशमशेर ज.ब.रा. एवम् श्रीमती मञ्जु राणा

दाहाल, पेशल र अतिवडा, सोमप्रसाद, (वि.सं. २०७७), *अनुसन्धा पद्धति,* पैरवी बुक हाउस प्रा.लि. ।

द्विवेदी, पि.एन्., (सन् १९८७), *वैदिक साहित्यका इतिहास,* चौखम्बासुर भारती पब्लिकेसन्स ।

दुलाल, लोकनाथ (२०७९), पूर्वमध्यकालीन सहर पनौतीको ऐतिहासिक तथा सांस्कृतिक महत्व, *नेपाल सांस्कृतिक सम्पदा अङ्क,* सूचना तथा प्रसारण विभाग, ५२, १ (२३९): ४५-५८ ।

नेपाल सरकार, (२०८१), *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१,* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

नेपाल, ज्ञानमणि, (२०६२), *नेपालको माध्यामिक कालको इतिहास,* मकालु बुक्स एण्डा स्टेसनर्स ।

पन्त, महेशराज, (वि.सं. २०७३), जगन्नाथसंम्प्रदाय र नेपला, *राजकानी दैनिक,* पृ. ३-४ ।

पौड्याल, वीणा, (वि.सं. २०५७), *नेपाली मूर्तिकला र चित्रकला,* नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, केन्द्रिय विभाग ।

बज्राचार्य, गौतमबज्र, (वि.सं. २०३३), *हनुमानढोका राजदरबार,* एशियाली अध्ययन संस्थान ।

भूसाल, बेदुराम, (वि.सं. २०५९), *दर्शनशास्त्र परिचय,* एसिया पब्लिकेसन्स् प्रा.लि. ।

मैनाली, साबित्री, (वि.सं. २०७०), *वैष्णव धर्म र नेपालका केहि विष्णु मूर्तिहरु,* विश्वकान्त मैनाली ।

बन्धु, चूडामणि (२०६६). *नेपाली लोक साहित्य,* एकता बुक्स एण्ड डिस्ट्रीब्युटर्स प्रा.लि.।

योगी नरहरिनाथ, (वि.सं. २०१३), *देवमाला वंशावली,* श्रीपीरमहन्ते क्षिप्रनाथ योगिराज ।

रेग्मी, जगदिशचन्द्र, (वि.सं. २०३९), *नेपालको धार्मीक इतिहास,* रत्न पुस्तक भण्डार ।

लामिछाने, माधवप्रसाद, (वि.सं. २०७३), *नेपाली समाजमा तन्त्रपरम्परा,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

लोहला, विजय, ब., (२०७१). *जिर्णोद्वारका अनुभव.* जगन्नाथ मन्दिर जिर्णोद्वार स्मारिका, १, १३-१४.

वज्राचार्य, धनवज्र, (२०३०), *लिच्छविकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्री.वि.वि. ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, (वि.सं. २०५३), *भक्तपुरका जगन्नाथमन्दिरहरु,* गोरखापत्र, पृ. क ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, (सं) (वि.सं. २०७९), *भक्तपुर नगरपालिकाद्वार गठित जगन्नाथ क्षेत्र उत्खनन कार्यदल समितिद्वारा प्रस्तुत ऐतिहासिक पुरातात्विक प्रतिवेदन (अप्रकाशित),* भक्तपुर नगरपालिका ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, (वि.सं. २०८०), *अन्तरङ्गका तरङ्गहरुः इतिहास, संस्कृति र पुरातत्व,* संचित बचत तथा ऋण सहकारी संस्था लि. ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र, (२०६०), *नेपालको इतिहास,* एशिया पब्लिकेसन्स् ।

*Architecture of Shree Jagannath temple Puri*. (2025, April 6). Shree Jagannatha Puri. https://shreejagannathapuri.com/architecture-of-temple/

Behera, M. C. (2019). Fairs and Festivals of Lord Jagannath. *Odisha Review*, 100-106.

Behuria, R. K. (2012). The cult of Jagannath. *Odisha Review*, 41-44.

Bryant, E. F. (2007). *Krishna: A sourcebook*. Oxford University Press.

Colliver, J.A. (2002). *Constructivism: The view of knowledge that ended philosophy or a theory of learning and instruction?*, Statistics and Research Consulting

Daily Decoding. (2024, November 22). *Mystery Of Jagannath Puri Temple | Jagannath Puri Story | Jagannath Temple Secrets* [Video]. YouTube. https://www.youtube.com/watch?v=HD3yqJXI3p0

Das, s. N. (2010). *Lord Jagannath*. Sanbun.

Dei, S. (1988). *Vaisnavism in Orissa*. Punthi Pustak.

Geertz, C. (1973). *The interpretation of cultures*. Basic Books.

Giddens, A. (2006). Sociology (5th ed.). Polity Press.

Gopinatha Rao, T. A. (1985). *Elements of Hindu Iconography* (2nd ed.). Motilal Banarsidass.

Graebner, F. (1911). *Method of Ethnology*. Heidelberg : Carl Winter.

Guba, E. G., & Lincoln, Y. S. (1989). *Fourth Generation Evaluation*. Sage Publication.

Guy, J. (1992). New Evidence for the Jagannatha Cult in Seventeenth Century Nepal. *Royal Asiatic Society of great Britain And Ireland*, *2*(2), 213-230.

Haralambos, M., & Holborn, M. (2008). *Sociology: Themes and perspectives* (7th ed.). Collins Educational.

ISKCON-Nepal. (n.d.). *Nepal's Spiritual Stronghold: The Legacy of Courage & Compassion*. ISKCON Nepal. https://iskconnepal.org/iskconnepal/

*Jagannath temple: History and architecture*. (2025, June 16). ClearIAS. https://www.clearias.com/jagannath-temple

Kar, S. (2020). Assimilation and Integration of Buddha Consciousness in the Cult of Lord Jagannātha. *Journal of Indian Council of Philosophical Research, 37*, 67-82. https://doi.org/10.1007/S40961-020-00190-X

Khanal, P., Ghimire, J., & Ghimire, C. K. (n.d.). *Qualitative Research*. TU, Faculty of Education.

Korn, W. (2014). *The traditional Newar architecture of the Kathmandu Valley: The Śikharas, a presentation of the different Śikhara temple types found in the Kathmandu Valley* (1st ed.). Ratna Pustak Bhandar.

Kuklick, H. (1997). *The Savage Within: The Social History of British Anthropology, 1885-1945*. Cambridge University Press.

Lochtefeld, J. G. (2002). *The Illustrated Encyclopedia of Hinduism*. The Rosen Publishing Group.

Maadan, S. (2024, July 11). *Tradition of chariots: Rath Yatra celebrations across continents*. Indiaspora. https://indiaspora.org/tradition-of-chariots-rath-yatra-celebrations-across-continents/

Mahanti, J. C. (2014). *Saga of Jagannatha and Badadeuca of Puri*. Vij Books India Pvt Ltd.

Mahapatra, Padmanabha. (2008). Iconography and retrospect of Sir Jagannath. *Orissa review*, 38-42.

Moore, W. E. (1967). *Social change*. Prentice-Hall.

Islam, S. K.M. (2012). *Sri Jagannath of Nepal*. Avenel Press.

Mishra, B. (2012). Beshas of Shree Jagannath Mahaprabhu. *Odisha Review*, 11-21.

Mishra, K. C. (1971). *The cult of Jagannatha*. Firma K. L. Mukhopadhyay.

Mohan, P. (2020, May 18). *'Brahma Padartha' - Krishna's Heart is an Ancient Arc Reactor? Mystery of Puri Jagannath Temple* [Video]. youtube.com. https://www.youtube.com/watch?v=8OAn6BmDBRU

Mohanty, G. (2020). Bishar Mohanty, An Ardent Devotee. *Odisha Review*, 20-30.

*Nabakalebara ritual overview*. (n.d.). shreekhetra.com. https://www.shreekhetra.com/navakalevara.html

Ogburn, W. F. (1964). *On culture and social change: Selected papers*. University of Chicago Press.

Padhee, A. K. (2015). *Nabakalebara:An Archival Document*. Odisha State Archives,Deptartment of Culture, Govt. of Odisha.

Pandit Rashmi Ranjan Rath. (2021, April 21). *Nabakalebara of lord Jagannath || Mysterious facts you need to know||*. Jagannathsanskruti | Odisha Culture and Festivals. https://jagannathsanskruti.com/nabakalebara-of-lord-jagannath/

Pal, P. (1985). *Vaisnava iconology in Nepal.* The Asiatic Society.

Pettitt, P. (2011). *The Palaeolithic Origins of Human Burial*. 1st ed. Oxon: Routledge.

Pettitt, P. (2012). Religion and Ritual in the Lower and Middle Palaeolithic. *The Oxford Handbook of the Archaeology of Ritual and Religion*. https://doi.org/10.1093/oxfordhb/9780199232444.013.0022

Patra, A. (2011). Origin And Antiquity of The Cult of Lord Jagannath. *University of Oxford Journal*, 7-31.

Prabhupada, S. (2025, April 28). *Balarama Purnima - 9 Aug 2025 - ISKCON Bangalore*. ISKCON Bangalore. https://www.iskconbangalore.org/sri-balarama-purnima/

Rajaguru, S. N. (2003). *Inscriptions of the temple of Puri and Origin of Sri Purushottama Jagannatha, Vol I.*

Rasmisudhindra. (2021, May 24). *Nrusimha worship in Puri and rituals followed on Narasimha Chaturdashi in Puri Jagannath temple 25 May 2021*. Mahaprasada. https://mahaprasada.home.blog/2021/05/24/nrusimha-worship-in-puri-and-rituals-followed-on-narasimha-chaturdashi-in-puri-jagannath-temple-25-may-2021/

Regmi, D. R. (1966). *Medieval Nepal*. Rupa. Co.

Rogers, E. M. (2003). *Diffusion of innovations* (5th ed.). Free Press.

Sandy, J. (1970). *Monuments of the Kathmandu valley*. United Nations Educational, Scientific and Cultural Organization.

Schmidt, W. (1931). *The origin and growth of religion*. Methuen & Co. Ltd.

Singer, H. (1958). *History of Jagannath temple*. B.R. Publishing Corporation.

Smith, G. E. (1915). *The migrations of early culture*. The University Press-University of Manchester.

Starza, O. M. (1993). *The Jagannatha temple at Puri: Its architecture, art and cult*. E.J. Brill.

Steward, J. H. (1972). *Theory of culture change: The methodology of multilinear evolution*. University of Illinois Press.

Sullivan, H. P. (1964). A Re-Examination of the Religion of the Indus Civilization. *History of Religions*, *4*(1), 115–125. http://www.jstor.org/stable/1061875

Tylor, E. B. (1871). *Primitive culture: Researches into the development of mythology, philosophy, religion, art, and custom*. Bradbury, Evans, and Co. , Printers, Whitefriars.

Tripathi, G. C. (1986). Navakalevara: The unique ceremony of the 'birth' and the death of the 'lord of the world'. *The cult of Jagannath and the regional Tradition of Orissa*, *1*, 223-264.

UNESCO. (1972). *Convention concerning the protection of the world cultural and natural heritage*. UNESCO.

UNESCO (2003). *Convention of the Safe Guarding of the Intangible Cultural Heritage 2003*, UNESCO Office Nepal.